फर्पिङको ऐतिहासिक रुपरेखा



प्रा.डा. टेकबहादुर श्रेष्ठ

नेपाल प्रज्ञा-प्रतिष्ठान

फर्पिङको ऐतिहासिक रूपरेखा

फर्पिङ्को ऐतिहासिक रूपरेखा

प्रा.डा. टेकबहादुर श्रेष्ठ

नेपाल प्रज्ञा प्रतिष्ठान

कमलादी, काठमाडौं

फर्पिङ्को ऐतिहासिक रूपरेखा

प्रा.डा. टेकबहादुर श्रेष्ठ

प्रकाशक : नेपाल प्रज्ञा-प्रतिष्ठान
संस्करण : पहिलो, वि.सं. २०७८, (१,२०० प्रति)

सर्वाधिकार : नेपाल प्रज्ञा-प्रतिष्ठान

आवरण सज्जा : वसन्तराज अज्ञात
मुद्रण : प्रज्ञा छापाखाना
कमलादी, काठमाडौँ
मूल्य : रु. २८०।-

ISBN : 978-9937-723-34-3

कुलपतिको मन्तव्य

नेपालका भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान-विज्ञानका विविध विधाको अध्ययन, अनुसन्धान एवम् प्रवर्धन गर्दै तत् विषयमा उत्कृष्ट ग्रन्थ प्रकाशन गर्ने अभिप्रायका साथ वि.सं. २०१४ मा सुरुमा नेपाली साहित्य कला एकेडेमीका रूपमा स्थापित नेपाल एकेडेमीले क्रमशः रायल नेपाल एकेडेमी र नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको नामबाट विकसित हुँदै आफूले राज्यबाट प्राप्त गरेको उत्तरदायित्वलाई गहनतापूर्वक वहन गर्दै आएको कुरा सबैलाई अवगत भएकै छ। २०६२/०६३ को जन आन्दोलनपछि साबिकको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट ललित कला एवम् नाट्य-सङ्गीत विधालाई छुट्ट्याई छुट्टाछुट्टै प्रज्ञा-प्रतिष्ठान गठन गरिएको र नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ ले नेपालका भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र र दर्शनको अध्ययन, अनुसन्धानमार्फत प्रवर्धन गर्ने जिम्मेवारी प्रदान गर्दै वर्तमान नेपाल प्रज्ञा-प्रतिष्ठान गठन गरेको हो। यस अर्थमा प्रज्ञा-प्रतिष्ठानको गठनदेखिकै बिरासत ग्रहण गर्दै हाल आफूले पाएका कार्यक्षेत्रमा यो प्रज्ञा-प्रतिष्ठान कार्यरत छ।

भाषा, संस्कृति, धर्म, दर्शन आदि क्षेत्रमा रहेको मुलुकको विविधतालाई सम्बोधन गर्दै यस्तो विविधताभित्र रहेको एकतालाई अझ समृद्ध पार्ने क्रममा नेपालका प्राज्ञिक जगत्का समग्र विज्ञहरूलाई समेट्दै अघि बढ्न हामी कटिबद्ध छौँ। देशभित्र र बाहिर रहेका समग्र नेपाली स्रष्टाको छाता भई उनीहरूको ज्ञान र सिपलाई अधिकतम प्रयोग गर्दै उनीहरूलाई प्राज्ञिक स्थान प्रदान गर्न प्रज्ञा-प्रतिष्ठान कटिबद्ध छ। यसरी राष्ट्रिय रूपमा समग्र नेपालीहरूको साझा प्राज्ञिक थलो बनाउने लक्ष्यका साथ नेपाल प्रज्ञा-प्रतिष्ठानका नीति र

कार्यक्रम रहने गरेका छन् । यसका अतिरिक्त अन्तर्राष्ट्रिय जगत्मा स्थापित समान प्रकृतिका प्राज्ञिक संस्थाहरूसँग संस्थागत समझदारी बढाउँदै प्राज्ञिक आदान-प्रदानमार्फत नेपाल प्रज्ञा-प्रतिष्ठानको अन्तर्राष्ट्रिय छवि निर्माण गर्न पनि हामी प्रतिबद्ध छौँ । यसरी स्पष्ट राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय छवि भएको प्रज्ञा-प्रतिष्ठानको रूपमा नेपाल प्रज्ञा-प्रतिष्ठानलाई विकसित गर्ने हाम्रो प्रयासलाई सार्थक बनाउन सरोकारवाला समग्र प्राज्ञहरूको सहयोगको आवश्यकता हामीले महसुस गरेका छौँ । यसरी नेपालभित्र र बाहिर पनि गोष्ठी, सेमिनार, सभा, सम्मेलन, अध्ययन, अनुसन्धान एवम् ग्रन्थ प्रकाशन सहित अनुवादमार्फत ज्ञान र सृजनाको आदान-प्रदानमा नै नेपाल प्रज्ञा-प्रतिष्ठान सक्रिय रहने प्रतिबद्धता सरोकारवाला सबै प्राज्ञहरूसँग जाहेर गर्दछौँ ।

(गङ्गाप्रसाद उप्रेती)

कुलपति

प्रकाशकीय

भाषा, साहित्य, धर्म, दर्शन, संस्कृति, समाजशास्त्र, ज्ञान-विज्ञान एवम् कला-वास्तुकला आदि नेपाली जनजीवनका विविध पक्षहरूको अध्ययन अनुसन्धानका माध्यमद्वारा सिङ्गो नेपाल राष्ट्रको सुदृढीकरण र समष्टि रूपमा नेपाली राष्ट्रियताको दिगो विकासमा सघाउ पुऱ्याउने पवित्र उद्देश्यबाट अभिप्रेरित भएर नेपाल प्रज्ञा-प्रतिष्ठानको स्थापना गरिएको हो । अतः नेपाल राष्ट्रलाई आवश्यक पर्ने प्रज्ञानको पूर्ति गर्ने नेपाल प्रज्ञा-प्रतिष्ठानको प्रमुख दायित्व हो । नेपाल प्रज्ञा-प्रतिष्ठान स्थापना कालदेखि नै नेपालको मूर्त-अमूर्त सांस्कृतिक सम्पदाको अध्ययन-अनुसन्धानका माध्यमबाट नेपाल राष्ट्रको आवश्यकता परिपूर्ति र विश्व सामु नेपाललाई चिनाउने काममा लागिरहेको छ ।

अहिले नेपाल प्रज्ञा-प्रतिष्ठानअन्तर्गत एघारवटा विभागहरू छन् र ती विभागहरू प्रवचन, गोष्ठी, अनुसन्धान परियोजना तथा पत्रिका एवम् पुस्तक प्रकाशनका माध्यमबाट आआफ्ना क्षेत्रको विषयगत उन्नयनमा लागिरहेका छन् ।

प्रज्ञा-प्रतिष्ठानका विभिन्न विभागहरूबाट वार्षिक अध्ययन/ अनुसन्धान परियोजनाअन्तर्गत तयार गरिएका प्रतिवेदनहरूलाई विज्ञहरूद्वारा मूल्याङ्कन गराई सिफारिस भएबमोजिम पुस्तकाकार रूपमा प्रकाशन गर्ने गरिएको छ ।

यसै सन्दर्भमा सामाजिक शास्त्र विभागअन्तर्गत प्रा.डा. टेकबहादुर श्रेष्ठद्वारा तयार गरिएको 'फर्पिङको ऐतिहासिक रूपरेखा' नामक पाण्डुलिपिलाई ग्रन्थाकार रूपमा प्रकाशन गरिएको छ । यस पुस्तकबाट काठमाडौँ स्थित फर्पिङको भौगोलिक परिचयसहित राजनीतिक इतिहास,

सांस्कृतिक सम्पदा, प्रशासन व्यवस्था आदिका विषयमा जान्न चाहने अध्येता/अनुसन्धाताहरू लाभान्वित हुने अपेक्षा गरिएको छ। यस्तो महनीय कृति तयार गरी सहयोग गर्नुभएकोमा विद्वान् लेखक इतिहासविद् प्रा.डा. टेकबहादुर श्रेष्ठप्रति आभार व्यक्त गर्दछु। यस्तो महत्त्वपूर्ण कृति तयार गराउनुभएकोमा सामाजिक शास्त्र विभागका प्रमुख प्रा. दिनेशराज पन्तसहित सुसाङ्ख्य सज्जा तथा आवरण तयार गर्ने वसन्तराज अज्ञातलगायत नेपाल प्रज्ञा-प्रतिष्ठानका योजना र प्रकाशनसँग सम्बद्ध कर्मचारीहरूलाई हार्दिक धन्यवाद प्रदान गर्दछु।

(डा. जगमान गुरुङ)
उपकुलपति

विभागीय मन्तव्य

प्रा.डा. टेकबहादुर श्रेष्ठले तयार पार्नुभएको **फर्पिङको ऐतिहासिक रूपरेखा** हाम्रो अगाडि छ । प्राचीनकालदेखि नेपालको महत्त्वपूर्ण क्षेत्रको रूपमा रहेको फर्पिङको बारेमा यस पुस्तकमा विस्तृत ढङ्गले लेखिएको छ । प्राज्ञ श्री ज्ञानमणि नेपालको कार्यकालमा संस्कृति-सामाजिकशास्त्र विभागअन्तर्गत तयार भएको यस पुस्तकको परिमार्जन गर्ने काम कुलपति श्री गङ्गाप्रसाद उप्रेतीको कार्यकालमा सामाजिकशास्त्र विभागअन्तर्गत भयो । परिश्रमपूर्वक तयार गरिएको यो पुस्तक अहिले प्रकाश गर्ने समयमा पनि प्रा.डा. टेकबहादुर श्रेष्ठद्वारा परिमार्जन गरिएको छ । यसका लागि उहाँलाई धन्यवाद दिन्छु ।

नेपाल प्रज्ञा-प्रतिष्ठानका अरू प्रकाशनमा जस्तै यसमा पनि विद्वद्ज्जनको समुचित ध्यान जानेछ र हामीले यथोचित सल्लाह सुझाव पाउने छौं भन्ने आशा मैले लिएको छु ।

प्रा. दिनेशराज पन्त
प्रमुख
सामाजिकशास्त्र विभाग
नेपाल प्रज्ञा-प्रतिष्ठान

धन्यवाद ज्ञापन

नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रदत्त **फर्पिङको ऐतिहासिक रूपरेखा** शीर्षकमा अध्ययन/अनुसन्धान परियोजनाको स्वीकृतिपश्चात् यो प्रतिवेदन सम्पन्न भएको छ। काठमाडौँ उपत्यकाको दक्षिणमा अवस्थित यस प्रदेशले पौराणिक, ऐतिहासिक, सांस्कृतिक, धार्मिक दृष्टिले मध्यकालिक नेपाल उपत्यकाको राजनैतिक इतिहासमा महत्त्वपूर्ण स्थान ओगटेको छ। नेपाल राष्ट्रको समग्र इतिहास तयार गर्न प्रादेशिक इतिहासको भूमिका रहने हुनाले फर्पिङसम्बन्धी यस ग्रन्थले महत्त्वपूर्ण स्थान ओगट्ने छ भन्ने विश्वास लिएको छु। यो ग्रन्थ अनुसन्धाता, विद्यार्थी तथा इतिहास-संस्कृति विषयमा रुचि राख्नेहरूका लागि उपयोगी हुने विश्वास लिएको छु। यो अध्ययन फर्पिङ सहरक्षेत्रमा मात्र सीमित भएकोले यस क्षेत्रको विस्तृत रूपमा अध्ययन-अनुसन्धान हुन सके थप महत्त्वपूर्ण उपलब्धि प्राप्त हुनसक्ने देखिन्छ।

यस अवसरमा फर्पिङको इतिहास विषयमा अध्ययन-अनुसन्धान गर्न प्रोत्साहित गर्नहुने भाषाविद् प्रा.डा.कमलप्रकाश मल्ल (वि.सं. १९९३-२०७५) तथा इतिहासविद् गुरु धनवज्र वज्राचार्य (वि.सं. १९८८-२०५१) प्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु।

राष्ट्रको समग्र इतिहास तयार पार्न प्रादेशिक इतिहास लेखिँदै जानु आवश्यक हुन्छ भन्ने गुरु धनवज्र वज्राचार्यको सिद्धान्तलाई साकार पार्दै जाने उद्देश्यअनुरूप 'फर्पिङको ऐतिहासिक रूपरेखा'ले केही सघाउ पुर्‍याउँछ भन्ने विश्वास लिएको छु।

यस विषयको अध्ययन-अनुसन्धान परियोजना स्वीकृत गरिदिनुहुने नेपाल प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ श्री ज्ञानमणि नेपालज्यू तथा प्रस्तुत प्रतिवेदनलाई स्तरोन्नति गर्न आर्थिक स्रोत जुटाई प्रोत्साहन दिनुहुने नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति श्री गङ्गाप्रसाद उप्रेतीज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै यस प्रतिवेदनलाई प्रकाशन गर्न स्वीकृति प्रदान गरी सहयोग गर्नुहुने नेपाल प्रज्ञा-

प्रतिष्ठानका प्राज्ञ सदस्य प्रा. दिनेशराज पन्तज्यूमा हार्दिक आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्दछु ।

अनुसन्धानको सिलसिलामा स्थलगत भ्रमणको क्रममा सहयोग गर्नुहुने प्रा.डा. डिल्लीराज शर्मालाई धन्यवाद दिन्छु । कार्यक्षेत्रमा रहँदा सहयोग गर्नुहुने इन्द्रबहादुर महर्जन, सुरेन्द्र मानन्धर, सिद्धिभक्त श्रेष्ठ, शैलेश मानन्धर, जयराम घिमिरे, प्रकाश कर्माचार्य, भरत बलामी, गौरीनारायण श्रेष्ठ, जितनारायण श्रेष्ठ, भुवन बलामी, भीमबहादुर महर्जन, ज्ञानबहादुर महर्जन, शङ्करलाल श्रेष्ठ, विष्णुमान बलामी, श्रेया मानन्धर, उत्तमराज आचार्य, शिवदास महर्जन, हरिओम तामाङ र राधेश्याम कपालीलाई धन्यवाद छ । अनुसन्धानका क्रममा रहँदा सहयोग गर्नुहुने स्थानीयवासीहरूलाई धन्यवाद दिन्छु । साथै फर्पिङको इतिहास विषयमा कलम चलाउनु हुने सबै लेखकप्रति आभार व्यक्त गर्दछु । अन्त्यमा, अनुसन्धानको क्रममा सहयोग गर्ने राष्ट्रिय अभिलेखालय, राष्ट्रिय सङ्ग्रहालय, पाटन सङ्ग्रहालय, डकुमेन्टेसन सेन्टर, नेपाल र एसियाली अनुसन्धान केन्द्र, केन्द्रीय पुस्तकालय, ह्युमन रिसोर्स डेभलप्मेन्ट रिसर्च सेन्टरप्रति आभार व्यक्त गर्दै सक्रिय सहयोगी प्रतिभा श्रेष्ठ र प्रसुन श्रेष्ठलाई धेरै धन्यवाद दिन्छु ।

प्रा.डा. टेकबहादुर श्रेष्ठ

विषय सूची

पहिलो अध्याय

भौगोलिक परिचय १५

भौगोलिक स्थिति र बस्ती बसाइ १५

शिखरापुर (फर्पिङ सहर)को स्थापना १९

शिखरापुरको नामकरण २१

किल्लाको रूपमा फर्पिङ २३

दोस्रो अध्याय

फर्पिङको राजनैतिक इतिहास २८

प्राचीनकालमा फर्पिङ २८

पूर्वमध्यकालिक फर्पिङ ३१

शुलङ्की (सोलंकी) वंशी शासक ३८

सोलंकी राउत्त र सेनबिच विवाह सम्बन्ध ४२

ने.सं. ५७३ (वि.सं. १५१०) को धर्मपत्रमा फर्पिङको भूमिका ४३

यक्ष मल्लविरुद्धको सङ्घर्ष ४५

उत्तरमध्यकालिक फर्पिङ ४५

ने.सं ६६८ (वि.सं. १६०५) को सन्धिमा फर्पिङको स्थिति ४६

शिवसिंह मल्ल ४८

फर्पिङको विकासमा भगीरथ भैयाको भूमिका ५०

फर्पिङमा राजा योगनरेन्द्र मल्ल ५२

वीरनरसिंह मल्लको सुधार ५४

विष्णु मल्लको देन ५६

राज्यप्रकाश मल्ल ५८

फर्पिङ गोरखा राज्यमा समाहित ५९

तेस्रो अध्याय

सांस्कृतिक सम्पदा ६३
क. मन्दिरहरू ६३
ख. अमूर्त सांस्कृतिक सम्पदा ११३

चौथो अध्याय

प्रशासन व्यवस्था १३४
राजा १३४
युवराज १३५
रानी १३६
दरबार १३६
चौतारा (प्रधानमन्त्री) १३८
विषयपति १३८
देशप्रमान १३९
द्वारे १४०
पञ्चप्रमान १४१
अमालीदार १४१
क्वाठनायक १४२
सात प्रधान १४३
नजिकी १४४
महान्या १४४
दानी १४५
जागिर प्रथा १४५

पाँचौं अध्याय

उपसंहार १४७

सन्दर्भ ग्रन्थ १५०

परिशिष्ट १५७

पहिलो अध्याय

भौगोलिक परिचय

भौगोलिक स्थिति र बस्ती बसाइ

मध्यकालिक नेपालको इतिहासमा फर्पिङको इतिहास-संस्कृतिको निकै महत्त्व रहेको छ। नेपाल-उपत्यका वरिपरि पूर्वमा देवीकोट, महादेवपोखरी, पश्चिममा नागार्जुन, उत्तरमा मणिचूड, शिवपुरी र दक्षिणमा चन्द्रागिरि, फूलचोकी, चम्पादेवी आदि पहाडहरू रहेका छन्। यीमध्ये चन्द्रागिरि, चम्पादेवी पर्वतीय शृङ्खलाको दक्षिणी पहाडको समथर तथा कृषियोग्य भू-भागमा अवस्थित फर्पिङ हनसमान्ढोकादेखि १९ किलोमिटर दक्षिणमा रहेको छ। एकथरी वंशावलीमा दक्षिणकाली पहाडमा फर्पिङ सहर रहेको छ भनी लेखिएको छ (राइट, दोस्रो पुनर्मुद्रण, इ. १९९३ : ९५)।

ने.सं. ५११ (वि.सं. १४४७) को राजा स्थितिराज मल्लको विजय राज्यमा स्थापित शिलाको पादुका बनाई राखिएको स्थानको शिलापत्रमा (परिशिष्ट-१:८) यो पादुका 'ऋषितट' नाम गरेको पहाडमा स्थापना गरिएको' भनी स्पष्ट उल्लेख भएको हुँदा फर्पिङ सहर यही 'ऋषितट' नामको पहाडको फेदीमा स्थापना भएको भन्नु उपयुक्त हुने देखिन्छ। यही नामको पहाडलाई नेवारी भाषामा 'लुसिपाकू पर्वत' भनिएको कुरा ने.सं. ७९३ (वि.सं. १७२९) को अभिलेखबाट (परिशिष्ट- १: सङ्ख्या १५) पुष्टि भएको छ। यस अभिलेखमा दर्शनधारी सुमन जोगी आदिले उक्त पादुकाका लागि देवल, छत, तोरण बनाइदिएको उल्लेख परेको छ। समुद्र सतहबाट करिब १५०० मिटरको उचाइमा अवस्थित (आचार्य, वि.सं. २०४३-२०४४ : १४) यो सहर त्यस बेला पनि आजकल जस्तो चारैतिरबाट जङ्गलले घेरिएको थियो। प्रसिद्ध नदी वाग्वतीको पश्चिमी दिशामा स्थापित यो सहर भएर नेपाल उपत्यका र दक्षिणमा भारततर्फ जाने प्रमुख मार्गमा परेको कारणले पनि यस प्रदेशको आर्थिक स्थिति राम्रो रहेको थियो भनी अनुमान गर्न सकिन्छ।

लिच्छविकालको संवत् ४७९ (वि.सं. ६१४) को फर्पिङ कोटालटोलको अभिलेखमा मिंदिचो, खाट्टीचो, ब्रेम्गुचो, मोगुंचो जस्ता डाँडालाई जनाउने शब्दहरू परेका छन् भने बुन्लु नदीको उल्लेख पनि यहाँ परेको छ (परिशिष्ट-१ : १; वज्राचार्य, वि.सं. २०३० : १८२-१८४)। यी स्थानहरू फर्पिङका पर्वत शिखर हुन् भनी किटान गरिएको छ (तिवारी, इ. २००१ : १८५ र १८८)। साथै यसमा तेग्वङ, केरवा जस्ता अरू नामहरू पनि परेका छन्। तर यी पहाड र नदी फर्पिङमा कहाँ पर्दछन् भन्ने कुरा ठम्याइएको छैन तापनि लिच्छविकालभन्दा अघि नै यहाँ बस्ती बसिसकेको थियो भनी सहजै अनुमान गर्न सकिन्छ।

नेपाल-उपत्यकाबाट बाहिर निस्कने नाकाको रूपमा साँगा, लेले, फर्पिङ आदि भन्ज्याङहरू प्रसिद्ध छन्। तिनमा फर्पिङ प्रदेशकै नामबाट यो भन्ज्याङको नाम 'फर्पिङ भन्ज्याङ' राखिएको बुझिन्छ। भौगोलिक दृष्टिले उपत्यकासँगै जोडिएको भए तापनि मध्यकालको पूर्वार्द्धमा एउटा सामन्त राज्यको रूपमा यो प्रदेश रहेको थियो।

मध्यकालका उत्तरार्द्ध अर्थात् राजा यक्ष मल्लको अन्त्यपछि नेपाल उपत्यकाका तीन राज्यहरूमध्ये ललितपुर राज्यमा फर्पिङ पर्दथ्यो। फर्पिङलाई उपत्यकाभित्र अर्थात् चार भन्ज्याङभित्र पार्ने वा नपार्ने भन्ने बारेमा वि.सं. १९५७ भन्दाअघि उठेको विवाद टुङ्गो लागेको थियो (परिशिष्ट १० सङ्ख्या ३१)। त्यसताका यस प्रदेशलाई चार भन्ज्याङभित्र पर्दछ भनी 'पोता दर्ता गर्न आऊ' भनी इस्तिहार जारी गरिएको थियो। तर फर्पिङका द्वारे बुद्धिसागरको बिन्तीपत्रमा हात्तीवन डाँडा र भन्ज्याङ डाँडादेखि पनि पल्लोपट्टि चार भन्ज्याङबाहिर रहेको कुरा सनातनदेखि चल्दै आएको तथा चार भन्ज्याङभित्र जुवा फुक्दा पनि फर्पिङमा जुवा नखेलिएको आधार दिइएको हुँदा वि.सं. १९५७ आषाढमा फर्पिङलाई चार भन्ज्याङबाहिरको प्रदेश ठहऱ्याइएको थियो (ऐजन)।

ऐतिहासिक तथा सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण फर्पिङ प्रदेश उपत्यकाबाट दक्षिणमा तराई र त्यहाँबाट भारत जाने बाटोमा परेको हुँदा व्यापारिक दृष्टिले पनि महत्त्वपूर्ण मानिन्थ्यो। यो प्रदेश तराईबाट उपत्यका भित्रिने महत्त्वपूर्ण ढोकाको रूपमा रहेको थियो। फर्पिङ भएर चिसापानीगढी, फर्पिङबाट चितलाङ हुँदै तराई झर्ने अर्को बाटो पनि आजकल जस्तै चलेको थियो। भीमफेदी, हेटौँडा, वीरगञ्ज, पर्सा हुँदै भारत जाने मार्ग चल्तीको थियो। कर्नेल विलियम कर्कप्याट्रिकले वि .सं. १८४९ मा ललितपुरबाट खोकना -बुङ्मती भई वाग्वती नदी तरी फर्पिङ र त्यहाँबाट फाखेल, चिसापानीगढी, हेटौँडा, वीरगञ्ज हुँदै

भारत जाने बाटोघाटो र व्यापारीहरूको आवतजावतबारे उल्लेख गरेकाले त्यसताकासम्म पनि यो बाटो व्यापार मार्गको रूपमा चल्दै आएको थियो भन्ने देखिएको छ (कर्कप्याट्रिक पुनर्मुद्रण इ. १९८६:७२;७४)। यसै गरी वि.सं. १९५५ मा नेपाल आएका फ्रान्सेली विद्वान् सिल्भान लेवीले फर्पिङलाई उपत्यकाको छेउ तथा भारत जाने पुरानो बाटोको मुखमा छ भनी लेखेका छन् (लेवी, पहिलो खण्ड, इ. २००५: ४२ र ८६)।

वि.सं. २००६ पौष २३ को समाचारअनुसार यो बाटो सोझो र छोटो भएकै कारणले निर्माण गर्ने निर्णय गरिएको थियो (ठाकुर (सम्पा), वि .सं. २०३२: १०)। आजकल पनि यो बाटो फर्पिङ भई चिसापानीगढी, हेटौँडा, वीरगन्ज जाने 'शिखरापुर यातायात सेवा' आदि विभिन्न सेवाहरू सञ्चालन भइरहेका छन्। यसबाट प्राचीनकालदेखि चल्दै आएको यस मार्गलाई आजसम्म पनि निरन्तरता दिँदै आएको भन्ने बुझ्न सकिन्छ। व्यापारिक मार्गबाहेक फर्पिङ भएर मकवानपुर, गोरखा आदि छिमेकी राज्यका राजाहरूद्वारा सन्धि, लडाइँ जस्ता कार्यका लागि पनि यो बाटो प्रचलित रहेको थियो। गोरखाका प्रसिद्ध राजा राम शाह ललितपुरका प्रसिद्ध राजा सिद्धिनरसिंह मल्लसँग सन्धि गरी फर्पिङको बाटो गरी यी दुई राज्यको सिमाना त्रिशूली र मर्स्याङ्दी नदीका दोभान बेनीघाटको बाटो भई गोरखा फर्केका थिए भन्ने बुझिएको छ (पन्त, वि.सं. २०४१ : ८९-९०)।

यसै गरी ने.सं. ८०३ (वि.सं. १७३९) मा कान्तिपुर, भक्तपुर, ललितपुर, गोरखा र चौबिसी प्रदेशका केही राज्यहरूको संयुक्त फौजले मकवानपुरमाथि आक्रमण गर्ने क्रममा फर्पिङको बाटो गरी मकवानपुर गएको घटना उल्लेखनीय रहेको छ। त्यस ठ्यासफूमा "... अन मजियाव फनपि लन जुर सकरे मोखांपुलि कास्य लिबिस्य वन..."(रेग्मी, इ. १९६६ भाग ३, ठ्यासफू खण्ड: ९५)। थानकोट, साँगा जस्तै फर्पिङ पनि एउटा नाका रहेको थियो। यही फर्पिङको बाटो भएर आजकल जस्तै त्यसताका मुगलान पस्ने पनि गरिन्थ्यो। यी उदाहरणहरूबाट फर्पिङ उपत्यकाबाट तराई झर्ने बाटोमा पर्ने महत्त्वपूर्ण प्रदेश रहेको थियो भन्ने कुराको पुष्टि हुन्छ।

बाटोघाटो र नदी खोलाका पानीको सुविधा रहेको यो स्वच्छ र धार्मिक, सांस्कृतिक, ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण फर्पिङ प्रदेशमा कहिले बस्ती बस्यो भन्ने कुरा निश्चित रूपमा ठम्याउन प्रामाणिक सामग्रीको अभाव छ।

फर्पिङमा कुन समयमा मानवको बसोबास भयो भन्ने कुराको चर्चा

गर्न यहाँ आवश्यक देखिन्छ। चन्द्रागिरि पर्वत शृङ्खलाको दक्षिणी भू-भाग अर्थात् फर्पिङमा प्लिस्टोसिएन युगको हात्तीको फिमर अर्थात् (खगालो हाड) को फसिल प्राप्त हुनु (मेचीदेखि महाकाली, भाग २: ७१७) तथा यहाँका गुफाहरूमा नवपाषाणकालिक प्रस्तर औजार भेटिनु (आचार्य, वि.सं. २०४७: ११) जस्ता विविध कारणले फर्पिङमा यसैताका मानव गतिविधि रहेको सङ्केत मिलेको छ। यसका साथै पद्मसम्भवले भारतबाट नेपाल भएर तिब्बत जाने क्रममा फर्पिङका गुफामा साधना गरेका हुँदा (ज्ञवाली, वि.सं. २०१९ : २५१) यो क्षेत्र लिच्छविकालमा महत्त्वपूर्ण रहेको देखिन्छ।

लिच्छविकालमा बस्ती बसिसकेको कुरा भने त्यहाँ रहेका विभिन्न मितिका शिलालेखहरूबाट स्पष्ट हुन्छ (परिशिष्ट अभिलेख : १- ३; वज्राचार्य २०३० : १८२-८४; ३६८-६९; ३७२-७३)। लिच्छविकालमा उपत्यका बाहिर र भित्रका विभिन्न प्रदेशहरूमा बस्ती बसिसकेको कुरा तत्तत् स्थानहरूमा प्राप्त लिच्छविकालिक अभिलेखहरूलाई प्रमाणका रूपमा अगाडि सार्न सकिन्छ। उपत्यका बाहिरका टिस्टुङ (वज्राचार्य, २०३० : ११०-११), तौखेल (ऐजन, : ३४८-५०), नाला (ऐजन : ५१२-१३), बनेपा (ऐजन : २४०-४३) आदि प्रदेशहरूमा लिच्छविकालिक बस्तीहरू रहेका थिए भने उपत्यकाभित्र दहको पानी निकास गरिएपछि सुरुमा सुक्दै गएको भू-भाग तथा वरिपरिका पहाडका फेदीहरू जस्तै टोखा, गोकर्ण, साँखु, मातातीर्थ, थानकोट, चौकीटार, कीर्तिपुर, चापागाउँ आदि स्थानहरूमा बस्ती बसिसकेको थियो (वज्राचार्य, इ. १९८७ : ३५९- ६१)।

लिच्छविकालमा बस्ती बसिसकेको यो फर्पिङ प्रदेशमा लिच्छविकालभन्दा अघि गोपालकाल, किराँतकाल आदिमध्ये कुन समयमा बस्ती बसेको थियो भन्ने कुरा थाहा पाउन लिच्छविकालका अभिलेखहरूबाट केही मद्दत पुग्ने देखिन्छ। संवत् ४७९ (वि.सं. ६१४) को अभिलेखमा उल्लिखित मिंदिंचो, खाह्निचो, तेग्वङ्ग, केखा आदि शब्दहरूलाई किराँत परिवारको भाषाबाट रहेको आधार मानी किराँतकालदेखि नै फर्पिङमा बस्ती बसेको अनुमान गरिएको छ (परिशिष्ट १:१)। तर फर्पिङ र यसका वरिपरिका धार्मिक-सांस्कृतिक सम्पदाहरूलाई दृष्टिगत गर्दा त्यहाँ किराँतकालभन्दा अघि गोपालकालदेखि बस्ती बस्ने क्रम आरम्भ भएको कुराको सङ्केत नपाइने होइन। टिस्टुङ-तौखेल, भटुवाल आदि प्रदेशहरूमा लिच्छविकालका अभिलेखहरू पाइएका छन् (वज्राचार्य, २०३० : ११०- ११; ३४८- ५०; ३०९-१०)। ती अभिलेखहरूमध्ये संवत् ३७ (वि.सं. ६७०) को एउटा अभिलेखमा चुस्तुङ, तेस्तुङ आदि किराँत

परिवारका शब्दहरूको उल्लेख परेकाले त्यहाँ पनि किराँतकालमै बस्ती बसिसकेको देखिन्छ (ऐजनः ३४८-४९)। टिस्टुङ भेकमा पशुपालन व्यवसाय रहेको तथा मध्यकालसम्म पनि त्यहाँका बासिन्दाहरू गोपालवंशी नेवारहरू रहेकाले त्यहाँ गोपालकालमा बस्ती बसिसकेको बुझिन्छ। यसै गरी थानकोट, बलम्बु, किसिपिडी आदि प्रदेशहरूमा नेवारहरूले मध्यकालको उत्तरार्द्धसम्म पनि गोपालिक भनी कुँदाएर राखेको अभिलेख पाइएकाले त्यस भेकमा गोपालीको बस्ती बसेको देखिन्छ।

दक्षिणबाट सुरक्षित, मलिला, सुविधायुक्त स्थानको खोजी गर्दै फर्पिङमा आएका गोपालवंशी जातिको बसोबास भएको बुझिएको छ। नेवार जातिको प्राधान्य रहेको यस फर्पिङ प्रदेशमा गोपालेश्वर महादेवको स्थापना हुनु पनि यस सन्दर्भमा महत्त्वपूर्ण कारण मान्न सकिन्छ। वंशावलीमा भगवान् श्रीकृष्णद्वारा गोपालेश्वरको स्थापना भएको तथा प्रद्युम्नबाट पनि शिखरनारायणको पूजाआजा गरी प्रख्यात गराएको उल्लेख पाइएको छ (पौडेल (सम्पा.), वि.सं. २०२० : २६), देवमाला वंशावली (वि.सं. २०१३ : ३८)। स्थानीय बुढापाकाहरू गोपालेश्वरको स्थापनाबारेमा उही कपिला नामकी गाईले सधैँ एउटा ढिस्कोमा गई दुध चढाउने गरेकी कुरा थाहा पाई एकजना गोपालले ढिस्को खन्दा शिवलिङ्ग निस्केको कुरा बताउँछन्। वास्तवमा फर्पिङको यो गोपालेश्वरको शिवलिङ्ग भनिए पनि यहाँ शिला मात्र रहेको छ। चौसट्ठी लिङ्गहरूको वर्णन गर्दा फर्पिङको गोपालेश्वर महादेवको पनि उल्लेख आउनु यस सन्दर्भमा उल्लेखनीय मान्न सकिन्छ (ऐजन : १६)। गोपालवंशी जातिलाई सम्झाउने 'ग्वालादह' फर्पिङ भन्ज्याङको उत्तर-पूर्वी पाखामा रहेको थियो र आजकल सो दह पुरिएको हो भन्ने स्थानीय बुढापाकाको भनाइ रहेको छ। चाँगुनारायण भेकमा पनि ग्वाला दह पाइएको छ। यसबाट त्यस भेकमा पनि ग्वालाहरूको बसोबास थियो भन्ने देखिन्छ। यी कुराहरूबाट एकथरी गोपालवंशीहरू फर्पिङ, हात्तीवन, ग्वालादह, टौदह, हुँदै कीर्तिपुर, मच्छेगाउँ, किसिपिडी, मातातीर्थ, थानकोटतिर गएको बुझिन्छ। यस बारेमा निर्णय गर्न पुरातात्त्विक अन्वेषण र उत्खनन गरी अरू आधिकारिक सामग्रीहरूको खोजी हुनु आवश्यक देखिन्छ।

शिखरापुर (फर्पिङ सहर)को स्थापना

फर्पिङ सहरको स्थापना कहिले भएको थियो भन्ने कुरा निर्णय गर्न अझै अरू प्रामाणिक सामग्रीको खोजी हुनु आवश्यक छ। फर्पिङ सहरको स्थापनाबारेमा

विभिन्न वंशावलीहरूमा उल्लेख गरेका छन्। भाषावंशावलीअनुसार राजा भीमार्जुनदेवले फर्पिङका प्रसिद्ध गोपालेश्वर, दक्षिणकाली, शिखरनारायण तथा वज्रयोगिनी देवदेवीको भक्तिमा रहँदा एक रात सपनामा यी देवदेवीहरूका स्थलमा सहर बसाइ रहने अनुग्रह वाणी भएअनुसार 'शिखरापुरी' नाम गरेको सहर स्थापना गरेका थिए। साथै त्यस सहरमा प्रजालाई सुविधा प्रदान गरी ती देवदेवीहरूको पूजाआजा सेवाभक्तिमा उनी लागेको कुरा दिइएको छ (ऐजन : २६)।

यसै गरी अर्का थरीका वंशावलीमा पनि भीमार्जुनदेवले यन्त्रानुसार र विधिपूर्वक सहरको निर्माण गराई बस्ती बसाएको बेहोरा परेको छ (थापा (सम्पा.), वि.सं. २०२०:१८)। गोपालकालमा मन्दिरहरूको निर्माण गरिएको तथा लिच्छविकालमा धारा, गुठीको व्यवस्था भई त्यहाँको सांस्कृतिक गतिविधि बढ्न थालेको अवस्थामा यस फर्पिङ सहरको स्थापना सपनानुसार लिच्छवि राजा भीमार्जुनदेवद्वारा भएको जुन कुरा वंशावलीकारले लेखेका छन् त्यो निकै हदसम्म मान्य रहेको देखिन्छ।

स्वप्नमा भगवान्को दर्शन पाई उनको उपदेश इच्छाअनुसार भक्तले मन्दिर, पाटी, पौवा, धारा जस्ता धार्मिक तथा सांस्कृतिक स्थलहरूको निर्माण गरेका उदाहरण इतिहासमा नपाइने होइन। उदाहरणार्थ ने.सं. ८११ (वि.सं. १७४८) को एउटा अभिलेखमा श्री चन्दनभराटेश्वर महादेवबाट स्वप्नमा उपदेश भएअनुसार लक्ष्मीराज भारो आदिद्वारा मन्दिरको जीर्णोद्धार गरी निर्माण गरिएको बेहोरा यस सन्दर्भमा उल्लेख्य रहेको छ (राजवंशी, वि.सं. २०५३: ८६-९१)।

वंशावलीको आधारमा नै 'शिखरापुर' को निर्माण गरी भगवान्को आदेश पालना गर्ने यी भक्त भीमार्जुनदेव को थिए र यिनले कुन समयमा यो कार्य गरेका थिए भन्ने कुराको चर्चा गर्नु यस सन्दर्भमा आवश्यक मानिन्छ। भीमार्जुनदेवबारे प्रकाश पार्ने वंशावली र अभिलेखहरू पाइएकाले यसबारे निर्णय गर्न निकै सहज भएको छ। गोपालराजवंशावलीमा "... राजा श्रीभीमार्जुनदेव वर्ष ३५ ॥ .." भनी स्पष्ट उल्लेख भएको छ (वज्राचार्य र मल्ल, इ. १९८५ : ३०)। यस कुरोलाई पुष्टि गर्न भीमार्जुनदेवका संवत् ५५ (वि.सं. ६८८) देखि संवत् ६५ (वि.सं. ६९८) सम्मका अभिलेखहरू प्रकाशित भइसकेका छन् (वज्राचार्य, २०३० : ४१९-५१)। यी दुई थरी ऐतिहासिक सामग्रीहरूबाट यो समयावधिभित्रको कुनै पनि अवसरमा शिखरापुरको निर्माण भएको देखिन्छ। यसबाट लिच्छविकालमा राजा भीमार्जुनदेवले फर्पिङ सहर बसाएको भन्ने वंशावलीहरूको कुरा अन्य प्रामाणिक सामग्रीबाट नयाँ प्रकाश नपरुन्जेल मान्नुपर्ने देखिन्छ।

फर्पिङ सहरको दृश्य

शिखरापुरको नामकरण

कुनै पनि ठाउँको नाम एक-एक अर्थ विशेषका आधारमा राखिएको हुन्छ। शिखर (टुप्पा) मा 'पुर' (सहर) स्थापना गरिएको हुँदा यसको नाम शिखरापुर राखिएको देखिन्छ। यसै गरी शेषनारायणलाई 'शिखरनारायण' भनिने चलन पनि चलेको पाइन्छ। यो शिखरापुर सहरको रूपमा निर्माण गरिएको थियो। योजनाबद्ध रूपमा स्थापित यो सहरमा बाटोघाटो, सांस्कृतिक स्थलहरू, सुरक्षाका लागि निर्मित किल्ला आदि पूर्वाधारहरू भएको हुँदा यो 'पुर' थियो। हिमवत् खण्डमा शिखरनारायण तथा शिखरिणी खोलाको उल्लेख परेको छ (नरहरिनाथ (सम्पा.) वि.सं. २००९ : ११७)। तर त्यहाँका लिच्छविकालका अभिलेखहरूमा शिखरापुरीको उल्लेख देखिँदैन (परिशिष्ट १: १-३)। पौराणिककालमा 'शिखरापुरी' नामले यो प्रदेश प्रसिद्ध रहेको देखिन्छ। मध्यकालको पूर्वार्द्धका विभिन्न अभिलेखहरूमा शिखरापुरी भनी चलेको उदाहरण निकै पाइन्छन्। ने.सं. ५११ (वि.सं. १४४७) को अभिलेखमा (परिशिष्ट १:८), 'शिखरापुरी-नगर्यां', ने.सं. ५२७ (वि.सं. १४६३) मा (परिशिष्ट १: सङ्ख्या ९), शिखरापत्तन, शिखरापुरी, ने.सं. ५५२ (वि.सं. १४८९) मा (परिशिष्ट १: सङ्ख्या ११) 'शिखरपत्तने' भनिएको पाइन्छ।

मध्यकालमा आएर कुनै पनि प्रदेशको नामकरण हुने कुरामा फरक आयो। त्यसताका कुनै एउटा प्रदेशको नाम जन-भाषा र संस्कृत भाषामा बेग्लाबेग्लै राखिने प्रचलन देखापर्‍यो। लिच्छविकालको संवत् ४०२ (वि.सं. ५३७) को एउटा अभिलेखमा (वज्राचार्य, वि.सं. २०३०: ५५-५६) 'प्रङपिङप्रदेशे'

भन्ने शब्दको उल्लेख परेको छ। यही शब्द नै कालान्तरमा फणपिङ, फर्पिङ हुँदै आएको हो भन्ने तर्क पनि दिइएको छ (तिवारी, ई २००१ : ११७)। यसबारे निर्णय गर्न अरू खोजी हुनु आवश्यक देखिन्छ। तर शिखरापुरलाई सर्वप्रथम 'फणपिङ्ग' भनिएको पाइन्छ। ने.सं. १४० (वि.सं. १०७७) को एउटा पाथीमा (थापा, वि.सं.२०३४ : २४) "...श्रीफणपिङविषयाधिपतिमहासामन्तश्रीकिरणाकरजीवस्य प्रवर्त्तमाने' भनी स्पष्ट उत्कीर्ण भएबाट प्रमाणित हुन्छ। ने.सं. २१२ (वि.सं. ११४८) को 'कुब्जिकामत' नामको हस्तलिखित ग्रन्थमा भने ... श्रीमत्‌हर्षदेवस्य राजे श्रीफल्लपिङ्ग विषय..." को उल्लेख पनि परेकोबाट यो प्रदेशलाई फल्लपिङ नामले पनि सम्बोधन गरिन्थ्यो भन्ने देखिन्छ। यो नाम मध्यकालको पूर्वार्द्धसम्म प्रचलित भएको पाइन्छ। ने.सं. ३८१ (वि.सं. १३१७) को अभिलेखमा (परिशिष्ट १: ६) 'फणपिंग' ने.सं. ४५५ (वि.सं. १३९२) को हस्तलिखित ग्रन्थमा 'अगस्त्यसंहिता' (रेग्मी, ई १९६५: ४०९-१०) 'फणपिङ्गमहानगर' भनिएका अरू उदाहरणहरू पाइन्छन् भने उत्तरार्द्धमा 'महानगर' को सट्टामा 'देश' भनिन थालेको पनि पाइन्छ। ने.सं. ७८३ (वि.सं. १७२०) को अभिलेखमा (परिशिष्ट १ : १६) 'फणपिदेस' भनिएको पाइन्छ।

यसै गरी अन्य अभिलेखहरूमा (परिशिष्ट १ : १७ - १८) पनि यही नामोल्लेख पाइन्छ। आधुनिक कालमा आएर 'फणपिङ्ग' को अपभ्रंश भई फर्पिङ भनिन थालेको कुरा यसताकाका अभिलेख, कागजपत्र आदिमा उल्लेख भएकोबाट स्पष्ट हुन्छ। मध्यकालको पूर्वार्द्धमा 'शिखरापुर' तथा 'फणपिङ्ग' नामले प्रसिद्ध रहेको तथा उत्तरार्द्धमा 'फणपि' नाम मात्र प्रचलित भएको र आधुनिककालमा आएर यही नाम अपभ्रंश भई 'फर्पिङ' रहन गएको देखिन्छ। 'फणपिङ्ग', फपिं नाम जन-भाषामा रहेको बुझिए पनि यसको वास्तविक अर्थ भने खुलस्त भएको पाइँदैन। यो शब्द किराँती भाषासँग सम्बद्ध भएको बुझिन्छ। यसबारे भाषाविद्‌को दृष्टि जानु आवश्यक छ। तिब्बतीहरूले यो प्रदेश (फर्पिङ) लाई 'फन्टिङ्पा' भन्ने गरेको र यही नाम पछि गएर अपभ्रंश भई फर्पिङ रहेको हो भन्ने भनाइ पनि सुनिएको छ।

वास्तवमा किराँत तथा लिच्छविकालका साथै मध्यकालका कतिपय ऐतिहासिक स्थान-नामहरू लोप हुँदै गएका देखिन्छन् भने कतिचाहिँ परिवर्तित रूपमा पाइएका छन्। लिच्छविकालमा (वज्राचार्य, २०३०: २९०-९१) अहिलेको बुङ्मतीको नाम बूगायूमी थियो, मध्यकालमा बुग (वज्राचार्य, वि.सं. २०५६: ४), बुंग (ऐजन: २०३) र पछिल्लो कालमा बुङ्मती नामले प्रख्याति पाएको उदाहरण छ।

किल्लाको रूपमा फर्पिङ

फर्पिङ बलियो किल्लाको रूपमा जङ्गलविच अवस्थित थियो। यो वनदुर्ग रूपको थियो भन्ने देखिन्छ। यो प्राचीनकालमा पनि किल्ला रूपको थियो वा थिएन भन्ने कुरा फर्पिङसम्बन्धी लिच्छविकालिक अभिलेखहरूबाट खुल्दैन (परिशिष्ट १ : १-३)। तर मध्यकालको पूर्वार्द्धमा फर्पिङमा बलियो किल्ला थियो भन्ने कुरा गोपालराजवंशावलीबाट थाहा पाइन्छ। त्यहाँ ने.सं. ४२५ (वि.सं. १३६२) को एउटा घटनामा आगो लगाएपछि मात्र फर्पिङ खुलेको कुरा उल्लेख भएको छ (वज्राचार्य र मल्ल, इ. १९८५ : ९७)। अर्कोतर्फ ने.सं. ४५३ (वि.सं. १३९०) मा त्रिपुर र मानिगलको संयुक्त सैन्यले फर्पिङमा आक्रमण गर्दा पनि फर्पिङ किल्ला नखुलेको कुरा यस सन्दर्भमा उल्लेखनीय रहेको छ (ऐजन : १०४)।

मध्यकालमा राज्यको सुरक्षा गर्न किल्लाहरूको आवश्यकतालाई बढी महत्त्व दिनुपर्ने स्थिति आयो। मध्यकालको पूर्वार्द्धमा राज्य विभाजन आरम्भ भई उत्तरार्द्धको अन्त्यतिर टिष्टादेखि महाकालीसम्म ५२ भन्दा बढी राज्यहरूको सङ्ख्या पुगेको हुँदा यिनीहरूले आ-आफ्ना अस्तित्व जोगाउन सुरक्षालाई प्राथमिकता दिई सैनिक शक्ति मजबुत पार्नु अत्यावश्यक थियो। सैनिक शक्ति बलियो पार्नु नाका-नाकामा गढीहरूको निर्माण गर्ने आवश्यकता प्रत्येक राज्यलाई रहेको थियो।

उपत्यकाभित्रका धेरै प्रदेशहरू किल्ला स्वरूपका थिए। थानकोट, स्वयम्भू, लुटीकोट (बालाजु), कपन, गोकर्ण, साँखु, चाँगु, साँगा, चापागाउँ, खोकना, कीर्तिपुर, बलम्बु आदि प्रदेशहरू किल्ला रूपका बस्ती थिए। यसै गरी उपत्यका बाहिरका नुवाकोट, धुलिखेल, बनेपा, पनौती, नाला, फर्पिङ पनि किल्ला रूपका बस्ती थिए।

फर्पिङ प्रदेशको भौगोलिक स्थितिलाई दृष्टिगत गर्दा यो वनगढ रूपको थियो भन्ने देखिन्छ। फर्पिङको वरिपरि अद्यापि जङ्गल रहेकोले त्यस कुराको सम्झना यसले दिलाइरहेको छ। फर्पिङ सहरलाई चारैतिरबाट पर्खालद्वारा घेरिएको र यहाँ ७०० घरधुरी हुँदा त्यसलाई "सात सय फर्पिङ" भनिएको पाइन्छ। वि.सं. १९३६ को ऐतिहासिक पत्रमा (परिशिष्ट २ : सङ्ख्या ४४) "फर्पिङ पर्खालभित्रका ..." भनी उल्लेख परेकोबाट फर्पिङ सहर पर्खालले घेरिएको थियो भन्ने कुरा स्पष्ट हुन्छ। यस किसिमको उदाहरण उपत्यका बाहिरका प्रदेशहरूमा पनि पाइन्छ। दोलखालाई "दोलखा सहर पर्खालभित्रको

नेवार" भनी उल्लेख पाइएको छ (वज्राचार्य र श्रेष्ठ, वि.सं. २०७० : १७९)। यसै गरी "सात सय नुवाकोट" भनी ऐतिहासिक सामग्रीमा उल्लेख भएको पाइन्छ (वज्राचार्य र श्रेष्ठ, वि.सं. २०३२ : ९१ र ९८)। वंशावलीमा राजा भीमार्जुनदेवले ४८ हजारको फर्पिङ सहर बसाए भनी लेखिएको कुरा (पौडेल, वि.सं. २०२० : ८६) अनुसन्धेय छ ।

मध्यकालको उत्तरार्द्धमा राज्यको घरधुरी गणनाअनुसार राज्यलाई सम्बोधन गर्ने चलन थियो । त्यसताका 'बाह्र हजार भक्तपुर', 'अठाह्र हजार कान्तिपुर' तथा 'चौबिस हजार ललितपुर' भन्ने पनि गरिन्थ्यो । फर्पिङ ललितपुर राज्यअन्तर्गत पर्ने भएकोले 'सातसय फर्पिङ' भनिनुमा सार्थक देखिन्छ । यसबाट 'चौबिस हजार ललितपुर' भित्रको फर्पिङको घरधुरी ७०० रहेको थियो भनी बुझ्न सकिन्छ। स्मरणीय छ त्यसताकाको यस चलनलाई ध्यानमा राख्दा चौबिसी राज्यमध्येका पाल्पा राज्यको घरधुरी छब्बिस हजार रहेको थियो (वज्राचार्य र श्रेष्ठ, वि.सं. २०३५ : ७३-७४) जुन सङ्ख्या त्यसताकाका बाउन्न राज्यहरूमध्येमा सबैभन्दा बढी जनसङ्ख्या रहेको प्रमाणित हुन्छ ।

फर्पिङको किल्लाको निर्माण कहिले भएको थियो भन्ने कुरा निश्चित गर्न ऐतिहासिक सामग्रीको अभाव छ तापनि ने.सं. ४२५ (वि.सं. १३६२) मा फर्पिङमा आगो लगाएपछि मात्र फर्पिङ खुलेको (वज्राचार्य र मल्ल, इ. १९८५: ९७), ने.सं. ४५३ (वि.सं. १३९०) मा त्रिपुर र मणिगलले संयुक्त रूपमा आक्रमण गर्दा नखुलेको (ऐजन : १०४) घटनाहरूबाट यसभन्दा अघि नै किल्लाको निर्माण भएको कुरा स्पष्ट हुन्छ ।

किल्ला स्वरूपको यो फर्पिङको पर्खालका विभिन्न ठाउँमा प्रवेशद्वारको रूपमा ढोकाको निर्माण गरिएको थियो । ने.सं. ७९७ (वि.सं. १७३३) को एउटा अभिलेखमा (परिशिष्ट १ : सङ्ख्या १८) "... फणपि देशया ध्वाका दक्व ह्लोङ धसिपोलन इषा मदु ध्वाकान थिलस लोहन चिङा ..." भन्ने उल्लेख परेकोबाट फर्पिङका विभिन्न ढोकाहरूको मर्मत गर्ने काम भएको थियो । ललितपुरका प्रसिद्ध राजा श्रीनिवास मल्लका प्रसिद्ध मन्त्री भगीरथ भैयाले यो कार्य गरेका थिए । सहरबाट भित्र-बाहिर गर्नका लागि पर्खालका महत्त्वपूर्ण ठाउँहरूमा ढोकाहरू बनाइनु आवश्यक हुन्थ्यो । त्यसताका फर्पिङमा चार दिशामा चारवटा ढोकाहरू हुनाका साथै सहरलाई चारैतिरबाट अग्ला पर्खालहरूले घेरिएको थियो भन्ने यहाँका स्थानीय बुढापाकाहरूको भनाइ रहेको छ । यस किसिमका ढोकाहरू कीर्तिपुर (श्रेष्ठ, वि.सं. २०४९:२; श्रेष्ठ, वि.सं. २०५७:३५), थानकोट

(श्रेष्ठ, वि.सं. २०५०:१२), बलम्बु (ऐजन : १६), टोखा (श्रेष्ठ, वि.सं. २०५१ : २५), साँखु (शर्मा र श्रेष्ठ, ई.१६१७ आदि विभिन्न प्रदेशहरूमा पनि थिए। त्यसो त वरिपरिबाट पर्खालले घेरिएको खोकना (जितापुर) सहरमा पस्ने र निस्कने ढोका एउटै मात्र थियो भन्ने बुझिएको छ।

यस्ता प्रदेशहरूमा आवश्यकतानुसार ढोकाहरूको निर्माण गरिन्थ्यो। कीर्तिपुरमा बाह्रवटा ढोकाहरू थिए। बलम्बु, किसिपिडी, थानकोट आदि प्रदेशहरूमा पनि यस्ता ढोकाहरूको निर्माण गरिएको थियो। यी स्थानहरूमा किल्ला, पर्खालका अवशेष अद्यापि देख्न सकिन्छ। फर्पिङको यो किल्लावाहेक सहरका बिचमा एउटा किल्ला पनि रहेको थियो। ने.सं. ६७८ (वि.सं. १६१४) को एउटा ताम्रपत्राभिलेखमा 'दथु क्वाथ' भनि उल्लेख परेको छ (परिशिष्ट १: १२)। यो क्वाथ तलेजु मन्दिरस्थल परिसरलाई भनिएको हो भन्ने देखिन्छ। यसै गरी ने.सं. ७७८ (वि.सं. १७१५) को एउटा ताडपत्रमा 'थंथो क्वाठ' को उल्लेख परेको छ (परिशिष्ट- ३: १२)। यसबाट माथिल्लो भेगमा पनि किल्ला रहेको देखिन्छ।

पुरातत्त्व विभागबाट फर्पिङमा उत्खनन गरी प्रकाशित 'फर्पिङ उत्खनन प्रतिवेदन २०६१' शीर्षकको लेखअनुसार फर्पिङमा एउटा पुरातात्त्विक स्थलको उत्खनन गर्दा किल्लाको अवशेष पत्ता लागेको र सो किल्लाका पर्खालभित्र रातो रङ्गको माटाका भाँडाकुँडाका टुक्रा, इँटा आदि प्राप्त भएका छन्। यस किल्लाको जीर्णोद्धार ललितपुरका प्रसिद्ध राजा श्रीनिवास मल्लवाट गरिएकोबाट यो किल्ला त्यसताकासम्म पनि सदुपयोग गरिएको कुरा स्पष्ट हुन्छ (आचार्य, वि.सं. २०६७ : १४)।

यस बाहेक छैमले गाउँ विकास क्षेत्रको चौकोट, सेतीदेवी गाउँ विकास क्षेत्रको देवीकोट, दक्षिणकाली गाउँ विकास समितिको कोट आदि स्थलहरूको आधारबाट (ऐजन) फर्पिङ साङ्ग्रामिक दृष्टिले पनि निकै बलियो र सुरक्षित रहेको देखिन्छ। यसको साथै यो उत्खनित किल्लामा लिच्छविकालिक 'मानाङ्क' तथा 'पशुपति' मुद्राहरू भेटिएका र स्थानीय व्यक्तिको सङ्ग्रहमा रहेको लिच्छवि लिपिमा 'सम्मिथस्य' कुँदिएको माटोको छाप प्राप्त हुनु (ऐजन) जस्ता उदाहरणहरूबाट फर्पिङ लिच्छविकालमै बसिसकेको प्रमाणित हुन्छ।

फर्पिङ सहरलाई मध्यकालमा वनगढले वरिपरिबाट घेरिइनुका साथै यसलाई अष्टमातृका जस्तै महालक्ष्मी, ब्रह्माणी, माहेश्वरी, इन्द्राणी, चामुण्डा, वाराही, वैष्णवी, कुमारी आदि पीठहरू स्थापना गरी सहरलाई वरिपरिबाट

सुरक्षित पारेको देखिन्छ । यसरी पर्खालभित्रको यो फर्पिङ सहरलाई सुरक्षित पार्ने व्यवस्था गरिएको थियो । यी माथिका विवरणहरूबाट फर्पिङ भौगोलिक, ऐतिहासिक, साङ्ग्रामिक दृष्टिले एउटा महत्त्वपूर्ण प्रदेश रहेको थियो भन्ने देखिन्छ ।

फर्पिङ पर्खालभित्रको सहर विभिन्न नामका टोलहरूमा बाँडिएको थियो । ठेगाना सजिलै पत्ता लगाउन, प्रशासनिक कार्य आदि कुरोमा सजिलो होस् भन्ने उद्देश्यले प्रदेशलाई टोल टोलमा विभाजन गरी टोलका नामहरू राखिने प्रथा उपत्यका बाहिरका नुवाकोट, दोलखा, बनेपा र उपत्यकाभित्रका कीर्तिपुर, टोखा, थानकोट, साँखु आदि नेवार बस्तीहरूमा प्रचलित थियो । फर्पिङभित्र कोटाल, कोछु, टिपी, थलखु, यलखु, थथेप, कोठेप गरी सात टोलहरू रहेका थिए । यी नामहरू मध्यकालका ताडपत्र तथा अभिलेखहरूमा उल्लेख भएका छन् । यस बाहेक तल्लो र माथिल्लो टोलमा विभाजन भएको देखिन्छ ।

लिच्छविकालमा कान्तिपुर सहरको उत्तरी भाग कोलिग्राम र दक्षिणी भाग दक्षिण कोलिग्राम गरी दुई भागमा विभाजन गरिएको थियो (वज्राचार्य, वि.सं. २०३० : ९३-९५) । यस सन्दर्भमा ललितपुर सहरमा मुख्य टोल २४ र ती टोलहरूमा २४ नै सङ्ख्यामा परमानहरू रहेको उदाहरण यहाँ उल्लेखनीय मानिन्छ (वज्राचार्य र श्रेष्ठ, वि.सं. २०३५ : ६६) । यो चलन मध्यकालमा पनि प्रचलित रहेको थियो । यी टोलहरूका प्रशासनिक कार्यहरू पुरा गर्न फर्पिङका प्रत्येक टोलमा 'प्रधान' जस्ता पदाधिकारीहरू नियुक्त गरिएका थिए ।

प्रत्येक टोलमा पनि घर विशेषको परिचय पाउन सजिलो होस् भनी विभिन्न नामहरू रहेका थिए । यी 'छें' (घर) हरूका नामहरू तात्कालिक ताडपत्र, अभिलेख तथा चिठीपत्रहरूमा उल्लेख भएको पाइन्छ । यसको विवरण यस प्रकार रहेको छ :

टोलको नाम	**छेँको नाम**	**टोलको नाम**	**छेँको नाम**
कोटाल टोल	कुछें	कोछु टोल	तखाछें
	इताछें		भीनछें
	थखाछें		भगीछें
	आगछें		कारछें
	पसछें		हगुंछें
टिपी टोल	इछें	थलखु टोल	गाछें
	सिछें		मातछें
	हुतेछें		ध्वाखाछें

	भछें		
	थखलछें		
यलखु टोल	कोरकछें	थथेप टोल	न्हुछें
	इकुछें		ध्वाखाछें
	वंताछें		हिटीछें
			दबुछें
कोठेप टोल	तजाछें		
	इखाछें		

यी 'छें' (घर) हरूका नामहरूबाहेक बौद्ध बहालहरूका नामहरू पनि उल्लेख गर्न यहाँ आवश्यक देखिन्छ। यिनमा गगनकीर्ति महाविहार, खावहाल, देगुबहाल, तवलबहाल, सोबहाल, बोशीबहाल, गोलबहाल, बोखाबहाल, नन्दबहाल, दुबहाल, इकुबहाल आदि महत्त्वपूर्ण रहेका छन्। पसननी, वहाननी, दुनेननी, हननी, लंकोननी आदि धेरै ननीहरू फर्पिङ सहरभित्र रहेका थिए। यहाँका विभिन्न सांस्कृतिक सम्पदाहरूमा हतकाहिटि, थल्खुहिटि, यल्खुहिटि, लोहफले, डबकुफले, भिंजढु, गकोजढु, तंदेचोजढु, धसिपोजढु, तुइजढु आदि महत्त्वपूर्ण रहेका थिए।

आजकल यस किसिमका टोल तथा छेंको नाम राख्ने चलन हराएको छ। तर यसको सट्टामा प्रशासन तथा विकासको काममा सहज होस् भनी प्रदेशलाई वडावडामा विभाजन गर्ने व्यवस्था छ जुन टोलकै रूपान्तरण भएको बुझ्न सकिन्छ। बस्तीभित्र छिर्न आवश्यकताअनुसार विभिन्न ठाउँमा ढोकाहरू रहेका थिए भने सहर वरिपरिबाट पर्खालले घेरिएका थियो भन्ने देखिएको छ। यिनै टोलहरूमा मूर्त सम्पदाहरू विद्यमान रहेको हुनका साथै अमूर्त सम्पदाको रूपमा यसैअनुसार जात्रा पर्व आदि पनि सञ्चालन भएका थिए। यस प्रकारको प्रचलन अद्यापि चल्दै आएका छन्।

वास्तवमा शिखरापुर अर्थात् फर्पिङ कृषियोग्य समतल भू-भागमा स्थापना हुनु, उपत्यकाबाट दक्षिणतर्फ जाने व्यापारिक मूल मार्गमा पर्नु, साङ्ग्रामिक दृष्टिले मजबुत देखिनु, प्राकृतिक सौन्दर्य हुनु, विविध धार्मिक तथा मूर्त-अमूर्त सांस्कृतिक सम्पदा रहनु जस्ता विविध कारणले मध्यकालमा यो प्रदेशको निकै प्रतिष्ठा रहेको देखिन्छ।

दोस्रो अध्याय

फर्पिङको राजनैतिक इतिहास

प्राचीनकालमा फर्पिङ

नेपालको मध्यकालिक इतिहासमा फर्पिङको महत्त्वपूर्ण स्थान रहेको छ। यो प्रदेश सांस्कृतिक दृष्टिले जति महत्त्वपूर्ण रहेको छ त्यति नै राजनैतिक दृष्टिले पनि देखिन्छ। यसको लामो ऐतिहासिक कालक्रममा राजा तथा सामन्त शासकको वंश परिवर्तन जस्ता कारणले यसको प्रशासन प्रणालीमा स्वाभाविक परिवर्तन आएको देखिन्छ। प्रशासनिक केन्द्र रूपको उपत्यकाको नजिक रहेको यो प्रदेश एउटा स्वतन्त्र राज्यका रूपमा रहेको देखिँदैन। गोपालकालदेखि शाहकालसम्मको लामो अन्तरालमा समय र परिस्थितिअनुसार सामन्त शासकबाट स्वतन्त्र हुने प्रयास भए तापनि यो एउटा प्रशासनिक एकाइको रूपमा नै सीमित रहेको पाइन्छ। यसर्थ टाढाका प्रदेश प्राचीनकालमा केन्द्रको अधीनमा रही सामन्तद्वारा शासित भएको तथा मध्यकालको पूर्वार्द्धमा ती प्रदेशमा प्रशासन विषयपतिद्वारा चलेको पाइन्छ।

नेपालको राजनैतिक इतिहासमा गोपालयुगको महत्त्वबारे प्रकाश पार्ने गोपालराजवंशावली बाहेक विभिन्न क्षेत्रका सांस्कृतिक स्थल, जातिहरू पनि स्रोतका रूपमा रहेका छन्। फर्पिङको प्रसिद्ध गोपालेश्वरको स्थापना गोपालवंशीबाट भएको अनुमान गरिएको छ भने गोपालपछि किराँतवंशी राजाहरूको शासन पनि यस भेकमा चलेको थियो भन्ने कुरा लिच्छवि राजा गणदेवको अभिलेखमा त्यस भेकका विभिन्न किराँती भाषाका नदी-नाला तथा पहाड आदिको नाम उल्लेख भएबाट थाहा हुन्छ (वज्राचार्य, वि.सं. २०३० : १८२-१८३)।

फर्पिङ प्रदेशमा कहिले बस्ती बस्न सुरु भएको हो भन्ने कुराको पुष्टि गर्ने प्रामाणिक सामग्रीको अभाव छ। नेपाल उपत्यका एउटा ताल रहेको र यो

तालको पानी क्रमशः सुक्दै गएपछि चारैतर्फका पहाडका फेदीहरूमा वस्ती बस्न सुरु भएको बुझिएको छ । यसरी प्राप्त वंशावली तथा पछिल्लो कालका ऐतिहासिक सामग्रीका आधारमा गोपाली अर्थात् ग्वालाहरू दक्षिणतर्फबाट आई टिस्टुङ, चितलाङ आदि प्रदेश हुँदै फर्पिङपछि उपत्यका प्रवेश गरी पहाडका फेदी-फेदी अर्थात् कीर्तिपुर, मच्छेगाउँ, मातातीर्थ, थानकोट आदिमा बस्ती बस्दै गरेको अनुमान गर्न सकिन्छ । फर्पिङका प्रसिद्ध गोपालेश्वरको स्थापना यिनै गोपालवंशी ग्वालाहरूले गरेका थिए भन्ने किंवदन्ती सुनिन्छ । यसबाट फर्पिङ प्रदेशमा किराँतको प्रवेशपूर्व गोपालीको बस्ती रहेको थियो भन्ने बुझिएको छ । नेपालको इतिहासमा प्रचलित गोपालराजवंशावली आदि विभिन्न वंशावलीहरू, नेपालमाहात्म्य आदि ग्रन्थहरूबाट पनि किराँतकालको बारेमा केही प्रकाश परेको पाइन्छ भने कौटलीय अर्थशास्त्र, मूलसर्वास्तिवादविनय आदि ग्रन्थहरूबाट पनि किराँतकालबारेमा केही कुरा बुझ्न सकिन्छ । मिंदिचो, खाह्रिचो, अर्ध्दंचो, ब्रेम्गुंचो, मोगुंचो जस्ता किराँती परिवारका शब्दहरूको प्रयोग यस अभिलेखमा परेको हुँदा यसबारे सङ्क्षिप्त चर्चा गर्न आवश्यक देखिन्छ । वास्तवमा नेपालको इतिहासमा आर्थिक, सामाजिक आदि दृष्टिले किराँतकालको महत्त्वपूर्ण स्थान रहेको छ । यसबारेमा अझ प्रामाणिक रूप दिन पुरातात्त्विक उत्खनन हुन नसकेकोले किराँतकालिक वस्तु अर्थात् सम्पदा आदि प्राप्त हुन सकेका छैनन् । यसबारेमा सम्बद्ध निकायको ध्यानाकर्षण हुनु आवश्यक देखिन्छ ।

यसै गरी प्रकाशित २४० जति लिच्छविकालिक अभिलेखहरू केलाएर हेर्दा किराँतकालमा नै नेपाल उपत्यका र आसपासका क्षेत्रहरूमा प्रशस्त बस्तीहरू बसिसकेको देखिन्छ । ती बस्तीहरूमध्ये धेरैजसा बस्तीहरूका नाम किराँत परिवारका भाषाबाट रहेका पाइन्छन् । उदाहरणार्थ टिस्टुङको 'तेस्तुङ द्रङ्ग' (*ऐजन* : ३११), भक्तपुरको 'खोपृङ ग्राम' (*ऐजन* : ५०), तौखेलको चुप्रिङ (*ऐजन* : ३४८), देउपाटनको 'प्रङप्रिङ' (*ऐजन* : ५५) आदि पाइन्छन् । यसबाट किराँतकालमा उपत्यका र आसपासमा प्रशस्त बस्ती बसिसकेका थिए भन्ने सिद्ध भएकाले फर्पिङ भेक किराँतकालको बस्ती हो भन्न सकिने आधार रहेको छ ।

फर्पिङ बजारमा लिच्छविकालका तीन अभिलेखहरू पाइएका हुनाले यो प्रदेश लिच्छवि शासकहरूद्वारा शासित थियो भन्ने कुरा स्पष्ट हुन्छ । यीमध्ये संवत् ४७९ (वि.सं. ६१४) को अभिलेख लिच्छवि गद्दीनसिन राजा गणदेवको

राज्यकालमा भौमगुप्तद्वारा सहायक शासकका रूपमा जारी गरिएको हो। गणदेवको राज्यकालमा भौमगुप्तको भूमिका प्रभावकारी थियो। यिनी सर्वदण्डनायक, महाप्रतिहार जस्ता सरकारी पदमा कार्यरत थिए। यिनी राजोचित 'श्री' समेत धारण गरेर महत्त्वपूर्ण पदमा रही शासन चलाउँदै पनि आएका थिए। त्यसो त राजा वसन्तदेवदेखि नै गणदेवको राज्यकालसम्म पनि गुप्त परिवारका सदस्यहरूको महत्त्वपूर्ण भूमिका रहँदै आएको कुरा यस सन्दर्भमा उल्लेखनीय मान्न सकिन्छ।

लिच्छविकालमा नेपाल वर्तमान कालकै सरह कुमाऊँदेखि पूर्व र आसामदेखि पश्चिम बिचको भागमा थियो। राजा मानदेवको प्रसिद्ध चाँगुनारायणको अभिलेखबाट नेपालको सीमा पूर्वमा कोशी प्रदेश र पश्चिममा कर्णाली प्रदेश रहेको कुरा निश्चित भएको छ। यो कुरा पूर्वमा दुम्जामा लिच्छवि अभिलेख पाइनु (खनाल वि.सं. २०२८ : ३) तथा पश्चिमको जुम्लामा लिच्छवि लिपि अङ्कित माटोको चैत्य तथा बाग्लुङमा मानाङ्क मुद्रा पाइनु (वज्राचार्य वि.सं. २०२८ : १४) जस्ता कुराबाट पनि केही मात्रामा पुष्टि हुन्छ। फर्पिङमा लिच्छवि राजाहरूले केन्द्रबाट सोझै शासन गरेको भन्ने देखिन्छ।

गणदेवको शासनकालमा महाप्रतिहार भौमगुप्तको सक्रियताले फर्पिङ तथा फर्पिङवासीको लागि कुन कुरामा सुविधा दिइएको हो भन्ने कुरा यस अभिलेखको धेरैजसो भाग खिइएकोले स्पष्ट हुँदैन (परिशिष्ट १- सङ्ख्या १)। यसमा सीमाङ्कन गर्दा विभिन्न किराँती भाषाका स्थान नाम प्रयोग भएको हुँदा यस अघिको किराँती व्यवस्थाको सङ्केत मिल्दछ भने अर्कोतर्फ पछि आउने राजाहरूबाट पनि यो व्यवस्था कायम रहोस् भन्ने सदिच्छा यसमा व्यक्त गरिएको छ। गणदेवपछि राजा शिवदेव (प्रथम) का राज्यकालमा अंशुवर्माको बौद्ध-धर्म सम्बन्धी दुई अभिलेखहरू रहेका छन् (ऐजनः सङ्ख्या २ र ३)। पहिलो अभिलेखमा अंशुवर्माको प्रशंसासहित बौद्ध विहारमा यिनले धारा बनाउन लगाएको कुरा परेको हुँदा त्यसताका फर्पिङमा बुद्ध-धर्मको प्रचार निकै भएको कुरा स्पष्ट हुन्छ। अर्कोतर्फ अभिलेखमा बुद्धको पूजाआजाको लागि गुठी राखिएको देखिएकोले यसबाट त्यसताका फर्पिङ बुद्ध-धर्मको केन्द्रको रूपमा अवस्थित थियो भन्ने बुझिन्छ। आजसम्म पनि यस भेकमा विभिन्न बौद्ध गुम्बाहरूको निर्माण भएबाट यस भेकको महत्त्व झल्किन्छ। यी गुम्बाहरूमा कर्साङ गुम्बा, व्यञ्जन गुम्बा, भन्ज्याङ गुम्बा, सेर्पा गुम्बा, असुर गुम्बा, झट्टु गुम्बा आदि रहेका छन्।

यहाँ अंशुवर्माको उल्लेख परेकोले यिनको बारेमा पनि छोटो चर्चा गर्न आवश्यक देखिन्छ। लिच्छवि राजा गणदेवपछि शिवदेव (प्रथम) राजा भएका थिए। यिनको शासनकालमा अंशुवर्माले महासामन्तको रूपमा राजालाई सहयोग गरेका थिए। राजा शिवदेवलाई अंशुवर्माले राजकाजमा महत्त्वपूर्ण सहयोग गरेका थिए। यिनी लिच्छवि राजा वसन्तदेवको पालादेखि लिच्छवि राजाहरूका राजकाजमा हालीमुहाली गर्दैआएका आभीरवंशी गुप्त परिवारका सदस्य भौमगुप्तलाई पन्छाई शक्तिशाली बनेका थिए। आफ्ना प्रतिस्पर्धीलाई हटाई यिनी नेपालको राजनीतिमा सर्वशक्तिशाली बन्न सफल भएका थिए। यिनी 'महाराजाधिराज' पनि कहलाएका थिए। यिनी नेपालका प्रचलित धार्मिक सम्प्रदायहरू शैव, वैष्णव, बौद्ध आदि सबै धर्महरूप्रति उदार नीति लिन्थे।

यसरी लिच्छवि शासकहरूका तीन अभिलेखहरूबाट यो प्रदेश लिच्छवि राज्यअन्तर्गत परेको तथा त्यहाँ केन्द्रबाट सोझै शासन चल्दथ्यो भन्ने कुरा स्पष्ट हुन्छ। लिच्छविकालमा धारा, जलद्रोणी, कुवा जस्ता पिउने पानीका स्रोतको निर्माण भएको उदाहरण केही पाइएका छन्। यीमध्ये वटु भेकमा पाञ्चालीले धाराको निर्माण गरी महत्त्वपूर्ण कार्य गरेबापत अंशुवर्माले त्यस पाञ्चालीका बासिन्दालाई केही कर माफी गरिदिएको उदाहरण महत्त्वपूर्ण छ (वज्राचार्य, वि.सं. २०३०: ३५१-३५२)। लिच्छविकालमा समाजमा मनाइने सांस्कृतिक पर्व जस्तै जात्रा, मेला आदिमा उपस्थित सहभागीहरूका लागि पानी उपलब्ध गराउन 'पानीयगोष्ठी' (ऐजन :२८६) का साथै पानीको आपूर्ति गर्न स्थायी स्रोतका रूपमा आवश्यक स्थानमा धारा, कुवा आदिको निर्माण गरी पानीको आपूर्ति गर्ने प्रणाली गोष्ठीको व्यवस्था थियो (*ऐजन*)। यसैअनुरूप अंशुवर्माले बौद्ध विहारहरूमा पानी जस्तो अत्यावश्यक वस्तुको व्यवस्था मिलाएका थिए।

लिच्छविकालमा यिनी अघिका राजाहरू तथा अन्य व्यक्तिहरूले निर्माण गरेका धार्मिक, सांस्कृतिक सम्पदाहरूको संरक्षण पछिका वंशजहरूले पनि गरोस् भन्ने चाहना राख्दथे। जुन आज पनि सान्दर्भिक मान्न सकिन्छ (ऐजन : ३४६)। वास्तवमा यिनले राजनीतिक, धार्मिक, आर्थिक, सामाजिक सुधार गरेर लिच्छविकालका शासकहरूमा निकै प्रसिद्धि कमाएका थिए।

पूर्वमध्यकालिक फर्पिङ

फर्पिङको पूर्वमध्यकालिक राजनैतिक इतिहास चित्रण गर्न ऐतिहासिक सामग्रीको निकै अभाव छ। गोपालराजवंशावली, केही हस्तलिखित ग्रन्थ तथा

केही अभिलेख मात्र स्रोत सामग्री आधार बनेका छन् । यी सामग्रीबाट क्रमबद्ध रूपमा इतिहास प्रकाश नहुने तथा यसको छुट्टै वंशावली नपाइनु जस्तो कारणले फर्पिङको एकसरो इतिहास प्रस्तुत गर्न पनि गाह्रो छ । तथापि प्राप्त सामग्रीको आधारमा केही ऐतिहासिक घटना विवरण प्रस्तुत गर्ने प्रयास यहाँ गरिएको छ ।

लिच्छविकालको राजनैतिक अवस्थाले मध्यकालमा निरन्तरता पाएन । लिच्छवि शासनपछि मध्यकालको पूर्वार्द्धमा पूर्व र पश्चिमका टाढा-टाढाका प्रदेशलाई 'विषय' (जिल्ला) जस्ता विभिन्न प्रादेशिक तथा प्रशासकीय एकाइमा विभक्त गरी त्यहाँको प्रशासन सञ्चालन गर्न सामन्त तथा महासामन्त रूपका 'विषयपति' नियुक्त गरिने व्यवस्था चल्यो. । त्यसताका गण्डीगुल्म, मग्वर, धवलस्रोत, जिग्लोद्‌गम आदि नामका विभिन्न विषयहरू थिए । यी विषयहरूमा विषयाधिपतिहरू नियुक्त गरी राजाले राज्यको शासन व्यवस्था चलाएको पाइन्छ । यसै गरी उपत्यकाबाहिर तर नजिकैको फर्पिङमा पनि विषयपति नियुक्त गरी शासन सञ्चालन गरियो । यो अवस्था ने.सं. १४० (वि.सं. १०७७) (थापा, वि.सं. २०३४: २४) अघिसम्म रह्यो वा रहेन भन्ने कुरा स्पष्ट पार्ने सामग्रीको अभाव छ ।

फर्पिङ नजिकैको फाखेलमा प्राप्त महत्त्वपूर्ण पुरातात्त्विक वस्तुहरूमध्ये अर्धनारीश्वरको मूर्तिको शिरोभागमा ने.सं. १२५ (वि.सं. १०६२) को अभिलेख कुँदिएको छ र त्यसमा राजा अर्जुनदेवको उल्लेख परेको छ तापनि यसको अभिलेखको पाठ भने अद्यापि प्रकाशमा आएको छैन (ऐजन : १६) । तसर्थ यसमा विषयपति र यसको स्थापना उद्देश्य आदिबारेमा कुनै कुरा प्रकाशमा नआएको हुँदा यो अभिलेख फर्पिङसम्बन्धी हो वा होइन भन्ने कुरा स्पष्ट भएको छैन । तसर्थ फर्पिङसम्बन्धी प्रकाश पार्ने मध्यकालिक ऐतिहासिक सामग्रीमा ने.सं. १४० (वि.सं. १०७७) (ऐजन:२४)पहिलो मान्न सकिन्छ । यो अभिलेखमा "श्रीफणपिङ्गविषयाधिपतिमहासामन्तश्रीकिरणाकरजीवस्य प्रवर्तमाने" भनी स्पष्ट उल्लेख परेको हुँदा त्यसताका फर्पिङ प्रदेशमा विषयाधिपति महासामन्त किरणाकरजीव थिए भन्ने कुरा थाहा हुन्छ । यो अभिलेख प्रकाशमा नआएको हुँदा यसमा राजाको नामोल्लेख छ वा छैन भन्ने कुरा स्पष्ट हुन सकेको छैन ।

ने.सं. १३५ (वि.सं. १०७१) मा भोजदेव, रुद्रदेव र लक्ष्मीकामदेवले शासन चलाएको र त्यसपछि ने.सं. १४४ (वि.सं. १०८१) देखि ने.सं. १५९

(वि.सं. १०९६) सम्म लक्ष्मीकामदेव एक्लै राजाको रूपमा रहेको हस्तलिखित ग्रन्थहरूबाट देखिनु (पन्त, वि.सं. २०३०: १३०) तथा वंशावलीमा (राईट, इ. १९९३: १५६) बाइस वर्षसम्म राज्य गरेको देखिएकाले त्यसताका लक्ष्मीकामदेव राजा थिए भन्ने कुरा थाहा हुन्छ। यसपछि एकैचोटि ने.सं. ३६० (वि.सं. १२९७) को एउटा अभिलेखबाट (आचार्य, वि.सं. २०४३-२०४४: २२) फर्पिङबारे प्रकाश परेको छ। वि.सं. १०७७ र वि.सं. १२९७ बिचको समयावधिमा नेपालको राजनैतिक इतिहासमा विभिन्न महत्त्वपूर्ण घटनाहरू घटेको पाइन्छ। यसबारे प्रकाश पार्नु आवश्यक भएको हुँदा यहाँ सङ्क्षेपमा चर्चा गरिएको छ।

नेपालको इतिहासमा लिच्छवि शासनको अन्त्यपछि राज्य टुक्रने क्रम सुरु भयो। लिच्छवि राजाहरूले सामन्तमार्फत उपत्यकाबाहिरका टाढाका प्रदेशमा शासन सञ्चालन गराइरहेका थिए। त्यसताका पूर्वमा किराँत र पश्चिममा मल्लपुरी सामन्त शासित प्रदेश रहेका थिए। लिच्छवि राजा मानदेवको पालामा यी महत्त्वाकाङ्क्षी सामन्तहरूमध्ये किराँत प्रदेशका सामन्तले केन्द्रको आधिपत्य सजिलैसँग स्वीकारेको तथा मल्लपुरीका सामन्तलाई युद्धद्वारा कज्याइएको घटना महत्त्वपूर्ण मानिन्छ। केन्द्रमा कमजोर शासक देखापरेको समयमा सामन्त शासकले मौकाको फाइदा उठाई केन्द्रको अधीनबाट मुक्त गराई स्वतन्त्र शासक बन्ने उद्योग गर्ने गरेको उदाहरण मध्यकालमा पनि निकै पाइन्छ। यस किसिमको अवस्थाले राजनैतिक सङ्कट पनि ल्याउन सक्थ्यो।

यस्तो परिस्थितिमा महत्त्वाकाङ्क्षीहरूले नयाँ राज्यको स्थापना गर्ने अवसर समेत पाउने गरेको पाइन्छ। वि.सं. ११५४ मा भारतका कर्नाटकवंशी नान्यदेवले नेपालको दक्षिणी प्रदेश तराईमा तिरहुत राज्यको स्थापना गरेको कुरा ज्वलन्त उदाहरण मानिन्छ (सिन्हा, इ. १९८७ : ३१-३२)। यिनले राजधानी सिम्रौनगढबाट तराईको निकै ठुलो प्रदेशमा शासन चलाई नेपाललाई टुक्र्याएका थिए। अर्कोतर्फ उपत्यकाका पश्चिमको कर्णाली प्रदेशमा विक्रमको बाह्रौं शताब्दीमा नागराजले स्वतन्त्र राज्य स्थापना गरी पश्चिमतर्फबाट टुक्र्याएका थिए (नरहरिनाथ, वि.सं. २०१३: ५९)। यसरी विक्रमको बाह्रौं शताब्दीको पूर्वार्द्धमा केन्द्रमा देखा परेको कमजोरीको कारणले नेपालमा तीन स्वतन्त्र राज्य स्थापना भए भने विक्रमको पन्ध्रौं शताब्दीको अन्त्यदेखि अठारौं शताब्दीसम्ममा ५२ भन्दा बढी राज्यहरू देखापरे।

यो राज्य विभाजनले गर्दा एक राज्यले अर्को राज्यलाई दबाउन तेस्रो राज्यसँग गठबन्धन गर्ने जस्ता राजनैतिक गठबन्धन तथा दाउपेच बढी राज्यको शान्ति र विकासमा ठुलो अवरोध खडा हुन थाल्यो भने अर्कोतर्फ द्वैध शासन प्रणालीले केन्द्रको शासनमा प्रत्यक्ष कमजोरी ल्याएको थियो। यस क्रममा राजकुलमा शक्तिको लागि प्रतिस्पर्धा र सङ्घर्ष देखा पर्‍यो। सफलता प्राप्तिको लागि एक पक्षले कर्णाली प्रदेशका खस राज्यलाई गुहार्‍यो भने अर्को पक्षले तिरहुत राज्यलाई। यसरी गृहकलहमा बाह्य राज्यको हस्तक्षेप गराउने नीति राष्ट्रको हितमा कहिल्यै नहुने तथा यो स्थितिमा राष्ट्रको अस्तित्वमा समेत आँच आउने सम्भावना रह्यो तापनि खस र तिरहुत राज्यहरूले उपत्यकाका राजपरिवार र राज्यको आन्तरिक मामलासँग प्रत्यक्ष संलग्न रहेर आर्थिक लाभको साथै राजनैतिक फाइदा पनि उठाए। तर यी दुवै राज्यले आफ्नो राज्यमा भने गाभेनन्।

नेपालको केन्द्रमा यत्ति ठुलो राजनैतिक सङ्कट आएर राज्य विभाजन भए तापनि फर्पिङमा यसको प्रभाव परेको देखिँदैन। विषयपतिद्वारा फर्पिङको शासन चल्ने प्रथा केही कालपछिसम्म पनि चल्दै आएको पाइन्छ। ने.सं. २१२ (वि.सं. ११४८) मा सारिएको कुब्जिकामत नामक ग्रन्थको पुष्पिकावाक्यमा "श्रीमद्हर्षदेवस्य राज्य श्रीफलपिङ्गविषय ..." भनी उल्लेख परेको छ (पेटेक, इ. १९५८: ५०)। यसमा विषयाधिपतिको नामोल्लेख भएको छैन तापनि यो विषयकै रूपमा रहेको पाइन्छ। यसपछि ने.सं. २८५ (वि.सं. १२२२) को अष्टसाहस्रिका प्रज्ञापारमिता ग्रन्थको पुष्पिकावाक्यमा "फणपिङ्ग विषय" को उल्लेख परेको छ, तर यसमा विषयाधिपतिको नाम छैन (ऐजन : ६४-६५)। त्यसताका राजा आनन्ददेवको राज्य चलेको देखिन्छ। यसमा विषयाधिपतिको नामोल्लेख नभए तापनि यो व्यवस्था भने कायम रहेको पाइन्छ। ने.सं. ३६० (वि.सं. १२९७) को एउटा अभिलेखमा "श्रीलक्ष्मीपालजीवस्य विजयराज्य" भनी स्पष्ट उल्लेख गरेको छ (परिशिष्ट १ : सङ्ख्या ५)। यी लक्ष्मीपालजीव फर्पिङका विषयाधिपति सामन्त थिए। त्यसताकाका एकथरी विषयाधिपतिका नामको अन्त्यमा 'जीव' शब्दको प्रयोग गरिएको पाइन्छ।

यो चलन फर्पिङका विषयाधिपतिहरूमा मात्र चलेको नभएर पूर्वमा उदयपुरका विषयाधिपतिहरू श्रीजनार्दनजीव (पेटेक, इ. १९५८: ४४), श्रीवज्राकरजीव (ऐजन: ४८) आदि उदाहरणलाई लिन सकिन्छ। तसर्थ यी लक्ष्मीपाल जीवले राजाको नामोल्लेख नै नगरेर आफ्नो स्वतन्त्र राज्य सरह

'विजयराज्य' भनी उल्लेख गरेको पाइन्छ। केन्द्रमा कमजोर शासक भएको मौका छोपी यिनले आफूलाई स्वतन्त्र शासक घोषणा गरेको देखिन्छ। यसको अरू प्रामाणिक आधार प्रकाशमा आएको छैन, तर वि.सं. १२८९ मा अभय मल्लको विजयराज्यमा ठुलो अनिकाल परी तीन भागमा एक भाग जनताको मृत्यु भएको कुरा लेख्ने वंशावलीकारले पलाञ्चोकका उदयसिंहदेव महाथ, उदमाल भारोविरुद्ध त्रिपुर, देउपाटन, बनेपा, नुवाकोट र फर्पिङ एक गढ भएको राजनैतिक घटनालाई महत्त्व दिई टिपोट गरेको पाइन्छ (वज्राचार्य र मल्ल, इ. १९८५ : ९५)। यस किसिमको राजनैतिक घटनाबाट फाइदा उठाई आफ्नो एकलौटी शासन केही समय चलाएको भए तापनि यसको विरुद्ध केन्द्रले कारवाही चलाएको सङ्केत पाइन्छ। ने.सं. ३६२ (वि.सं. १२९९) मा त्रिपुरले साँखुमा घेरा हाल्दा नखुलेको र यसको ६ दिनपछि फर्पिङमा लड्न गएको घटना यस दृष्टिले महत्त्वपूर्ण मान्न सकिन्छ (ऐजनः ८९)। त्रिपुरवरिपरिका विषयपति, क्वाठनायक आदि भारदारहरूले स्वतन्त्र हुने चेष्टा गरेकाले यो अवस्था आएको बुझिन्छ। यस सम्बन्धमा अरू प्रकाश पार्ने सामग्रीको अभाव रहेकोले यो घटनाको प्रभाव उपर्युक्त कुरामा पऱ्यो वा परेन भन्ने कुरा अनुसन्धानको विषय भएको छ।

राजाको नामोल्लेख नै नगरी सामन्त शासकको 'विजयराज्य' भनी ने.सं. ३६७ (वि.सं. १३०३) सम्म लेखिएको देखिन्छ। एउटा ग्रन्थको पुष्पिकावाक्यमा "...सम्वत् ३६७ चैत्रशुक्लदशम्यां श्रीफणपिङ्गस्थाने विषयाधिपति-महासामन्तश्रीजैतमल्लजीवेषु विजयराज्यषु ..." भनी स्पष्ट उल्लेख आएको हुँदा यी जैत मल्लले फर्पिङमा एकलौटी राज्य गरेको देखिन्छ। तर यो अवस्था धेरै समयसम्म रहेन। राजा भीमदेव (वि.सं. १३१५-१३२२) गद्दीनसीन राजाको रूपमा देखा परे। त्यसताका राज्यमा सहकाल आएकोले पनि संयुक्त शासकको रूपमा रही राज्यमा शान्ति स्थापना गर्न यिनी समर्थ भए (नेपाल, वि.सं. २०५४ : १३३-१३४)। यो कुरो ने.सं. ३८१ (वि.सं. १३१७) को एउटा अभिलेखमा (परिशिष्ट १: सङ्ख्या ६) "सम्वत् ३८१ पौसीशुक्लदिवाअष्टम्याम् श्रीश्रीपरमेश्वरपरमश्रीश्रीभीमदेवस्य विजयराज्येः ॥ श्रीफनपिंगविषयधिपति-महासामन्तश्रीजेतरामजीवस्य नगरेति ..." भनी स्पष्ट उल्लेख भएबाट पुष्टि हुन्छ। यस अभिलेखमा उल्लिखित जेतरामजीव र ने.सं. ३६७ (वि.सं. १३०३) मा देखा परेका जैतमल्ल (पन्त, वि.सं. २०३४ : ४१) एकै व्यक्ति हुन् भन्ने देखिन्छ। त्यसताकाको राजनैतिक परिस्थितिअनुसार यिनी शक्तिशाली देखिएका

तथा त्यो परिस्थितिले कोल्टे फेरेकोले चौध वर्षपछिको अभिलेखमा राजाको नामोल्लेख गरिएको बुझिन्छ। यी जैतरामजीवले नेपाल मण्डलभित्रका विषय रूपको फर्पिङमा महासामन्त रूपका विषयपति भई शासन चलाएको देखिन्छ। राजाद्वारा लेखाइने, राखिने बाहेक यस किसिमको हस्तलिखित ग्रन्थ सार्ने तथा कुनै धार्मिक आदि कार्य गरी अभिलेख कुँदाउने व्यक्तिले तात्कालिक राजनैतिक परिस्थितिलाई ध्यानमा राखी राजा, भारदार आदिको नाम उल्लेख गरेको पाइन्छ।

राजा भीमदेवपछि अनन्त मल्लको पालामा फर्पिङमा विभिन्न घटनाहरू घटेको उल्लेख गोपालराजवंशावलीमा पाइन्छ। अनन्त मल्लको लामो शासनकालमा आन्तरिक सङ्घर्ष तथा बाह्य आक्रमण जस्ता विभिन्न सङ्कटहरूले गर्दा राज्यमा शान्ति र सुव्यवस्थाको कमी थियो। केन्द्रमा दुई राजवंशहरू अर्थात् 'देव' मात्र लेख्ने पुरानो राजवंश र 'मल्ल' लेख्ने अर्को राजवंश थियो। गद्दीको लागि यी दुवै वंश हकदार भए तापनि यिनीहरूमध्ये एक वंशको राजा हुँदा अर्को वंशको युवराज हुने चलन रह्यो। भीमदेव राजा हुँदा अनन्त मल्ल युवराज भए भने आनन्द मल्ल राजा हुँदा उनका छोरा युवराज नभएर भीमदेवका छोरा जयादित्यदेव युवराज बनेका थिए। यी शासकहरू क्रमश : त्रिपुर र बनेपामा रहन्थे।

त्यसताका उपत्यका वरिपरिका क्वाठनायक, विषयपति जस्ता अधिकारीहरूले कहिले बनेपाको पक्षमा त कहिले त्रिपुरको (भक्तपुर) पक्षमा लागी आक्रमण-प्रत्याक्रमण गरिरहने हुँदा त्यहाँ राजनैतिक अस्थिरता रहेको थियो। ने.सं. ४१९ (वि.सं. १३५६) को युद्धमा जाँदा त्रिपुर, देउपाटन, पाटन मिलेर यम्बु, यङ्गालमा ठाना बाँधी वंपाक्षेंमा आक्रमण गरिएको थियो (नेपाल, वि.सं. २०६२ : १७७)। ने.सं. ४२५ (वि.सं. १३६२) मा त्रिपुर, मानिगल, नुवाकोटको संयुक्त सैन्यले फर्पिङमाथि आक्रमण गरेको र यस क्रममा आगो लगाएपछि मात्र फर्पिङ खुलेको बेहोरा परेको छ (ऐजन : ९७)। यसको लगत्तै ने.सं. ४२७ (वि.सं. १३६३) मा बनेपा पक्षमा जयशक्तिदेवले विद्रोहीहरूलाई दबाउन कडा कारबाही गरे। यस सिलसिलामा फर्पिङबाट आएका विद्रोहीका नायक जयचन्द्रलाई पक्रिएको बुझिन्छ (ऐजन)। यी जयचन्द्र को थिए भन्ने कुरा थाहा हुन सकेको छैन। यस क्रममा निर्दोष क्वाठनायक शिरकेश मुलमीको पक्राउ परेको आठै दिनमा मृत्यु भएको घटना वंशावलीकारले टिपोट गरेको पाइन्छ (ऐजन)।

दुई शक्ति बिचमा फर्पिङ एउटा हतियारको रूपमा बढी प्रयोग भएको उदाहरण वंशावलीमा पाइन्छ। जब जब दुई शक्तिबिच मनोमालिन्य वढी आक्रमण-प्रत्याक्रमण हुन्थ्यो तब तब फर्पिङ जस्ता प्रादेशिक एकाइको प्रयोग गरिन्थ्यो। अर्को कुरा, केन्द्रमा पर्याप्त सैनिक शक्ति नहुँदा फर्पिङ सैनिक दृष्टिले पनि निकै उल्लेखनीय सामन्तशासित प्रदेश रहेको थियो। यसै क्रममा ने.सं. ४४३ (वि.सं. १३८०) को घटनालाई पनि लिन सकिन्छ। त्यसताका त्रिपुरमा अरि मल्ल र रुद्र मल्लको संयुक्त शासन चलेको थियो। रुद्र मल्लले आफ्ना नातेदार अरि मल्ललाई गद्दीमा राखी प्रभाव फैलाएका थिए। रुद्र मल्ल गद्दीका हकदार थिएनन् तापनि यिनले आफू शक्तिमा आएपछि त्रिपुरलाई बलियो गढको रूपमा स्थापना गरे। समय-समयमा केन्द्रको कमजोरीको मौका छोपी विद्रोह गरी स्वतन्त्र हुन चाहने महत्त्वाकाङ्क्षी स्थानीय शासकहरूलाई पनि यिनले नियन्त्रण गरेका थिए। यी मल्लहरूको बढ्दो शक्तिप्रतिको विरोधमा जयानन्द देवका मठ्याहा छोरा राजदेवलाई उचाली बनेपाका महाथ ज्योतिरामले ने.सं. ४४३ (वि.सं. १३८०) मा बनेपा किल्ला कब्जा गरेका थिए (ऐजन)। तर यो कार्यमा विद्रोहीहरू सफल नभएको तथ्य त्यसै टिपोटबाट थाहा हुन्छ। त्रिपुरले फर्पिङ र माणिगलको सैनिक सहयोग लिई किल्ला फिर्ता गरी विद्रोह दबाएको देखिन्छ। यसै गरी ने.सं. ४५३ (वि.सं. १३९०) मा त्रिपुर र मानिगलको संयुक्त सैन्यले आक्रमण गर्दा फर्पिङ नखुलेको कुरा वंशावलीमा दिइएको हुँदा (ऐजन: १०४) यो किल्ला मजबुत रहेको थियो भन्ने पनि थाहा हुन्छ।

ने.सं. ४५४ (वि.सं. १३९१) मा नुवाकोटका सामन्त शासक गजका छोरा रोहिदाससँग मिलेर जयसिंहदेवले त्रिपुरलाई दबाई नुवाकोटमा स्वतन्त्र राज्य गरे। यसको चार महिनापछि गजले त्रिपुर, बनेपा, मानिगल र फर्पिङसँग गुहार मागी नुवाकोटमा आक्रमण गरे तर किल्ला फुटेन (ऐजन)। गजको गुहारको लागि फर्पिङले नुवाकोटको आक्रमणमा भाग लिएको कुराको पुष्टि फर्पिङमा सारिएको एउटा हस्तलिखित ग्रन्थमा परेको छ। ने.सं. ४५५ (वि.सं. १३९१) को सो 'अगस्त्यसंहिता' नामक ग्रन्थमा फर्पिङका महारावत जैतसिंह आफैँले नुवाकोट जितेको कुरो स्पष्टसँग उल्लेख छ (रेग्मी, इ. १९६५ भाग १ : ४०९-४१०)। त्यस पुष्पिकावाक्यमा "... जित्वा गजोयं नुवाकोटराज्यं नेपालस्तम्भं रणरङ्गधीरः। तमेव कोटौ अचले सदैव मेरुसमानो सर्वराजधानी ..." भनी स्पष्ट उल्लेख भएको छ (वज्राचार्य र श्रेष्ठ, वि.सं. २०३२ : ३७)। यिनको यो अतिशयोक्तिपूर्ण वर्णन हो या साँच्चै नै महासामन्त गजको बढाइँ

गरी लेखिएको हो भन्ने कुरा परीक्षण हुन आवश्यक छ ।

गोपालराजवंशावलीमा "फर्पिङ महाराउत्तको अस्त भयो" भनी उल्लेख परेको हुँदा यो शक्तिशाली जैतसिंहको मृत्यु ने.सं. ४५७ (वि.सं. १३९४) मा भएको बुझिन्छ (वज्राचार्य र मल्ल, इ. १९८५ : १०५) । त्यसताका शासकलाई 'महाराउत्त' भनिने गर्दथ्यो भने युवराजलाई भने 'राउत्त' भनिन्थ्यो भन्ने कुरो सोही पुष्पिकाबाट स्पष्ट हुन्छ । त्यसताकाको राजनीतिमा त्रिपुर, बनेपा, डोय राज्यहरू सक्रिय रहेको पाइन्छ र एक पक्षले अर्को पक्षको मद्दत लिई तेस्रो पक्षलाई दबाउने नीति खुबै चलेको थियो । शक्ति प्रदर्शन गर्ने जस्ता होडबाजी चल्दथ्यो र यसबाट महासामन्तहरूको प्रतिष्ठा पनि बढ्दो थियो ।

शुलङ्की (सोलंकी) वंशी शासक

मध्यकालको सुरुदेखि फर्पिङमा महासामन्तको हैसियतले शासन गर्ने यी व्यक्तिहरू कुन कुन वंशका थिए भन्ने कुरा निर्णय गर्न गाह्रो छ । फर्पिङमा एक थरीका नाममा 'जीव' प्रत्यय भएका महासामन्तहरूले शासन चलाएको देखिन्छ भने यिनीहरूपछि शुलङ्की (सोलंकी) वंशका राउत्तहरूको शासन चलेको पाइन्छ । यो सोलंकी वंशको बारेमा चर्चा गर्न यहाँ नितान्त आवश्यक देखिन्छ ।

फर्पिङका शासकहरूको बारेमा चर्चा गर्नुपर्दा लिच्छविकालमा यो प्रदेश केन्द्रद्वारा सोझै शासन चलेको देखिन्छ भने मध्यकालको सुरुदेखि भने विषयाधिपति रूपका महासामन्तहरूद्वारा चलेको पाइन्छ । ने.सं. १४० (वि.सं. १०७७) मा फर्पिङमा किरणाकरजीव (थापा, वि.सं. २०३४ : २४) ने.सं. ३६० (वि.सं. १२९७) मा लक्ष्मीपालजीव (परिशिष्ट १ : सङ्ख्या ५), ने.सं. ३६७ (वि.सं. १३०३) मा जैतमल्लजीव (ऐजन, ६), ने.सं. ३८१ (वि.सं. १३१७) मा जेतरामजीव विषयाधिपति महासामन्तहरू थिए । यसबारेमा माथि पनि चर्चा गरिसकिएको छ । यी महासामन्तहरूको नामोल्लेख भएका अभिलेख तथा हस्तलिखित ग्रन्थका पुष्पिकावाक्यहरूमा वंशको नामोच्चारण भएको छैन ।

ने.सं. ४५५ (वि.सं. १३९१) मा फर्पिङमा सारिएको अगस्त्यसंहिताको पुष्पिकावाक्य यस सन्दर्भमा महत्त्वपूर्ण मान्न सकिन्छ । यसमा जैतसिंहको वंश स्पष्ट उल्लेख भएको छ । यसलाई यहाँ उद्धृत गर्नु आवश्यक छ । त्यसमा "स्वस्ति श्रीनेपालिकसंवत् ४५५ फाल्गुनशुक्लत्रयोदश्यां बुधवारे फनपीगुमहानगरे परमभट्टारकेत्यादिराजावली अद्येह श्रीमत्प्रौढप्रतापचक्रवर्तिनेपालसकल भुवनाधिपतिअक्षपतिगजपतिनरपतिरायत्रयाधिपतिमहाहम्मीरचौहथमस्तगजू-

केशरो महामायाभ्कङ्केश्वरीवरलब्धराज्यं करोति ... शुलंकीवंशाधिपतिशर्पकी-महाराउत्तश्रीजैतसिंहदेवानां विजयराज्यं करोति..." भनी स्पष्ट उल्लेख भएकोले फर्पिङका जैतिसिंह शुलंकी वंशका थिए भन्ने कुरा प्रमाणित हुन्छ । (रेग्मी, भा. १, इ. १९६५: ४०९-४१०) । यसको अर्को खण्डको पुष्पिकामा "... नेपालदेशे गिरीं निवाशेत् स्वयं प्रसन्नो शुलकीयवंश: ... शिषरेशश्वराणां अनादिदैवे वंश प्रशन्नो शुलकीनरेन्द्राशिषरापुरीणां करोतु राज्यं ..." भनी उल्लेख परेको छ । यी कुराहरूबाट फर्पिङका शासक जैतसिंह शुलंकी वंशका थिए र यिनले फर्पिङलाई स्वतन्त्र राज्यको रूप दिएका थिए भन्ने कुरा स्पष्ट हुन्छ । यिनी ने.सं. ४९२ (वि.सं. १४२९) मा प्रसिद्ध देवस्थल स्वयम्भूस्थानमा स्तूपको प्रतिष्ठा, लक्षहोम जस्ता धार्मिक कार्यमा संलग्न भएको कुरा (वज्राचार्य, वि.सं. २०६८: १५५) महत्त्वपूर्ण रहेको छ ।

नेपालको इतिहासमा शुलंकीवंश नयाँ वंशको रूपमा देखा परेको छ । यो वंशको अस्तित्व भारतको महाराष्ट्र तथा गुजरात प्रदेशमा रहेको पाइन्छ । यी चालुक्य अर्थात् सोलंकी वंशका शासकहरूले त्यहाँ शासन चलाएका थिए । यो वंशको उत्पत्तिबारे विवाद रहेको छ । यिनीहरू आफूलाई अवधबाट आएको बताउँछन् तापनि अग्निकुलका यी सोलंकी विदेशी मूलका हुन् भन्ने इतिहासकारको भनाइ रहेको छ (स्मिथ, इ. १९५७ : ४२८) । सोलंकी राजाहरूमध्येमा भीम पैथम, मूलराज द्वितीय आदिले विभिन्न समयमा आक्रमणकारीविरुद्ध सङ्घर्ष गरेको तर इ. १२९७ (वि.सं. १३५४) मा दिल्लीका सुल्तान अलाउद्दिन खिल्जीको हातमा गुजरात सदाको लागि परेको उल्लेख पाइन्छ (मजुम्दार र अरू, इ. १९७०: १७५) । गुजरातमा सोलंकी वंशको पतन हुनु तथा यस घटनाको ३७ वर्षपछि फर्पिङमा ने.सं. ४५५ (वि.सं. १३९१) मा शुलंकी शब्दको उल्लेख पाइनु (रेग्मी, इ. १९६५ भाग १: ४०९-४१०) जस्ता संयोगले यी शासकहरू शरणार्थीको रूपमा सुरक्षित स्थलको खोजी गर्दै यसतर्फ आइपुगेको अनुमान गर्न नसकिने होइन । अर्कोतर्फ यसभन्दा पहिले नै कर्नाटवंशी नान्यदेवसँगै सिम्रौनगढमा आई बसेको र कर्णाटकहरूको सैन्य उपत्यकाका राजाहरूको सहयोगार्थ आउँदा-जाँदा अथवा सीमावर्ती क्षेत्र तथा रमणीय भएको हुँदा बाटोमा पर्ने फर्पिङ भेकमा बसोबास गरेको हुनु अर्को सम्भावना रहेको छ ।

प्रशासनिक पद रूपका राउत्त, महाराउत्त पनि दक्षिण भारतबाट सोलंकीसँगै ल्याइएका थिए कि भन्ने कुरा पनि यहाँ विचारणीय रहेको छ ।

अर्कोतर्फ उपत्यकामा गुजराती ब्राह्मणहरू देखिनु तथा पशुपतिनाथ, गुह्येश्वरी, साँखुको वज्रयोगिनी, कमलादीको गणेश मन्दिर, फर्पिङको शेषनारायण आदि देवस्थलहरूमा गुजराती बाजाहरू बजाइने प्रचलन पनि यस सन्दर्भमा उल्लेख्य मान्न सकिन्छ। गुजराती गाई, गुजराती सिन्दूर, गुजराती बाजा, गुजराती कपडा, गुजराती ब्राह्मण नेपाली समाजमा लोकप्रिय भएको देखिन्छ। यीबाहेक वि.सं. १८५२ मा राजा रणबहादुर शाहले गुजरातबाट साँढे, बहर, गाई ल्याउन सवालसहित आफ्ना कर्मचारीलाई पठाएकोमा बहर छान्दा नेपाल आइपुग्दा सो बहर मस्त जवान हुने खालको छानी ल्याउनू भनी सवाल गरिएको कुरा चाखलाग्दो छ (परिशिष्ट- २ : ६)। राजा रणबहादुर शाह साँढे, गाई, मुजुर, परेवा आदि पशुपन्छी पाल्न खुबै रुचाउँथे। यी सौखिन राजाले देश विदेशबाट यस्ता जन्तुहरू झिकाउने गर्दथे। यी जन्तुहरू घिउ, सखर, चाकु आदि हाली अन्नदाना खुवाएर पालिएका थिए (वज्राचार्य सम्पा., वि.सं. २०१९:४०)। वि.सं. १८६२ को पत्रअनुसार यी साँढेहरूलाई खुवाउनका लागि पश्चिम नेपालबाट कोदो झिकाइएको देखिन्छ (राष्ट्रिय अभिलेखालय, माइक्रोफिल्म इ. २३९२ :१)। त्यस ताका पश्चिम नेपाल कोदो उत्पादनका लागि प्रसिद्ध मानिएको पाइन्छ।

फर्पिङमा ने.सं. ३३६ (वि.सं. १२७३) मा सारिएको 'अमृतेश्वरपूजा' नामक ग्रन्थको पुष्पिकावाक्यमा "गुर्जरदेशीयचमत्कारपुरादागतब्राह्मण-पण्डिताचार्यश्रीहरिहरेण लिखितम्" भनी लेखिएकोबाट उपर्युक्त अनुमानहरूमध्ये पछिल्लोको पुष्टि केही मात्रामा भएको पाइन्छ। गोपालराजवंशावली र अरू वंशावलीहरूमा वंशावलीकारहरूले सोलंकी शब्दको प्रयोग गरेको देखिँदैन।

यसो हो तापनि यसबारे निर्णय गर्न सोलंकीवंशी राजाहरूको इतिहासको अध्ययन-अनुसन्धानको क्रममा तिनका अभिलेखमा उल्लिखित प्रशस्ति आदि ऐतिहासिक सामग्रीको तुलनात्मक अध्ययन गर्न अत्यावश्यक देखिन्छ।

फर्पिङका प्रसिद्ध महाराउत्त जैतसिंहबाहेक अन्य शासक आदिले पछिसम्म पनि आफूलाई शुलंकीवंशसँग सम्बद्ध रहेको देखाउने प्रवृत्ति कायमै रहेको पाइन्छ जसको बारे यथास्थानमा चर्चा गरिने छ।

महाराउत्त जैतसिंहपछि उनका छोरा जीवसिंह फर्पिङका शासक रहेको अनुमान गर्न सकिन्छ। यी जैतसिंहको पालादेखि 'महासामन्त' को सट्टामा महाराउत्तको प्रचलन आएको बुझिन्छ। शासकले 'महाराउत्त' र उनका छोरा कुमारले 'राउत्त' पद लिएको देखिन्छ तापनि पछि आएर प्रभावशाली

भारदारहरूले पनि आफूलाई 'राउत्त' भन्न थालेको देखिन्छ। यिनको पालाका ऐतिहासिक सामग्रीको अभाव रहेको हुँदा यिनको राजनैतिक आदि गतिविधिबारे कुनै प्रकाश परेको पाइँदैन।

ने.सं. ४९२ (वि.सं. १४२९) को स्वयम्भूको अभिलेखमा (रेग्मी, इ. १९६६ भाग ३: २३) शिखरापुरका महाराउत्त युथसिंहको उल्लेख परेको हुँदा जीवसिंहपछि फर्पिङमा युथसिंहको शासन चलेको देखिन्छ। ने.सं. ४९२ (वि.सं. १४२९) मा देखिएका युथसिंहले ने.सं. ५११ (वि.सं. १४४७) सम्म महाराउत्तको रूपमा एकलौटी तथा संयुक्त शासक भई फर्पिङमा शासन गरिरहेको कुरा फर्पिङस्थित कुमारमूर्तिको ने.सं. ४९६ (वि.सं. १४३३) को अभिलेख (परिशिष्ट-१-७) र गोरखनाथपादुकाको ने.सं. ५११ (वि.सं. १४४७) को अभिलेखबाट (परिशिष्ट- १- ८) थाहा हुन्छ। वि.सं. १४३३ सम्म महाराउत्त युथसिंह फर्पिङमा शक्तिशाली शासकको रूपमा रहेको देखिन्छ। यी युथसिंहले फर्पिङको प्रतिष्ठा बढाई विकास समेत गरेका थिए। यिनले फर्पिङको प्रसिद्ध हरिशङ्करयात्राको अवसरमा राजकवि धर्मगुप्तद्वारा रचित चार अङ्कको रामायण नाटक खेलाउन लगाएका थिए (पन्त वि.सं. २०४३: २९६ - २९७)। त्यसताका केन्द्रमा कमजोर शासक रहनु, गृहकलह हुनु जस्ता विभिन्न कारणले नुवाकोट, फर्पिङ जस्ता सामन्तशासित प्रदेशका शासकहरू केन्द्रको अधीनबाट मुक्त हुने प्रयास गर्दथे। यी कुराहरूबाट राज्यमा राजनैतिक अस्थिरता आएको थियो।

यत्तिकैमा केन्द्रमा प्रभावशाली व्यक्ति स्थितिराज मल्लको उदय भयो। यिनको आगमनले उपत्यकाको इतिहासमा नयाँ मोड ल्यायो। वि.सं. १४११ मा राजल्लदेवीसँग विवाह भएपछि यिनले राजकाजमा हात हाली विद्रोही, महत्त्वाकाङ्क्षी सामन्तहरूप्रति साम, दान, भेद र दण्डको नीति लिई आफ्नो अधिकार-शक्तिलाई सुदृढ बनाएका थिए। यस क्रममा वि.सं. १४३१ मा यिनी आफैं फर्पिङमा गई त्यहाँका भारदारहरूलाई कैद गरी विद्रोह दमन गरेका थिए (वज्राचार्य र मल्ल, इ. १९८५: ११२)। यसरी स्थितिराज मल्लले सामन्तलाई नियन्त्रण गरेका थिए। यसको परिणामस्वरूप ने.सं. ५११ (वि.सं. १४४७) को गोरखनाथको अभिलेखमा (परिशिष्ट- १ : ८) "जयस्थितिमल्लदेवस्य विजयराज्य..." भन्ने वाक्यांश परेकोबाट फर्पिङको राजनैतिक स्थितिबारे स्पष्ट हुन्छ।

सोलंकी राउत्त र सेनबिच विवाह सम्बन्ध

फर्पिङमा वि.सं. १४४७ पछि पनि संयुक्त शासन पद्धति नै कायम रहेको थियो । त्यसताका केन्द्रमा जयस्थिति मल्ल राजा थिए । महाराउत्त युथसिंहको मृत्युपश्चात् फर्पिङका राउत्तहरू जैत्तसिंह, योधसिंह, रामसिंह र देवीसिंहहरूको संयुक्त शासन चलेको थियो (परिशिष्ट- १ : ९) । यसपछि ने.सं. ५५२ (वि.सं. १४८९) को यक्ष मल्लताकाको यो अभिलेख (परिशिष्ट- १ : ११) मा ने.सं. ५४१ (वि.सं. १४७७) मा ज्योतिर्मल्लको राज्यकालमा भएको घटना पनि उल्लेख भएको छ। त्यसताका फर्पिङमा सोलंकीवंशका राउत्तहरू रामसिंह, धर्मसिंह, देवीसिंह र नाथसिंहहरूको संयुक्त शासन चलेको थियो । देवीसिंहका भाइ शक्तिसिंहकी पत्नी कीर्तिलक्ष्मीबाट छोरा जन्मिएको तर जन्मेको एक महिनापछि बालक कीर्तिसिंहको अचानक मृत्यु भएको हुँदा शक्तिपुरुषोत्तमको शिलामूर्ति प्रतिष्ठापन गरिएको थियो । यस अवसरमा त्यहाँ चार दिनसम्म यज्ञ गरिएको थियो । यी संयुक्त शासकहरूमध्ये देवीसिंहको विवाह सेन परिवारकी जैतलक्ष्मीसँग भएको कुरा त्यस अभिलेखमा "... सेनात्मजा तादृशलोकिकानां सदापिनीनां च शिरोमणिति । लोकोपकारी कणकःप्रवर्षी श्रीजैतलक्ष्मी भुवने प्रसिद्धा..." भनी स्पष्ट उल्लेख भएको छ । यसमा देवीसिंहकी पत्नी जैतलक्ष्मीलाई सेन राजाकी छोरी, आइमाईहरूमा शिरोमणि, लोकको उपकार गर्ने, सुन दान दिन नाउँ चलेकी भनी उनको अङ्गको प्रशंसा गरिएको छ। यसै अभिलेखमा देवीसिंहका भाइ शक्तिसिंहकी पत्नी कीर्तिलक्ष्मीको नामोल्लेख भएको छ। त्यस ताका केन्द्रमा ज्योतिर्मल्ल राजा थिए ।

देवीसिंह र जैतलक्ष्मीको विवाह यो अभिलेखमा उल्लेख भएको वि.सं. १४४७ भन्दा अघि भएको मान्न सकिन्छ। यस हिसाबले वि.सं. १४७७ मा नेपालमा वा भारतमा सेनवंशी राज्यको अस्तित्व देखिनु आवश्यक हुन्छ। नेपालमा सेनवंशको प्रादुर्भाव प्रामाणिक रूपमा वि.सं. १५५० तिर मात्र भएको देखिन्छ। पाल्पाका राजा रुद्र सेनले त्यसताका राज्य स्थापना गर्ने प्रयास गरेको तथा मुकुन्द सेन प्रथमको राज्यकाल वि.सं. १५७५ देखि १६१० सम्म मानिएको हुँदा यसबाट जैतलक्ष्मीको समय एक शताब्दी जति अघि रहेको देखिन्छ। यसबाट नेपालका सेनवंशी राजाहरूसँग वैवाहिक सम्बन्ध स्थापना भयो भन्न मिल्दैन। अर्कोतर्फ, भारतको बङ्गालमा स्थापित सेन राज्यको पतन वि.सं. १४३० तिर भएको देखिएकोले (मजुम्दार र अरू, इ. १९७०: ३०८) यी जैतलक्ष्मी कुन सेन राजाकी छोरी थिइन् भन्ने कुरो खोजीको विषय नै भएको छ।

सेन राजाहरूको विवाह-सम्बन्ध शाह, मल्लहरूसँग हुने परम्परा मध्यकालमा चलेको उदाहरणहरू निकै पाइन्छन् । गोरखाका प्रसिद्ध राजा राम शाहकी छोरीकी छोरी (नातिनी) रत्नावतीसँग प्रद्युम्न सेनको विवाह भएको (वैद्य र वज्राचार्य, वि.सं. २०२९: २७) तथा दोलखाका शासककी छोरीको विवाह कृष्ण सेनसँग भएको (वज्राचार्य र श्रेष्ठ, वि.सं. २०३०: ३७) गोरखाकै राजा पृथ्वीनारायण शाहको विवाह मकवानपुरका राजा हेमकर्ण सेनकी छोरी इन्द्रकुमारीसँग भएका उदाहरणहरू यस सन्दर्भमा उल्लेख्य रहेको छ ।

दुई खण्डमा विभाजित यो अभिलेखबाट ज्योतिर्मल्लको शासनकालमा देवमूर्तिको स्थापना भएको मात्र नभएर यसमा पूर्वमध्यकालका अन्तिम तथा प्रसिद्ध राजा यक्ष मल्लको विजयराज्य तथा यी चार राउत्तहरूको शासनकालमा सो देवमूर्तिको सुरक्षार्थ मन्दिरको निर्माण कार्य सम्पन्न भएको बेहोरासमेत स्पष्ट भएको पाइन्छ ।

ने.सं. ५७३ (वि.सं. १५१०) को धर्मपत्रमा फर्पिङको भूमिका

फर्पिङमा वि.सं. १५२४ मा सोलंकीवंशी राउत्तहरू जयसिंह, जोतिसिंह, प्रतापसिंह, संसारसिंह, रत्नसिंह र कीर्तिसिंहहरूको संयुक्त शासन चलिरहेको बेलामा केन्द्रमा शक्तिशाली राजा यक्ष मल्ल रहेका थिए । यक्ष मल्लले आफ्नो हातमा शासनाधिकार परेपछि आन्तरिक व्यवस्थालाई सुदृढ गरी पूर्व र पश्चिमतर्फ आफ्ना अधिकार फैलाउन थाले । यस क्रममा सामन्त शासित नुवाकोट, फर्पिङ आदि प्रदेशहरूमाथि आफ्नो पूर्ण अधिकार स्थापना गर्ने प्रयासमा यिनी लागे । यसका लागि उपत्यकाबाट पूर्व र दक्षिणतिर जाने बाटोहरूमा पर्ने सामन्त तथा स्थानीय शासकहरूलाई आफ्नो पक्षमा मिलाउनु अत्यावश्यक थियो । यसपछि मात्र मिथिला भेकका चम्पारन, लोहावर आदि प्रदेशमा आफ्नो प्रभाव जमाउन सम्भव हुन्थ्यो ।

तसर्थ ललितपुर तथा फर्पिङअन्तर्गतका दक्षिणतर्फ जाने बाटा-घाटाहरूमा आफ्नो नियन्त्रणमा राख्न आवश्यक थियो । त्यसताका ललितपुरमा सप्तकुटुम्बज महापात्रहरू सामन्तका रूपमा शासन चलाइरहेका थिए । यी सामन्तहरू शक्तिशाली थिए । यसै गरी फर्पिङ पनि सामन्तशासित प्रदेश थियो । त्यहाँ राउत्तहरू शक्तिशाली सामन्तका रूपमा थिए । यीबाहेक साँखुका स्थानीय शासकलाई पनि आफ्नो पक्षमा मिलाउन जरूरी थियो । यसरी आफ्नो प्रभाव क्षेत्र फैलाउन फर्पिङ, ललितपुर, साँखुका अधिकारीहरू शत्रुपक्षमा मिल्न नजाउन्

भन्ने उद्देश्यले पशुपतिको प्रसिद्ध धर्मशिला छुवाई ने.सं. ५७३ (वि.सं. १५१०) मा धर्मपत्र गराएका थिए (वज्राचार्य र श्रेष्ठ, वि.सं. २०३२: ४५)।

यो धर्मपत्रमा तल लेखिएका विषयवस्तु परेका छन् :

१. त्रिपुर, मानिगल, साँखु र फर्पिङका शासकहरूले शत्रुपक्षका चम्पारन र लोहावर आदि कोकी राजाहरूको कुरा नसुन्ने तथा त्यस कुराको ढाकछोप नगर्ने;

२. कोकीहरू जुन बाटो आए पनि उनीहरूलाई साथ नदिने र यिनीहरू विरुद्ध आपसमा मिली प्रत्याक्रमण गर्ने। सुरक्षा तथा प्रत्याक्रमण गर्ने जस्ता कुरामा कत्ति पनि हेलचक्र्याइँ नगर्ने; आवश्यक परे संयुक्त रूपमा प्रत्याक्रमण गर्ने;

३. आर्थिक लाभ र हानिको कुरामा चारै पक्षले बेहोर्ने।

त्यस धर्मपत्रमा ललितपुर, फर्पिङ र साँखुका शासकहरूले चम्पारन, लोहावर आदि कोकी शत्रुराज्यहरूसँग कुनै विषयमा सम्पर्क राख्न नहुने, शत्रुपक्षले जुन बाटोबाट आक्रमण गरे पनि त्यसलाई प्रत्याक्रमण गरी नियन्त्रण गर्ने र केन्द्रलाई सैनिक आदि सहयोग पुऱ्याउनुपर्ने जस्ता बुँदाहरू परेका छन्। यो धर्मपत्रमा मानिगलतर्फबाट उदय भारो तथा फर्पिङका तर्फबाट शक्तिसिंह राउत्तले प्रतिनिधित्व गरेका थिए। यी शक्तिसिंह ने.सं. ५२७ (वि.सं. १४६३) को अभिलेखअनुसार संयुक्त शासक देवीसिंहका भाइ थिए। यिनी यो धर्मपत्र गरिँदा संयुक्त शासक थिए वा थिएनन् भन्ने कुरा स्पष्ट हुँदैन तापनि यो धर्मपत्र ३७ वर्षपछि भएको तथा वि.सं. १५२४ को हस्तलिखित ग्रन्थमा ६ जनाको संयुक्त शासकहरूको सूचीमा यिनको नाम नरहेको हुँदा वि.सं. १४६३ र वि.सं. १५३४ को कुनै पनि समयमा यिनी शासक वा संयुक्त शासक बनेका थिए भन्ने अनुमान गर्न सकिन्छ। तसर्थ यिनले संयुक्त शासकको हैसियतले फर्पिङको प्रतिनिधित्व गरेको हुनु धेरै सम्भावना रहेको छ। यसबारे निर्णय गर्न अरू ऐतिहासिक सामग्री जुटाउनु आवश्यक छ।

यो सन्धिमा यक्ष मल्लको साथ दिई उल्लेखनीय भूमिका खेलेबाट फर्पिङ सामरिक तथा सैनिक दृष्टिले महत्त्वपूर्ण प्रदेश रहेको थियो भन्ने कुरा प्रमाणित हुन्छ। यसबाट फर्पिङले आफ्नो सुरक्षाको लागि पनि यो मेलमिलापको नीति अपनाएको बुझ्न सकिन्छ।

यक्ष मल्लविरुद्धको सङ्घर्ष

यो धर्मपत्र भएको चौध वर्षजतिपछि अर्थात् वि.सं. १५२४ मा फर्पिङमा राजा यक्ष मल्ल र चारजना राउत्तहरूबिच सङ्ग्राम चलिरहेको बेलामा यो 'धनुशास्त्र' सारिएको भन्ने बेहोरा पुष्पिकावाक्यमा उल्लेख भएको छ । त्यसबाट त्यसताकाको राजनैतिक परिस्थितिबारे केही सङ्केत मिल्दछ । त्यहाँ चारजनाको संयुक्त शासन चलेको भनिए तापनि वास्तवमा त्यहाँ ६ जना शासकहरूको नामोल्लेख भएको हुँदा भ्रम परेको देखिन्छ । फर्पिङका चार शासकहरूले स्वतन्त्रताका लागि यक्ष मल्लविरुद्ध सङ्घर्ष गरेको देखिन्छ । छजनामध्ये दुईजनाले आफ्ना चार दाजुभाइलाई यक्ष मल्लविरुद्धको सङ्घर्षमा किन साथ दिएनन् भन्ने कुरा यहाँ रहस्यमय रहेको छ ।

त्यसताका फर्पिङ, नुवाकोट, बनेपाका सामन्त शासकहरू केन्द्रको अन्तर्गत नरही आफ्नो स्वतन्त्र शासन चलाउने प्रयासमा थिए भने अर्कोतर्फ यक्ष मल्ल आफ्नो अधिकार क्षेत्र विस्तार गर्ने उद्देश्यअनुरूप सामन्तशासित प्रदेशलाई पूर्ण अधीनमा राख्न चाहन्थे । यो कुरा फर्पिङका सामन्त शासक राउत्तहरूसँग सङ्घर्ष भएको एक महिनापछि नै नुवाकोटका वैश्य राजालाई मासी यक्ष मल्लले आफैँ राज्य चलाएको घटनाबाट प्रस्ट हुन्छ (वज्राचार्य र श्रेष्ठ, वि.सं. २०३२: ४५) । तर यस सङ्घर्षमा कुन पक्षलाई विजय मिल्यो भन्ने कुरा स्पष्ट हुन बाँकी छ तापनि ने.सं. ६६८ (वि.सं. १६०५) को सन्धिबाट फर्पिङमा राउत्तहरूको शासन चलेको देखिन्छ (रेग्मी, भाग ३ इ. १९६६: १०८-१११) ।

उत्तरमध्यकालिक फर्पिङ

ने.सं. ६६८ (वि.सं. १६०५) को सन्धिमा फर्पिङको सहभागिताबारे व्याख्या गर्नु पहिले यक्ष मल्लको मृत्युपश्चात्को राजनैतिक अवस्थाको सङ्क्षिप्त चर्चा गर्नु उपयुक्त देखिन्छ । यक्ष मल्लपछि उपत्यकाको राजनैतिक अवस्थामा ठुलो परिवर्तन आयो । उनका छोराहरू राय मल्ल, रत्न मल्ल, रण मल्ल, राम मल्ल, अरि मल्ल र छोरीका छोरा भीम मल्लको संयुक्त शासन चल्यो । यो शासन पद्धतिमा क्षेत्र र अधिकारको विभाजन नहुँदा यो प्रथा व्यवस्थित हुन सकेन र यी सबै शासकहरूबिच एकले अर्कोलाई उछिनी आफ्नो एकलौटी अधिकार स्थापना गर्ने कुरामा प्रतिस्पर्धा गर्न थाले । यिनमा चतुर तथा महत्त्वाकाङ्क्षी रत्न मल्ल आफ्ना दाजुभाइहरूसँगको संयुक्त शासनमा मात्र सन्तुष्ट नभएर यिनी एकातिर संयुक्त शासनमा सरिक हुने तथा अर्कोतिर

भित्रभित्रै आफ्नो एकलौटी राज्य स्थापना गर्ने कुरामा बढी केन्द्रित भए । यसको परिणामस्वरूप यिनले कान्तिपुरमा वैश्य ठकुरीलाई हटाई पछि एकलौटी शासनाधिकार जमाए भने ललितपुरमा आफ्नो प्रभाव जमाउन सफल भए । यसरी कालान्तरमा नेपाल-उपत्यकाको एउटा सिङ्गो राज्य विभाजन भई नेपाल उपत्यकाभित्र मात्र कान्तिपुर, ललितपुर र भक्तपुर गरी तीन राज्यहरूको स्थापना भयो । रत्न मल्लले ललितपुरलाई आफ्नो प्रभाव क्षेत्रको रूपमा उपयोग गरे पनि फर्पिङका शासकप्रति यिनको प्रभाव कस्तो थियो भन्ने कुरा स्पष्ट गर्ने सामग्रीको अभाव छ ।

ने.सं ६६८ (वि.सं. १६०५) को सन्धिमा फर्पिङको स्थिति

कान्तिपुरका राजा रत्न मल्लपछि यिनका नाति नरेन्द्र मल्ल (अमर मल्ल) को नेतृत्वमा सम्पन्न वि.सं. १६०५ को सन्धिपत्रमा फर्पिङका फ्याकु राउत्तको उल्लेख परेको हुंदा यसबारे केही प्रकाश परेको छ । वास्तवमा यो सन्धि भक्तपुरका राजा प्राण मल्लको विरुद्ध गरिएको हो र फर्पिङका साथै ललितपुर, दोलखा, कीर्तिपुर आदि उपत्यकाका प्रमुख बस्तीहरूबाट भक्तपुरको आधिपत्य छुटाउनु यस सन्धिको प्रमुख आशय हो भन्ने बुझिन्छ । कान्तिपुर र भक्तपुरका राजाहरूबिच राजनैतिक झगडा थियो । यी राजाहरू एउटै मल्ल राज्य बनाउने कुरामा योजनाबद्ध रूपमा लागेका देखिँदैनन् । यसका लागि एकले अर्कोको विरुद्ध षड्यन्त्र गरिरहने हुँदा यी राज्यहरूले शान्ति र सुरक्षा गुमाएका थिए । कान्तिपुरमा नरेन्द्र मल्लको शासन चलेको बेलामा उता भक्तपुरमा प्राण मल्ल राजा थिए । प्राण मल्लको आफ्नै भाइहरूसँग मेलमिलाप थिएन । "भाइ फुटे गँवार लुटे" भनेझैँ नरेन्द्र मल्लले भक्तपुरका वीर मल्ल, जित मल्ल, कृष्ण मल्ल, कल्याण मल्ल, प्रभु मल्ल, गोविन्द मल्ल, ललितपुरका विष्णुसिंह भारो, फर्पिङका फ्याकु राउत्त, विक्रम राउत्त, पुरण राउत्त आदिलाई आफ्नो समूहमा मिलाई प्राण मल्लको विरुद्ध गरिएको 'एकानि शत्रु एकानि मित्र' स्वरूपको यो सन्धि महत्त्वपूर्ण रहेको छ ।

यस सन्धिमा तल लेखिएका सर्तहरू परेका छन् :

१. सन्धिमा सहभागीहरूले भक्तपुरका राजा प्राण मल्ल, उनका छोरा, भारदारहरू र तिनका छोराहरूसमेतलाई साथ दिन नहुने;
२. यी सहभागी शासकहरूले आ-आफ्नो राज्य वा प्रदेशमा सन्तोष मानी खुसीसाथ रहनुपर्ने; अरू राज्यमा हस्तक्षेप गर्न नहुने;

३. भक्तपुर पक्षको फुट पार्ने जस्ता दाउपेचलाई वास्ता नगरी परस्परमा सङ्गठित रहने;

४. नुवाकोटको बाटो वा अरू कारबाहीका लागि मगरहरू आए भने अर्थसामर्थ विचार गरी एक भई मगरहरूको बलावल विचार गरी आक्रमण-प्रत्याक्रमण गर्ने ।

यस सन्धिमा दोलखालाई समेत सम्मिलित गराइएको थियो । यस सन्धिमा सहभागीहरूले प्राण मल्ल र उनका छोरा, भारदार जस्ता सम्वद्ध व्यक्तिहरूलाई साथ दिन नहुने, उनीहरूप्रति विश्वास गर्न नहुने, भक्तपुरको दाउपेचमा नलाग्ने जस्ता सर्तहरू रहेका थिए भने यस सन्धिबाट फर्पिङ आदि अन्य प्रदेशको प्रशासनमाथि कुनै हस्तक्षेप नहुने गरी केन्द्रको प्रभुत्वबाट मुक्त भई स्वतन्त्र शासन गर्न पाउने भयो (वज्राचार्य र श्रेष्ठ, वि.सं. २०३०: ३२-३३) । यो सन्धिबाट फर्पिङले सामन्तशासित प्रदेशको रूपमा मान्यता पाएको देखिन्छ । यो स्वतन्त्रता ने.सं. ६७८ (वि.सं. १६१४) सम्म कायम रहेको थियो भन्ने बुझिन्छ । त्यस अभिलेखमा राजाको नाम दिइएको छैन । त्यो अभिलेखमा (परिशिष्ट- १: १२) सुलंकी वंशका ईश्वरसिंह ठाकुरले दथु क्वाथका इष्ट देवदेवीलाई तोरण चढाएर यसको फलले प्रताप बढोस्, खड्गसिद्धि होस् तथा जनधन, सन्तान वृद्धि होस् भन्ने कामना गरेको बेहोरा परेको छ । यसबाट ईश्वरसिंहले सोलंकी वंशका भनी गौरव गरे तापनि यिनले आफूलाई 'राउत्त' नलेखी 'ठाकुर' लेखेकाले यिनको शासनाधिकार जस्ता कुरामा ह्रास आएको देखिन्छ । यसैले यिनले इष्ट देवदेवी पुकारी सत्ता जोगाउने कामना गरेको बुझिन्छ ।

यी सोलंकी वंशका राउत्तहरू एकताका शक्तिशाली शासकका रूपमा देखिएकामा यिनको पतनपछि मध्यकालको उत्तरार्द्धमा केही राउतहरूले आफूलाई "शुलंकीवंश राउत्त रामेश्वर बाबु" उल्लेख गरी गौरव ठान्दै आएको पाइन्छ भने आफूलाई 'भारो' मात्र भनी आफ्नो पुर्ख्यौली अस्तित्व बचाइरहेको देखिन्छ (रेग्मी, वि.सं. २०२५: ६८) । यी सोलंकी राउत्तहरूको राजनैतिकका साथै सांस्कृतिक उत्थानको क्षेत्रमा महत्त्वपूर्ण भूमिका रहेको थियो भन्ने कुरा स्पष्ट देखिन्छ ।

यस सन्दर्भमा कान्तिपुरका राजा नरेन्द्र मल्लको नेतृत्वमा भएको वि.सं. १६०५ को यो सन्धि नौ वर्षको लागि लागस हुने गरी पशुपतिनाथ मन्दिरको धर्मशीला छोई सम्पन्न गरिएको थियो । यस सन्धिको परिणामस्वरूप दोलखा एउटा स्वतन्त्र राज्यको रूपमा देखा पर्‍यो भने अर्को दृष्टिले महत्त्वपूर्ण

राजनैतिक घटना घट्न पुग्यो त्यो हो ऐतिहासिक, सांस्कृतिक तथा व्यापारिक दृष्टिले महत्त्वपूर्ण साँखु एउटा स्वतन्त्र राज्यको रूपमा देखा पर्‍यो। स्वतन्त्र साँखुमा अमृत मल्ल राजा देखा परे। यिनी ने.सं. ६७७ आश्विन (वि.सं. १६१४) मा साँखुका राजा देखिएकाबाट उपर्युक्त विवरणको पुष्टि भएको छ (शर्मा र श्रेष्ठ, इ. २०१६ :३०-३१)। यस घटनाबाट उपत्यकामा साँखु एउटा स्वतन्त्र राज्य हुन पुगेको प्रमाणित भएको छ। वास्तवमा यो सन्धि भक्तपुरका राजा प्राण मल्लको विरुद्ध गरिएको हो। यिनले उपत्यकाका धेरैजसो प्रदेशमा आफ्नो प्रभाव जमाउँदै आएकाले यो अभियान चलेको देखिन्छ। तसर्थ फर्पिङ, दोलखा, कीर्तिपुर आदि उपत्यकाका प्रमुख बस्तीहरूबाट भक्तपुर केन्द्रको आधिपत्यबाट छुटकारा पाउनु यस सन्धिको प्रमुख अभिप्राय हो भन्ने कुरा स्पष्ट देखिन्छ।

यस सन्धिबाट मुख्यतः कान्तिपुरका राजा नरेन्द्र मल्ल लाभान्वित भएको देखिन्छ। सर्वप्रथम आफ्नो राज्यक्षेत्रलाई सुरक्षित पार्नाका साथै उपत्यकाका र यसका वरपरका ललितपुर, दोलखा, फर्पिङ आदि प्रदेशहरूमा प्रभाव जमाउन यिनी सफल भएका थिए। अर्को कुरा, ने.सं. ६४५ (वि.सं. १५८१) (पन्त र पन्त, वि.सं. २०३६: ८४) र ने.सं. ६४६ (वि.सं. १५८२) (ऐजनः ९३) पछि वि.सं. १६०३ मा पनि पाल्पाका राजा मुकुन्द सेन प्रथमले उपत्यकामा आक्रमण गरेका थिए। नरेन्द्र मल्लको शासनकालमा भएको यो आक्रमणको प्रभाव उपत्यकामा निकै पर्‍यो भन्ने कुरा स्पष्ट हुन्छ। तर यसरी बाह्य शक्तिको आक्रमणबाट त्रस्त भइरहनु उचित थिएन। तसर्थ यिनले पनि अस्थायी रूपमा भए पनि यो सन्धिको नेतृत्व लिएका थिए। पाल्पाली राजाका मगर सैन्यद्वारा हुने बराबर आक्रमण विरुद्ध सङ्गठित रूपमा प्रत्याक्रमण गर्ने सर्त यो सन्धिमा उल्लेख गरिनुबाट यिनको राजनैतिक सुझबुझलाई स्पष्ट पारेको बुझिन्छ।

शिवसिंह मल्ल

ललितपुरमा विष्णुसिंहपछिका उनका छोराहरू नरसिंह, पुरन्दरसिंह, तथा उद्धवसिंहको शासनकालमा तल उल्लिखित धार्मिक कार्य भएको देखिन्छ। यस ग्रन्थको ३ परिशिष्टमा २२ थान ताडपत्रहरू रहेका छन् र ती सबैजसो आर्थिक कारोबारसँग सम्बद्ध छन्। तीमध्ये ने.सं. ६९३ (वि.सं. १६३०) भाद्रको पत्रमा आफ्ना पतिको देहावसानपछि राजा इन्द्रसहित रानीको मूर्ति स्थापना गरी यसको संरक्षणका लागि गुठीसमेत राखिदिएको विषय परेको छ। तर यो मूर्ति आजसम्म फेला पर्न सकेको छैन। प्राचीनकालदेखि नै आफ्ना दिवङ्गत

नातेदारको नाममा मूर्ति, मन्दिर, पाटीपौवा आदि स्थापना गर्ने परम्परा आजसम्म पनि चल्दै आएको उदाहरण पाइन्छ ।

रत्न मल्लपछि ललितपुरका राजा हुनेमा शिवसिंह मल्ल देखिएका छन् । ललितपुरको महापात्रयुगका सशक्त तथा महत्त्वाकाङ्क्षी शासक विष्णुसिंहका छोरा पुरन्दरसिंहको पछिल्लो उल्लेख ने.सं. ७१७ (वि.सं. १६५४) ज्येष्ठ (वज्राचार्य र अरू, वि.सं. २०१९:१४) तथा कान्तिपुरका राजा शिवसिंह ने.सं. ७१८ (वि.सं. १६५४) कार्तिकको ताडपत्रमा (पन्त, वि.सं. २०५५: ६१) ललितपुरमा राजाका रूपमा देखिइनुबाट यही सालको कुनै समयमा राजा शिवसिंहले ललितपुरलाई कान्तिपुर राज्यमा समावेश गरेको देखिन्छ । यसबाट ललितपुर महापात्रको हातबाट पुनः मल्ल राजाको हातमा पर्न गएको थियो । फलतः ललितपुरमा महापात्र युगको अन्त्य नै भयो ।

ललितपुर कान्तिपुर राज्यमा गाभिएपछि सुरुमा शिवसिंह मल्लको मात्र शासन चल्यो । यिनी कान्तिपुरका महत्त्वाकाङ्क्षी राजा थिए । यिनले कान्तिपुर राज्यलाई विस्तार गरी एउटा शक्तिशाली राज्य बनाउन प्रयास गरेका थिए । फलस्वरूप यिनले लिस्ती, दोलखा, मकवानपुर, केरुङ आदि प्रदेश विजय गरी राज्य विस्तार गरेका थिए (वज्राचार्य, वि.सं. २०३३: १९) । यिनी ललितपुरलाई जस्तै भक्तपुरलाई पनि विजय गरी पुनः एकीकरण गरी पूर्वमध्यकालका राज्यको स्वरूप दिन समर्थ थिए भनी अनुमान गर्न सकिन्छ । तर दुर्भाग्यवश नातिहरू लक्ष्मीनरसिंह मल्ल र सिद्धिनरसिंह मल्लहरूलाई कान्तिपुर र ललितपुर राज्यहरू क्रमशः भाग लगाइदिनुपरेकोले यिनले पूर्वजले झैँ गल्ती गरेको देखिन्छ ।

राजा शिवसिंहको राज्यकालमा फर्पिङमा के कस्तो व्यवस्था रह्यो भन्ने कुरा दर्साउने ऐतिहासिक सामग्रीको अभाव छ तापनि यिनको मृत्युसँग सम्बद्ध एउटा घटनाले यिनको फर्पिङसँग प्रत्यक्ष सम्बन्ध रहेको देखिएको छ । एकथरी ठ्यासफूमा "सम्वत् ७४० वैशाख कृ.षष्ठि शुक्रवार थ्वकुन्हु श्री २ शिवसिंह मल्लदेव जुजु अभाग जुव दिन जुरो ॥ थ्व बेरस शति वङ फनपि थकुरिण, मखनजुव निह्मं जुरो ..." भनी उल्लेख भएबाट (वज्राचार्य, वि.सं. २०३३: २०) वि.सं. १६७७ मा राजा शिवसिंह मल्लसँगै फर्पिङका ठकुरिनी र मखन सती गएको घटना स्पष्ट हुन्छ ।

यसबाट यिनको फर्पिङसँग पारिवारिक नातासम्बन्ध रहेको थियो भनी बुझ्न सकिन्छ । साथै यिनले मकवानपुर विजय गर्ने क्रममा फर्पिङ

जस्तो महत्त्वपूर्ण प्रदेश कान्तिपुरमा गाभेका थिए भनी सजिलै अनुमान पनि गर्न सकिन्छ ।

ललितपुरका राजा सिद्धिनरसिंह मल्ल र गोरखाका राजा राम शाहबिच सन्धि सम्पन्न भएपछि राम शाह फर्पिङको बाटो गरी आफ्नो सीमा क्षेत्र त्रिशूलीमा पुगेको कुरा भाषावंशावलीमा उल्लेख भएकोले त्यसताका फर्पिङ प्रदेश ललितपुर राज्यअन्तर्गत पर्दथ्यो भन्ने कुरा प्रमाणित हुन्छ ।

फर्पिङमा ने.सं. ७५५ (वि.सं. १६९१) को थाल (परिशिष्ट -१ : १३) र ने.सं. ७८३(वि.सं. १७२०) को पाटीको (ऐजनः १४) अभिलेख प्राप्त छन् (परिशिष्ट -१ : १४-१५) । तर ती दुवै अभिलेखहरूमा न राजाको नाम परेको छ न त स्थानीय शासकको नामोल्लेख छ। ने.सं. ७९३ (वि.सं. १७२९) को गोरखनाथको अभिलेखमा (परिशिष्ट- १ः सङ्ख्या १७) ललितपुरका प्रसिद्ध राजा श्रीनिवास मल्लको नामोल्लेख नभई त्यसमा "थ्वंकुन्हु श्रीफणपिदेश यम्वलंवत्वल विद्यापीठगृह मानसिंहभारो देशप्रमानया प्रज्यावस ..." भन्ने वाक्यांश परेकोले त्यहाँ अब सोलंकीवंशी राउत्तहरूको विलय भएको देखिन्छ र फर्पिङको प्रशाासनमा देशप्रमाणको ठुलो भूमिका रहेको कुरा थाहा हुन्छ ।

फर्पिङको विकासमा भगीरथ भैयाको भूमिका

ललितपुर स्वतन्त्र राज्यको रूपमा देखा परेपछि नेपाल उपत्यकामा तीन मल्ल राज्यहरूः कान्तिपुर, भक्तपुर र ललितपुर स्वतन्त्र रहेका देखिन्छन् । ललितपुरको राजनैतिक इतिहासमा श्रीनिवास मल्लको महत्त्वपूर्ण स्थान रहेको तथा उनी प्रभावशाली व्यक्तित्व रहेको पाइन्छ । यिनी आफ्ना बाबु सिद्धिनरसिंह मल्लविरुद्ध राजगद्दीका लागि विद्रोह गरी वि.सं. १७१८ मा राजा बनेका थिए। प्रताप मल्लको मृत्युपश्चात् यिनी 'नेपालेश्वर' नै कहलाएका थिए । यिनले कान्तिपुर तथा भक्तपुरको राजनैतिक तथा आन्तरिक मामलामा मात्र होइन उपत्यका बाहिरका सेन राज्यहरू मकवानपुर तथा विजयपुरको गृहकलहमा समेत हस्तक्षेप गरेका थिए । यिनी धेरै महत्त्वाकाङ्क्षी तथा प्रभावशाली थिए। आफ्नै चौतारा भगीरथ भैयाबाट श्रीनिवास मल्ल अति नै प्रभावित थिए ।

वर्ष दिनसम्म ललितपुरका राजा र प्रजाले पालन गर्नुपर्ने नियम लेखिएको ने.सं. ७९३ (वि.सं. १७२९) को 'सम्वत्सरलोहो' अभिलेखमा यिनले राता मछिन्द्रनाथ र योगनरसिंह ठाकुरलाई साक्षी राखी "म र भगीरथ भैयामा केही

फरक छैन अरूले पनि भिन्न सम्झनु हुँदैन" भनी वाक्य लेखाउन लगाएकाले यिनमा भगीरथ भैयाको प्रभाव कतिसम्म परेको थियो भन्ने कुरो स्वतः स्पष्ट हुन्छ (वज्राचार्य, वि.सं. २०२२ : २४)। श्रीनिवास मल्ल कुनै पनि कार्य गर्नुअगाडि भगीरथ भैयासँग सल्लाह गर्दथे। राजाले मन्त्रीसँग सल्लाह लिनु स्वाभाविक हो, तर सानासाना घरायसी कुरा आदिमा पनि अति नै भर पर्नु भने शोभनीय पक्कै थिएन। भगीरथ भैया ललितपुरका शक्तिशाली चौताराको नामले प्रसिद्ध थिए। उपत्यकाको मल्लकालिक इतिहास केलाई हेरेमा कान्तिपुरका चौतारा देवीदास (चिकुटि), चौतारा लक्ष्मीनारायण जोशी भक्तपुरका चौतारा भागीराम, चौतारा चन्द्रशेखर कम शक्तिशाली र प्रभावकारी थिएनन्। जब जब राजगद्दीमा नाबालक तथा कमजोर राजा रहन्थे तब तब चौतारा तथा भारादारहरू सर्वेसर्वा हुने प्रयास गर्दथे भन्ने कुरा स्पष्ट देखिएको छ।

राजा श्रीनिवास मल्लले चौतारा भगीरथ भैयालाई फर्पिङको आधिपत्य सुम्पेका थिए। वि.सं. १७३९ को एउटा अभिलेखमा "... श्रीनिवासनृपतिर्विराजते कान्तियुक्तललिताभिधे पुरे ... मन्त्री महीभुजस्तस्य स्वामीभक्तो भगीरथः। अभवत् शिखरापूर्यां आधिपत्यमवाप्तवान्" भनी स्पष्ट उल्लेख भएको छ (परिशिष्ट- १: २०)।

यसरी चौतारा भगीरथ भैयाले फर्पिङको पुनर्निर्माण गरी कायापलट नै गर्ने प्रयास गरेका थिए। फर्पिङका प्राकृतिक सौन्दर्य तथा सांस्कृतिक स्थितिबाट साह्रै प्रभावित भएकाले ने.सं. ७९७ (वि.सं. १७३३) मा नै यिनले साङ्ग्रामिक दृष्टिले सहरका सबै महत्त्वपूर्ण ढोकाहरूको जीर्णोद्धार गरी प्रत्येक वर्ष ती ढोकाहरूको मर्मत गर्नुपर्ने व्यवस्था बाँधे। साँखु, कीर्तिपुर आदिमा जस्तै फर्पिङमा कहाँ कहाँ र कतिवटा ढोकाहरू थिए भन्ने कुरा प्रस्ट हुन सकेको छैन। यसका साथै बलियो गढको रूपमा रहेको यस फर्पिङलाई घेरेको पर्खाल कहाँ थियो भन्ने कुरासमेत थाहा हुन सकेको छैन। भगीरथ भैयाले सहरका बाटोहरूमा ढुङ्गा छाप्न लगाए, कुलो सफा गर्ने जस्ता वार्षिक कार्यक्रम बनाए भने शिखरनारायणमा ढुङ्गाको ढोका बनाई, धाराहरूको जीर्णोद्धार गरी सांस्कृतिक स्थलहरूको संरक्षण र सम्वर्द्धन गरेका थिए (परिशिष्ट १ : २०)। यिनले धाराहरूको जीर्णोद्धार, कुलो र बाटो, ढोका आदिको मर्मत हरेक वर्ष गर्नको लागि व्यवस्था बाँधेका थिए। यिनले ने.सं. ७९९ (वि.सं. १७३५) मा शिखरनारायण मन्दिरको अगाडि शिलाको गरुड स्थापना गरेका थिए भन्ने कुरा सोही मूर्तिको पादपीठको अभिलेखबाट स्पष्ट हुन्छ (परिशिष्ट- १ : १९)।

नेसं. ८०३ (वि.सं. १७३९) को एउटा अभिलेखको अन्त्यमा "... पुन भाषा थ्वगुथि मकवानपुर घेरय याङाव चोङाव बेलस थानावस माघया पूर्णिमा कुन्हु सङ्कल्प याङा थ्वनिलि फाल्गुणशुक्लया चतुर्थी कुन्हु मकवानपुर चाल दिन जुरो शुभ ॥" भनी उल्लेख भएको छ (परिशिष्ट-१ : २०)। यसबाट ललितपुर आदि राज्यहरू मकवानपुरमा आक्रमण गर्न घेराउ गर्दा किल्ला नखुलेको र भगीरथ भैयाले शिखरनारायणको नाममा भाकल गरेपछि किल्ला खुलेको हुँदा यो गुठी चढाएको कुरा थाहा हुन्छ। यो अभिलेखमा राजा श्रीनिवास मल्लको रोहबरमा भगीरथ भैयाले गुठीस्वरूप राखिदिएको जग्गाको आयस्रोतबाट शिखरनारायणको दैनिक पूजाआजा सञ्चालन गर्ने, प्रत्येक वर्षका कार्तिक र माघ पूर्णिमामा विशेष पूजा गर्ने, अक्षयतृतीया पर्वमा गाईको पूजा गर्ने, ब्राह्मणलाई तोकिएअनुसारको दक्षिणा दिने, ब्राह्मणलाई भोजन गराउने, चौबीसवटा बत्ती बाल्ने जस्ता विभिन्न धार्मिक कार्य तोकिएका छन्। यी कार्यहरू सम्पन्न गर्न स्थानीय व्यक्तिहरूमा शिव भारो, विष्णु भारो, चण्डीदास भारो, मनोहरसिंह भारो तोकिएका छन्।

यसै गरी यो अवसरमा शिलाको गरुडमूर्तिसमेत स्थापना गरिएको थियो। यसको रेखदेख गर्ने कार्यभार नरहरि भारोलाई सुम्पिएको बेहोरा पनि यस अभिलेखमा उल्लेख भएको छ। यसरी यो अभिलेख राजनैतिकको साथै सांस्कृतिक दृष्टिले पनि महत्त्वपूर्ण मान्न सकिन्छ।

फर्पिङमा राजा योगनरेन्द्र मल्ल

श्रीनिवास मल्लपछि उनका छोरा योगनरेन्द्र मल्ल राजा भए। यिनले आफ्नै पिताविरुद्ध विद्रोह गरी राजगद्दी लिएका थिए। यिनी आफ्ना पिता र चौतारा भगीरथ भैयाको यस किसिमको सम्बन्ध देख्न चाहँदैनथे। यिनले आफू राजा भएपछि चौतारा भगीरथ भैयाको हत्या गराएपछि स्वतन्त्र रूपमा राज्यको शासनभार समालेका थिए।

राजा योगनरेन्द्र मल्लले फर्पिङको सांस्कृतिक तथा सामाजिक पक्षमा महत्त्वपूर्ण देन दिएका थिए। गिनले शिखरनारायणको यात्राका लागि गुठीको व्यवस्था गरिदिएका थिए (परिशिष्ट- १ : सङ्ख्या २१)। यिनी ने.सं. ८१६ (वि.सं. १७५३) मा फर्पिङको चामुण्डा मन्दिरको निर्माण कार्य पूरा भएको समारोहमा उपस्थित भई देवमूर्तिका लागि सुनको सिंहासन चढाएका थिए (रेग्मी, इ. १९६६ भाग २: ३३०)। यसै गरी ने.सं. ८२५ (वि.सं. १७६२) को शिखरनारायण यात्राको

अवसरमा स्वयम् उपस्थित भई नारायणको पूजाआजाको लागि गुठी चढाएका थिए (ऐजन: ३३१)। साथै यिनले शिखरनारायणको जात्रासम्वन्धी विशेष व्यवस्थासमेत बाँधेका थिए (परिशिष्ट - १ : २१)। राजा आफैँले फर्पिङमा धार्मिक कार्य गरेको देखिएको हुँदा यी पनि फर्पिङप्रति कम आकर्षित थिएनन् भन्ने देखिन्छ। धार्मिक कार्यहरूमा मल्ल राजाहरूले उपस्थिति जनाएका उदाहरणहरू निकै पाइन्छन्, तर आफैँले सम्पदाको निर्माण गरेको भने कमै देखिएका छन्।

राजा योगनरेन्द्र मल्लको फर्पिङको सांस्कृतिक विकासमा महत्त्वपूर्ण देन रहनुका साथै सामाजिक पक्षमा पनि योगदान रहेको देखिन्छ। ने.सं. ८१२ (वि.सं. १७४८) मा (आचार्य, वि.सं. २०४९ : ८०-८१; परिशिष्ट-२ : सङ्ख्या १) फर्पिङ देशका हतलाछें लिपछें वन्तागृहका जगन्नाथ भारोले एकजना बालकलाई अपनाउँदा (छोराको रूपमा स्विकार्दा) समाजले उनको बदनाम अर्थात् यो कार्यमा विरोध जनाएर अपमान गर्न लागेकोमा राजा योगनरेन्द्र मल्लले कस्तुरीकोट नामक विधानमा भित्र्याई आवश्यक संस्कार गर्ने क्रममा वस्त्र फुकाली निगाह गरिदिएका थिए। साथै यो बालकको विषयमा कसैले पनि टीकाटिप्पणी गर्न नपाउने गरी निर्णय गरिदिएको बेहोरा यो स्याहामोहरमा परेको छ। यो निर्णय गरिँदा राजपत्नी नरेन्द्रलक्ष्मीलाई साक्षीको रूपमा उल्लेख गरिएको छ। साथै यो स्याहामोहर लेख्ने नकवहारका विश्वसिंहको नाम पनि दिइएको छ। यसमा उल्लिखित कस्तुरीकोट शब्दमा सही अर्थ बुझ्न फर्पिङका जानकार व्यक्ति गनिएका ९८ वर्षीय जगतबहादुर अमात्यसँग सम्पर्क गर्दा उनले यसबारे अनभिज्ञता जनाएका थिए। यो ऐतिहासिक निर्णयबाट पनि राजा योगनरेन्द्र मल्ल फर्पिङका जनताबिच गई यस किसिमका सामाजिक समस्या समाधान गर्ने कार्यमा अग्रसर हुने गरेको कुरा शासकीय दृष्टिले महत्त्वपूर्ण प्रमाणित हुन्छ। प्रदेश प्रदेशमा गई यस किसिमका समस्याको समाधान गर्ने कार्य न्याय-प्रशासनको दृष्टिले पनि यो कार्य महत्त्वपूर्ण र उल्लेखनीय मान्न सकिन्छ।

राजा योगनरेन्द्र मल्ल ललितपुरको सांस्कृतिक सम्पदाको संरक्षण गर्न दत्तचित्त थिए भन्ने देखिन्छ। यिनी सांस्कृतिक पर्वहरूमा मत्स्येन्द्रनाथ यात्रा तथा हरिसिद्धि नाचहरूलाई परम्परागत शैलीमा विधिवत् चलाउन सक्रिय थिए। यी यात्रा तथा नाचहरू उपत्यकाका राजाहरू बिच मेलमिलाप नभएको समयमा सम्पन्न गर्न कठिन हुन्थ्यो। यस किसिमका बाधाअड्चन नआओस् भन्ने उद्देश्यले यिनले ने.सं. ८१६ (वि.सं. १७५२) मा भक्तपुरका राजा जितामित्र

मल्लसँग सन्धि गरेका थिए। यसअनुसार खड्ग वा हरिसिद्धिको नाच आदि पर्वहरू परम्परागत रूपमा सम्पन्न गर्ने विषयमा राजा तथा भारादारले कचिङ्गल उठाउन नहुने तथा दुवै राज्यहरूले आ-आफ्ना जिम्मेवारी घटबढ नगरी विधिवत् रूपमा पूर्ण गर्ने विषय रहेको छ (तेवारी र अरू, वि.सं. २०२१: १७-२२) जुन सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण तथा उदाहरणीय मान्न सकिन्छ।

शिखरनारायणको बारेमा चर्चा गर्दा लक्ष्मीनारायण जोशीले गरेको प्रायश्चित्त पनि महत्त्वपूर्ण मान्न सकिन्छ। कान्तिपुरका प्रभावशाली भारादार लक्ष्मीनारायण जोशीले राजकुमार महीपतेन्द्र मल्लको 'काटिएको टाउको' देखेपछि प्रसन्न भई शिखरनारायणको भक्तिपूर्वक पूजाअर्चना गरेको कुरा वंशावलीकारले उल्लेख गरेका छन् (लम्साल (सम्पा.), वि.सं. २०२३ : ९८-९९)। तर काटिएको टाउको प्रत्यक्ष देखेपछि लक्ष्मीनारायण जोशी किन प्रसन्न भए भन्ने कुरा पनि यहाँ सङ्क्षेपमा खुलस्त गर्न आवश्यक देखिन्छ। यो टाउको कान्तिपुरका प्रसिद्ध राजा प्रताप मल्लका कान्छा छोरा महीपतेन्द्र मल्लको थियो। प्रताप मल्लले जेठा छोरा नृपेन्द्र मल्ल छँदाछँदै कान्छा छोरा महीपतेन्द्र मल्ललाई राज्याधिकार सुम्पने व्यवस्था मिलाएका कुरा नीतिसम्मत हुँदैन भनी पाटनका राजा श्री निवास मल्ल र भक्तपुरका राजा जितामित्र मल्लले हस्तक्षेप गरी जेठा छोरा नृपेन्द्र मल्ललाई राजा स्थापना गरेकाले राजकुमार महीपतेन्द्र मल्ल विद्रोही बनेका थिए।

अर्कोतर्फ महीपतेन्द्र मल्ल जीवित छउन्जेल लक्ष्मीनारायण जोशीले कान्तिपुरका राजकाजमा हालीमुहाली गर्न नपाउने भएकाले आफ्नो बाटोमा तगारोको रूपमा रहेका महीपतेन्द्र मल्ललाई सदाको लागि पन्छाउने षड्यन्त्र रचे। यसअनुसार वि.सं. १७४४ भाद्रमा पशुपतिनाथका पुजारी राघवानन्द स्वामीको घरमा शरणार्थीको रूपमा लुकेर बसेका महीपतेन्द्र मल्ललाई निर्ममतापूर्वक मार्न लगाएका थिए (वज्राचार्य र अरू, वि.सं. २०१९ : १८९)। यिनै राजकुमारको काटिएको टाउको देखी प्रसन्न भएपछि यस पापबाट मुक्ति पाउन प्रायश्चित्तस्वरूप शिखरनारायणको पूजाआजा गरेका थिए। यसबाट फर्पिङका शिखरनारायणको महिमा त्यसताका खुबै थियो भन्ने देखिन्छ।

वीरनरसिंह मल्लको सुधार

वीरनरसिंह मल्ल ललितपुरका राजा भएका थिए। यिनको ने.सं. ८२९ (वि.सं. १७६६) को मुद्रामा 'श्रीश्री वीरनरसिंह' को उल्लेख परेकोबाट यिनी

त्यसताका ललितपुरका राजा बनेका थिए भन्ने देखिन्छ (जोशी वि.सं. २०४२: ९१)। यस बाहेक अर्को एउटा उही मितिको मुद्राको एकापट्टि "श्रीश्री विरनरसिंह मल्ल" र अर्कोतर्फ "श्रीयोगमती" कुँदिएकोबाट (ऐजन) वीरनरसिंह मल्ल राजा थिए भन्ने कुराको अरू पुष्टि हुनाको साथै यिनी योगमतीका पति थिए भन्ने कुरा पनि थाहा हुन्छ। योगमतीले राजा योगनरेन्द्र मल्लकी छोरीको नाताले आफ्ना पति वीरनरसिंहलाई राजा स्थापना गरेकी हुनुमा धेरै सम्भावना देखिन्छ। यसो भए तापनि वीरनरसिंह मल्लको राज्यक्रममा समस्या देखा परेको छ। (बरेन इ. १९७६ : २१)। ललितपुरका राजा योगनरेन्द्र मल्लपछि लोकप्रकाश मल्ल, इन्द्र मल्ल तथा वीरनरसिंह मल्लहरूद्वारा शासन गरिएको देखिन्छ। इन्द्र मल्लको राज्यकाल ने.सं. ८२६ आश्विन (वि.सं.१७६३) देखि (जोशी, वि.सं. २०१९ : १०२) देखि ने.सं. ८२९ चैत्र (वि.सं. १७६५) सम्म (वज्राचार्य र अरू, वि.सं. २०१९ : १३०) भएको देखिएकोले वीरनरसिंह मल्ल राजा इन्द्र मल्लको राज्यकालमा नै राजा भएका देखिन्छन्। यसबारे अरू खोजी गरी निर्णय गर्न आवश्यक देखिन्छ।

ललितपुरका राजा योगनरेन्द्र मल्लले शिखरनारायणको जात्रा सुचारु रूपले चलोस् भनी जुन व्यवस्था बाँधिदिएका थिए त्यो नियमपूर्वक नचल्दा उनी पछिका राजा वीरनरसिंह मल्लले आधिकारिक व्यवस्था बाँधिदिएको बेहोरा ने.सं. ८२९ (वि.सं. १७६६) को अभिलेख (परिशिष्ट-१ : २१) मा परेको छ।

यो जात्रा सञ्चालन गर्न गुठीको व्यवस्था गरी यसको जिम्मेवारी पूजारीलाई सुम्पिइयो भने यसमा तोकिएका विभिन्न पर्वहरूमा सोहीअनुसार पूजाविधि सम्पन्न गर्नुपर्ने, हरिशङ्करजात्रा चलाई बाँकी रहेको आर्थिक स्रोत जीविकोपार्जन गर्नको लागि उपयोग गर्न व्यवस्था गरिएको छ। यस कार्यमा कसैले पनि कचिङ्गल उठाउन नहुने र उठाउनेप्रति शिखरनारायणको कुदृष्टि पर्ने जस्ता कुरा उल्लेख गरिएका छन्। यसमा साक्षीका रूपमा रानी योगमतीदेवी, चौतारा, देश प्रमाण जस्ता पदाधिकारीहरू रहेका छन्। यो ताम्रपत्राभिलेखबाट राजाहरू शासन व्यवस्थामा मात्र केन्द्रित नभई राज्यको सांस्कृतिक पक्षमा पनि उत्तिकै ध्यान दिई अमूर्त सम्पदा चिरकालसम्म चलिरहोस् भनी चाहन्थे भन्ने कुरा प्रमाणित हुन्छ।

विष्णु मल्लको देन

विष्णु मल्ल ललितपुरका निकै प्रभावशाली राजा थिए। यिनले ने.सं. ८४९ (वि.सं. १७८६) देखि ने.सं. ८६५ (वि.सं. १८०२) सम्म राज्य गरेका थिए। यिनले राज्यलाई संगठित तथा सुरक्षित पार्न निकै प्रयास गरेका थिए। यिनले ने.सं. ८५२ (वि.सं. १७८८) मा कान्तिपुर र गोरखाले आफ्नो राज्यअन्तर्गतको धुनीराज्य (धुनीबेसी) लिएकोमा भक्तपुरको सहयोग लिई यो घटनाको नौदिन लगत्तै फिर्ता गरेका थिए (पन्त, वि.सं. २०४५: ७८८)। यिनले राज्यलाई सुरक्षित पार्न केही किल्लाहरूको निर्माण गराएका थिए। यिनले चौक्वाठ दरबारको मर्मत गराएका थिए। साथै यिनले टिस्टुङ किल्लाको जीर्णोद्धार गरी मजबुत पार्ने व्यवस्था बाँधेका थिए। वि.सं. १७९५ मा टिस्टुङ किल्ला कसैले बिगारे त्यसलाई मोहर ४,०००।- दण्ड गर्ने तथा प्रशासनिक पदाधिकारी प्रमानले आवश्यक भए बर्सेनि किल्लाको मर्मत गर्नुपर्ने नियम बनाई यिनले शिलापत्र राखेका थिए (शाक्य र वैद्य, इ. १९७०: २२०)। यसरी यिनले आफ्नो राज्यलाई साङ्ग्रामिक दृष्टिले पनि मजबुत बनाउने प्रयास गरेका थिए।

विष्णु मल्लले फर्पिङ प्रदेशको सांस्कृतिक पक्षमा पनि केही योगदान गरेका थिए। यिनले फर्पिङको हरिशङ्करजात्राको अवसरमा ३६० बत्ती बाल्ने व्यवस्था गरिदिएका थिए। वि.सं. १८५९ मा टौखेलनिवासी फौदसिंह कार्कीको नाममा गरिदिएको मोहरमा (परिशिष्ट- २: ७) राजा विष्णु मल्लले फौदसिंह कार्कीका पुर्खालाई फर्पिङका सात प्रधान तथा कोटका पुरोहित आचार्यलाई साक्षी राखी कार्कीलाई मुरी ।५० जाने पाखो जग्गा गुठी राखी अँधिया बनाइएको विषय परेकोबाट यो बत्ती बाल्ने धार्मिक कार्यले निरन्तरता पाओस् भन्ने आशयले यो गुठी राखिदिएको देखिन्छ। यो कार्य सञ्चालन गर्न फर्पिङमा सात प्रधानले पूजा-सामग्रीको व्यवस्था गर्ने, कार्कीले गुँणाल (आकाशदीप) को पूजा गर्ने, कोटको दसैं गर्ने जस्ता कार्य विभाजन गरिएको थियो। गोनालबत्ती भनेको प्रत्येक वर्षको कार्तिक महिनामा नौतले लिङ्गमा बालिने हुँदा यो बत्ती नेपाल उपत्यकाबाट पनि देख्न सकिन्छ भन्ने स्थानीय बुढापाकाहरूको भनाइ रहेको छ। यसरी यति अग्लो लिङ्गमा गोनालबत्ती बाल्ने चलन फर्पिङमा मात्र भएको दाबी स्थानीयको भए तापनि कीर्तिपुरमा पनि गोनालबत्ती बाल्ने प्रचलन देखिएको छ। पहिले यो ९ तलाको हुन्थ्यो भने आजकल ३ तलामा झर्दै गएको छ। गोनालबत्ती बाल्ने प्रथा कीर्तिपुरका बाघभैरवजात्रामा रहेको

देखिएको हुँदा यो प्रथा अरू नेवार बस्तीहरूका सांस्कृतिक पर्वहरूमा पनि चलेको देखिन्छ।



गोनालबत्ती

पाटन गोरखा राज्यमा समावेश भएपछि पनि अर्थात् राजा पृथ्वीनारायण शाह भक्तपुरमा रहँदा उनका भाइ शूरप्रताप शाहसमक्ष यी सात प्रधान र वली कार्कीले राजा विष्णु मल्लले दिएको धर्मपत्र हराएको बेहोरा जाहेर गरेपछि त्यसको सट्टामा नयाँ मोहर जारी गरिएको थियो। यसअनुसार एक रातमा बत्ती बाल्दा तेल बाँकी रहेको हुँदा अरू दुई रात थपी बाल्ने व्यवस्था गरिएको थियो। यो बत्ती बाल्ने अभिभारा पछि आएर लक्ष्मीनारायण सूचीकारलाई सुम्पेका थिए। यसरी मन्दिरमा धूपबत्ती बाल्ने प्रचलन प्राचीनकालदेखि चल्दै आए तापनि यो ३६० बत्ती बाल्ने व्यवस्था अलि नौलो र चाखलाग्दो देखिन्छ (ऐजन)।

यस किसिमको गोनालबत्ती बाल्ने व्यवस्था वि.सं. १८९९ सम्म पनि केही संशोधनपछि चल्दै आएको देखिन्छ (परिशिष्ट- २: २९)। जोडनरसिंहको नाममा सम्बोधन गरी जारी गरिएको पत्रमा गुठी खेत कमाउने तेजनरसिंह बाँडालाई हटाई पहिलेदेखि गुठी खेत कमाउने मोही भीमसेन कार्की तथा फौदसिंह कार्कीलाई खेत कमाउन दिने गरी हरिशङ्करजात्रामा ३६० बत्ती वाली

बाँकी रहेको लिने व्यवस्था बाँधिएकोबाट यो प्रचलन त्यसताकासम्म सुचारु रूपले चल्दै आएको देखिन्छ ।

राजा विष्णु मल्ल आफ्नो राज्यको विभिन्न स्थानमा साङ्ग्रामिक स्थलको निर्माण कार्यको अनुगमन गर्न होस् वा धार्मिक तथा सांस्कृतिक पर्वमा होस् उपस्थित हुने गर्दथे भन्ने देखिएको छ । नेवारी भाषामा लेखिएको एउटा गीतबाट (तमोट, ने.सं. ११०१: १७) यो कुराको सङ्केत मिलेको छ । जो यस प्रकार छ :

हादे नरपति श्रीविष्णु मल्ल फंपि चोना बिज्यातकह्न ॥
ल्हाकह्मया बिनतिस जगत उद्धार रे ॥ आ दे ॥ ११ ॥

यी विवरणबाट राजा विष्णु मल्लले फर्पिङको भ्रमण गरी सांस्कृतिक पक्षमा पनि महत्त्वपूर्ण योगदान गरेका थिए भन्ने देखिन्छ ।

राज्यप्रकाश मल्ल

फर्पिङमा प्राप्त मध्यकालका अभिलेखहरूमा राजा राज्यप्रकाश मल्लको नामोल्लेख अन्तिम मान्न सकिन्छ । यिनी कान्तिपुरका प्रसिद्ध राजा जयप्रकाश मल्लका भाइ थिए । वि.सं. १८०२ मा यिनी ललितपुरका राजा भएका थिए । यिनी आफ्ना दाजुसँग खटपट परी ललितपुरमा शरण परेकाले तात्कालिक राजा विष्णु मल्लले यिनलाई आफ्नो उत्तराधिकारी बनाएका थिए । यिनी राजा विष्णु मल्लका साला थिए । यिनी राज्यको रक्षा गर्ने कुरोमा प्रयत्नशील थिए । यिनले आफ्नो राज्यअन्तर्गतको महत्त्वपूर्ण प्रदेश कीर्तिपुरलाई मजबुत पार्ने उद्देश्यले वि.सं. १८०६ मा यहाँका रुख आदि काटी किल्लाको नोक्सानी पुऱ्याउन नहुने व्यवस्था बाँधेका थिए । यसरी वनदुर्गलाई सुरक्षित राखी देशको रक्षा गर्ने कुरामा उनी जस्तै अन्य राजाहरू पनि त्यसताका जागरुक भएका देखिन्छन् ।

राज्यप्रकाश मल्ल ललितपुरमा आफ्नो प्रतिष्ठा जमाउन निकै सफल थिए । यिनले अन्य राजाहरूसँग मिली गतिविधि बढाएको कुरा ६ प्रधानलाई मन परेन । फलतः राज्यप्रकाश मल्ल पनि प्रधानहरूको सिकार बने ।

राजा राज्यप्रकाश मल्लले फर्पिङको सांस्कृतिक गतिविधिलाई बढाउनका निमित्त धार्मिक कार्य गरेका थिए । यिनी राजा योगनरेन्द्र मल्लपछिका राजाहरूमा केही योग्य र प्रभावशाली थिए । ने.सं. ८७१ (वि.सं. १८०२) मा यिनले शिखरनारायणलाई 'नरहरिपुर' नाम गरेको घर निर्माण गराई नित्य पूजाआजा गर्नु र घरको जीर्णोद्धार गर्नु जस्ता कार्यका लागि गुठी जग्गा प्रदान गरेका थिए

(परिशिष्ट- १: २६)। यो नरहरि नाम गरेको घर कुन र कहाँ छ भन्ने कुरा खुल्न सकेको छैन। यिनले आफू ललितपुरका राजा भएकै सालमा शिखरनारायणका लागि यो धार्मिक कार्य सम्पन्न गरेका थिए भन्ने देखिन्छ। ने.सं. ८७२ (वि.सं. १८०८) मा भागीदेव भारो र पुनिश्वरी मयी यी दुई स्त्री पुरुषले चैत्यको पूजाआजाको लागि गुठी राखिदिएको र यसमा उल्लिखित पूजाआजा जस्ता धार्मिक कार्य गर्नका लागि मदनसिंह भावो र लक्ष्मीसिंह भावोलाई जिम्मेवारी प्रदान गरिएको छ। यस बाहेक शिखरनारायणको नित्य पूजा गर्न तथा नरहरिपुरको जीर्णोद्धार गर्न गुठीस्वरूप जग्गा राखिएको विषय महत्त्वपूर्ण रहेको छ (परिशिष्ट- १: २५)। वि.सं. १८११ मा यिनले नरसिंह भगवान्मा नागफणा चढाएका थिए (परिशिष्ट- १: २८)।

फर्पिङ गोरखा राज्यमा समाहित

ललितपुरमा राज्यप्रकाश मल्लपछि विश्वजित् मल्ल, जयप्रकाश मल्ल, रणजित् मल्ल, दलमर्दन शाह र अन्त्यमा तेजनरसिंह मल्लले पालैपालो शासन गरेका थिए। यो अन्तिम कालमा उता गोरखाका राजा पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्ने अभियानअन्तर्गत नेपाल उपत्यका जस्तो आर्थिक, कला-कौशल, सांस्कृतिक सम्पदाले समृद्ध प्रदेश विजय गर्ने कार्यमा संलग्न थिए। यिनले नेपाल उपत्यकाका तीनै मल्ल राज्यहरूसँग युद्धको साथसाथै आर्थिक नाकाबन्दी गर्ने नीति अपनाए र आफ्नो अभियानलाई सफल पारे।

यिनले सुरुमा यी मल्ल राजाहरूका वरिपरिका ससाना प्रदेशहरू विजय गर्दै आफ्नो अभियानलाई सुदृढ बनाउँदै लैजाने अभिप्रायअनुसार ती महत्त्वपूर्ण प्रदेशहरूमा आक्रमण गर्नुअघि त्यहाँका प्रजापक्षहरूको जनमत अर्थात् अवस्थाबारे जानकारी लिने तथा उनीहरूको जिउधनको सुनिश्चित गर्ने कुराको आश्वासन दिने जस्ता नीति लिने, सकेसम्म लडाइँ नगरी विजय गर्ने रहेको थियो। त्यस प्रदेशका पदाधिकारीहरूलाई "मिल्न आओ, तिमीहरूको जनधनको रक्षा गर्नेछौँ नत्र आक्रमण गर्ने छौँ भन्ने आश्वासन र धम्की दिने जस्ता नीति पृथ्वीनारायण शाहको थियो। (पन्त र अरू, वि.सं. २०२५: १०२४–१०२५)। यस किसिमको परिस्थितिमा पृथ्वीनारायण शाहलाई कतै समर्थन अर्थात् सफलता मिलेको देखिन्छ भने कतै विश्वासघात र विरोधको सामना गर्नु परेको देखिन्छ (ऐजन : १००३–१००४)।

यो नीतिअनुसार यिनले पूर्वको ढोका अर्थात् कान्तिपुर राज्यअन्तर्गत पर्ने आर्थिक तथा साङ्ग्रामिक दृष्टिले महत्त्वपूर्ण प्रदेश नुवाकोट माथि वि.सं. १८०१ मा विजय प्राप्त गरे । यस विजयबाट भारतबाट हेटौँडा, लामिडाँडा हुँदै नुवाकोट तथा कान्तिपुरबाट नुवाकोट हुँदै केरुङ र त्यहाँबाट तिब्बत जाने प्रमुख व्यापार मार्ग गोरखाको कब्जामा पर्‍यो । वि.सं. १८११ मा नालदुम महादेवपोखरी तथा वि.सं. १८१२ मा दोलखा विजय गरेपछि पूर्व र उत्तरबाट उपत्यका पस्ने बाटो, यस्तैगरी दक्षिणबाट उपत्यका पस्ने मार्गमा पर्ने मकवानपुर राज्य वि.सं. १८१९ मा विजय गरी गोरखा राज्यमा सम्मिलित गरिएपछि दक्षिणबाट उपत्यका पस्ने प्रमुख व्यापार मार्ग बन्द हुनुका साथै गोरखाराज्य यसबाट महत्त्वपूर्ण आयस्रोत उपलब्ध गर्न समर्थ भएको थियो ।

यही क्रममा उपत्यका वरिपरिका स-साना तर महत्त्वपूर्ण प्रदेश जित्ने प्रयासअन्तर्गत "शाके १६८५ (वि.सं. १८२०) मासे ७ दिनगता २० रोज ४ फर्पिङमा शत्रु भंग भयो (पन्त र अरू, वि.सं. २०२५ : ८५९) भनी लेखिएकोले वि.सं. १८२० कार्तिक २० गते बुधवारको दिन फर्पिङ गोरखा राज्यमा गाभिएको देखियो । यो मितिको पुष्टि एकथरी टिपोटमा अर्को "साके १६८५ मासे ७ दिनगत २० फपिं शत्रु भङ्ग भयो" (खनाल, वि.सं. २०२६: १६) भन्ने विवरणबाट भएको छ । यसै गरी यही मितिमा फर्पिङमा शत्रुभङ्ग भयो भनी लेखिएको पाइएको छ (पन्त र अरू, वि.सं. २०२५: ८५९) । यसबाट धार्मिक, सांस्कृतिक तथा साङ्ग्रामिक दृष्टिले महत्त्वपूर्ण फर्पिङ प्रदेश ललितपुर राज्यअन्तर्गत रहेन र यो मितिको ठिक ५ वर्षपछि अर्थात् वि.सं. १८२५ मा ललितपुर आफैँ पनि गोरखा राज्यमा विलय हुन पुग्यो ।

फर्पिङ वि.सं. १८२० मा गोरखा राज्यमा विलय भएको विभिन्न विवरणहरूबाट पुष्टि भइसकेको छ । तर यो प्रदेश विजय गरी दक्षिणतर्फबाट पनि नाकाबन्दी गर्ने योजनास्वरूप ने.सं. ८७३ चैत्र (वि.सं. १८०९) मा गोरखाले फर्पिङलाई आफ्नो अधीनमा पारेको थियो (लम्साल, (सम्पा.) वि.सं. २०२३: ७८) । यस क्रममा ने.सं. ८७७ कार्तिक (वि.सं. १८१३) मा भगवान् मच्छिन्द्रनाथको मूर्तिलाई पाटनमा ल्याउँदा गाउँका मानिस सहरमा र सहरका मानिस गाउँमा जान बन्देज गरिएकोले पाटनका काजीहरूले केही रुपियाँ गोरखाका राजा पृथ्वीनारायण शाहलाई बुझाई पाटन राज्यअन्तर्गतका ठैव, बोडे, चापागाउँ, ठेचो, सुनाकोठी, खोकना, बुङ्मती तथा फर्पिङ गाउँहरू पुनः आफ्नो राज्यमा समावेश गरिएको व्यहोरा परेको छ (ऐजन) । यसबाट फर्पिङ

वि.सं. १८०९ मा पहिलो पल्ट गोरखा राज्यअन्तर्गत पर्न गएको देखिन्छ भने वि.सं. १८१३ मा आएर स्वतन्त्र भई पाटन राज्यमा सम्मिलित भएको बुझिन्छ। यसताका पाटनमा राज्यप्रकाश मल्ल राजा थिए भन्ने देखिन्छ।

यसका साथै वंशावलीकारले यी गाउँहरूका प्रत्येक घरधुरीबाट रकम उठाई गोरखाका राजा पृथ्वीनारायण शाहलाई सापटस्वरूप रकम बुझाउनाका साथै पाटनका काजीहरूले आफ्ना गुमाएका गाउँहरू फिर्ता पाउन आवश्यक रकम बुझाएका यी दुई उदाहरणहरू यदि सत्य ठहरेमा गोरखाली राजाको यो कार्य पहिलो महत्त्वपूर्ण उदाहरणका रूपमा लिन सकिन्छ। यसबाट कर्णाली प्रदेशका मल्ल राजाहरू, तिरहुत राज्यका डोयहरूले उपत्यकामा प्रवेश गरी आर्थिक लाभ गरेका घटना जस्तै गोरखाली राजाले पनि सिको गरेको देखिन्छ।

वि.सं. १८२० मा फर्पिङ गोरखा राज्यमा समाहित भएपछि फर्पिङमा केही अप्रिय घटना घटेको बुझिन्छ। गोरखाका राजा पृथ्वीनारायण शाहले फर्पिङका काजी तौढिकको सुनाबिर्ता जफत गरेका थिए। वि.सं. १८६० आश्विनमा आएर मात्र सो जमिन फिर्ता गरिएको थियो (राष्ट्रिय अभिलेखालय, माइक्रोफिल्म इ.२३९२।१)।

यसरी फर्पिङको साङ्ग्रामिक महत्त्वका किल्ला, देवमन्दिर आदि मूर्त तथा अमूर्त सम्पदाहरू गोरखा राज्यको नियन्त्रणमा रहन गयो।

यसरी डेढ शताब्दीजति लामो समयसम्म स्वतन्त्र राज्यको रूपमा उपत्यकाको राजनैतिक तथा सांस्कृतिक इतिहासमा महत्त्वपूर्ण भूमिका भएको ललितपुर राज्यको अस्तित्व समाप्त भयो। उपत्यकाका तीनै मल्ल राज्यहरू कान्तिपुर, ललितपुर र भक्तपुरका मल्ल राजाहरू एकै वंशका भए तापनि यिनीहरू मूलभूत विषयमा एकताबद्ध नहुनु, आपसमा घात-प्रतिघात गर्नु, आक्रमण-प्रत्याक्रमण गर्नु, एकले दोस्रोसँग सन्धिद्वारा तेस्रो राज्यमा आक्रमण गर्नु, स्वार्थवश तुरुन्तै सन्धि भङ्ग गर्नु जस्ता विभिन्न नकारात्मक क्रियाकलाप राज्य विलयको प्रमुख कारण बन्न गएको थियो। यसमा पनि ललितपुरमा खास गरेर राजा योगनरेन्द्र मल्लपछि ६ प्रधान सर्वेसर्वा हुनु, राजाहरू कमजोर हुनु, अनधिकृत अर्थात् छिमेकी राज्यहरूका राजाहरूलाई राजा स्थापना गरिनु, राजाहरू चाँडोचाँडो फेरिइरहनु जस्ता गतिविधिले ललितपुर आफैं पनि आन्तरिक कारणहरूले झन्झन् कमजोर हुँदै गएको देखिन्छ। यसो हो तापनि उपत्यकाका मल्ल राजाहरूमा सामाजिक तथा सांस्कृतिक विषयमा भने समन्वय रहेको उदाहरण उल्लेखनीय मान्न सकिन्छ।

प्राचीनकालदेखिका अभिलेख, ताडपत्र, लालमोहर, चिठ्ठीपत्र आदि विभिन्न ऐतिहासिक सामग्रीको आधारमा यो राजनैतिक रूपरेखा खिचिएको हो । यी ऐतिहासिक सामग्रीका आधारमा राजा, भारदार तथा जनताले गरेका देनबारे मात्र चर्चा गरिएको छ । फर्पिङ प्रदेश प्राचीनकालमा केन्द्रबाट प्रत्यक्ष शासित थियो भने मध्यकालको पूर्वार्द्धमा सामन्त रूपका विषयपतिद्वारा यो प्रदेशको शासन चलेको थियो । केन्द्रका राजा कमजोर भएको मौका छोपी यी विषयपतिहरू आफूलाई स्वतन्त्र शासकको रूप दिने कुरामा प्रयत्नरत भएका तात्कालिक राजनैतिक घटनाहरूबाट थाहा हुन्छ । यसका लागि विभिन्न सन्धिमा समावेश भई आफ्नो प्रभाव देखाउने यी शासकहरूले फर्पिङलाई स्वतन्त्र राज्यको रूप दिन सकेको देखिँदैन ।

नेपालको पूर्वमध्यकालको इतिहासमा उल्लेख भएका मंग्वर, पन्नग, धवलश्रोत, उदयपुर, गण्डिगुल्म, आदि सामन्त शासित विषयहरूमध्येमा फर्पिङ नेपाल उपत्यका नजिकको 'विषय' भएको मान्न सकिन्छ । कालान्तरमा यो प्रदेश भक्तपुर (त्रिपुर) केन्द्रअन्तर्गत रही विभाजनपछि ललितपुर राज्यअन्तर्गत रहेको पाइन्छ । फर्पिङको राजनैतिक रूपरेखा कोर्दा प्रादेशिक एकाइको हैसियतले यो एउटा प्रभावशाली प्रदेश रहेको थियो । साथै यसले मध्यकालको राजनैतिक इतिहासमा यसको महत्त्वपूर्ण भूमिका रहेको तथ्य यस रूपरेखाबाट प्रस्ट हुन्छ ।

सांस्कृतिक सम्पदा

क. मन्दिरहरू

शिखरनारायण

फर्पिङका धार्मिक सम्प्रदायहरूमा वैष्णव सम्प्रदायको प्रसिद्ध देवस्थलको रूपमा शिखरनारायणलाई मान्न सकिन्छ। ऋक्षवन पर्वतको फेदी, शिखरिणी नदी र यज्ञगङ्गाको सङ्गमस्थलमा प्रसिद्ध विष्णुतीर्थ रहेको उल्लेख हिमवत्खण्डमा परेको छ। चट्टानदार पहाडको पहराको आडमा निर्मित यस मन्दिरको निर्माण-स्थलको छनोटले मन्दिर वरिपरिको वातावरणलाई आकर्षक पारेको छ। शेषनारायणमन्दिरको परिसरमा वैष्णव सम्प्रदायका अरू विभिन्न मूर्तिहरू स्थापना गरिएका छन्। यिनमा त्रिविक्रमको मूर्तिको महत्त्व रहेको छ। यसमा विष्णु भगवान्ले तीन पाइला जमिन नाप्न लागेको दृश्य अत्यन्त उच्च कलाकारिताले भरिएको छ।



शिखरनारायण मन्दिर

मन्दिर पुग्नुअघि निर्माण गरिएका दुईवटा पोखरीहरूले यस मन्दिर क्षेत्रको शोभा अरू बढाएका छन्। यी पोखरीहरूका नाम उत्तरतर्फबाट प्रवेश गर्दा दायाँतर्फको गोसाईंकुण्ड र वायाँतर्फकोलाई सूर्यकुण्ड भनिएको पाइन्छ। गोसाईंकुण्डको बिचमा सूर्यको मूर्ति रहेको छ। यी कुण्डहरूका बिचमा गणेश र महादेवका मूर्तिहरू स्थापना गरिएका छन्। यी पोखरीहरू भएर माथि शिखरनारायण मन्दिरमा जाने दुईतर्फको बाटो उक्लिसकेपछि मन्दिरको प्राङ्गणमा पुग्न सकिन्छ।



मन्दिर पुग्ने सिँढीहरू

पोखरीमा रङ्गीचङ्गी साना-ठुला माछाहरू आकर्षक रहेका छन्। ती माछा मार्न हुँदैन र मारेमा सो व्यक्तिको घटनास्थलमै मृत्यु हुन्छ भन्ने जनविश्वास रहेको कुरा कर्कप्याट्रिकले उल्लेख गरेका छन् (कर्कप्याट्रिक १९८६: पुनर्मुद्रण ७५) यो विश्वास जनमानसमा अद्यापि विद्यमान छ। एउटा पोखरीबाट अर्को पोखरीमा पाइपद्वारा पानी जम्मा गरिएको र सो पोखरीको पानी माथिदेखि नै गरुडनारायण, उमामहेश्वर, नारायण आदि विभिन्न देवीदेवताका शिलामूर्तिहरूले पोखरीको भव्यतालाई अरू बढाइदिएको छ। तीमध्ये शेषनारायण मन्दिर उक्लने सुरुका सिँढीसँगै वासुकिकुण्डको डिलमा दुईवटा उमामहेश्वरका शिलामूर्ति रहेका छन्। यी ठुला र साना दुवै मूर्तिहरू निकै सुन्दर र आकर्षक देखिन्छन्। उमामहेश्वरको मूर्तिलाई शिव र शक्तिको रूपमा पूजा-आजा गर्ने चलन लिच्छविकालदेखि चल्दै आएको छ। यसैअनुसार यहाँका मूर्तिहरू पनि कुँदिएका छन्।



पोखरीको दक्षिण डिलमा रहेको उमामहेश्वर



पोखरीकिनारामा स्थापित उमामहेश्वरका मूर्तिहरू

यस पोखरीको नाम वासुकिकुण्ड रहेको कुरा वंशावलीहरूमा पाइन्छ। यस कुण्डको पवित्र जलले नुहाई शिखरनारायणको दर्शन गरेमा पुण्य मिल्छ भन्ने जनधारणा छ। यही जल नारायणलाई स्नान गराउने, पूजाआजा गर्ने कार्यमा प्रयोग गरिने परम्परा चल्दै आएको छ।

शिखरनारायण मन्दिर परिसरमा अवस्थित वासुकिकुण्डको सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण स्थान रहेको छ। यहाँ एक साल बिराएर वर्षको पहिलो दिनमा विशेष पर्व मनाइने प्रचलन छ। यस कुण्डमा नागराजा तथा नागरानीको रूपमा सल्लाको काठ दहमा चढाउने गरिन्छ। फर्पिङको प्रसिद्ध दक्षिणकाली

मन्दिरको माथि थसी गाउँस्थित काजीवनबाट सल्लाका दुईटा लामा काठहरू ल्याउने परम्परा छ। यी काठहरू फर्पिङ सात टोलको नेवार समुदायले नागराजा र ४ टोलका समुदायले नागरानीको रूपमा काठहरू तानेर ल्याउने गर्दछन्। यसपछि शेषनारायण मन्दिरका पुजारी वासुकि नाग राजाको पूजा गरी एउटा पानीको घडा चढाउने तथा नागराजा र नागरानी स्वरूपका काठहरू यही कुण्डमा अर्पण गरिन्छ तर यी काठहरू बाहिर निकाल्न वर्जित छ। यहाँ पचासौं वर्षदेखिका काठहरू कुण्डमा देख्न सकिन्छ भने यसभन्दा अघिका काठहरू मक्किएर धुलो भई हिलोमा परिणत हुँदै जाने गरेको अवस्था छ भन्ने स्थानीय व्यक्तिको भनाइ छ। वासुकि कुण्डसँगैको कुण्ड 'सरस्वतीकुण्ड' र सरस्वतीकुण्डसँगैको अर्को गोलो कुण्ड 'भैरवकुण्ड' मानिएको छ।



वासुकिकुण्ड

फर्पिङमा केही गरी अनावृष्टि भए फर्पिङवासीहरू वासुकिको कुण्डबाट नृसिंह मन्दिरसम्म पङ्क्तिबद्ध बसी गाग्रोमा कुण्डको पानी थापी नृसिंहको मुखमा नभरुन्जेल खन्याई पानीको लागि आह्वान गर्ने प्रचलन छ। कहिले दुई सय त कहिले भने तीन सयभन्दा बढी गाग्रीको पानी खन्याएपछि मुखमा पानी भरिने गरेको र यसपछिमात्र यस कार्यका सहभागीहरू सहर परिक्रमा गर्ने प्रचलन छ। यस अवसरमा सहरका प्रत्येक घरले परिक्रमा गर्ने सहभागीहरूमाथि पानी खन्याएर महादेवसँग पानी माग्ने चलन भएको कुरा

जानकार गौरीनारायण श्रेष्ठबाट थाहा भएको छ। यो कार्यक्रम सकिएपछि नै वर्षा हुने गरेको भनाइ छ।

नेपालको धार्मिक तथा सांस्कृतिक इतिहासमा नागपूजाको महत्त्वपूर्ण स्थान रहेको छ। प्राचीनकालदेखिको नागको पूजा गर्ने प्रचलन मध्यकालमा आएर अरू वृद्धि भएको पाइन्छ। मन्दिर, दरबार आदि स्थानमा पोखरी निर्माण गरी पोखरीको बिचमा फणायुक्तनागस्तम्भ स्थापना गरिएको उदाहरण धेरै पाइन्छ। यो चलन उपत्यकामा मात्र सीमित नरही बाहिर गाउँगाउँमा पनि पाइन्छ। नागपञ्चमीको दिन नागको विशेष पूजा गर्नुका साथै खडेरी परेको समयमा नाग पूजा गरी पानी माग्ने प्रथा अद्यापि छ।

यहाँ खानेपानी तथा ढल निकास संस्थान ललितपुरद्वारा वि.सं. २०५२ मा पाँच धाराहरूको निर्माण गरिएको हुँदा तीर्थयात्री आदिको लागि निकै सुविधा मिलेको थियो। तर हाल यी धाराहरूमा पानी आउन छाडेको छ। यी पाँच धाराहरूसँगै तल्लो भागमा पार्कको निर्माण हुनसके शेषनारायण मन्दिर क्षेत्रको आकर्षणमा यसले थप योगदान पुग्ने विश्वास गर्न सकिन्छ।

काठमाडौँको पौराणिक, ऐतिहासिक तथा धार्मिक दृष्टिले महत्त्वपूर्ण साँखुको शालीनदीमा एक महिना लामो स्वस्थानी व्रतकथाअन्तर्गत माधवनारायण यात्राको सिलसिलामा व्रतालुहरू माधवनारायणको मूर्तिसहित सम्बद्ध देवस्थलहरूको परिक्रमा गर्ने परम्परा छ। यस क्रममा व्रतालुहरू नाङ्गो खुट्टासहित फर्पिङको शेषनारायणको यात्रा र त्यहाँ पूजाआजा गर्ने परम्परा रहिआएको छ।

साँखुको शालीनदीस्थित माधवनारायणस्थानबाट फर्पिङस्थित शेषनारायणस्थानको परिक्रमा गर्न खाली खुट्टा प्रस्थान गरेका व्रतालुहरूसँग सावा र कजीहरू पनि रहेका हुन्छन्। सावाहरूले शङ्ख फुकी यो समूहको अगुवाइ गर्दछन् भने कजीले माधवनारायणमूर्तिलाई कपडाले वेरी बोक्ने जिम्मेवारी लिएको हुन्छ। यसै गरी केही सहयात्रीहरूले सहश्रधारालाई काँधमा बोकी परिक्रमा गर्दछन्। यो अवस्थामा व्रतालुको समूह पशुपतिनाथ मन्दिर, नारायणहिटीस्थित नारायणमन्दिरको परिक्रमा र पूजा गर्दै फर्पिङ पुग्ने प्रचलन छ।

यी व्रतालुहरू औंसीको दिन फर्पिङमा वास बसी भोलिपल्ट परेवा तिथिमा बिहान शेषनारायण मन्दिर परिसरमा स्नान गरी शेषनारायणका पुजारीको पुरोहित्याइमा माधवनारायणको पूजाआजा सम्पन्न गरी शेषनारायण मन्दिरको परिक्रमा र दर्शन गर्ने परम्परा छ। यी व्रतालुहरूले गीतगोविन्द भजन गाउँदै

सहरका प्रत्येक टोलको परिक्रमा गर्ने र यस अवसरमा टोलका प्रत्येक डबलीमा शङ्ख फुक्दै गोपालेश्वरमन्दिरमा जाने परम्परा छ । यसपछि व्रतालुहरू सोखेल, खोकना, लगनखेल, शङ्खमूल हुँदै साँखु फर्की यो धार्मिक यात्रा सम्पन्न गर्ने परम्परा छ। यसबाट फर्पिङका शेषनारायणको माधवनारायणको व्रतसँग प्रत्यक्ष तथा महत्त्वपूर्ण सम्बन्ध रहेको देखिन्छ ।

पोखरीको सुरुमा अगाडि पर्खालको सट्टा काठको आँखीझ्याल भएको एउटा बन्द मन्दिरभित्र राधाकृष्णको मूर्ति स्थापना गरिएको छ । यसको स्थापना कहिले भएको थियो भन्ने थाहा पाउन सामग्रीको अभाव छ र अन्य सामग्रीहरूमा राधाकृष्णको उल्लेख पाइँदैन । यो मन्दिरको निर्माण शाहकालतिर भएको थियो भन्ने देखिन्छ ।



राधाकृष्ण मन्दिरभित्र रहेका कृष्ण र गोपिनीहरू

यस मन्दिरअगाडि गरुड र हनुमान्‌का शिलामूर्ति रहेका छन् । वैष्णव धर्मावलम्बीले भगवान् विष्णु अर्थात् नारायणलाई गरुडको मूर्ति अर्पण गरेको उदाहरण सर्वत्र पाइन्छ। विष्णुको प्रिय वाहन गरुडमूर्ति नारायण मन्दिर परिसरमा देख्न सकिन्छ। यसैले यो शेषनारायण मन्दिर परिसरमा गरुडका केही मूर्ति देख्न सकिन्छ।

त्यसै गरी हनुमान्‌लाई हिन्दु धर्मावलम्बीहरूले बलवान् देवताको रूपमा पूजा गर्ने परम्परा छ । हनुमान्‌को मूर्ति प्रायः गरेर वैष्णव सम्प्रदायअन्तर्गतका मन्दिरहरूमा देख्न सकिन्छ। हनुमान्‌को मूर्ति स्थापना गरेमा त्यस स्थान

वरिपरि अनिकाल पर्दैन, रोगको डर हुँदैन, शत्रु आउन सक्दैन, वज्र पर्दैन, भूतप्रेत, सर्प आदिको डर हुँदैन भन्ने धार्मिक विश्वास छ (पन्त, वि.सं. २०२१: २६–३०)।

मन्दिरअगाडि गरुड र हनूमान्का शिलामूर्ति

गरुडमूर्तिमा ने. सं. ७९९ (वि.सं. १७३५) को अभिलेख कुँदिएको छ (परिशिष्ट १: १९)। त्यसमा ललितपुर राज्यका प्रसिद्ध राजा श्रीनिवास मल्लका मन्त्री भगीरथ भैयाद्वारा शिखरनारायणमा भक्तिपूर्वक गरुड स्थापना गरिएको बेहोरा रहेकोले यो गरुडमूर्ति राधाकृष्णलाई चढाएको नभएर शिखरनारायणलाई अर्पण गरिएको कुरो स्पष्ट हुन्छ। तर यो मूर्ति कसरी यहाँ रहन गयो भन्ने कुरा अस्पष्ट छ। यहाँ जस्तै गरुड र हनुमान्का शिलामूर्तिहरू शिखरनारायण मन्दिरको प्राङ्गणमा पनि स्थापना गरिएका छन्। शिखरनारायणमा अर्पण गरिएको यस अभिलेखसहितको मूर्ति शिखरनारायण मन्दिर प्राङ्गणमा राखिनु उचित देखिन्छ।

धार्मिकस्थल वासुकिकुण्डसँगै दुई शिवालयहरू रहेका छन्। तीमध्ये राधाकृष्ण मन्दिरसँगै अगाडि निर्माण गरिएको गुम्बज शैलीको सुन्दर शिवालयभित्र यो शिवलिङ्ग स्थापना गरिएको छ।

यस शिवालयको स्थापना कुन समयमा कसले गरेको हो भन्ने कुरा जानकारी दिने वि.सं. १९१३ को अभिलेखमा जगत्‌जितसिंह बस्नेतको नाममा

जगत्मुक्तेश्वर मन्दिर स्थापना गरिएको देखिन्छ (परिशिष्ट १:४५)। यी जगत्सिंह बस्नेतले वि.सं १९१२ मा नेपाल-भोट युद्ध हुँदा झुङ्गाको लडाइँमा वीरगति प्राप्त गरेका थिए। यिनका पत्नी कृष्णकुमारी तथा छोराहरू हिकमतसिंह, बखतसिंह, डम्बरसिंह र हेमदलसिंह बस्नेतले आफ्ना पिताको मुक्तिका लागि गुठीसमेत राखी जगत्मुक्तेश्वर महादेवको स्थापना गरी शिवालयको पूर्वपट्टि शिलास्तम्भमाथि शिलाकै सालिक स्थापना गरिएको छ। प्राचीन कालदेखि नै व्यक्तिको नामबाट देवताको स्थापना गर्ने परम्परा रहेको र त्यही परम्पराको अनुसरण यहाँ गरिएको देखिन्छ।

जगत्जितसिंह बस्नेतको सालिक

यस शिव मन्दिरको पूर्वपट्टि सडकसँगै अर्को एउटा शिवालय रहेको छ। मन्दिरको आकारमा नभई चारैतिरबाट पर्खालले घेरी बिच भागमा शिवलिङ्ग स्थापना गरिएको छ भने भित्र पर्खालका वरिपरि गणेश, नारायण, देवीका शिलामूर्तिहरू पाञ्चायन शैलीमा स्थापना गरिएका छन्। बाहिर प्रस्तरको साँढेको मूर्ति स्थापना गरिएको छ भने यसको दायाँ र बायाँ गरी दुईवटा धर्मशालाको निर्माण गरिएको छ। यस शिवलिङ्गलाई नर्मदेश्वर महादेव भनी दैनिक पूजाआजा गरिने परम्परा रहेको छ।

नर्मदेश्वर शिवालय

यसको स्थापना कुन समयमा कसले गरेको हो भन्ने कुरा निर्णय गर्ने ऐतिहासिक सामग्रीको अभाव छ। फर्पिङभेकका शैव सम्प्रदायअन्तर्गतका गोपालेश्वर, तिलविक्रमेश्वर, अघोरेश्वर, नन्दीकेश्वर आदिको उल्लेख विभिन्न ऐतिहासिक पत्रहरू (परिशिष्ट २: १८ र २८) तथा अभिलेखमा (परिशिष्ट १: ४७) परेका छन्। तर यस नर्मदेश्वरको उल्लेख भने पाइएको छैन। यस बाहेक यो शिवालयसँगै अगाडि बाटोको छेउमा गणेशको एउटा सानो मन्दिर रहेको छ, जसमा शिलाको गणेशमूर्ति हालसालै स्थापना गरिएको छ।

वासुकिकुण्डबाट ढुङ्गे सिँढी चढेपछि शिखरनारायणको प्रसिद्ध मन्दिर पुगिन्छ। मन्दिरको अगाडि भक्तहरूद्वारा चढाइएका दुई घण्टाहरू झुण्ड्याई राखिएका छन्। ती दुईमध्ये एउटा घण्टामा वि.सं. २०३५ मा सतीखेलनिवासी नरबहादुर खत्रीले चढाएको (परिशिष्ट १: ५६) तथा अर्को घण्टा वि.सं. २०४० मा गेल टोलमी आदिले हरिबोधिनी एकादशीमा अर्पण गरेको (उही : ६०) बेहोरा उल्लेख भएको छ। भक्तजनहरूले देवदेवीलाई प्रसन्न पार्न घण्टा, शङ्ख, कलश, पञ्चपात्र, आचमनी आदि पूजासामग्री चढाउने चलन प्राचीनकालदेखि चल्दै आएको छ।

शिखरनारायण मन्दिरका दुवै छेउमा विभिन्न मितिका शिलापत्रहरू ठड्याई राखिएका छन् । ती अभिलेखहरूमा शिखरनारायणप्रति विभिन्न पूजाआजा गर्ने आदि विषयका बेहोरा कुँदी राखिएका छन् । मन्दिरको बायाँपट्टि विभिन्न देवदेवीका मूर्तिहरू पनि स्थापना गरिएका छन् । तीमध्ये वामनावतारको मूर्तिको महत्त्व उच्च रहेको छ । यस किसिमको मूर्ति स्थापना गर्ने प्रचलन नेपालमा लिच्छवि राजा मानदेवको पालादेखि चल्दै आएको देखिन्छ । ती सबै मूर्तिहरू फलामे जालीद्वारा छोपेर राखिएका छन् । यहाँको महत्त्वपूर्ण मूर्तिमा त्रिविक्रम मूर्तिलाई विद्वान्हरूले १४ औं शताब्दीताकाको मानेका छन् ।

शिखरनारायण मन्दिरको बायाँपट्टि पहराको आडमा एउटा ओडारभित्र पस्ने बाटो अर्थात् ढोका रहेको छ । यो ढोकाबाट भित्र गएर गोरखनाथ गुफामा पुगिन्छ भन्ने भनाइ रहेको छ । यहीं बौद्ध तान्त्रिक गुरु पद्मसम्भवले तपस्या गरेका थिए भन्ने अनुश्रुति पनि रहेको छ । आजसम्म पनि बौद्धधर्मावलम्बी यहाँ आएर प्रज्ञापारमिता जस्ता ग्रन्थहरू पाठ गर्ने परम्परा रहेको छ । यो धार्मिक पर्यटनको दृष्टिले महत्त्वपूर्ण तीर्थको रूपमा देखा परेको छ ।

परापूर्वकालदेखि मानव जातिले विभिन्न प्रयोजनका लागि गुफाको प्रयोग गर्दैआएको इतिहास छ । खास गरेर वास बस्न, आश्रय लिन, सामग्री सङ्ग्रह गर्न, तपस्या वा ध्यान गर्न सुरक्षित स्थानको रूपमा प्रयोग गर्ने जस्ता उद्देश्य पूर्तिका लागि यी प्राकृतिक गुफाहरू प्रयोग हुँदै आएको देखिन्छ । नेपालको डोटी जिल्लाको मान्नाकापडी गाउँ विकास समितिका गुफाहरूमा तेह्र दिनसम्म किरिया बस्ने परम्परा रहेको छ । किरिया बस्नेले अर्को व्यक्तिलाई छुन नहुने, आँखाबाट महिला टाढा रहनुपर्ने जस्ता विभिन्न कारणले पनि गुफा उपयुक्त स्थान मानिएको छ (गोरखापत्र, वि.सं. २०७२ ज्येष्ठ ९ गते) । नेपालका विभिन्न प्रदेशहरूमा धेरै गुफाहरू रहेका छन् । यीमध्ये फर्पिङको शिखरनारायण मन्दिरसँगै बायाँतर्फ अवस्थित गुफामा प्रसिद्ध बौद्ध भिक्षु पद्मसम्भवले तपस्या गरेका भनिएकोले फर्पिङमा यो प्रसिद्ध गुफा मानिन्छ । धार्मिक दृष्टिले महत्त्वपूर्ण यो गुफा पर्यटकीय दृष्टिले पनि महत्त्वपूर्ण साबित भएको छ । यो गुफाबाट अरू अगाडि बढे गोरखनाथ स्थानसम्म पुग्न सकिन्छ भन्ने जनविश्वास रहेको छ । यो गुफा भई गोरखनाथस्थानस्थित गुफा पुग्नेसम्म मार्ग रहेको हो भन्ने साबित भएमा यसबिच कुनै न कुनै च्याम्बर हुन सक्ने कुराको अनुमान गर्न सकिन्छ । यसबारेमा खोजी गरी सत्य-तथ्य प्रकाशमा ल्याउन सके यो स्थान आन्तरिक तथा बाह्य पर्यटकहरूका निमित्त महत्त्वपूर्ण आकर्षक पर्यटकीय गन्तव्यस्थल हुन सक्ने कुरामा विश्वास लिन सकिन्छ ।



शिखरनारायण मन्दिरको वायाँपट्टि रहेको पहराको प्रवेशद्वार र भित्रीभाग

शिखरनारायण मन्दिर पहराको आडमा बनाइएको हुँदा यसको वास्तुकला शिखर शैलीमा नभई मण्डप शैलीमा निर्माण गरिएको देखिन्छ। पश्चिमपट्टि पहराको भित्ता रहेकोले मन्दिरभित्र उज्यालो नआउने हुँदा ढोकाको अगाडि अर्थात् पूर्वी भागमा काठका आँखीझ्याल लगाइएका छन्। जमिनदेखि दुई तह उठाई निर्माण गरिएको यो मन्दिरको छाना तामाको रहेको छ। मन्दिरको टुँडालहरूमा स्त्री-पुरुषहरूको रतिलीला प्रदर्शन गरिएका आकर्षक चित्रहरू कुँदिएका छन्।



मन्दिरका छाना र टुँडालहरू

एउटै प्रवेशद्वार मात्र रहेको यो सुन्दर मन्दिरभित्र शिलाको नारायणमूर्ति स्थापना गरिएको थियो । सो मूल मूर्ति चोरिएको हुँदा त्यसको सट्टामा नारायणकै अर्को शिलामूर्ति स्थापना गरिएको छ । यो मूर्तिसँगै दायाँपट्टि प्राकृतिक शिला रहेको छ । त्यसलाई नृसिंहनारायण मानी पूजाआजा गरिने परम्परा रहेको छ ।

शिखरनारायणको नयाँ मूर्ति

नृसिंहनारायण

शिखरनारायणको दैनिक तथा पर्वपूजाका लागि विभिन्न भक्तद्वारा विभिन्न मितिमा गुठी चढाइएका छन् । यहाँका पुजारी राजोपाध्याय ब्राह्मण हुने चलन छ । यिनै पूजारीद्वारा गुठीको आयस्रोत उपयोग गरी नारायणको पूजाआजा चलाउने व्यवस्था बाँधिएको देखिन्छ । ललितपुरका राजा राज्यप्रकाश मल्लले आफ्नो राज्यअन्तर्गतको शिखरनारायणको पूजाआजाका लागि गुठीको व्यवस्था गरेका थिए (परिशिष्ट १: २६)। यसै गरी शाह राजाहरूले पनि गुठी राखेका उदाहरणहरू पाइएका छन् । वि.सं. १८६४ मा शिखरनारायण आदि विभिन्न प्रसिद्ध देवीदेवताका पूजाआजा सञ्चालन गर्ने विषयमा खटपट हुँदा यसको निर्णय गरिएको थियो । यी देवस्थलको गुठीको खेत जाँचकीले खारेज गर्दा यी देवताहरूको पूजाआजा विखण्डित भएकोले शाह राजा गीर्वाणयुद्धविक्रम शाहबाट पुनः गुठीको व्यवस्था भई पूजाआजा सञ्चालन गराइएको बेहोरा एउटा पत्रमा परेको छ (परिशिष्टः ३३)। शाह राजाहरूबाट देवमन्दिरहरूको निर्माण, जीर्णोद्धार जस्ता रचनात्मक कार्य भई धर्म-संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने पक्षमा महत्त्वपूर्ण योगदान रहिआएको कुरा स्पष्ट छ ।

इतिहास-संस्कृतिको जगेर्ना गर्ने, आर्थिक स्रोत बढाउन जमिन बाँझो छाड्न हुँदैन, वृक्षरोपण कार्य हुनु आवश्यक छ भन्ने जस्ता कतिपय रचनात्मक कार्यमा राणा शासकहरूको दृष्टि नपरेको होइन । यस सन्दर्भमा प्राइमिनिस्टर जङ्गबहादुर राणाको आदेशलाई उदाहरणार्थ प्रस्तुत गर्न सकिन्छ (परिशिष्ट २ :३८)। यिनको आदेशानुसार कमान्डर इनचिफ रणोद्दीपसिंहद्वारा अमृतनारायण देउभाजुलाई लेखिएको पत्रअनुसार शिखरनारायण राजगुठीमा पर्दथ्यो भन्ने देखिन्छ । यस गुठीअन्तर्गतका देवमन्दिरहरूको जीर्णोद्धार गर्नपर्ने अघिदेखिको सनदपत्रमा उल्लिखित पुजाहारी, गुठियार, कामदारलाई विनाअपराध वर्खास्त गर्न नपाइने, वाढी, पैरो, असिना जस्ता प्राकृतिक तथा दैवी प्रकोपको कारण परी मोहीले रकम बुझाउन नसके माफी दिनु तर मन्दिरको पूजाआजा कत्ति नघटाई सर्तअनुसारको ठेक बुझाउनुपर्ने व्यवस्था बाँधिएको थियो । यसबाट शिखरनारायणको पूजाआजा नरोकिने, मनपरी नहुने तथा सरकारी आयस्रोत नघट्ने, दुरुपयोग हुन नदिने गरी व्यवस्था बाँधिएको पाइन्छ । गुठीसम्वन्धी अरू उदाहरणहरू यस सङ्ग्रहमा परेका छन्, जसको व्याख्या यथास्थानमा गरिने छ ।

मन्दिरअगाडि रहेको भक्तको मूर्ति

फर्पिङका प्रसिद्ध शिखरनारायणलाई त्यहाँका शासकहरूले ठुलो महत्त्व दिएका थिए। ने.सं.५५२ (वि.सं.१४८८) को अभिलेखमा "श्रीश्रीशिखर-नारायणचरणसेवितसुरकीवंशावतंसश्रीराउत्तसभूज्यमानराज्ये" उल्लेख गर्दै "शिखरनारायणको पाउको सेवा गरेको सुरकी कुलका गहना जस्ता सबै राउत्तहरूले पालना गरिएको राज्यमा" भनी स्पष्टसँग शिखरनारायणलाई महत्त्वपूर्ण स्थान दिइएको पाइन्छ (परिशिष्ट १: ११)। । इष्टदेवता अर्थात् प्रसिद्ध देवताको पाउको अनुग्रह पाएको भन्ने चलन लिच्छविकालमा पनि थियो। महासामन्त अंशुवर्माले भगवान् पशुपतिनाथका पाउको अनुग्रह पाएका भनी अभिलेखहरूमा कुँदाएका पाइन्छन्। यो परम्परा शाहकालसम्म पनि चल्दै आएको छ।

भाषावंशावलीअनुसार कान्तिपुरका चौतारा लक्ष्मीनारायण जोशीले कान्तिपुरका राजकाजमा हालीमुहाली गर्न नपाउने भएकाले राजकुमार महीपतेन्द्र मल्ललाई सदाका लागि पन्छाउने षडयन्त्र रचेअनुसार वि.सं. १७४४ भाद्रमा पशुपतिनाथका पुजारी राघवानन्द स्वामीको घरमा शरणार्थीको रूपमा लुकेर बसेका महीपतेन्द्र मल्ललाई निर्ममतापूर्वक मार्न लगाएका थिए (वज्राचार्य र अरू, वि.सं. २०१९ : १८९)। यिनै राजकुमारको काटिएको टाउको देखी प्रसन्न भएपछि यस पापबाट मुक्ति पाउन प्रायश्चित्तस्वरूप शिखरनारायणको पूजाआजा गरेका थिए। यसबाट फर्पिङका शिखरनारायणको महिमा त्यसताका खुब थियो भन्ने देखिन्छ।

फर्पिङका अन्य देवदेवीहरूमध्ये प्रसिद्ध देवस्थलको रूपमा शिखरनारायण प्राचीनकालदेखि विद्यमान रहेको हुँदा त्यहाँका प्रसिद्ध हरिशङ्करयात्रामा यसको खट समावेश गरिने परम्परा छ। यो शिखरनारायण मन्दिर क्षेत्रलाई सुन्दर अवस्थामा पुऱ्याउने महत्त्वपूर्ण योगदान राजा महेन्द्रवीरविक्रम शाहको रहेको पाइन्छ। वि.सं. २०१७ मा यिनले सिँढी, चोक, मन्दिर आदिमा ढुङ्गा छापी सिमेन्टको नयाँ बाटोको निर्माण गराएका थिए। यस बाहेक विश्राम स्थलहरू र पोखरी मन्दिरहरूको जीर्णोद्धारको साथै सम्पूर्ण क्षेत्रलाई आकर्षक बनाउने कार्य उनले सम्पन्न गराएका थिए (परिशिष्ट १: ५३)।

वज्रयोगिनी

शिखरनारायणमन्दिरबाट फर्पिङ बजार हुँदै गोरखनाथ मन्दिर जाने बाटोमा वज्रयोगिनीको सुन्दर मन्दिर रहेको छ।



वज्रयोगिनीको मन्दिर

नेपाली शैलीमा निर्मित यस मन्दिरको प्राङ्गणमा सुन्दर सानो चैत्यको स्थापना गरिएको छ भने पश्चिमपट्टि पाटीको पछाडि वि.सं. १९३७ मा निर्मित यस्तै सानो चैत्यको निर्माण गरिएको छ। वज्रयोगिनीको मूल मूर्ति पहिलो तलामा स्थापना गरिएको छ भने रथारोहण गराई परिक्रमा गराउनाको लागि छुट्टै धातुको मूर्ति रहेको छ। वज्रयोगिनीलाई बौद्ध धर्मावलम्वीहरूद्वारा ठुलो श्रद्धाका साथ पूजाअर्चना गर्ने गरिन्छ। यी दुई मूर्तिका बिच भागमा भित्तामा विभिन्न मितिका पछिल्लाकालका शिलापत्रहरू टाँसी राखिएका छन्। यस मन्दिरमा रहेका शिलालेखहरूमध्ये भऱ्याङनिर राखिएको वि.सं. २०२७ को अभिलेखबाट हेरामायाको प्रयासमा केही रकम उठाई मन्दिरको जीर्णोद्धार गरिएको तथा वज्रयोगिनीदेवीको कलेवर फेरी प्रतिष्ठा गरिएको कुरा परेको छ (परिशिष्ट १: ५६)। हिन्दु तथा बौद्ध धर्मावलम्वीहरूको उत्तिकै श्रद्धापात्र यो देवस्थल फर्पिङको प्रसिद्ध मन्दिरहरूमा पर्दछ। प्रत्येक वर्ष वैशाखपूर्णिमामा बुद्धजयन्ती भव्यताका साथ मनाउने परम्परा छ। यस अवसरमा वज्रयोगिनीको मूर्तिलाई खटमा राखी बजार परिक्रमा गर्ने गरिन्छ। यसमा सवै धर्मका अनुयायीहरूको सहभागिता रहेको पाइन्छ।

वज्रयोगिनीको खटजात्रा

फर्पिङमा शैव, वैष्णव, शाक्त तथा बौद्ध सम्प्रदायका विभिन्न देवदेवीका धार्मिक स्थलहरू आजकल पनि देख्न सकिन्छ। विभिन्न सम्प्रदायका विभिन्न धार्मिक स्थलहरू प्राचीनकालदेखि विद्यमान रहेका छन्। बौद्ध धर्मसम्बन्धी देवस्थलहरूमध्येको वज्रयोगिनीलाई श्रद्धाको रूपमा मानी देवीको मन्दिर वरिपरि स्थापना गरिएका चैत्यहरू रहेका छन्। मध्यकालका ऐतिहासिक सामग्रीहरूमा विभिन्न बहालहरूको उल्लेख परेका नामहरूको चलनचल्ती अद्यापि रहेको हुँदा बौद्ध धर्मको प्रचार-प्रसार त्यसैताका निकै भएको मान्न सकिन्छ। त्यहाँस्थित गगनकीर्तिविहार, खाबहाल, देगुबहाल, गोलबहाल, नन्दबहाल, इकुबहाल जस्ता धेरै बहालहरूले बौद्ध धर्मप्रति जनताको आस्थाबारेमा निकै प्रकाश पारेको पाइन्छ। आज बौद्धधर्मावलम्बीहरूका लागि फर्पिङ जसरी आकर्षणको केन्द्र बनी विभिन्न गुम्बाहरूको निर्माण गर्ने जस्ता बौद्ध धर्मसम्बन्धी धार्मिक क्रियाकलापमा वृद्धि भइरहेको छ जो आज आएर मात्र सुरु नभएर यसको पूर्वाधार प्राचीनकालमा बसिसकेको थियो भन्ने कुरा थाहा पाइन्छ। यसरी हिन्दु तथा बौद्ध धर्मावलम्बीहरूका लागि पनि उत्तिकै श्रद्धा-भक्ति भएका वज्रयोगिनी, शिखरनारायण जस्ता देवस्थलहरूको महत्त्वपूर्ण भूमिका छ।

गोरखनाथ

वज्रयोगिनी मन्दिरदेखि पश्चिमतर्फ डाँडामा गोरखनाथको प्रसिद्ध देवस्थल रहेको छ। यो डाँडा अर्थात् पर्वतको नाम 'लुसिपाक' रहेको कुरा ने.सं. ७९३ (वि.सं. १७२९) को गोरखनाथ स्थानको अभिलेखबाट प्रस्ट भएको छ। यस अभिलेखबाट गोरखनाथ पादुकाबारे निकै प्रकाश परेको छ।



गोरखनाथको पादुका

यस पर्वतको दक्षिणी पाखामा अवस्थित पादुकास्थान तुलसी मठको आकारमा जमिनबाट एक तह उठाई त्यसमा चारैतर्फ खम्बा ढलान गरिएको छ। त्यस छतमा चैत्य शैलीको मन्दिर निर्माण गरिएको छ। तल्लो मण्डपमा पादुका स्थापना गरिएको छ। ने.सं. ५११ (वि.सं. १४४७) मा प्रसिद्ध राजा जयस्थिति मल्लको राज्यकालमा तथा जयथसिंहले प्रशासन चलाइरहेको समयमा अचिन्तनाथले शिलाको गोरखपादुका निर्माण गरी प्रतिष्ठा गरेको बेहोरा अभिलेखमा दिइएको छ (परिशिष्ट १: ८)। यस अभिलेखमा यस पहाडको नाम 'ऋषितट' दिइएको छ भने ने.सं. ७९३ (वि.सं. १७२९ को अभिलेखमा 'लुसीपाकु' भनिएको छ। मध्यकालको पूर्वार्द्धमा संस्कृत भाषामा 'ऋषितट' र उत्तरार्द्धमा जनभाषा अर्थात् नेवारी भाषामा 'लुसीपाकु' भनिएको बुझिन्छ (परिशिष्ट १: १७)।

ने.सं. ५११ (वि.सं. १४४७) मा गोरक्ष पादुकाको प्रतिष्ठापन गरिएकोमा (परिशिष्ट १:८) ने.सं.७९३ (वि.सं. १७२९) मा छत, तोरण र देवलको निर्माण गरी प्रतिष्ठा गरिएको थियो (परिशिष्ट १:१७)। दर्शनधारी सुमन जुगी (योगी), जयनित जुगी आदि विभिन्न जोगीहरूको समूहद्वारा फर्पिङका मानसिंह भारो प्रमान भएको बखतमा यो धार्मिक कार्य सम्पन्न भएको थियो। यी योगीहरूले गुठीस्वरूप दिएको नगदबाट प्रतिवर्ष पूजाआजा गरी यसको जीर्णोद्धार गर्नुपर्ने उल्लेख छ। मन्दिरभित्र मूर्ति पनि राखिएको हुँदा यस देवस्थानको अवस्था सन्तोषजनक रूपमा रहेको पाइन्छ। यो गोरक्ष पादुकासँगै एउटा चट्टानदार गुफा रहेको छ। यो गुफालाई 'गोरखनाथ गुफा' भनिन्छ।

गोरखनाथ गुफाको प्रवेशद्वार र यसको भित्री भाग

यस प्राकृतिक गुफामा एउटा प्वाल रहेको छ जसबाट शीतल, स्वच्छ हावा बहने गर्दथ्यो, तर हाल सो प्वाल छोपिएको हुँदा यसबाट दर्शनार्थी अनभिज्ञ रहन गएको देखिन्छ। एक मिटर जति भित्र देख्न सकिने सो प्वाल केही बर्ष अगाडि तलतिर मोडिएको देखिन्थ्यो। सो प्वाल सुरुङको सुरुवात अर्थात् मुख हो र त्यहाँबाट सुरु भई शिखरनारायण मन्दिरको दायाँपट्टि रहेको प्वाल छुन पुगेको छ भन्ने स्थानीय बुढापाकाहरूको भनाइ रहेको छ। यो मन्दिरसँगै रहेको प्वाल पनि आजकाल बन्द गरिएको छ। वास्तवमा यो गुफाबारेका सम्पूर्ण जानकारी अझ प्रकाशमा आएको पाइँदैन।

गोरखनाथ गुफामा केही शिलामूर्तिहरू रहेका छन्। त्यहाँ गोरखनाथको विशेष मूर्ति रहेको नभई पद्मसम्भवको मूर्ति मानी पूजा गर्ने चलन हालसालै चलेको पाइन्छ। नाथ सम्प्रदायको अखडामा पद्मसम्भवको पूजा कसरी हुन पुग्यो भन्ने कुरा स्पष्ट भएको छैन, तर एकथरी भनाइअनुसार पद्मसम्भव उडियानाबाट नेपाल भई तिब्बत जाँदा यही गुफामा वास बसी ध्यान गरेका हुँदा यहाँ यिनको पूजा हुन थालेको भन्ने छ। यहाँ धातुनिर्मित दियोहरूमा अखण्ड बत्ती बाली बौद्धधर्मावलम्वीहरूले पूजाआजा चलाउने गरेको पाइन्छ। मध्यकालमा यो स्थल ऋषिमुनि, साधुसन्त आदिको तपस्या गर्ने धार्मिक स्थलको रूपमा विकसित भएको देखिन्छ।

असुर गुफा गोरखनाथ गुफादेखि केही तल रहेको छ। यहाँ भिक्षु रिन्पोचोले ध्यान गरी असुरलाई धपाएकोले यो गुफाको नाम असुर गुफा रहेको हो भनिन्छ। गोरखनाथस्थानबाट केही तलको चट्टानदार पहरामा 'असुर गुफा' नाम गरेको

गुफा रहेको छ । असुर अर्थात् राक्षसलाई धपाउन गुरु रिन्पोचेले ध्यान गरेको ठाउँ भएकाले यसलाई 'रिम्पोचे गुफा' पनि भनिन्छ भन्ने स्थानीयको भनाइ छ ।

गोरखनाथस्थानबाट केही माथि एउटा साङ्गार (धूपघर) भएको स्थानमा पुगिन्छ । त्यस धूपघरमा धूप बालेमा शोक निवारण हुन्छ भन्ने जनविश्वास छ । यो धूपघर भएको स्थान वरिपरि ढुङ्गाले छापिएको छ र छापिएको स्थानमुनि गुफा रहेको कुरा स्थानीय राजकुमार तामाङको भनाइ रहेको छ । यो स्थानबाट फर्पिङ र यस वरिपरिको मनमोहक दृश्य राम्ररी देख्न सकिने हुँदा यो स्थल धार्मिकका साथै पर्यटकीय दृष्टिले पनि आकर्षक रहेको छ ।



असुर गुफा



धूपघर

सरस्वती मन्दिर

फर्पिङ बजारको अर्को प्रसिद्ध धार्मिक स्थलमा सरस्वती मन्दिर रहेको छ । यस मन्दिरमा सरस्वतीको आकर्षक शिलामूर्ति स्थापना गरिएको छ ।

सरस्वतीगालको यस मन्दिरमा सरस्वती बाहेक गणेशको शिलामूर्ति पनि स्थापना गरिएको छ । यस स्थान वरिपरि छरिएर रहेका पुराना ईंटा, गारोका भग्नावशेष, कमलपोखरी, ढुङ्गेधारा आदि विभिन्न पुरातात्त्विक वस्तुहरूलाई दृष्टिगत गर्दा त्यहाँ रहेको सरस्वतीको मन्दिर भव्य थियो भन्ने अनुमान हुन्छ ।

सरस्वतीको मूर्ति र सँगै रहेको गणेशको मूर्ति

सरस्वतीको मूर्तिको हराएको शिर

असल शिलामा कुँदिएको सरस्वती मूर्तिको शिर काटी चोरिएको हुँदा दुर्भाग्यवश यही स्थितिमा त्यहाँ असुरक्षित रहेको थियो । तर केही वर्ष अगाडि स्थानीय व्यक्तिहरूको सक्रियतामा नयाँ शिर जडान गरिएको देखिन्छ । स्थानीय व्यक्तिहरूबाट सो हराएको शिर नेपाल राष्ट्रिय सङ्ग्रहालयमा सुरक्षित रहेको छ भन्ने जानकारी प्राप्त भएपछि सो सङ्ग्रहालयका पदाधिकारीहरूको सहयोगले सो मूर्तिको शिरको चित्र यहाँ प्रस्तुत गरिएको हो । ने.सं. ३१२ (वि.सं. १२४९) मा हरिश्चन्द्रका छोरा जैतचन्द्रले कुलचन्द्र रानेनोलाई लक्ष्य गरी सरस्वती भट्टारिकाको स्थापना गरिएको हो भन्ने सरस्वतीमूर्तिको पादपीठमा कुँदिएको छ (परिशिष्ट १: ४)। यो मूर्ति रहेको पाटीको पूर्वपट्टिको कमलपोखरीलाई रानीपोखरी पनि भनिन्छ ।

सरस्वतीको यो मूर्ति शालिग्राम प्रकारको कालो खँदिलो शिलामा कुँदिएकोले यसमा चमक रहेको छ भने कलाकारले निकै मेहनत गरी कलापूर्ण ढङ्गले कुँदेको हुँदा यो मूर्ति सुन्दर पनि रहेको छ ।

घाँटी माथिको शिरोभाग टुक्रिएको थियो, तर हाल स्थानीय व्यक्तिहरूले दुरुस्त बनाई प्रतिस्थापन गरेका छन् । यस मूर्तिका चार हात बचेका छन् । तिनमा पछाडिका दुई हातहरूमध्ये दाहिने हातले अक्षमाला र देब्रे हातले पुस्तक तथा अगाडिको अर्को दुई हातले वीणा समाएकी देवी सरस्वतीमूर्ति कमलासनमा अवस्थित छ । यो मूर्ति रहेको मन्दिरको दक्षिणतर्फको खण्डमा गणेशको शिलामूर्ति पनि रहेको छ । बसेको अवस्थामा रहेको यो मूर्तिको शिला

मन्दिरअगाडिको
कमलपोखरी

र यसको कलाकारितालाई दृष्टिगत गर्दा सरस्वतीमूर्तिको समकालिक नभएर मध्यकालको अन्त्यतिर स्थापना गरिएको बुझिन्छ। यस मन्दिरमा खास गरेर वसन्तपञ्चमीको अवसरमा दर्शनार्थीहरूको घुइँचो लाग्ने गर्दछ।

यस बाहेक सरस्वतीको सानो तर महत्त्वपूर्ण मूर्ति फर्पिङ बजारबाट केही माथि गोरखनाथ जाने बाटोमा एउटा चट्टानमा कुँदिएको छ। भनिन्छ, यो मूर्ति आफैँ उत्पत्ति भएको हो। सरस्वती पूजाको अवसरमा यहाँ विद्यार्थी तथा सर्वसाधारणको उपस्थिति रहन्छ।

सरस्वती मन्दिरसँगै रहेका शिवलिङ्गहरू

गोपालेश्वर मन्दिर

गोपालेश्वर फर्पिङको प्रसिद्ध धार्मिकस्थल मानिन्छ। शैवसम्प्रदायका गोपालेश्वरलाई 'गोपालतीर्थ' भनी नामकरण गरेको पाइन्छ। गोपदी र वाग्वती नदीको सङ्गमस्थल तथा मर्कटाचल पर्वतमा गोपालेश्वरको मन्दिर रहेको उल्लेख हिमवत्खण्डमा परेको छ। गुम्बज शैलीमा निर्मित मन्दिरभित्र जमिनबाहिर निस्किएको ठुलो शिला रहेको छ। यो जलहरीसहितको शिवलिङ्ग अर्थात् गोपालेश्वरको मूर्ति नभएर साधारण शिला मात्र देखिन्छ। यस शिलालाई गोपालेश्वर भनी पुजिँदै आएको पाइन्छ। यसलाई चौसठ्ठी लिङ्गमा समावेश गरिएको छ।





गोपालेश्वर मन्दिर

गोपालेश्वर मन्दिरको वरिपरि देवमूर्ति, पाटी-पौवा आदि रहेका छन्। मन्दिरको पूर्वपट्टि धर्मशाला रहेको छ भने पश्चिमतर्फ महादेवको वाहन साँढेको शिलामूर्ति स्थापना गरिएको छ। उत्तरतर्फ कृष्णगोपालको शिलामूर्ति रहेको छ। यसको स्थापना फर्पिङ यलखुटोलका सपरिवार जोगमान श्रेष्ठले गरेको कुरा पादपीठको अभिलेखबाट स्पष्ट हुन्छ (परिशिष्ट १: सङ्ख्या ५९)। वि.सं. १९४४ मा सरदार हरिभक्तका छोरा डिठ्ठा गोविन्दभक्तले दक्षिणकालीप्रति भक्तिपूर्ण अर्पण गरिएको कुरा घण्टामा कुँदिएको अभिलेखबाट थाहा हुन्छ (परिशिष्ट १: सङ्ख्या ४४)। दक्षिणकालीलाई चढाइएको यो घण्टा यहाँ कसरी रहन गयो भन्ने कुरा अज्ञात नै रहेको छ।

गोपालेश्वर मन्दिरसँगै पश्चिमपट्टि जलकुण्ड रहेको छ, जसले यज्ञकुण्ड नामले प्रसिद्धि पाएको छ । यस यज्ञकुण्डमा स्नान गरी लिङ्ग रूपको गोपालेश्वर महादेवको दर्शन गरे पुण्य प्राप्ति हुने कुरो हिमवत्खण्डमा उल्लेख भएको छ । यस कुण्डलाई वरिपरि सिमेन्ट इँटाको गारो लगाई सुरक्षित पारिएको छ । बालाचतुर्दशी, शिवरात्रि जस्ता धार्मिक पर्वहरूमा भक्तजनहरू यहाँ स्नान गरी गोपालेश्वर महादेवको दर्शन पूजाआजा गर्ने परम्परा रहेको छ । गोपालेश्वरलाई हरिशङ्करको प्रसिद्ध जात्राको अवसरमा खटमा राखी सहर परिक्रमा गर्ने परम्परा चल्दै आएको पाइन्छ ।

गोपालेश्वर मन्दिरको दैनिक पूजाआजा सञ्चालन गर्नका लागि पुजारीको व्यवस्था हुनु आवश्यक थियो । वि.सं. १८४१ मा जनार्दन जैशी अर्याललाई गोपालेश्वरको पूजाआजा सञ्चालन गर्न गुठीको व्यवस्था गरिएको थियो (परिशिष्ट २ : सङ्ख्या ३ र ४) यस सन्दर्भमा वि.सं. १८५१ को पत्रअनुसार भाजुवा मिश्रलाई पुजारी पदमा पुनः नियुक्त गरिएको थियो भन्ने देखिएको छ (राष्ट्रिय अभिलेखालय, माइक्रोफिल्म, इ. २३९२।१) ।

गोपालेश्वरबाहेक फर्पिङमा शैव सम्प्रदायअन्तर्गतका विभिन्न शिवलिङ्गहरू स्थापना गरिएका पाइन्छन् । तीमध्ये शिखरनारायण मन्दिर क्षेत्र वरिपरिका शिवलिङ्गहरूको महत्त्वको बारेमा उल्लेख गर्न आवश्यक छ ।

उमामहेश्वर

फर्पिङमा शैव सम्प्रदायअन्तर्गतका विभिन्न मूर्तिहरू स्थापना गरिएका छन् । गोपालेश्वर मन्दिरको प्राकृतिक स्वरूपका शिलालाई शिवको रूप भनी पूजा-आजा गर्ने परम्परा रहेको छ । यसबाहेक मन्दिर तथा खुला ठाउँहरूमा शिलाका शिवलिङ्गहरू स्थापना गरिएका देखिन्छन् ।

कोछुटोलको उमामहेश्वरको मूर्ति

मध्यकालको सुरुमा शिव र पार्वतीका साथमा कुमार र गणेशका मूर्तिहरू पनि अङ्कित गर्ने प्रचलन सुरु भएको देखिन्छ। यसबाहेक महादेव, पार्वती, कुमार र गणेशका मूर्तिसँगै गणहरूका मूर्तिहरू पनि कुँदिएका उदाहरण पाइएका छन्।

ने.सं. ८८६ (वि. सं. १८२३) मा स्थापना गरिएको उमामहेश्वरको मूर्ति कलाकारिताको दृष्टिले पनि उल्लेखनीय रहेको छ। उमामहेश्वर मूर्तिको आसनीमा कुँदिएको यो अभिलेखमा धुन्चा भारो, शीतलक्ष्मी तथा अरू नातेदारहरूले आफ्ना स्वर्गवासी पिता परशुराम, माता देवी आदिका नाममा उमामहेश्वरको स्थापना गरेको उल्लेख छ (परिशिष्ट १:२९)।

भैरव

शिखरनारायण परिसरबाट फर्पिङको मूल बजार जाने मार्गको बायाँतर्फ पिपलको रुखको फेदमा भैरवको एक्लो मूर्ति ठडिएको अवस्थामा रहेको छ। मन्दिरविना खुला ठाउँमा बेवारिसे अवस्थामा रहेको यो मूर्ति कहाँ थियो र कसरी यो स्थानमा आइपुग्यो भन्ने कुरा भने स्पष्ट भएको छैन।



भैरवको शिलामूर्ति

भैरवको स्थान नेपाली समाजमा निकै रहेको पाइन्छ। मध्यकालमा भैरवको माहात्म्य बढ्दो थियो। भैरव महादेवका संहारक रूप मानिन्छन्।

अघोरेश्वर महादेव

कोछुटोलस्थित अघोरेश्वर महादेव मन्दिरभित्र सुन्दर शिवलिङ्ग स्थापना गरिएको छ। फर्पिङको प्रसिद्ध हरिशंकरजात्राको अवसरमा पित्तलको नाङ्गलमा अघोरेश्वरको शिवलिङ्गसहित भैरव, नीलवाराही आदिको मूर्ति खटमा राखी बजार परिक्रमा गर्ने परम्परा छ।

अघोरेश्वर महादेव

महाङ्कालस्थान

फर्पिङबजारको पश्चिमतर्फ महाङ्कालस्थान रहेको छ। यो स्थान चारैतिरबाट पर्खालले घेरी आकर्षक बनाइएको छ। रूखको फेदमा यो मूर्ति स्थापना गरिएको छ।

महाङ्कालस्थान

तिलविक्रमेश्वर

फर्पिङका तिलविक्रमेश्वर महादेवको प्रख्याति निकै छ। फर्पिङ बजारको दक्षिणी पाखामा तिलविक्रमेश्वरको सानो मन्दिर छ।

तिलविक्रमेश्वरको शिवलिङ्ग

मन्दिरक्षेत्रलाई वरिपरिबाट पर्खालले घेरी बिच भागमा एकतले मन्दिरको निर्माण गरिएको छ। मन्दिरक्षेत्र प्रवेश गर्न एउटा ढोकाको निर्माण गरिएको छ। सो प्रवेशद्वारको निर्माण वि.सं. २०३९ मा शङ्करप्रसाद र रत्नमान महर्जनले गराएका थिए (परिशिष्ट १: ५७)। टिनको छाना लगाई गजुरको टुप्पामा त्रिशूल राखी निर्माण गरिएको यस मन्दिरभित्र शिवलिङ्ग स्थापना गरिएको छ। यस लिङ्गसँगै एउटा त्रिशूल पनि गाडिएको छ। मन्दिरबाहिर नीलकण्ठको मूर्ति रहेको छ, जुन हालसालै मात्र स्थापना गरिएको कुरा स्थानीय व्यक्तिहरूबाट थाहा भएको छ।

यो मन्दिरसँगै पश्चिमतर्फ एउटा ढुङ्गेधारा रहेको छ। सो धारासँगै जमिनमुनि पोखरी, पोखरीमा नागनागिनी तथा शिवलिङ्ग भेटिएको थियो भन्ने स्थानीय बासिन्दाको भनाइ रहेको छ। आजकल सो स्थान पुरिएकोले ती सामग्री देख्न सकिँदैन। यो हिटीसँगै एउटा शिवलिङ्ग रहेको छ। यो सुन्दर शिवलिङ्ग बाटोको छेउमा त्यसै अलपत्र परेको छ तापनि त्यसलाई स्थानीय भक्तले पूजाआजा गर्ने गरेको देखिन्छ। यसलाई कुनै एउटा मन्दिरमा स्थापना गर्नु उचित देखिन्छ। यसका साथै एउटा पर्खालको भित्तामा रहेको उमामहेश्वरको मूर्ति पनि महत्त्वपूर्ण रहेको छ। यो मूर्तिमा शिव र उमा आसनमाथि बसेका छन् र यसको ठिक तल गणेशसहित नन्दी, भृङ्गी आदि गणहरू अङ्कित छन्।

यसै गरेर तिलविक्रमेश्वर मन्दिरको उत्तर-पश्चिमतर्फ एउटा अर्को शिवलिङ्ग रहेको छ। त्यहाँ यो खुला रूपमा बारीमा रहेको छ। यसको पूर्वपट्टि अर्को सुन्दर शिवलिङ्ग बारीमा माटोमा छोपिएर रहेको छ। जहाँ खने पनि पुराना अवशेष देखिने, जताततै गारोका इँटाहरू देखिने यो पुरातात्त्विक

दृष्टिकोणले महत्त्वपूर्ण प्रदेशको उत्खनन हुन सके पुरातात्त्विक तथा ऐतिहासिक सामग्री पत्ता लाग्न सक्ने बलियो सम्भावना रहेको छ। तसर्थ त्यहाँका पुरातन इतिहास-संस्कृतिका जगेर्ना गर्ने सिलसिलामा यसरी छरिएर रहेका शिवलिङ्गहरूलाई सके यथास्थान नभए कुनै एक शिवालयमा सङ्ग्रह गरी सुरक्षा गर्न अत्यावश्यक देखिन्छ।

तिलविक्रमेश्वरस्थित उमामहेश्वर

भगवती मन्दिर

कोछु टोलस्थित भगवती मन्दिरको आफ्नै महत्त्व छ। यो मन्दिर फर्पिङका अरू मन्दिरभन्दा फरक शैलीको छ। उत्तरदक्षिण गरी बनाइएको घरको आकारको यसको छानामा तीनवटा गजुरहरू रहेका छन् भने यसको प्रवेशद्वार पश्चिमतर्फ फर्केको छ। यसभित्र भित्तामा भगवतीको आकर्षक शिलाको मूर्ति स्थापना गरिएको छ। सोह्रवटा हातसहितको भगवतीको मूर्ति फर्पिङको सबैभन्दा ठुलो मूर्तिमा गनिन्छ। यसलाई उग्रचण्डी भगवतीको मूर्ति पनि भनिन्छ।



कोछु टोलस्थित भगवती मन्दिर र भगवतीको मूर्ति

यस मन्दिरभित्रको बिच भागको भुइँमा प्रस्तरको सानो पूर्णघट रहेको छ। यो पूर्णघट चारैतिरबाट गोलाकार शैलीमा कुँदिएको छ। घटको मुखबाट निस्केका पातहरूले यसलाई आकर्षक पारेको छ। सम्पन्नताको प्रतीक यस घटको नेपाली संस्कृतिमा निकै महत्त्व रहेको छ। यस किसिमको घट कीर्तिपुरमा पनि देख्न सकिन्छ (श्रेष्ठ र शर्मा ने.सं. ११३९ : १२८-१२९)। यो घट लिच्छविकालमा स्थापना गरिएको देखिन्छ।

पूर्णघट

महालक्ष्मी मन्दिर

फर्पिङ बजारको दक्षिण-पश्चिम कुनामा महालक्ष्मीको मन्दिर रहेको छ। पूर्वी भाग खुला भएको यस मन्दिरमा पीठ शैलीमा सातवटा शिलाहरू स्थापना गरिएका छन्। यस मन्दिरको स्थापना कहिले भएको थियो भन्ने कुरा थाहा पाउने सामग्रीको अभाव छ।



महालक्ष्मी मन्दिर र भित्रका प्रस्तरहरू

महालक्ष्मीको यो मन्दिरसँगै निर्माण गरिएको पाटीको भित्तामा टाँसी राखिएको शिलापत्रबाट पाटी र गुठीबारे केही प्रकाश पर्दछ। वि.सं. १८८९ को यस अभिलेखमा फर्पिङ देश तिपीटोल थथुबहालका भानुनरसिंहको मुक्तिका लागि पत्नी जीवलक्ष्मी आदिले यो पाटीको निर्माण गरी दुई सिंहमूर्तिहरूको प्रतिष्ठा गरिएको तथा प्रत्येक फाल्गुणकृष्ण चतुर्दशीको दिन एउटा बोका श्रीमहालक्ष्मीलाई भोग दिई गुठियारहरूले भोजन गर्नुपर्ने बेहोरा परेको छ। यो मन्दिरको पुनर्निर्माण हालसालै गरिएको कुरा स्थानीय बुढापाकाबाट थाहा भएको छ।

महालक्ष्मीको यो मन्दिरबाहेक त्यहाँ अर्को महालक्ष्मीस्थान पनि रहेको छ। त्यहाँ महालक्ष्मीको मूर्ति नरहेर पीठशैलीमा शिला स्थापना गरिएको छ। यो स्थानको स्थापना मल्लकालमा भइसकेको कुरा अभिलेखबाट थाहा हुन्छ। यसै गरी यो स्थानको पूर्वतर्फ कुमारीस्थान रहेको थियो भन्ने कुरा त्यहीं एउटा रुखको फेदमा रहेको वि.सं. १८५० को अभिलेखबाट थाहा हुन्छ।

गणेश मन्दिर

गणेशलाई हिन्दु धर्ममा महत्त्वपूर्ण देवताको रूपमा मानिन्छ। गणेशलाई हिन्दु धर्मावलम्बीहरूले बिघ्नहर्ता, सिद्धिदाता आदिको रूपमा मान्दछन्। धार्मिक कार्य प्रारम्भ गर्नुपूर्व श्रीगणेशाय नमः वाक्य उच्चारण गरी मङ्गलमूर्तिस्वरूप गणेशको पूजा गर्ने परम्परा छ। गणेशलाई प्रथम पात्रको रूपमा मान्ने धार्मिक परम्परा रहेको छ। यसैले पनि गणेश नभई नहुने देवताको रूपमा मानिन्छन्।

नेपालमा गणेशको पूजा गर्ने चलन कहिलेदेखि चलेको हो भन्ने तथ्य पूर्ण रूपमा प्रकाशमा आएको छैन। काठमाडौं उपत्यकाको कागेश्वरीस्थानमा फेला परेको गणेशमूर्तिलाई विक्रमको पाँचौं शताब्दीतिरको हो भनी मानिएको हुँदा (टन्डन, वि. सं २०४२:१२) ऐतिहासिककालदेखि यहाँ गणेशको पूजा गर्ने परम्परा चलेको थियो भनी अनुमान गर्न सकिन्छ।

यो मूर्ति झङ्केश्वरी मन्दिरको बाहिर दायाँपट्टि रहेको गणेशको हो। असल प्रस्तरमा कुँदिएको यो मूर्ति कलाकारिताको दृष्टिकोणले महत्त्वपूर्ण र फर्पिङको सबभन्दा पुरानो मानिन्छ। यसको बायाँपट्टि रहेको कुमारको मूर्ति नें सं.४९६ (वि.सं. १४३३) मा स्थापना गरिएको देखिएकोले यो गणेशको मूर्ति पनि यसैताका स्थापना भएको बुझ्न सकिन्छ।

यो बाहेक फर्पिङमा अरू विभिन्न गणेशका मूर्तिहरू स्थापना गरिएको उदाहरण यहाँ सङ्क्षेपमा उल्लेख गरिएको छ।

कोछुटोलको गणेशमूर्ति

फर्पिङ बजारको कोटालटोलमा गणेशको मन्दिर रहेको छ। त्यस मन्दिरको अग्रभाग खुला राखिएको र मूल ढोकाको दायाँबायाँ ग्रील र जस्ताको छाना रहेको छ। आसनीमा बसेको अवस्थामा रहेको गणेशको यो शिलामूर्तिको स्थापनावारेमा प्रकाश पार्ने अभिलेख आदि सामग्रीको अभाव रहेको छ।

यो मन्दिरको दक्षिणतर्फका बाहिरी पर्खालमा एउटा शिलापत्र टाँसी राखिएको छ। वि.सं. २००६ को त्यस अभिलेखमा फर्पिङ कोटालटोल निवासी झपटबहादुर प्रधानका आमा गौरीलक्ष्मी प्रधानले आफू जलाश्रयको दुःख भोगिरहेका बेलामा वि.सं. १९९८ मा पक्की ठुलो १ र सानो १ गरी जम्मा २ वटा कुवा बनाई गुठीको व्यवस्था गरिदिएको कुरा परेकोछ। गुठीको आयस्रोतका लागि १७ पाथी कुत आउने जग्गाको आम्दानीबाट प्रतिवर्ष कार्तिकशुदि पूर्णिमामा गोडगणेशको यात्रा चलाउनुपर्नेबाहेक इनारको रक्षाको लागि व्यवस्थासमेत बाँधिदिएको पाइन्छ (परिशिष्ट १:५१)। मरणासन्न अवस्थामा रहेका व्यक्तिले मुक्ति पाउने उद्देश्यले धार्मिक कार्य गर्ने गरेको यस किसिमका उदाहरण निकै पाइन्छन्।

यो गोडगणेशको मन्दिरसँगै पश्चिमपट्टि 'नासद्य' स्थान रहेको छ। साना खट्प्वाल राखी बनाइएको यो स्थान जीर्ण अवस्थामा रहेको छ। यहाँ

पर्व-पर्वमा पूजाआजा गरिने चलन छ तापनि यसको पूजाआजा चलाउन गुठीको व्यवस्था रहेको बुझिँदैन र स्थानीय भक्तजनहरूबाट यो अवस्थामा पुऱ्याइएको बुझिएको छ ।

कोटालटोलको गणेश मन्दिर

गोरखनाथ मन्दिर जाने बाटाको चट्टानमा अङ्कित गणेश

फर्पिङमा गणेशका अरू धेरै मूर्तिहरू पनि स्थापना गरिएका छन् । यसमा गोरखनाथ मन्दिर जाने बाटाको चट्टानमा अङ्कित गणेशको आफ्नै महत्त्व छ । यो मूर्ति चट्टानमाथि रहेको छ । यसको एकातिर सरस्वतीको सानो मूर्ति रहेको छ ।

गणेशको मूर्ति चट्टानमा स्वतः निस्किएको हो भन्ने भनाइ रहेको छ । यो मूर्ति सिधा भुइँमा बसेको अवस्थामा रहेको देखिन्छ । यो गणेश मूर्तिसँगै सरस्वतीको मूर्ति पनि स्वतः चट्टानमा देखापर्दै आएको हो भन्ने पुजारीको भनाइ छ । शिखरनारायण मन्दिर

चट्टानमा अङ्कित गणेश

परिसर, सरस्वतीखेल आदि स्थानहरूमा पनि गणेशका शिला मूर्तिहरूको स्थापना गरिएको पाइन्छ ।

भीमसेन मन्दिर

फर्पिङ कोछुटोलमा भीमसेनको ठुलो मन्दिर रहेको छ । आवासगृह शैलीमा निर्मित यो दुई तले मन्दिरको तल्लो तलाको ढोकामा दुई ठूलठुला शिलाका सिंहमूर्तिहरू स्थापना गरिएका छन् । तलाको बायाँ छेउमा द्रौपदीसहित पाँच पाण्डवका मूर्तिहरू स्थापना गरिएका छन् ।



कोछुटोलमा भीमसेनको ठुलो मन्दिर र मूर्तिहरू

युधिष्ठिर, भीमसेन तथा अर्जुनका मूर्तिहरू आकारमा ठुला छन् भने नहकुल र सहदेवका मूर्तिहरू स-साना छन् । भीमसेनको नाममा मूल रूपमा मन्दिरको स्थापना भए पनि यहाँ अन्य पाण्डवका मूर्तिहरू पनि स्थापना गरिएका छन् । भीमसेनको पूजाआजा गरेपछि परिक्रमा गर्न वरिपरि बार्दलीको निर्माण गरिएको छ । यो मन्दिरको निर्माण शैली काठमाडौंस्थित प्रसिद्ध भीमसेन मन्दिरको निर्माण शैलीसँग निकै मिल्दोजुल्दो छ ।

कान्तिपुरका तुयुख्वा नाम गरेका ठकुजुले ने.सं. २६० (वि.सं. ११९७) मा ठुलो मन्दिर निर्माण गरी भीमसेनको मूर्ति स्थापना गरेको भनाइ (लम्साल, (सम्पा.) वि.सं. २०२३ : २८-२९) हो भने यसैताका फर्पिङमा पनि भीमसेन मन्दिरको निर्माण भएको अनुमान गर्न सकिन्छ । तात्कालिक भीमसेनको मूर्ति तथा यसबारे प्रकाश पार्ने ऐतिहासिक प्रमाणहरू आजकल देखिँदैन । तर भीमसेनको शिर नभएको काठको मूर्ति सो मन्दिर अगाडिको घरमा सुरक्षित राखिएको छ । भीमसेनको शिर नै मात्र हराउनुमा के कारण थियो भन्ने कुरा स्पष्ट हुन सकेको छैन । तर शिर शरीरको महत्त्वपूर्ण अङ्ग भएकै कारणले मात्र यसो हुन गएको बुझिँदैन । यसबारे अरू खोजीनिती गर्नु आवश्यक

देखिन्छ। भीमसेनको मात्र नभएर सुनडोलस्थित सरस्वतीको शिलामूर्तिको शिर पनि हराएकोमा पछि फेला परेको छ।

यसै क्रममा ने.सं. ८४९ (वि.सं. १७८५) को शिलालेख लुचाटोलमा प्राप्त भएकोले यसबाट केही कुरा खुलेको छ (परिशिष्ट १: २५) तापनि यसबाट यो भीमसेनको मूर्ति कहिले स्थापना भयो भन्ने कुरा भने खुल्दैन। यसमा भीमसेनको मूर्ति बिग्रेको हुनाले जीर्णोद्धार गरिएको बेहोरा परेको छ। दैवीप्रकोप वा मानवीय कारणमध्ये कुन कारणले यसमा क्षति पुगेको हो सो कुरा खुल्दैन। प्रत्येक वर्ष भीमसेनको पूजा सञ्चालन गर्ने व्यवस्था बाँधिएको छ। यसमा देवमूर्ति विषयमा कचिङ्गल गर्ने र मूर्ति बिगारेमा भगवान् भीमसेनको कुदृष्टि पर्ने बेहोरा परेको छ। साथै मूर्ति-मन्दिरको रेखदेख गर्न कोतालटोलका व्यक्तिहरूलाई जिम्मेवारी सुम्पिएको कुरा यसमा उल्लेख गरिएको छ। यसबाट पाँच पाण्डवका मूर्तिहरू यसभन्दा पहिले नै स्थापना भएको स्पष्ट हुन्छ।

वि.सं. १७८५ पछि वि.सं. २००६ को अर्को शिलालेखबाट भीमसेन मन्दिरबारे केही प्रकाश परेको छ (परिशिष्ट १ :४५)। यसमा वि.सं. १९९० को महाभूकम्पबाट यो भीमसेन मन्दिर भग्न हुन गएकोले जुजुरत्न स्थापित, कान्छी स्थापित आदिले वि.सं. २००६ मा भीमसेन मन्दिरको जीर्णोद्धार गराएको कुरा परेको छ (ऐजन) यसबाट फर्पिङमा भूकम्पले निकै क्षति पुऱ्याएको बुझिन्छ। वि.सं. २०७२ को वैशाख १२ र २९ गतेको भूकम्पले फर्पिङका केही पुराना घरमा मात्र सामान्य क्षति पुऱ्याएको स्थानीयवासीको भनाइ छ।

कालान्तरमा भीमसेन मन्दिरको आजको यो अवस्था देखिनुमा सरोकारवालाहरूको ठुलो भूमिका रहेको देखिन्छ। पुनर्निर्माणको कार्यमा नेपाल सरकारअन्तर्गतका पुरातत्त्व विभागबाट रु.८१,२४,०००।-, काठमाडौं जिल्ला विकास समितिबाट रु. ५,००,०००।- तथा श्रीमद्भागवत सप्ताह महायज्ञबाट सङ्कलित रु.१०,००,०००।- गरी जम्मा रु.९६,२४,०००।- का साथै फर्पिङवासीको जनसहभागिता रहेको तथ्य वि.सं. २०७३ फागुन ६ गतेको अभिलेखबाट स्पष्ट भएको छ (परिशिष्ट १: ६४)।

काठमाडौं-उपत्यकाका कान्तिपुर, ललितपुर तथा भक्तपुरका साथै उपत्यकाबाहिर पूर्वमा बनेपा, दोलखा, भोजपुर, धनकुटा, विजयपुर, इलाम तथा पश्चिममा बन्दीपुर, पोखरा, अर्घा, कुश्मा, बागलुङ, वेणी, बिजुवार (प्युठान) डोटी आदिका नेवारी बस्तीमा भीमसेनमूर्ति स्थापना गरिएका

उदाहरणहरू पाइएका छन्।

भीमसेन मन्दिरको स्थापना कहिले भएको थियो भन्ने प्रश्नको उत्तर दिने ऐतिहासिक सामग्रीको अभाव छ। भीमसेनको सम्बन्ध पाँच पाण्डवमध्ये माहिला भीमसेनसँग रहेको छ। भीमसेन बलवान् अर्थात् शक्तिशाली हुनाले यिनको आराधना गरे बल मिल्छ भन्ने धार्मिक विश्वास जनमानसमा रहेको छ। तर चार वर्ण छत्तिस जातका सबै वर्गमा मूर्ति स्थापना गरी भीमसेनको पूजा गर्ने परम्परा त्यति प्रचलित छैन। नेवार समाजमा मात्र भीमसेनको अत्यधिक मान्यता रहेको पाइन्छ। व्यापार पेसामा लागेका यो जाति एक ठाउँबाट अर्को ठाउँमा गइरहनुपर्ने तथा बाटोमा डकैती, जङ्गलमा बाघ, भालु जस्ता हिंस्रक जन्तुको डर हुने हुँदा यिनीहरूबाट सुरक्षित हुन सकियोस् भन्ने उद्देश्यले भीमसेनको मूर्ति स्थापना गरी पुज्ने परम्परा बसेको बुझिन्छ। यस सन्दर्भमा उपत्यकाबाट तराई तथा त्यहाँबाट भारत जाने व्यापार मार्गमा फर्पिङ परेको र त्यहाँ अहिले जस्तै मध्यकालमा पनि नेवार जातिको बसोबास रहेको थियो, यसरी उपर्युक्त उद्देश्य पूर्तिका लागि भीमसेनको मूर्ति स्थापना गरी पूजा गर्ने परम्परा चलेको बुझिन्छ। नेपालको कुनै पनि नेवार समाज भएको बस्तीमा भीमसेनको स्थापना गरिएका उदाहरण पाइन्छन्।

भीमसेनको स्थापनाबारेमा प्रचलित कथा वा किंवदन्तीहरू पनि सुनिन्छन्। काठमाडौँको भीमसेनको दोलखाको प्रसिद्ध भीमसेनसँग सम्बन्ध गाँसिएको किंवदन्ती रहेको छ। कुनै समयमा दोलखाको भीमसेन उपत्यकामा आएको समयमा फर्पिङका एकजना भक्तले देखेका हुँदा फर्पिङमा भीमसनेको मूर्ति स्थापना गरी मन्दिर निर्माण गरिएको कथा एकथरी वंशावलीमा पाइन्छ।

झङ्केश्वरी मन्दिर

भीमसेनमन्दिरसँगै दक्षिणमा ठुलो चोक रहेको छ। डबली, ढुङ्गेधारा, पाटी-पौवाजस्ता सांस्कृतिक सम्पदाहरू रहेको यो चोकमा एउटा आवासीय शैलीको भवन परिसरमा झङ्केश्वरीको मूर्तिसहितको मन्दिर रहेको थियो भन्ने स्थानीय बुढापाकाको भनाइ छ।

चोरीभएको झङ्केश्वरीको मूर्ति एकपल्ट यहाँ फेला परेकोमा फेरि चोरी हुन गयो। यसैको प्रतिचित्र बनाई भीमसेन मन्दिरको माथिल्लो सिँढीमा टाँगिएको छ। चोरी भइसकेको हुँदा यसको कला पक्षको चर्चा गर्न सम्भव छैन। यसको उल्लेख वि.सं. १३९१ मा सारिएको अगस्त्यसंहिता नामक ग्रन्थको

पुष्पिकावाक्यमा परेकोले झङ्केश्वरीको स्थापना यसभन्दा अगावै भइसकेको कुरा प्रमाणित हुन्छ (रेग्मी ई.१९६५ भाग १ : ४०९-४१०)।

झङ्केश्वरीको महत्त्व तात्कालिक समाजमा निकै रहेको थियो। फर्पिङका शासकले "महामायाझङ्केश्वरीवरलब्धराज्यं करोति" भन्ने आफ्नो प्रशस्तिमा उल्लेख गरी राजकीय सम्मान दिइएको हुँदा त्यस कुराको पुष्टि हुन्छ (पन्त, वि.सं. २०३४ : ११)। ने.सं. ५२७ (वि.सं. १४६३) को अभिलेखमा पनि फर्पिङका केही तीर्थहरू तथा देवताको नामोल्लेखका साथै झङ्केश्वरीको उल्लेख परेको पाइन्छ (परिशिष्ट १: ९)। त्यस किसिमको उदाहरण शाहकालमा पनि पाउन सकिन्छ, जुन विषय यथास्थानमा चर्चा गरिनेछ। यसरी झङ्केश्वरीको प्रभाव त्यसताका शासक तथा शासित वर्गमा समेत रहेको देखिन्छ।

कुमारमूर्ति

झंकेश्वरी मन्दिरको अगाडिपट्टि दायाँतर्फ गणेश र बायाँतर्फ कुमारका ससाना सुन्दर मूर्तिहरू स्थापना गरिएका छन्। तीमध्ये कुमारको मूर्तिका माथिल्लो भागमा अभिलेख अङ्कित छ। ने.सं. ४९६ (वि.सं. १४३३) को यो अभिलेखअनुसार (परिशिष्ट १: सङ्ख्या ७) यो मूर्ति फर्पिङका महाराउत्त यक्षसिंहका छोरा जोधसिंहले आफ्नो बालक भाइलाई लक्ष्य गरेर स्वामी कार्तिकेयको शिलामूर्ति स्थापना गरिएको बेहोरा परेको छ। कुमारको यो मूर्ति कडा चिल्लो शिलामा कुँदिएको छ। साथै मूर्तिको भाव हेर्दा बालक झैं कोमल प्रकृतिको देखिन्छ। यो मूर्ति कलाकारिताको दृष्टिकोणले उच्च देखिन्छ।

स्वामी कार्तिकेय

यो मूर्तिसँगै स्थापित गणेशमूर्तिको निर्माणशैलीलाई दृष्टिगत गर्दा यो स्वामी कार्तिकेयको मूर्तिकै समकालिक हुन सक्ने देखिन्छ। यसमा उही किसिमको असल ढुङ्गा, मूर्तिकारले यसलाई कोमल बनाइदिएको छ भने यसको आङ्गिक भाव पनि उत्तिकै प्रस्ट देखिन्छ। मध्यकालको पूर्वार्द्धमा निर्मित गणेश, सरस्वती, नारायण आदिका शिलामूर्तिहरू कलाकारिताको दृष्टिले उत्तम रहेका देखिन्छन्।

झङ्केश्वरीका मन्दिरको दक्षिणतर्फ नारायणको सानो र सुन्दर मन्दिर रहेको छ। त्यस मन्दिरभित्र नारायणको पुरानो शिलामूर्ति चोरिएकोले नयाँ नारायणमूर्ति स्थापना गरिएको छ। त्यो मन्दिरसँगै ने.सं.८३५ (वि.सं. १७७२) मा विष्णुराम आदिले एउटा पाटीको निर्माण गरेको कुरा त्यही मितिका शिलापत्रबाट स्पष्ट हुन्छ (परिशिष्ट १: सङ्ख्या २२)। मूर्ति चोरीका कारणले प्राचीन मूर्तिहरूको अभाव खट्किएको छ तापनि जनतामा मन्दिर मूर्तिबिना खाली राख्न हुँदैन भन्ने धार्मिक विश्वास भने हटेको देखिँदैन। यसलाई नेपाली जनताको पहिचानभित्र धार्मिक आस्था रहेको मान्न सकिन्छ।

दक्षिणकाली

दक्षिणकाली फर्पिङको प्रसिद्ध धार्मिकस्थल हो। फर्पिङ बजारको दक्षिणमा दुई खोलाको संगमस्थलमा दक्षिणकालीको मन्दिर रहेको छ। प्राकृतिक दृष्टिले आकर्षक जङ्गलको एकान्त स्थानमा दक्षिणकालीको शिलामूर्ति स्थापना गरिएको छ। दक्षिणकालीलाई फर्पिङकी इष्टदेवी मानिएको छ (लेभी इ. २००५ : २३४)। हिन्दु धार्मिक परम्पराका महत्त्वपूर्ण अष्टमातृका गणका शिला मूर्तिहरू पनि यसैसँग स्थापना गरिएका छन्। तान्त्रिक देवीका रूपमा स्थापना गरिएका यस्ता शक्तिपीठहरू प्रायः एकान्त स्थलहरूमा पाइएका छन्। दक्षिणकालीस्थानदेखि माथि टाकुरामा माताको मूर्ति स्थापना गरिएको छ। यी मातालाई वैष्णवी देवीको रूपमा पूजा गरिन्छ।

दक्षिणकालीको स्थापनाकाल आदिबारेमा प्रकाश पार्ने सामग्री प्रकाशमा आएको पाइँदैन। दक्षिणकालीका मन्दिर वरिपरि केही शिलापत्रहरू ठड्याई राखिएका छन् तर ती सबै आधुनिककालका रहेका छन्। लिच्छविकालका अभिलेखहरू त्यस भेकमा पाइए तापनि तिनमा यसबारे कुनै उल्लेख परेको छैन। अर्को कुरा, स्थानीय किंवदन्तीअनुसार यो दक्षिणकालीस्थान सुरुमा गोरखनाथ मन्दिरमाथि नजिकैको डाँडामा रहेको थियो र यसबाट जनतामा

नराम्रो असर परेको हुँदा यो खोँचमा तान्त्रिक विधिविधानअनुसार सारिएको हो भन्ने रहेको छ ।



दक्षिणकालीको मूर्ति र दक्षिणकालीको मन्दिरको माथिरहेको आमाको मूर्ति

फर्पिङको प्रसिद्ध हरिशङ्करजात्राको सिलसिलामा दक्षिणकालीको रथजात्रा पनि हुने चलन हुँदा र यो जात्राको प्राचीनतालाई दृष्टिगत गर्दा दक्षिणकालीबारेमा केही सङ्केत यसबाट मिल्छ । यसो हो तापनि यसबारेको प्रामाणिक सामग्री मध्यकालको पूर्वार्द्धमा आएर मात्र भेटिन्छ । ने.सं.३६० (वि.सं. १२९७) को दक्षिणकाली मूर्तिमा लगाइने मुकुटमा कुँदिएको अभिलेखबाट लक्ष्मीपाल जीवको विजयराज्यमा फर्पिङ टिपीटोलवासी दगो भारोले त्रिभुवन कनकेश्वर भट्टारकलाई ढोका चढाएको भन्ने बेहोरा स्पष्ट हुन्छ (परिशिष्ठ १: सङ्ख्या ५) ।

यो मितिपछि धेरै समयसम्म दक्षिणकालीबारे जानकारी दिने ऐतिहासिक सामग्री प्राप्त नभएर उत्तरमध्यकालिक उपत्यकामा कान्तिपुरका प्रसिद्ध राजा प्रताप मल्लको पालादेखि मात्र फाटफुट प्रकाश पर्न थालेको देखिन्छ । यिनको पालामा दक्षिणकालीको मूर्ति स्थापना गरिएको विवरण वंशावलीहरूमा एकै मतका रहेका छन् । दक्षिणकाली मन्दिर परिसरमा प्राप्त एक दर्जनभन्दा बढी अभिलेखहरूबाट यसको स्थापनाकालबारे कुनै प्रकाश परेको देखिँदैन । प्रताप मल्लको राज्यकालमा कान्तिपुरका राजनैतिक प्रतिष्ठा बढ्नुका साथै सांस्कृतिक स्थलहरूको निर्माण, कलाकौशल आदि विभिन्न पक्षमा महत्त्वपूर्ण कार्य भएकोले यस राज्यले अग्रणी स्थान लिएको थियो । प्रताप मल्लले पशुपति क्षेत्रमा

गुह्येश्वरीको प्रसिद्ध पीठ स्वरूपको जलकुण्डको निर्माण पनि गराएका थिए। प्राचीनकालदेखि स्थापना भएको दक्षिणकालीको यो महिमा प्रताप मल्लका पालामा आएर पुन: प्रचार-प्रसार हुन थालेको बुझिन्छ। यसो हो तापनि यस धार्मिकस्थलमा यिनको कुनै अभिलेख पाइएको छैन। खालि वंशावलीमा मात्र उल्लेख भएको पाइन्छ (देवमाला वंशावली वि.सं. १९९० : ६१-६२)। यिनको यो धार्मिक कार्यको प्रतिफलस्वरूप ल्हासा, कुती विजय गरी धेरै सम्पत्ति आर्जन गरेको बेहोरा वंशावलीमा उल्लेख भएको पाइन्छ। फर्पिङ ललितपुर राज्यअन्तर्गत पर्ने प्रदेश भएको हुंदा कान्तिपुरका राजाहरूको कुनै अभिलेख नपाइएको हुनसक्छ। यहाँ यक्ष मल्लपछि ललितपुरका प्रसिद्ध राजा श्रीनिवास मल्लका मन्त्री भगीरथ भैया, राजा राज्यप्रकाश मल्ल आदिका अभिलेखहरू मात्र पाइएका छन्।

मल्लकालपछि वि.सं. १८५६ मा शाह राजाहरूमा गीर्वाणयुद्धविक्रम शाहद्वारा दक्षिणकालीको नित्यपूजा, महापूजा जस्ता धार्मिक कार्य सम्पन्न गर्न ५०४ रोपनी जग्गा गुठी राखिदिएको पाइन्छ (परिशिष्ट १:३३)। वि.सं. १९०५ मा काजी अमृतसिंह थापाकी पत्नी भुवनकुमारीले दक्षिणकालीलाई सुनको मोलम्वा लगाएको किकिंपा चँदुवा, झन्डा आदि विभिन्न सामग्री चढाई सरकारबाट सबै किसिमको रकम माफ गरी पूजाआजा गर्नका लागि गुठी राखिदिएकी थिइन् (ऐजन ४०)। वि.सं. १९०६ मा श्रीदक्षिणकालीको अष्टमीपूजा गरी बाँकी रहेका आम्दानीबाट भुवनकुमारीले देवीलाई चढाएका चाँदीको मुकुट, चँदुवा आदिको जीर्णोद्धार गर्न गुठी राखी राजा सुरेन्द्रविक्रम शाहले आफ्नो पुर्खाको कालीप्रतिको भक्तिलाई कायम गरेका थिए (ऐजन ४१)। यसै गरी वि.सं. १९७४ मा पृथ्वीवीरविक्रम शाहले महारानीसहित दक्षिणकालीलाई एउटा ठुलो घण्टा अर्पण गरी भक्ति दर्शाएको पाइन्छ (ऐजन ४९)। वि.सं. १९७९ मा चौतरिया चित्रध्वज शाहबाट भाकल गरिएको वस्तु निजका छोरा चौतरिया जङ्गप्रताप शाहले पुरा गरिदिएको विवरण धार्मिक दृष्टिले महत्त्वपूर्ण रहेको छ (ऐजन ५०)। यिनले तामामा सुनको मोलम्बा भएको ४ नागमा चँदुवा झल्लरसमेत चढाई तिनको स्थायित्व तथा पूजाका लागि गुठी राखिदिएका छन्।

फर्पिङका प्रसिद्ध धार्मिक तथा पर्यटकीय क्षेत्र दक्षिणकालीस्थान उद्धारवती तथा पूर्णमती नदीको सङ्गम स्थलमा अवस्थित छ। यस स्थलको धार्मिक पूजाआजा सञ्चालन गर्न कर्माचार्य रहेका छन्। पुजारी कर्माचार्यको प्रमुख

कार्य मन्दिरमा नित्यपूजा, आरती, भाकलपूजा आदि विभिन्न पूजाको जिम्मेवारी हो । पुजारीको नियुक्ति वंशाणुगत हुने परम्परा छ ।

दक्षिणकालीको पूजाआजा सञ्चालन कार्यमा सहयोगी महर्जनको पनि महत्त्वपूर्ण भूमिका रहेको छ । महर्जनलाई भण्डारीको रूपमा कार्य विभाजन गरिएको छ । यिनको प्रमुख कार्य पशुवलि दिने, भाँडाकुँडा, गरगहना जिम्मा लिने, देवस्थलमा चढाइएका जिन्सी सामान गुठी संस्थानमा दर्ता गरी आफ्नो जिम्मा लिई राख्ने आदि हो । यीबाहेक पोडेको कार्यभार पनि यो देवस्थलमा महत्त्वपूर्ण मानिन्छ । यिनको प्रमुख कार्यमा देवस्थलमा सरसफाइ गर्ने, चढाइएका सामग्रीहरूमा कपडा, शृङ्गारका सामान, फलफूल जिम्मा लिने तथा बलिका लागि ल्याइएका राँगा, बोका, थुमा, हाँस, कुखुरा काट्ने र परेवा उडाउने रहेका छन् । देवस्थलको सुरक्षार्थ चार जना महर्जन र चारजना पोडेलाई खटाइने व्यवस्था छ ।

दक्षिणकालीका पुजारी प्रकाश कर्माचार्यका अनुसार प्रत्येक वर्षको वैशाखकृष्ण त्रयोदशी र भाद्रकृष्ण अष्टमीमा महापूजा गरिने परम्परा छ । प्रत्येक वर्षका लामा र छोटा दिनहरूमा फरकफरक समयतालिका अनुसार पूजाविधि सञ्चालन हुने व्यवस्था छ । यस अनुसार छोटा दिन अर्थात् मङ्सिरदेखि माघसम्म बिहान ६ बजेदेखि ११ बजेसम्म दर्शनार्थीहरूको दर्शन-पूजाका लागि, ११।३० बजेदेखि १ बजेसम्म नित्यपूजा, १ बजेदेखि ५ बजेसम्म दर्शनार्थीका लागि दर्शन-पूजा तथा ५ बजेदेखि ६ बजेसम्म आरती-पूजा हुने पद्धति छ । यसै गरी लामो दिन अर्थात् फाल्गुनदेखि कार्तिकसम्म बिहान ५:३० बजेदेखि ११:३० बजेसम्म दर्शनार्थी, ११:३० बजेदेखि १ बजेसम्म नित्यपूजा, १ बजेदेखि ७ बजेसम्म दर्शनार्थी तथा ७ बजेदेखि ७:१५ बजेसम्म आरती-पूजा गरिने कार्यक्रम रहेको छ । दक्षिणकालीका कर्मचारीहरूलाई देवस्थलमा चढाइएका भेटीबाट दिने प्रथा छ । यसरी देवस्थलको पूजाविधिका साथै सुरक्षाको व्यवस्था गरिएको देखिन्छ ।

शक्तिको स्रोत दक्षिणकालीप्रति श्रद्धा तथा भक्तिपूर्वक विभिन्न आवश्यक वस्तु अर्पण गर्ने, देवस्थललाई सफा पार्ने, पुरानो महत्त्वपूर्ण वस्तुहरूको जीर्णोद्धार गर्ने, बाटोघाटो, पाटीपौवा, धारा जस्ता धार्मिक तथा सांस्कृतिक स्थलहरूको निर्माण गरी सुविधायुक्त पार्ने जस्ता पुण्य कार्यमा शाह राजाहरूको दृष्टि परेका छन् । यस सन्दर्भमा राजा महेन्द्रवीरविक्रम शाहद्वारा आफ्नो जन्मोत्सवको अवसरमा दक्षिणकाली मन्दिरको परिसरमा ढुङ्गाको सिँढी, खोलामा बाँध र पर्खालहरूको नवनिर्माणका साथै पाटीपौवा आदिको जीर्णोद्धार,

रङ्गरोगन गराई सुन्दर र आकर्षक स्थल बनाउने कार्य सम्पन्न गराइएको थियो। यस बाहेक शाह राजाहरूले दक्षिणकालीलाई आफ्नो इष्टदेवीको रूपमा मान्यता दिएपछि यस धार्मिक स्थलको महिमा बढ्न गई प्रसिद्धि पाएको एकीन हुन्छ।

फर्पिङमा यी देवस्थलहरूको स्थापना, तिनको सञ्चालन, स्थायित्व आदिका लागि गुठी जग्गा राखिएको जस्ता विभिन्न उदाहरणहरू बाहेक त्यहाँ पाटीपौवा, मण्डप, टुटेपानी, ढुङ्गेधाराजस्ता विभिन्न सांस्कृतिक स्थलहरूको निर्माण गरिएको पाइन्छ। लिच्छविकालमा फर्पिङ सहरको कुनै विहारमा धारा अंशुवर्माद्वारा बनाउन लगाइएको उल्लेख अभिलेखमा परेको छ। सो अभिलेख मूल ठाउँबाट पाटन भण्डारखालमा लगिएको हुँदा सो धारा कुन विहारबाट लगिएको तथा सो विहार कुन स्थानमा अवस्थित थियो भन्ने कुरा स्पष्ट हुँदैन। सो धाराको परिचयसम्म प्राप्त हुन सकेको छैन। फर्पिङवासीलाई होस् वा बटुवाका लागि होस् ने.सं. ३८१(वि.सं. १३१७) मा जलद्रोणीको निर्माण भएको पाइन्छ (परिशिष्ट १ : ६)। यसै गरी यस्ता सांस्कृतिक स्थलहरूको सञ्चालन, जीर्णोद्धार जस्ता कार्यका लागि विशेष व्यक्तिको व्यवस्था गरिनुका साथै यसको सञ्चालनार्थ गुठीको व्यवस्थासमेत गरिएका उदाहरणहरू धेरै पाइन्छन्।

वि.सं. १८७९ को पत्रमा फर्पिङका द्वारे तथा सात प्रधानको नाममा लेखिएको विवरणअनुसार त्यहाँका सत्तल पाटी, टुटेपानी आदिको गुठी हुँदाहुँदै पनि तिनको संरक्षण, जीर्णोद्धार नगरी गुठीको आम्दानी गुठियारले खान नहुने तथा यो कार्य पुरा नगरे द्वारे र सात प्रधानलाई विशेष व्यवस्था गर्न निर्देशन दिइएको छ (परिशिष्ट २ : सङ्ख्या १७)। यसै गरी यो कार्य पूरा नभएमा द्वारे र प्रधानहरू दण्डका भागी हुने बेहोराले फर्पिङ प्रदेशका यी सांस्कृतिक स्थलहरूका रूपमा रहेका पाटी, पौवा, धारा, पोखरी, मन्दिर आदिको संरक्षण त्यसताकासम्म राम्ररी भएको बुझिन्छ। सबै धार्मिक तथा सांस्कृतिक स्थलहरूको संरक्षण र सम्वर्द्धन गर्ने कार्यमा शासक तथा जनताबाट उल्लेखनीय कार्य हुनु आवश्यक हुन्छ। यसका लागि जनचेतना जगाउने तथा सम्बद्ध सरकारी निकायको ध्यानाकर्षण हुन अत्यावश्यक भएको छ।

लक्ष्मीनारायण

फर्पिङको यल्खुटोलको एउटा आवासीय घरमा प्रस्तरको लक्ष्मीनारायण मूर्ति रहेको थियो। ने.सं ९०० (वि.सं. १८३६) मा छत्रसिंह र चिकुटीधनले लक्ष्मीनारायणको प्रस्तर मूर्ति निर्माण गर्नाका साथै यज्ञ गरी प्रतिष्ठा गरेको

कुरा परेको छ (परिशिष्ट १ : ३१)। यो मूर्ति आजकल जीतनारायण श्रेष्ठद्वारा आफ्नै घरमा सुरक्षित राखिएको छ। यसको पूजाआजाको लागि गुठीको व्यवस्था गरिएको जानकारी प्राप्त भएको छ।

लक्ष्मीनारायण

सिद्धिलक्ष्मी

सिद्धिलक्ष्मीको धातुको मूर्ति मूर्तिकलाको दृष्टिले महत्त्वपूर्ण तथा उल्लेखनीय मानिन्छ। फर्पिङमा पाइएका मूर्तिहरूमा यो एउटा मात्र धातुको मूर्ति हो। यो मूर्ति आजकल पाटन सङ्ग्रहालयको ग्यालरी 'डी' कक्षमा प्रदर्शन गरिएको छ। विक्रमको १७ औं शताब्दीतिर निर्मित यो मूर्ति फर्पिङको कोतघरबाट चोरी भएपछि यहाँ कसरी र कहिले आइपुग्यो भन्ने कुरा रोचक रहेको छ (पौडेल, वि.सं. २०६२ : ख)। धातुद्वारा निर्मित यो तान्त्रिक देवी सिद्धिलक्ष्मीको मूर्ति आकर्षक र कलाकारिताको दृष्टिले उल्लेखनीय रहेको छ।

सिद्धिलक्ष्मी

डबली

डबली नेपाली संस्कृतिको अभिन्न अङ्ग मानिन्छ। खास गरेर यो डबली नाटक, धार्मिक तथा सांस्कृतिक नाच, नाटक आदि प्रदर्शन गर्ने कार्यमा उपयोग गरिने चलन हो। यसो हो तापनि आजकल भने यही डबलीलाई राजनैतिक भाषण तथा धार्मिक प्रवचन गर्ने थलोको रूपमा पनि उपयोग गरिएको पाइन्छ।

जमिनबाट १ १/२ देखि २ फिट जतिसम्म इँटा तथा ढुङ्गाको गाह्रो उठाई चारकुने, फराकिलो, समतल पारी बनाइएको ठाउँलाई डबली मानिन्छ। डबलीको वरिपरि दर्शक तथा स्रोताको लागि केही खुला ठाउँसमेत छोडिएको हुँदा यसले चोकको रूपसमेत लिएको पाइन्छ। जसलाई 'ननी' भनी अभिलेखमा उल्लेख भएको पाइन्छ।

फर्पिङको डबलीबारे चर्चा गर्नुपूर्व डबलीको चलन कहिलेदेखि प्रारम्भ भयो भन्ने कुराको छोटो चर्चा गर्नु सान्दर्भिक देखिन्छ। लिच्छविकालमा डबलीको प्रयोग भएको सङ्केत कतै देखिएको छैन। तर एउटा अभिलेखमा "... मण्डपियात्रा ..." भन्ने वाक्यांश परेको छ (वज्राचार्य, वि.सं. २०३० : ५६५)। यो मण्डपी यात्राको सँगै रथ ठड्याउने, सिँगारपटार गर्ने जस्ता विषय परेको हुँदा (ऐजन : ५६८) त्यसताका सांस्कृतिक पर्व स्वरूप यात्रा हुने गर्दथ्यो भन्ने कुरा बुझ्न सकिन्छ। यस किसिमका यात्रामा प्रयोग भएको मण्डप शब्दले डबलीलाई पनि सङ्केत गरेको हो कि भनी अनुमान गर्न सकिन्छ।

केही विद्वान्हरूद्वारा लिच्छविकालमा डबलीको प्रयोग भएको भनी अनुमान गरिएको पाइन्छ (तमोट, वि.सं. २०२२ : ९१)। यही प्रसङ्गमा चर्चा गर्दा हरिसिद्धि पुराणले नेपालमा हरिसिद्धि नाच कलिगतसंवत् २९६० अर्थात् विक्रमसंवत् आरम्भ हुनुभन्दा ९४१ वर्षअगाडि भएको उल्लेख (कंशाकार, वि.सं. २०१९ : १३३) भएबाट यस्ता नाच कुनै डबलीमा गरिएको हुन सक्छ भनी किराँतकालतिरै डबलीको चलन रहेको अनुमान गरिएको छ (तमोट, वि.सं. २०३२ : ९०)।

फर्पिङका डबलीबारे चर्चा गर्ने क्रममा यहाँको सातै टोलमा डबली रहेका थिए भन्ने भनाइ रहेको छ। यहाँका सातै टोलमा पाटी, हिटी, पोखरी र तिनको रेखदेख गर्न प्रधान जस्ता पदाधिकारीको व्यवस्था बाँधिएको थियो भन्ने रहेको छ। यसको पुष्टि केही मात्रामा भएको पाइन्छ।

फर्पिङमा बचेका डबलीहरूमध्ये नारायणटोलस्थित नारायण डबली र कोछुटोलको डबली आकर्षक छन् ।



नारायण डबली

यी डबलहरूमध्ये देवस्थलहरू तथा प्रशासनिक भवनहरूको बिच खुला स्थानमा भएकोले कोछुटोलको डबली आजसम्म बढी उपयोगी हुँदै आएको छ ।



कोछुटोलस्थित डबली

मध्यकालमा नेपालमण्डलमा धार्मिक तथा सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण नाच, जात्रा, आदिको चलनमा वृद्धि हुँदै आएको देखिन्छ । यस्ता डबली नेवार जातिको बाहुल्य भएका कान्तिपुर, ललितपुर, भक्तपुर, दोलखा, टोखा, साँखु आदि विभिन्न स्थानहरूमा पाइएका छन् ।

जलद्रोणी

बटुवा, स्थानीयवासीलाई पानी उपलब्ध गराउने उद्देश्यले 'जलद्रोणी' को स्थापना गर्ने प्रचलन लिच्छविकालमा रहेको उदाहरण धेरै पाइएका छन् (वज्राचार्य, वि.सं. २०३० : ५८९;५९२) । बटुवा आदिलाई पानी उपलब्ध गराउने जलद्रोणीको व्यवस्था किराँतकालमा पनि गरिएको थियो भनी अनुमान गर्न सकिन्छ तापनि यसलाई पुष्टि गर्ने ऐतिहासिक प्रमाण तथा पुरातात्त्विक वस्तु आदि भने आजसम्म फेला परेको पाइएको छैन ।

जलद्रोणी खास गरेर वटुवालाई लक्षित गरी पानी उपलब्ध गराउने स्रोतहरूमध्ये एक हो । यो ढुङ्गाको विशेष प्रकारको डुँड बनाई भित्रबाट पानी भर्ने गरी बाहिरबाट टुटी बनाइन्छ । यसै टुटीबाट बटुवाले पानी पिउने र पानी पिएपछि बन्द गर्न मिल्ने गरी तयार पारिएको ढुङ्गाको डुँडलाई 'जलद्रोणी' भनिन्छ । लिच्छविकालका अभिलेखमा 'जलद्रोणी' भनिएका छन् (वज्राचार्य, वि.सं. २०३० : ५४७, ५८९) । मध्यकालमा जलद्रोणी (वज्राचार्य, वि.सं. २०६८ : ११७), जरधनु (वज्राचार्य, वि.सं. २०५६ :३९२) र टुटेपानी (परिशिष्ट २ सङ्ख्या १७) गरी विभिन्न नामहरू पाइन्छन् । यस भेकमा विभिन्न जलद्रोणीहरू पनि रहेका थिए । यिनमा भिंजढूं, गकोजढूं, तन्देचोजढूं, मिखायूजढूं, धसिपोजढूं, टुईजढूं आदि रहेका थिए । यी जलद्रोणीहरूको सञ्चालनका लागि विभिन्न व्यक्तिहरूलाई जिम्मेवारी सुम्पिएको हुन्थ्यो ।



पाटीको जलद्रोणी

यस्ता जलद्रोणीका लागि पानीको छुट्टै स्रोतको व्यवस्था हुनु आवश्यक

हुन्थ्यो । यसका लागि पानीको स्रोतको आवश्यकता पर्ने हुँदा नजिकै कुवाको निर्माण गर्ने वा कुलोको व्यवस्था गर्ने वा नजिकैको खोला वा नदीबाट पानी ओसार्ने जस्ता कार्यको आवश्यकता पर्दथ्यो । यस्ता जलद्रोणीलाई पाटी पौवाको भित्तामा राखिने चलन पनि थियो ।

ढुङ्गेधाराको निर्माण गरी पानी उपलब्ध गराउन निकै गाह्रो र खर्चालु पनि हुने हुँदा जलद्रोणीको प्रचलन भएको देखिन्छ। पानीको वितरण सुचारु रूपले सञ्चालन गर्न गुठीको व्यवस्था गरिएको हुन्थ्यो। पानी जलद्रोणीमा भर्नको लागि गुठीको आयस्रोतबाट कर्मचारीको नियुक्ति तथा जीर्णोद्धारको व्यवस्था समेत गरिएको हुन्थ्यो । लिच्छविकालमा पानीको व्यवस्था गर्न 'पानीय-गोष्ठी' तथा यस कार्यमा कुनै समस्या नआओस् भनी रेखदेख गर्न लिंग्वल अधिकरणको व्यवस्था गरिएको पाइन्छ ।

फर्पिङ बजार परिसरमा केही जलद्रोणीहरू रहेका छन् । तीमध्ये फर्पिङ बजारबाट ललितपुर जाने मूल मार्गमा अर्थात् बजारको दक्षिणमा बाटोसँगैको एउटा पाटीको भित्तामा जलद्रोणी रहेको छ ।

यो जलद्रोणी तराइबाट फर्पिङ भई ललितपुर जाने वटुवालाई लक्षित गरी स्थापना गरिएको बुझिन्छ ।



कोछुटोलको जलद्रोणी

ने.सं. ३८१ (वि.सं. १३१७) को अभिलेखसहितको यो जलद्रोणी फर्पिङको पुरानो मानिन्छ। राजा भीमदेवको विजयराज्यमा विषयाधिपति महासामन्त जैतराम जीवले पालना गरेको समयमा फर्पिङ यविलीटोलका यमद्वलछें निवासी दानपति अजसिंहले यो जलद्रोणी स्थापना गरेका थिए। यस सत्कर्मबाट देवता, पितृ तथा सबै प्राणीलाई आनन्द होस् भन्ने कामना गरेका छन् (परिशिष्ट (१ : ६; वज्राचार्य, वि.सं. २०६८: १३६)। यसमा जलद्रोणीमा पानी भर्ने र जीर्णोद्धार गर्नेबारेमा केही उल्लेख छैन। स्थानीयवासीको भनाइअनुसार दक्षिणकालीस्थानको खोलाबाट पानी ओसारी जलद्रोणी भरेर पानीको व्यवस्था गर्ने गरेको थियो भन्ने छ। त्यसताका यसरी पनि जलद्रोणी सञ्चालन गरिन्थ्यो भन्ने उदाहरण पाइन्छ। ने.सं. २५९ (वि.सं. ११९६) मा काठमाडौंको ब्रह्मटोलस्थित जलद्रोणीमा नदी (विष्णुमती) बाट पानी ल्याई सधैं आउने धारा जस्तो बनाउने व्यवस्था गरिएको (वज्राचार्य, वि.सं. २०६८ : ७४) उदाहरण यस सन्दर्भमा उल्लेखनीय रहेको छ। तर यो जलद्रोणीमा पानी भर्न राजकुलोबाट ल्याइएको पानी नजिकैको इखापोखरीमा सङ्कलन गरी जलद्रोणीमा पानी भर्ने गरिन्थ्यो भनी अनुमान गर्न सकिन्छ। आजकल यो इखापोखरीलाई माटोले पुरी ढुङ्गा छापिएको अवस्था छ।

यसबाहेक अरू केही जलद्रोणीहरू विना उपयोग त्यसै रहेका छन्। यीमध्ये कोछुटोलस्थित ढुङ्गेधारा भएको ठाउँको एउटा जलद्रोणी भित्तामा छ भने अर्को नारायण डबलीसँगै एउटा जलद्रोणी बेवारिसे जस्तै रहेको छ। यसबाट के बुझ्न सकिन्छ भने सुरुमा जलद्रोणीद्वारा पानीको व्यवस्था भएकोमा जनघनत्व बढ्नु जस्ता विभिन्न कारणले यसको उपयोगितामा कमी आई यसको सट्टामा ढुङ्गेधाराको व्यवस्था आएको बुझिन्छ। घरघरमा पाइपबाट पानी ल्याउने आजकल सुविधाजनक प्रविधि आएपछि ढुङ्गेधाराको चलन पनि हराएको कुरा यस प्रसङ्गमा स्मरणीय छ।

ढुङ्गेधारा

सम्पूर्ण प्राणीलाई नभई नहुने पानीको आपूर्ति गर्ने माध्यम स्वरूपको जलद्रोणी, पोखरी, कुवा, इनार आदि बाहेक ढुङ्गेधाराको महत्त्व प्रचीनकालदेखि चलेको देखिएको भए पनि मध्यकालमा जनसङ्ख्या वृद्धि सँगसँगै ढुङ्गेधाराहरूको सङ्ख्यामा पनि वृद्धि हुँदैगएको कुरा तात्कालिक अभिलेखहरूबाट स्पष्ट हुन्छ। यो पानीको माध्यम जलद्रोणी, कुवा, इनार आदिभन्दा झन्झटिलो र बढी

खर्चिलो भए तापनि यो माध्यम मध्यकालमा धेरै उपयोगी र सशक्त सावित भएको देखिन्छ ।

नेपालमण्डलका बस्तीहरूमा स्थापना गरिएका कलापूर्ण ढुङ्गेधाराहरूलाई उदाहरणार्थ अगाडि सार्न सकिन्छ । फर्पिङमा लिच्छविकालमा धाराको निर्माण भएको पाइन्छ तर सो धारा कहाँ बनाइएको थियो भन्ने कुरा सम्वद्ध शिलापत्र हराएकोले सो बारेमा आजसम्म थाहा हुनसकेको छैन । लिच्छविकालमा ढुङ्गेधारालाई संस्कृत भाषामा 'प्रणाली' भनिन्थ्यो भने मध्यकालमा आएर नेवार भाषामा 'हिटी' भनिएको उदाहरण पाइन्छ ।





नारायणडवलीको ढुङ्गेधारा

फर्पिङमा रहेका बचेका ढुङ्गेधाराहरूमा नारायण डवलीसँगै रहेको ढुङ्गेधारालाई लिन सकिन्छ । कुनै बेला यो धाराले महत्त्वपूर्ण सेवा दिएको थियो भने आज त्यो धाराका तात्कालिक उपभोगकर्ताका वंशजले यो धारालाई उपेक्षा गरेको देखिन्छ ।

यो ढुङ्गेधारास्थानमा जलद्रोणीको एक भाग त्यसै बेवारिसे अवस्थामा रहेको देखिन्छ । यसबाट पहिले यहाँ जलद्रोणी रहेकोमा पछि धारा बनेपछि यो उपेक्षित अवस्थामा छाडिएको बुझिन्छ ।

फर्पिङ सहरको केन्द्र रूपको कोछुटोलस्थित ढुङ्गेधारा परिसर ठुलो र आकर्षक छ । यो धारा पानीको स्रोतका साथै सांस्कृतिक दृष्टिले पनि महत्त्वपूर्ण रहेको छ ।

फर्पिङ सहरभित्रका पानीका स्रोतहरूमा ढुङ्गेधाराले जनसमूह अर्थात् प्राणीको आधारभूत आवश्यक पर्ने पानीको आपूर्ति पूरा गरेको मात्र नभएर यसले यो क्षेत्रलाई सांस्कृतिक दृष्टिले पनि उन्नत बनाएको देखिन्छ। यहाँ जलद्रोणी बाहेक ढुङ्गेधारा, पोखरी, कुवा आदिले धार्मिक कार्य गर्न पनि पानीको आपूर्ति गरेको देखिन्छ। यसक्रममा फर्पिङ सहरको दक्षिणमा अवस्थित सरस्वतीडोलको कमलपोखरी आकर्षक देखिन्छ। वरिपरिबाट पर्खालले घेरिएको यो पोखरी ने.सं. ३१२ (वि.सं. १२४९) मा स्थापित सरस्वतीमूर्तिसँग सम्वद्ध रहेको बुझ्न सकिन्छ।



कोछुटोलस्थित ढुङ्गेधारा

शिखरनारायण र गोपालेश्वर मन्दिरहरूको परिसरमा रहेका गोसाइँकुण्ड, सूर्यकुण्ड, वासुकिकुण्ड तथा पोखरीको बारेमा यथास्थानमा चर्चा गरिसकिएको छ, । यी पोखरीहरू बाहेक सहरको पश्चिम-दक्षिणतर्फ एउटा ठुलो र सुन्दर पोखरीको निर्माण गरिएको छ। यी पोखरीहरूले वरिपरिको वातावरणलाई स्वच्छ पार्नुका साथै आकर्षक पनि पारेको देखिन्छ। यसबाहेक यो पानीको स्रोत आगलागी जस्ता आकस्मिक घटनाबाट सुरक्षित हुन पनि उपयोगी हुने देखिन्छ।

जलद्रोणी, पोखरी बाहेक फर्पिङमा जलकुण्ड पनि रहेको थियो। गोपालेश्वर मन्दिरसँगै रहेको जलकुण्डबारेमा पनि यथास्थानमा चर्चा गरिसकिएको छ। आजकल भने पानी वितरण गर्ने शैलीमा आधुनिक प्रविधि तथा प्रणाली अवलम्बन गरिएसँगै पानी वितरणका पुराना यी स्रोतहरू पुरातात्त्विक सम्पदाका रूपमा मात्र देख्न सकिन्छ। यी सम्पदा नै आज पर्यटकीय दृष्टिले महत्त्वपूर्ण गन्तव्यस्थल साबित हुँदै गएको पाइन्छ। तसर्थ

फर्पिङवासीले आफ्ना पुर्खाले छोडेर गएका यी नासोलाई संरक्षण र सम्वर्द्धन गर्नु आजको आवश्यकता रहेको छ ।

चन्द्रबत्ती

चन्द्रबत्तीलाई फर्पिङको मात्र नभई नेपालकै महत्त्वपूर्ण जलविद्युत्को रूपमा मानिएको छ । नदीको पानीवाट उत्पादन गरिएको नभएर फर्पिङ भन्ज्याङको सातमुले र शेषनारायणस्थित वासुकिकुण्डको पानी एउटा पोखरीमा सङ्ग्रह गरी वाग्मती नदीको दायाँ किनारस्थित सौखेलमा लगी उत्पादन गरिएको हो यो जलविद्युत् 'चन्द्रबत्ती', 'चन्द्रज्योति' अर्थात् 'चन्द्रप्रकाश' ।





पानीको पोखरी र पावर हाउस

प्रधानमन्त्री चन्द्रशमशेरद्वारा वि. सं. १९६८ ज्येष्ठ ९ गते टुँडिखेलको पूर्वपट्टि बनाइएको सबस्टेसनबाट यसको उद्‌घाटन भएको थियो । यस अवसरमा दिएको भाषणमा स्वास्थ्य, उद्योगधन्दा र देशको आर्थिक नीतिवारेमा उद्‌गार व्यक्त गरिएको थियो । यस योजनामा लागेको खर्चको फाँटवारी पनि प्रस्तुत गरिएको थियो । टुकी, लाल्टिन आदिको उज्यालोमा बाँचिरहेका काठमाडौं उपत्यकावासीको लागि यो चन्द्रबत्ती वरदान साबित भएको थियो भन्न सकिन्छ । यो कार्य सम्पन्न गर्न प्रधानमन्त्री चन्द्रशमशेरले जनतावाट घरधुरी चार रुपियाँ उठाएका थिए तर पछि सो रकम फिर्ता गरिएको थियो । यो भनाइ गोर्खासमाचार शीर्षकमा "बिजुली बत्तीका मदतलाई यहाँका वसिन्दासँग घरै रु.४ उठेको थियो । हाल श्री महाराजबाट सो रुपैयाँ फिर्ता वक्सियो" भनेर समाचार प्रसारित भएबाट पुष्टि भएको छ (ठाकुर (सम्पा.) वि.सं. २०३२:२२) ।

जनताबाट किन रकम उठाइयो र फेरि किन फिर्ता बुझाइयो भन्ने कारण खुलस्त भएको पाइएको छैन। सरकारी कोषमा आवश्यक आर्थिक स्रोत नभएर हो वा जनतालाई परोक्ष वा अपरोक्ष रूपमा सहभागी बनाउने वा उत्तरदायी बनाउने जस्ता अभिप्रायले रकम उठाइएको हुन सक्छ।

यो अपूर्व प्रकाश चन्द्रबत्ती नेपालको पहिलो र एसियाको दोस्रो जलविद्युत् आयोजना मानिएको छ। यसो त भारतमा कर्नाटकको मुन्ड्य जिल्लामा सन् १९०२ जुन ३० मा उत्पादित "शिवनसमुद्र" एसियाको पहिलो विद्युत् भएको मानिएको छ भने संसारकै पहिलो भने सन् १८७८ मा इङ्ल्यान्डको नर्थम्बरल्यान्डमा उत्पादित जलविद्युत् आयोजना भएको बुझिन्छ।

कालान्तरमा यो चन्द्रबत्ती उत्पादन गर्दाको जलस्रोतलाई पिउने पानीको लागि उपयोग गरिएपछि यो ऐतिहासिक जलविद्युत् बन्द भएर यससँग सम्बद्ध सबै भवन, मिसिन आदि पुरातात्त्विक सम्पदाको रूपमा रहेका छन्।



नेपालको पहिलो र एसियाको दोस्रो जलविद्युत् आयोजना चन्द्रबत्तीको भवन

यी सबै महत्त्वपूर्ण सम्पदाहरूको यथास्थानमा संरक्षण गरी पर्यटकीय स्थलको रूपमा विकास गर्न सके आन्तरिक तथा बाह्य पर्यटकहरूका लागि आकर्षक गन्तव्यस्थल हुने निश्चित छ। यसमा सरोकारवालाहरूको यथाशीघ्र ध्यानाकर्षण हुनु अत्यावश्यक देखिन्छ।

फर्पिङमा प्राप्त शैव, वैष्णव, शाक्त, बौद्ध सम्प्रदायका मूर्तिहरूलाई ध्यानमा राख्दा प्रस्तरका मूर्तिहरू बढी देखिएको तथा कतिपय मूर्तिहरू हराएको कारणले नयाँ मूर्ति स्थापना गरिएको देखिन्छ। अभिलेखहरूमा पनि शिलामा कुँदिएका बढी देखिएका छन्। यसै गरी मूर्तिहरूमा शैव सम्प्रदायका शिवलिङ्ग, उमामहेश्वर, गणेश, शाक्त सम्प्रदायका भगवती, वैष्णव सम्प्रदायका

नारायणका मूर्तिहरू देखिएका छन्। काठ र धातुका मूर्तिहरू न्यून रहेको पाइएको छ।

ख. अमूर्त सांस्कृतिक सम्पदा

फर्पिङ बजारका नेवार समुदाय

फर्पिङका नेवार जातिको घर निर्माण शैली आकर्षक हुने गर्दथ्यो। नेपालमा जातिपिच्छे घर निर्माण शैलीमा भिन्नता पाइन्छ। नेवार जाति संयुक्त परिवार प्रथामा रुचि राख्ने हुँदा यो समुदायमा तीन वा चार तलाको घरको आवश्यक पर्दथ्यो। तर बदलिँदो परिस्थितिअनुसार एकल परिवार रुचाउनेको सङ्ख्यामा क्रमशः वृद्धि भएको देखिन्छ। यहाँ नेवारहरू तीन वा चार तले काँचो वा पाको इँटा वा ढुङ्गाको गाह्रो, झिँगटी पाखो छानो र विभिन्न बुट्टा कुँदिएका काठका झ्याल ढोकाहरूको प्रयोग गरिएका घरमा बस्दथे। तीन तलामध्येको बिचको तलामा घरमुलीको इच्छाअनुसार कलात्मक झ्याल राख्ने चलन थियो। माथिल्लो अर्थात् बुइँगलमा भान्सा कोठाको व्यवस्था गरी धुँवा जाने तथा पानी पर्दा भित्र पानी नपस्ने गरी छानामा अलिकति भाग खुला गरिएको हुन्थ्यो। प्रायः गरेर नेवार बस्ती परिसरमा आ-आफ्ना धर्मसंस्कृतिअनुसार गणेश, भीमसेन, नारायण, शिव आदिका मन्दिर, विहार, चैत्य आदि स्थापना गर्ने परम्परा रहेको देखिन्छ।

परिवर्तित समयानुकूल घर बनाउने शैलीमा पनि फरक आयो। परम्परागत शैली, निर्माण सामग्री आदिलाई त्यागी नयाँ प्रविधि अपनाई गृह निर्माण हुन थालेको प्रत्यक्ष देख्न सकिन्छ।

फर्पिङका नेवार जातिमा महिलाले घरबुनाको कालो रातो किनारा भएको हाकु पटासी, चौबन्दी चोली आदि लगाउँथे भने पुरुषले घरबुनाका दौरा सुरुवाल, कालो इस्टकोट र ढाकाका वा भादगाउँले टोपी लगाउने चलन थियो। त्यसै गरी बालकहरूका लागि साधारण दौरा-सुरुवाल हो भने बालिकाहरूका लागि भोटो जाँगा सुरुवाल लगाउने परम्परा रहेको पाइन्छ।

महिलाले लगाउने गरगहनाहरूमा सुनको सिक्री, चाँदीको कल्ली, यारलिङ, काँच वा सुनको चुरा, सिक्का माला, मुगा माला, मङ्गलसूत्र, चाँदीको पाउजु, औँठी, पुरुषले सुनको सिक्री, औँठी, आदि लगाउने गरेको र समयअनुसार यसमा केही परिवर्तन आएको देखिन्छ। आजकल पुरुषहरू समयअनुसार औपचारिक पोसाक लगाए तापनि पाइन्ट, सुट, भेस्ट, कोट आदि

लगाउँछन् भने महिलाहरू पाइन्ट, कुर्ता-सुरुवाल सारी आदि लगाउँछन्।

फर्पिङका नेवार समुदायको खानपानमा प्रायः गरेर दाल, भात, सिन्की, गुन्द्रुक, तरकारीबाहेक चाडपर्वमा योमरी, चटामरी, बारा, समयबजी कचिला, छुएला, तखला, न्याखुबन्हा (पिरो थलथले), चुँला, ऐला, थों आदि विभिन्न परिकार प्रमुख रहेको देखिन्छ।

यो समुदायमा विभिन्न सांस्कृतिक तथा धार्मिक पर्वहरू, पूजाआजामा प्रयोग गरिने सामग्रीहरूमा घन्टी, कलश, दियो, ज्वालान्ह्याक, सिनमु, करुवा आदि प्रमुख छन् भने वाद्यवादन सामग्रीहरूमा धिमे, खिँ, दाफा, डमरु, मादल, तबला, बाँसुरी, शङ्ख, गुजराती बाजा (सहनाई) आदि प्रमुख देखिन्छन्।

नेवार जातिको आफ्नै मौलिक भाषा र लिपि छन्। फर्पिङका नेवार समुदायले बोल्ने भाषा 'नेवारी भाषा' अर्थात् 'नेपाल भाषा' हो। त्यहाँ पाइएका शिलापत्र, ताम्रपत्र, ताडपत्र आदिमा संस्कृत, नेवारी भाषा पाइएका छन्। नेवारहरूले नेवारी भाषामा व्यवहार चलाउँदै आएको पाइन्छ।

फर्पिङमा विभिन्न जाति तथा सांस्कृतिक सम्पदाहरूको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ। वैष्णव, शैव, शाक्त तथा बौद्ध आदि धार्मिक सम्पदाहरूको सम्मिश्रण, धार्मिक स्वतन्त्रता, उदारता तथा समन्वय रहेको देखिन्छ।

घण्टाकर्ण (गथामुगं)

घण्टाकर्ण फर्पिङको महत्त्वपूर्ण पर्व हो। नेवारी भाषामा 'गथा मुगँ' भनिने यो पर्व नेवार समुदायमा महत्त्वपूर्ण चाड मानिन्छ। फर्पिङमा प्रत्येक वर्षको श्रावणकृष्णको चतुर्दशीमा मनाइने यो चाड मध्यकालदेखि नै नेवार समुदायले मान्दै आएको पाइन्छ। यो नेवार जातिको महत्त्वपूर्ण मौलिक चाड

घण्टाकर्ण जलाइँदै

हो। गठेमङ्गललाई भूत धपाउने जात्राको रूपमा पनि मनाइने चलन छ। टोलटोलबाट छ्वाली सङ्कलन गरी घण्टाकर्णको पुतला बनाएपछि त्यसैलाई घिसार्दै, पिट्दै बस्तीबाहिर फ्याँक्ने चलन छ। नेवार जातिको वाहुल्य भएका काठमाडौँ उपत्यकाभित्र र बाहिरका बस्तीहरूमा यो चाड मनाउने चलन छ। यो पर्व मनाउने प्रक्रिया केही फरक फरक भएको पनि पाइन्छ।

पर्वको अर्को महत्त्वपूर्ण पक्ष भनेको रोपाइँ समाप्त भएपछि किसानको घर सफा गर्ने, हिलो पखाल्ने अवसर हो भने अर्कोतर्फ यसलाई चाडपर्व सुरु भएको सङ्केतको रूपमा पनि मानिन्छ (गारु वि.सं. २०७४ : श्रावण ७ गते)। यस पर्वको दिनमा प्रायः गरेर नर्कटको रोगव्याधिरूपी 'घण्टाकर्ण' अर्थात् राक्षस बनाई टोलटोलका चोकचोकमा ठड्याएर राख्ने तथा अन्त्यमा अर्थात् सोही दिनको अपराह्न वा साँझपख बाजागाजाका साथ सहर अर्थात् बजारको परिक्रमा गराई बस्ती बाहिर लगी फाल्ने वा जलाउने परम्परा छ। यसवाट सहर वा बस्तीमा रोगव्याधि हटी शान्ति आउँछ भन्ने धार्मिक विश्वास छ। यस पर्वमा केटाकेटीलाई फलाम वा तामाका औँठी लगाइदिने तथा युवतीहरूले हातमा मेहन्दी लगाउने चलन पनि छ।

नागपञ्चमी

नागको पूजा प्राचीनकालदेखि गरिने परम्परा छ। नेपालको कला र धार्मिक इतिहासमा नागपूजाको महत्त्वपूर्ण स्थान रहेको छ। मल्ल राजाहरूको पालामा नागपूजाको महत्त्व अझ बढी थियो। यिनीहरूले दरबारक्षेत्र वा बाहिर पोखरी निर्माण गरी बिचमा फणायुक्त नागस्तम्भ स्थापना गरेका उदाहरण निकै पाइन्छन्। त्यसताका नागपूजाको लोकप्रियता बढेको थियो। फर्पिङमा प्रत्येक वर्षको श्रावण महिनामा नागपञ्चमीको दिन नागको विशेष पूजा गर्ने प्रचलन अद्यापि छ। देशमा अनावृष्टि वा खडेरी परेमा पानीसँग सम्वद्ध नागको आराधना गर्ने चलन छ।

जनैपूर्णिमा

जनैपूर्णिमालाई नेवार समुदायले 'क्वाँटी पूर्णिमा' भनी चाडको रूपमा मान्ने परम्परा छ। यस अवसरमा विभिन्न गेडागुडीको मिसावट गरी टुसा पलाएपछि त्यसको रस बनाई खाने चलन छ। खेतीपाती सुरु हुने हुंदा किसानले धेरै समय पानी र हिलोमा काम गर्दा चिसोबाट बच्न र शरीरलाई

ऊर्जा प्रदान गर्ने उद्देश्यले 'क्वाँटी' (तातो रस) पिउने चलन अद्यापि चल्दै आएको छ। यस अवसरमा आफ्ना नातेदारलाई बोलाई क्वाँटी पूर्णिमा मनाउने चलन छ।

गाईजात्रा

गाईजात्रा काठमाडौँ उपत्यका र बाहिरका नेवार समुदायमा प्रमुख जात्राको रूपमा मनाइन्छ। फर्पिङमा प्रत्येक वर्षको श्रावणशुक्ल पूर्णिमाको भोलिपल्ट अर्थात् भाद्रकृष्ण प्रतिपद्मा मनाइने यो जात्रा नेवार समुदायहरू बिच पनि फरकफरक शैलीमा मनाउने गरिन्छ। परिवारको मृत सदस्यको सम्झनामा मरेको एक वर्षभित्र मानिस वा गाईलाई विभिन्न प्रकारले सजाई घुमाउने पर्वलाई 'गाईजात्रा' तथा नेवार भाषामा 'सापारु' भनिन्छ।

गाईजात्रा मनाइँदै

गाईजात्रा नेवार समुदायमा कहिले सुरु भएको हो भनी यकिन गर्न प्रामाणिक सामग्रीको अभाव छ। यो जात्रा कान्तिपुरका प्रसिद्ध राजा प्रताप मल्लको पालामा आरम्भ भएको हो भन्ने भनाइ छ। यिनका छोरा चक्रवर्तेन्द्र मल्लको असामयिक मृत्युका कारण शोकमा डुबेकी यिनकी रानीलाई "जन्मेपछि एक दिन सबैले मर्नुपर्छ, जनताका छोराछोरीको पनि मृत्यु हुन्छ" भनी सान्त्वना दिने प्रयासस्वरूप यो जात्राको प्रारम्भ भएको भन्ने विश्वास गरिएको छ। यो अवसरमा सिँगारिएको लामो बाँसमा मृतकको फोटो टाँसी बनाइएको 'ताहामचा' परिक्रमा गर्ने, लठ्ठी जुधाएर नाचिने, 'घिन्ताङघिसी' नाच प्रदर्शन गर्ने, रामायणको करुण रस-गीत गाउने जस्ता विभिन्न कार्यक्रम गरी यो जात्रा मनाउने प्रचलन छ।

हिलेजात्रा (रोपाइँजात्रा)

फर्पिङमा गाईजात्रापछि गणेश-कुमारजात्रा मनाइन्छ। यसमा गणेश र

कुमारका रूपमा कसाइले अभिनय गर्ने चलन छ। गणेश-कुमारजात्रामा सुरुमा ६ जना डागीमध्ये तीन-तीन जनाको समूह बनाई परिक्रमा गर्दा उनीहरूलाई नयाँ फरियाको कपडा देखाउँदै जाने र फरियाको लम्वाइअनुसार बाँस प्रयोग गरिएको हुन्छ।

यही क्रममा मान्छेलाई गोरु बनाउने हली बनाउने जात्रा प्रारम्भ हुन्छ। यसैमा केही कलाकारले रक्सी खुवाउने, खाजा खुवाउने अभिनय गर्दछन् भने घोडा जस्तै गरी दुई जना राजकुमारले झम्केश्वरीका साथै सातै टोलको परिक्रमा गर्ने र देश परिक्रमापछि गणेश-कुमारले दुई पोखरीमा नुहाएपछि हिलेजात्रा समापन हुन्छ।

हिलेजात्रा मनाउँदाको दृश्य

हिलेजात्रालाई फर्पिङमा नेवार समुदायमा महत्त्वपूर्ण मनोरञ्जनका रूपमा लिइन्छ। यो जात्रालाई 'रोपाइँजात्रा' पनि भनिन्छ। यो जात्रामा मनोरञ्जनात्मक शैलीमा हास्य व्यङ्ग्य प्रस्तुत गरिन्छ। प्राय: गरेर वर्षदिनभित्रका विभिन्न घटनालाई लिएर व्यङ्ग्यात्मक गीतको माध्यमवाट कला प्रदर्शन गरिन्छ। यस जात्रामा मानिसको रूपमा हलगोरु बनाई हलीले सहरको गल्लीगल्लीमा जोत्दै परिक्रमा गर्ने परम्परा छ तथा जोतिएका स्थानमा रोपारुहरू घाँसलाई धानको बिउ जस्तै गरी रोप्दै जाने प्रक्रिया छ, जुन आकर्षक र मनोरञ्जनात्मक हुन्छ। कोही रोपारुले धानको बिउ आकाशतर्फ रोप्दै, नाच्दै परिक्रमा गर्ने शैली अनौठो तर मनोरञ्जनात्मक हुने गर्दछ।



रोपाइँजात्राको दृष्य

वसुन्धराजात्रा

फर्पिङमा सातवटा टोलहरूमध्ये दुईवटा टोलहरूको एउटा र पाँच टोलहरूबाट पाँचवटै वसुन्धराजात्रा सञ्चालन हुने परम्पराबाट यो जात्राको प्रमुख उद्देश्य बाली भित्र्याउने हो र यसमा कलाकारहरूले धान चुट्ने, बताउने र भण्डारण गर्ने अभिनय गरी जात्रा चलाउने गर्दछन् ।

वसुन्धराजात्रा (पुरानो अवस्था)



वसुन्धराजात्रा (वर्तमान अवस्था)

लाखे नाच

फर्पिङमा एकजना लाखे र एक जना तुम्पाकुले आफ्नो नाच प्रदर्शन गरेर टोलटोलमा मनोरञ्जन गराएबापत टोलवासीले नगद दिने चलन छ।

श्रीकृष्णाष्टमी

कृष्णाष्टमी पर्व धार्मिक चाड हो । यो अवसरमा कृष्णको मूर्ति वा फोटो सिँगारिएको खट वा रथमा राखी बाजागाजाका साथ फर्पिङ सहर परिक्रमा गर्ने चलन छ । यस क्रममा घरघरमा श्रीकृष्णभक्तहरूले दर्शन-पूजन गर्ने प्रचलन

छ। कोछुटोलका जानकार सिद्धिभक्त श्रेष्ठअनुसार उहाँका पुर्खाहरूले आफ्नै निवासबाट कृष्णाष्टमीजात्रा निकाल्ने गरेका थिए भने आजकल नृत्यनाथ मन्दिर परिसरबाट यो जात्रा आरम्भ गर्ने चलन चलाइएको छ। कहींकहीं भने विभिन्न मुद्राका कृष्णका फोटो प्रदर्शन गर्ने पनि चलन देखिन्छ।

दसैँ (विजयादशमी)

विजयादशमी हिन्दुहरूको महत्त्वपूर्ण चाड हो। यो नेपाली चाडपर्वहरूमध्ये विशेष पर्व हो। यो दिनमा सवै हिन्दु धर्मावलम्वीहरूले आफ्ना मान्यजनहरूबाट टीका लगाउने कार्य सुरु हुन्छ। यो पर्वको अर्को एउटा पक्ष पनि महत्त्वपूर्ण छ त्यो हो शक्तिरूपी हतियारको पूजा गर्ने। राष्ट्रलाई जोगाउने कार्यमा प्रत्येक नेपाली अघि सर्नुपर्ने हुँदा शक्तिको पूजा गर्नुपर्ने परम्परा छ। यो पर्वको भावनात्मक पक्ष अरू महत्त्वपूर्ण मानिन्छ। यसले परिवारभित्र एउटा मूल्य र मान्यतालाई झल्काउनाका साथै सम्वन्ध नवीकरण गराउँछ। एक अर्कोको सम्बन्धलाई गाढा बनाउँछ भने आफ्नो मनोभावनालाई व्यक्त गर्ने अवसर यस चाडले दिन्छ।

बलि दिइएको दृश्य

दशहरा पर्वअन्तर्गत नवमीको दिन तुलजा भवानीको पूजा गरी मौलोमा राँगो, बोका, हाँस, कुखुराका साथै सुँगुरको बलि दिने परम्परा छ। गुठी संस्थानको आर्थिक सहयोगमा कसाहीले राँगो, बोका, हाँस, कुखुरा तथा

सार्कीले सुँगुरको व्यवस्था गर्ने जिम्मेवारी लिएको बुझिएको छ । बलि दिएका यी पशुपंक्षीहरू सम्बद्ध व्यक्तिहरू बिच वितरण हुने व्यवस्था रहेको छ ।

तिहार

तिहार नेपालीले मनाउने अर्को महत्त्वपूर्ण चाड हो । कार्तिककृष्ण त्रयोदशी, चतुर्दशी, औँसी, कार्तिकशुक्ल प्रतिपदा र द्वितीया गरी जम्मा पाँच दिनसम्म मनाउने पर्वलाई 'यमपञ्चक' पनि भनिन्छ । नेवार भाषामा यस पर्वलाई 'स्वंती' भनिन्छ । फर्पिङमा यस पर्वका पाँच दिनसम्म क्रमशः काग, कुकुर, गाई र शरीरको पूजा गर्ने तथा दिदीबहिनीहरूले दाजुभाइलाई सम्मानपूर्वक पञ्चरङ्गी टीका लगाई पूजाआजा गर्ने सुस्वास्थ्यको कामना गर्ने जस्ता कार्य गर्ने परम्परा छ ।

हरिशङ्करजात्रा

फर्पिङको सामाजिक अवस्थालाई केही प्रकाश पार्नमा त्यहाँका समाजका विभिन्न जाति तथा सांस्कृतिक सम्पदाहरूको महत्त्वपूर्ण भूमिका रहेको छ । वैष्णव, शैव, शाक्त तथा बौद्ध आदि धार्मिक सम्पदाहरूको सम्मिश्रण, धार्मिक स्वतन्त्रता, उदारता तथा समन्वय रहेको देखिन्छ । फर्पिङ सहरभित्र रहेका समाजलाई नियाल्दा त्यहाँ नेवार जातिको बाहुल्य रहेको देखिन्छ । नेवारहरूमा अमात्य, श्रेष्ठ, प्रधान, महर्जन, मानन्धर, बलामी, पोडेहरूको बसोबास देखिन्छ । यहाँका सांस्कृतिक चाडपर्वहरूले आमोदप्रमोद मात्र दर्साएको नभएर सामाजिक एकताका साथै ऐतिहासिक, धार्मिक, सांस्कृतिक पक्षहरूको महत्त्वलाई पनि प्रकाश पारेको हुन्छ ।

हरिशङ्करजात्रा फर्पिङको ऐतिहासिक तथा सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण जात्रा मानिन्छ । वैष्णव र शैव धार्मिक समन्वयात्मक रूप अर्थात् हरि (विष्णु र हर (शिव) को आधा-आधा रूप हरिहर भएझैँ यसको सम्मिश्रण नाम हरिशङ्कर निर्माण गरी सार्वजनिक गर्ने प्रचलनस्वरूप उपत्यकाभित्र र बाहिर यस्ता मूर्तिहरू पाइन्छन् । यही भावनाले ओतप्रोत भई हरिशङ्करको संयुक्त यात्रा गर्ने प्रचलन रहेको देखिन्छ । यस हरिशङ्करजात्रामा शैव, वैष्णव बाहेक शाक्त सम्प्रदायको खट पनि सम्मिलित गर्ने चलन चलेको छ ।

नेवार बस्तीको यो हरिशङ्करजात्रा फर्पिङको सबैभन्दा महत्त्वपूर्ण पर्व मानिन्छ । यसको अर्को महत्त्वपूर्ण पक्ष हो, यो जात्रा रातको समयमा मात्र

मनाइन्छ। रातभर जागा रही बालकदेखि वृद्धसम्मका फर्पिङवासीहरूले यो उत्सव हर्षोल्लासका साथ मनाउँदै आएका छन् भने यो पर्वमा फर्पिङ बाहिर बसोबास गर्दै आएकाहरू पनि यो पर्व मनाउन आउने भएकाले यो पर्वको गरिमा अरू बढेको पाइन्छ। कुनै व्यक्तिको मृत्युपछि मृत आत्मालाई यमदूतले हरिशङ्करजात्रा हेरे नहेरेकोबारे सोद्धा हेर्नेलाई स्वर्ग र नहेर्नेलाई नर्क लान्छन् भन्ने जनविश्वास रहेको छ।

विभिन्न सम्प्रदायका देवदेवीका मूर्ति खटमा राखी नगर परिक्रमा गर्ने अर्थात् एक निश्चित प्रदेशको परिक्रमा गर्ने प्रचलन रहेको हुँदा सबै सम्प्रदायका बालकदेखि वृद्धसम्मका व्यक्तिहरूले प्रत्यक्ष दर्शन गर्न पाउने सुविधा रहन्थ्यो। यस किसिमको यात्रा कहिलेदेखि प्रारम्भ भयो भन्ने कुरा निश्चित रूपले प्रस्तुत गर्न सामग्रीको अभाव छ तापनि लिच्छवि राजा शिवदेव द्वितीयको वि.सं. ७६२ को बलम्बुको अभिलेखमा गुठीको आम्दानीले भगवान् श्रीपशुपतिनाथलाई प्रतिवर्ष छत्र चढाई यस उपलक्ष्यमा यात्रा सञ्चालन गर्नु भन्ने बेहोरा परेको छ (वज्राचार्य, वि.सं, २०३०: ५३२, ५३३)। यसबाट लिच्छविकालमा यस्ता धार्मिकजात्राहरू चलाउने व्यवस्था रहेको थियो भन्ने थाहा हुन्छ।

मध्यकालमा आएर जनसङ्ख्या वृद्धिका साथसाथै सांस्कृतिक गतिविधि अरू बढ्न गएको पाइन्छ। यसका साथसाथै देवदेवीका मूर्ति खटमा राखी बाजागाजाका साथ गुठियार तथा अन्य भक्तहरूबाट जात्रा चलाउने परम्परा बस्यो जुनमध्ये केही जात्राहरू अद्यापि चल्दै आएको पाइन्छ।

देवदेवीको जात्रा गराउने परम्परा धार्मिक दृष्टिले महत्त्वपूर्ण हुन्छ। हरिशङ्करजात्राको प्रचलन कुन समयदेखि भएको हो भन्ने कुरा थाहा पाउन सामग्रीको अभाव छ तापनि ने.सं. ३६० (वि.सं. १२९७) मा हरिशङ्कर जात्रामा दक्षिणकालीको जात्रा पनि सम्मिलित गरिने परम्परा रहेको र त्यसबेला बनाइएको मुकुट (परिशिष्ट १:५) खटजात्रामा प्रयोग गरिने हुँदा यसभन्दा पहिले यो यात्रा चलेको अनुमान गर्न सकिन्छ।

हरिशङ्करजात्रा प्रतिवर्ष भाद्रशुक्ल पूर्णिमाको रातदेखि बाह्रौं रातसम्म चलाइने परम्परा रहेको छ र यसमा शिखरेश्वर, गोपालेश्वर, नन्दिकेश्वर, अघोरेश्वर, कनकेश्वर, तिलविक्रमेश्वर आदिका खटहरू समावेश गरिन्छ। गजुरसहितको शिखर शैलीमा निर्मित खटहरू रङ्गीचङ्गी कपडाहरूको छत्र टाँगी सजाइएको हुन्छ र प्रत्येक खट बोक्न पचासजना जति जवान चाहिने हुँदा यी खटहरू उपत्यकामा प्रयोग गरिने खटहरूभन्दा ठूलो रहेको मानिन्छ। यस

हरिशङ्करको खटजात्रा

किसिमको खट बोक्न बढी जनशक्ति आवश्यक हुने भएकोले एकैचोटि सातै खट नतानी क्षमताअनुसार खटको सङ्ख्यामा कम पार्ने बाध्यता रहेको पाइन्छ।

हरिशङ्रजात्राबाहेक कालभैरव र रक्तभैरवको घ्याम्पाजात्रा चाखलाग्दो तथा उल्लेखनीय छ (ऐजन : ३२)। जाँडले भरिएका घ्याम्पाको बाहिरपट्टि भैरवको मूर्ति राखी खट झैँ बोकी कोटालटोलदेखि सुरु गरी कोछु, टिपी, बल्खु, यल्खु, कोत पछाडिबाट थथेप, कोथेप हुँदै कोटाल टोलमै ल्याइने परम्परा रहेको छ। यो यात्रा कोथेप टोलबाट सुरु भई कोटाल, कोछु, छिपि, थल्खु, यल्खु, थथेप हुँदै कोथेपमा नै आई टुङ्गिने परम्परा छ।

हरिशङ्करजात्रा सञ्चालन गर्न गुठीको व्यवस्था र धार्मिक व्यक्तिहरूको यसप्रतिको भक्तिको कारणले आजसम्म यो यात्रा धूमधामसँग चल्दै आएको छ। यसको सञ्चालनार्थ गुठीको व्यवस्था कहिलेदेखि भएको थियो भन्ने कुरा स्पष्ट हुँदैन, तर ने.सं. ८२९ (वि.सं. १७६६) मा ललितपुरका राजा योगनरेन्द्र मल्लले हरिशङ्करजात्राको लागि व्यवस्था बाँधी गुठीको समेत बन्दोबस्त गरिदिएको पाइन्छ (परिशिष्ट १:२१)।

मल्ल राजाहरूद्वारा स्थापना गरिएका मन्दिरहरूको संरक्षण गर्ने, सांस्कृतिक पर्वहरूलाई यथावत् कायम राख्ने कार्यमा शाह राजाहरूबाट पनि उत्तिकै योगदान रहेको पाइन्छ। यस क्रममा यो हरिशंकरजात्रालाई कायम गराउन राजा गीर्वाणयुद्धविक्रम शाहबाट वि.सं. १८५६ मा भण्डार गुठीबाट

खर्च चलाउने व्यवस्था बाँधिएको पाइन्छ (ऐजन :३३)। यो जात्रा अद्यापि फर्पिङमा धूमधामसँग मनाउने गरिन्छ।

विविध सम्पदा र संस्कृतिहरूबाट समृद्ध नेवार बस्तीको यो हरिशङ्कर जात्रा फर्पिङको सबैभन्दा महत्त्वपूर्ण तथा मौलिक पर्व मानिन्छ। रातभर जागा रही बालकदेखि वृद्धसम्मका फर्पिङवासीहरू यो उत्सव हर्षोल्लासका साथ आजसम्म मनाउँदै आएका छन् भने यस पर्वमा फर्पिङ बाहिर बसोबास गर्दै आएकाहरू पनि यो पर्व मनाउन आउने भएकाले यो पर्वको गरिमा अरू बढेको पाइन्छ।

फर्पिङको ऐतिहासिक तथा सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण हरिशङ्करजात्रामा सातवटा खटमा फर्पिङका देवदेवीहरूका मूर्ति स्थापना गरी मनाइन्छ। यो जात्रामा सुरुको दिनमा गोपालेश्वरको खटयात्रा हुन्छ, जुन खटमा गोपालेश्वर, हरिशङ्कर, भैरव र पार्वतीका मूर्ति भएको नाङ्गल रहेको हुन्छ। यस खटको निर्माण कोटाल टोलमा गरिने चलन छ। यसै गरी कोछु टोलमा हरिशङ्कर, भैरव, कुमारी तथा त्रिविक्रमेश्वर अङ्कित चार मूर्ति भएको नाङ्गल तयार हुन्छ भने टिपीटोलमा हरिशङ्कर, भैरव, दक्षिणकाली र कनकेश्वरका मूर्तिहरूको नाङ्गल तयार हुन्छ। यही क्रमअनुसार थल्खु टोलमा हरिशङ्कर, भैरव, नीलवाराही र अघोरेश्वर मूर्ति भएको नाङ्गल रहेको छ।

नाङ्गलका मूर्ति

यल्खुटोलमा हरिशङ्कर, भैरव, इन्द्राणी र नन्दीकेश्वर मूर्ति रहेको नाङ्गल, पठेतटोलमा हरिशङ्कर, शेषनारायण, नरसिंहनारायण र शिखरेश्वर मूर्ति भएको नाङ्गल तथा कोठेपटोलमा हरिशङ्कर, भैरव, महालक्ष्मी तथा सिद्धिगणेश्वर अङ्कित मूर्ति भएका नाङ्गल गरी जम्मा सातवटा खट तयार गरिने व्यवस्था छ। आ-आफ्ना टोलबाट बाजागाजाका साथ जात्रा समापन नहुन्जेलसम्म बेलुका बत्ती बाल्ने प्रथा छ। यो जात्रा सुरु भएदेखिको छैटौं दिनलाई 'छोयला बु' भनिन्छ। यस दिनमा दक्षिणकाली, नीलवाराही र इन्द्राणीको जात्रा हुन्छ। विशेष गरी दक्षिणकालीलाई शक्तिपीठको रूपमा लिइने हुँदा खटयात्रा हुँदा घरको झ्याल वा छतबाट हेर्नु हुँदैन भन्ने जनविश्वास छ। यदि कुनै स्थानमा खटयात्रा रोकियो भने अशुभ हुन्छ भन्ने जनविश्वास रहेको छ।

हरिशङ्करजात्राको समापन कार्य विशेष रूपमा गरिने परम्परा छ। यस समारोहमा पशुपतिक्षेत्रस्थित मृगस्थलीका महन्तहरूद्वारा चक्रपूजा गरिने व्यवस्था छ। यी कनफट्टा योगीहरूद्वारा नवदुर्गाको प्रतीकका रूपमा नौवटा माटोका भाँडा राखी चक्रपूजासहित राँगो र कुखुराको बलि दिइन्छ।

चक्रपूजा गर्दाको दृश्य

यसपछि कुमारी, गोपालेश्वर, शेषनारायण र महालक्ष्मीको जात्रामा शेषनारायणको खट झङ्केश्वरी मन्दिरको परिक्रमा गरी जात्रा सम्पन्न हुने

सिमाना 'पा.न.ह्लो' भन्दा माथि आई खट रोकिएपछि हरिशङ्करजात्रा सम्पन्न भएको मानिन्छ ।

यस जात्रामा प्रयोग गरिएका खटहरूलाई पहिलेका स्थानहरूमा सुरक्षितसाथ राखी काँचो धागोले बेरेर राख्ने चलन थियो । यस दिनदेखि रथमा पूजा गरिँदैन तर आजकल भने सुरक्षाको कारणले ती खटहरू बिगारेर मूर्तिहरूलाई यथास्थानमा राख्ने व्यवस्था बाँधिएको छ ।

फर्पिङमा सुरुसुरुमा यो नाच राति देखाउने गरिएकोमा आजकल भने बदलिँदो परिस्थितिअनुसार नाच गर्ने समय परिवर्तन गरी साँझ ४ देखि १० बजेसम्म प्रदर्शन गर्ने व्यवस्था गरिएको छ ।

यो ऐतिहासिक तथा सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण नाच गुठी संस्थानबाट सञ्चालन नहुने भएपछि श्रीदक्षिणकाली महालक्ष्मी कार्तिक नाच प्रबन्ध समिति नामक संस्था दर्ता गरी फर्पिङवासीले यो नाचलाई निरन्तरता दिँदै आएका छन् । यो नाच सञ्चालनार्थ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट वार्षिक दुई हजार रुपियाँ प्राप्त भएको र अन्य नपुग खर्चका लागि आवश्यक रकम सर्वसाधारण टोलवासीबाट उठाई कार्तिक नाच सम्पन्न गर्ने गरिएको छ । यस्ता समस्याले यो लोप हुने अवस्था आउन सक्ने पनि बुझिएको छ ।

जात्रा समापन भएको भोलिपल्ट फर्पिङमा खटयात्रा सुसम्पन्न भएको उपलक्षमा सिन्दूर यात्रा गरिने चलन पनि आकर्षक रहेको छ ।

थैलीनाच

थैलीनाच फर्पिङका सांस्कृतिक नाचहरूमध्ये प्रसिद्ध नाच हो । यो नाच फुलचोकीका बलामीहरूद्वारा कृष्णाष्टमी र वज्रजोगिनीजात्राको दिन नचाउने चलन छ । यस नाचमा बलामीहरूको मुख्य पात्रहरूको रूपमा भूमिका रहेको हुन्छ । यसमा कृष्ण र दानवको रूपका कलाकारहरूले अभिनय गरेका हुन्छन् । कृष्णले दानवको संहार गर्ने भूमिका यस नाचमा दर्शाइएको हुन्छ । अनावृष्टि, महामारी जस्ता प्राकृतिक प्रकोप देशमा नहोस् भनी यो नाचको सुरुवात भएको हो भन्ने भनाइ छ ।

कालान्तरमा यो नाचले अर्कै मोड लिएर मनोरञ्जनात्मक हुन गएको छ । एकजना नागाले पैसा भएको थैली देखाई युवतीलाई आकर्षित गर्ने प्रयास स्वरूपको यो नाचलाई थैलीनाच भन्न थालिएको हो । यो हास्यात्मक तथा

थैलीनाच

फर्पिङमा मनाइने सबै नाचहरू नचाइसकिएपछि समापन समारोहका रूपमा सबै पीठहरूको पूजाआजा सकिएपछि अन्त्यमा समयभोज गर्ने परम्परा रहेको छ ।



पीठपूजा



समयबजी

कार्तिकनाच

फर्पिङका सांस्कृतिक सम्पदाहरूमा कार्तिकनाचको महत्त्वपूर्ण स्थान रहेको छ। यो नाचको परम्परा कहिले सुरु भएको हो भन्ने ऐतिहासिक तथ्य फेला परेको छैन। प्रत्येक वर्षको कार्तिक शुक्ल पूर्णिमाका दिन श्रीमहालक्ष्मीको महास्नान पूजा सम्पन्न गरी कार्तिकनाच शुभारम्भ गर्ने परम्परा रहिआएको छ। नाच सञ्चालनपूर्व अर्थात् कार्तिक शुक्ल पूर्णिमाको चार दिनअघि देवलाको नाइके व्रत बसी कार्तिक चौथी (चाः पूजा) का दिन नृत्यनाथको पूजा गरी बलामीहरूको नाइकेसँग नकछेंबाट राँगो जिम्मा लिई थकालीले राँगोलाई पूजा गरिसकेपछि महालक्ष्मी मन्दिरमा लगी थकाली, गुरु, नाइके तथा अन्य कलाकार बाजागाजाका साथ मुख्य गोजा, देवीको गरगहना र पूजा-सामग्रीका साथ मन्दिरमा लगिन्छ।

त्यहाँ फर्पिङ दथुवन, फुल्चोक, थसीगाउँका प्रमुख व्यक्तिहरूबाट गोजा चढाएपछि १०८ पटक जलधाराद्वारा स्नान र पूजा गराई राँगो, बोका बली दिई महास्नान पूजा सम्पन्न गर्ने चलन छ।

यसरी यो कार्यक्रम सम्पन्न भएको भोलिपल्ट बिहान महालक्ष्मीस्थानमा मेला लाग्ने गर्दछ। त्यसै दिनको बेलुका बलामी गुठीका गुठियार तथा कलाकारसहितले मन्दिरमा प्रसाद ग्रहण गर्दछन्। यसपछि मात्र गणेश, दक्षिणकाली, महालक्ष्मी, कुमारी, इद्राणी, वाराही, भैरव, गङ्गा, पार्वती, महादेव र राजागणसहित बाजागाजाका साथ मन्दिरबाट नाच सुरु गरी टिपीटोल पुगेपछि नाच विसर्जन हुन्छ।

फर्पिङको प्रमुख कार्तिकनाच भोलिपल्ट मात्र सुरु गर्ने परम्परा छ। विभिन्न कथामा आधारित कार्तिकनाच बर्सेनि प्रदर्शन गरिने परम्परा छ। यो नाच सुरु गर्नुपूर्व गणेशको रथलाई बाजागाजाका साथ यहाँका सातै टोलहरूमा परिक्रमा गराइने परम्परा छ। यो ऐतिहासिक कार्तिक नाच फर्पिङ सहरका टिपीटोलमा ४ रात र झङ्केश्वरीमा ४ रात प्रदर्शन गरिने प्रथा भएकोमा पछि टिपीटोलमा २ रात र झङ्केश्वरी २ रात हुँदै आजकल टिपीटोलमा १ रात र झङ्केश्वरीमा १ रात मात्र प्रदर्शन गर्ने चलनले यस सांस्कृतिक पर्वको सञ्चालन पद्धतिमा क्रमशः ह्रास आउँदै गरेको देखिन्छ।

वि.सं. २०५३ को कार्तिकनाचमा 'काकनधारी मैयाँ' को नाच प्रस्तुत गरिएको थियो। प्रत्येक बाह्र वर्षमा बाह्र कन्या कथामा आधारित नाच मात्र प्रदर्शन गर्ने परम्परा अद्यापि चल्दै आएको तथ्य छ। यस नाचमा बलामी

परिवारको प्रमुख भूमिका भएकोले यस नाचलाई 'बलामी नाच' (वाले: प्या:ख) भन्दै आएको पाइन्छ। सोलंकीवंशका विक्रमसिंहका वंशजहरूमा गुणवन्तसिंहका चार जना छोराहरूमध्ये कान्छा छोरा विचित्रसिंह बलामीका वंशज तथा पाँचौं पुस्ताका धर्मराज बलामीले कार्तिकनाच सुरु गरी फर्पिङको तकछें अर्थात् नाचघरमा नृत्य सिकाई नाच सञ्चालन गर्दै आएको तथ्य जनसमक्ष प्रस्ट छ।

बदलिँदो समय र परिस्थितिअनुसार ऐतिहासिक तथा सांस्कृतिक दृष्टिले यो नाचमा क्रमशः परिवर्तन र सुधार आउँदै गरेको देखिएको छ। सुरुसुरुमा यस नाचका कलाकारहरू बलामीहरू मात्र हुन्थे भने आजकल विभिन्न जातिका व्यक्तिहरू कलाकारका रूपमा सहभागी हुने चलन आयो। तर देवगणमा भने बलामीहरूलाई मात्र कलाकार हुने मौका दिइएको पाइन्छ। यस नाचमा देवीगण, गङ्गा, पार्वती, महादेव, सिकारी, ख्याक, क:व देवलको नाच र कथामा आधरित तान्त्रिकविधिद्वारा विलापको दृश्य अनिवार्य रूपमा समावेश गरिने चलन छ।

यो नाच प्रत्येक वर्षको कोजाग्रत पूर्णिमादेखि नृत्य सिकाउन सुरु गरी केही दिनपछि नै नृत्यनाथ पूजा गरी नाचघरमा देवीगणको नाच नचाइन्छ। यो नाच प्रारम्भ गर्नुअघि वा: पूजा गरिन्छ र यसै दिनमा गुरु, थकाली, कलाकार तीन थरी दिनभर व्रत बसी बेलुका पूजाआजा गर्ने तथा सबैले प्रसाद ग्रहण गरेपछि महालक्ष्मी मन्दिरमा विलाप गर्ने कलाकारलाई कथामा आधारित कुरा वाचन गर्न लगाई बाजागाजासहित विलापको गीत तान्त्रिक विधिद्वारा गाउन लगाई नृत्य गराइन्छ तथा नाचघरमा पनि विलाप गराइएपछि यो नाचको समापन हुने प्रथा रहेको छ।

(यो विवरण संस्कृतिकर्मी भरत बलामीबाट प्राप्त भएको हो।)

प्रचण्डभैरवको खटजात्रा

फर्पिङमा मनाइने सांस्कृतिक जात्राहरूमा प्रचण्डभैरवको खट-यात्रा पनि महत्त्वपूर्ण रहेको थियो भन्ने बुझिन्छ। त्रिरत्न-सौन्दर्य-गाथाका रचयिता पण्डित सुन्दरानन्दले वि.सं. १८८८ भाद्रशुक्ल दशमीका दिन प्रचण्ड भैरवको खट-जात्रा हनुमान्ढोकामा ल्याइँदा राजा राजेन्द्रविक्रम शाहले भक्तिपूर्वक दर्शन गरेका कुरा लेखेका छन् (वज्राचार्य, सम्पा., वि.सं. २०१९ : ५०)। यो जात्रा फर्पिङको प्रसिद्ध जात्रा मानिएको देखिन्छ (ऐजन : ५७)। यो जात्राबारेमा सोही ग्रन्थको टिप्पणीमा यो जात्रा वि.सं. १८८८ भन्दा अघि काठमाडौंमा

ल्याउने चलन नभएको कुरा लेख्नाका साथै मल्ल राजाहरूको पालामा समेत यस किसिमको जात्रा हुँदैनथ्यो र फर्पिङ काठमाडौँअन्तर्गत नभएको हुनाले मल्लकालमा यो जात्रा काठमाडौँ ल्याइँदैनथ्यो भनेर लेखिएको छ (ऐजन)। मल्लकालमा ललितपुर राज्यअन्तर्गत पर्ने फर्पिङ प्रदेशको जात्रा अरू राज्यहरू जस्तै भक्तपुर र कान्तिपुरमा लाने चलन नभएको कुरा स्वीकार्य हुन सक्छ। पृथ्वीनारायण शाह नेपाल-उपत्यका विजयपश्चात् राजधानी कान्तिपुरका हनुमान्ढोकामा जात्राहरू ल्याउने चलन चल्यो कि भनी अनुमान गर्न सकिन्छ। राजा पृथ्वीनारायण शाह धार्मिक तथा संस्कृतिप्रेमी भएका देखिएकोले यिनकै पालादेखि फर्पिङको जात्रा हनुमान्ढोका लाने चलन चलेको हो कि भनी अनुमान गर्न सकिन्छ।

दक्षिणकाली महालक्ष्मीको १२ वर्षे नाचको महिमा

फर्पिङमा हुने 'वाह्र वर्से नाच' कथाको आधारमा मञ्चन गरिएको थियो भन्ने देखिएको छ। यो कथा समाजमा घट्न सक्ने चाखलाग्दो र प्रभावकारी देखिन्छ। सुन्दरपुर नगरका सुन्दर राजाका धर्मकेशरी र रूपकेशरी २ रानी भएकामा धर्मकेशरी रानी गर्भवती भएकीले कान्छी रूपकेशरी रानीलाई असह्य भई बिरामी भएँ भनी मन्त्री शूरसेनद्वारा धन्वन्तरि वैद्य बोलावट गरी डंकाली व्यथा वैद्यले निको पारिदिए। तब रूपकेशरी रानीले मन्त्री शुरसेनद्वारा चन्द्रशेखर ज्योतिषी बोलावट गरी धर्मकेशरी रानी गर्भवती भएकी छन् छोराछोरी कुन पैदा हुन्छ भनी सोद्धा ज्योतिषीले धर्मकेशरी रानीले ३२ लक्षणले परिपूर्ण भएको राजकुमार पैदा हुन्छ भन्दा रूपकेशरी रानीले उसो भए राजकुमारको जन्म भएपछि तपाईंलाई राजाले जन्मपत्रिका लेखाइबक्सिन्छ तपाईंले सो बालक कुलक्षण पैदा भयो वा बालक यो राज्यमा राखेमा यो राज्य अग्निले भस्म गर्छ तसर्थ समुद्रमा बहाइदिनू भनी राजालाई बिन्ती गर्नु तपाईंलाई एक लाख रुपैयाँ दिन्छु भनी कबूल गर्नुभएबाट ज्योतिषी धनको लालचमा फसे र धर्मकेशरी रानीबाट राजकुमार पैदा भएपछि राजाले चन्द्रशेखर ज्योतिषीलाई मन्त्रीद्वारा बोलावट गरी यो राजकुमारको लक्षण खुलाई जन्मपत्रिका लेखिदेउ भनी राजाले ज्योतिषीलाई भन्दा ज्योतिषी चन्द्रशेखरले एक लाख रुपैयाँको लोभमा फसी ज्योतिषीले राजालाई यो राजकुमार कुलक्षणको पैदा भयो यो बालक यस राज्यमा रहे राज्य अग्निले भस्म पार्छ तसर्थ तुरुन्तै समुद्रमा बहाइबक्स्योस् महाराज भनी बिन्ती चढाए। राजाले ज्योतिषीको

कुरामा विश्वास मानी मन्त्री शूरसेनद्वारा बालक राजकुमारलाई बाकसमा राखी अघोर समुद्रमा बहाउन लगायो। धर्मकेशरी रानी रुवाबासी गरी मूर्च्छा हुनुभयो, पछि सखीहरूले होसमा ल्याए।

समुद्रमा जाल फ्याँकी माछा मार्न जान लागेका धर्मदत्त माझीले समुद्रले सन्दुस बगाई ल्याएको पक्री हत्तपत्त सन्दुस खोली हेर्दा जीवित ३२ लक्षणले परिपूर्ण भएको बालक देखी हर्षले विभोर भई आफ्ना घर लगी आफ्नी स्वास्नी मझेनीलाई सुम्पी धर्मपुत्र भनी पालनपोषण गरी राखे। बालक राजकुमारको पोसाक मैलो भयो भनी जसमती धोबिनीलाई धुन पठाए। धोबिनीले घाटमा पोसाक धुन लागेका बखत विरक्त भई दरबार छाडी घाटमा घुम्न जाने धर्मकेशरी रानीले आफ्नो पुत्र राजकुमारलाई पैह्राई राखेको पोसाक धोबिनीले धुन लागेको देखी रानीले धोबिनीसँग यो पोसाक मेरा पुत्र राजकुमारलाई मैले पहिराई राखेको तिमीले कहाँ कोसँगबाट पाई यो पोसाक धुन आएको भनी भन्दा रानीले धर्मदत्त माझीकहाँ गई हेर्दा आफ्ना पुत्र राजकुमार देखी मोह भई तिमी मेरा पुत्र राजकुमार हौ भनी रानीले दोहा भन्न लाग्दा राजकुमारले पनि दोहाद्वारा मेरी आमा तपाई हुनुहुन्छ भने मेरो मुखमा १० पत्र कपडा राख्छु १० पत्रे कपडा छिराई दूध मेरो मुखभित्र छिराई पिलाउन सक्नु भएमा मात्र मेरी आमा हौ बरै दूध मेरो मुखभित्र छिराउ भनी राजकुमारले १० पत्र कपडा राखे, धर्मकेशरी रानीले आफ्नो दुध निचोरी दुधको धाराद्वारा १० पत्रे कपडा भिजाई दुधको धारा राजकुमारको मुखभित्रसम्म छिराइ खुवाउँदा मेरी आमा पक्का हौ भनी आमा रानी धर्मकेशरीको साथ राजकुमार सुन्दरपुरमा आई आमासँग बिदा भई काशी मणिकर्णिका घाटमा गई स्नान गरी ब्राह्मणभोजन गराई फर्की आउँदा हुमाचल जङ्गलमा बाटो भुले र सिकारी भेट भई सिकारीले बाटो देखाइदियो। देवाचल पर्वतमा आई फलफूल टिप्न लाग्दा कनकचनकले राजकुमारलाई रूखमा बाँधी राख्दा राजकुमारले श्रीमहालक्ष्मीको स्मरण गर्दा सुन्दरी महालक्ष्मी प्रकट भई बन्धनबाट मुक्त गरिदिंदा राजकुमारले श्रीगणेश, श्रीदक्षिणकाली, श्रीसुन्दरी महालक्ष्मी, श्रीकुमारी, श्रीभैरव, पाँचौं देवी रक्तवेतालसहितलाई सवा लाख (१,२५,०००) बत्ती बाली पूजा अर्चना गरिएपछि पाँचौं देवीसहित अन्तर्धान हुनुभयो। राजकुमार सीतापुर जङ्गलमा आइपुग्दा देवराज इन्द्र प्रकट हुनुभई राजकुमारलाई कञ्चनपुर नगरका लालध्वज राजाका पुत्री लक्ष्मीप्रेमा मैयाँ वरदान बक्सियो र राजकुमारले लक्ष्मीप्रेमा मैयाँ ल्याउँदा लालध्वज राजाले युद्ध गर्न आउँदा

राजकुमारले लालध्वज राजालाई युद्धमा हराई परास्त गरी पठाए र राजकुमारले लक्ष्मीप्रेमा मैया साथ लिई आफ्ना पिता सुन्दरराजकहाँ गई सानीआमा रूपकेशरीलाई नाक चुल्ठो कटाई धपाई पठाए र चन्द्रशेखर ज्योतिषीलाई चारपाटे मुडी विदेश धपाई पठाए औ पिता शूरसेन राजालाई मन्त्रीसाथ लगाई काशीवास पठाए र रानी धर्मकेशरीले आफ्ना छोरा राजकुमारलाई राजतिलक दिइन्, रत्नदत्तलाई मन्त्री पदवी दिएर सुन्दरपुर नगरमा न्यायोचित राजकाज गरी राजा भए ।

(यो विवरण संस्कृतिकर्मी भरत बलामीबाट प्राप्त भएको हो ।)

विद्याको केन्द्र

फर्पिङको अर्को महत्त्वपूर्ण पक्ष विद्याको केन्द्र भएको मान्न सकिन्छ । मध्यकालमा फर्पिङमा देखिएको विद्यापीठ प्राचीनकालमा रहेको थियो वा थिएन भन्ने कुरा प्रमाणित गर्ने सामग्री भने फेला परेको छैन । तर लिच्छविकालमा त्यहाँ विहार रहेको कुरा निश्चित भएको छ । यो कुरा बुद्ध धर्मसँग सम्बद्ध दुई अभिलेखहरूबाट पुष्टि भइसकेको छ । विहारमा भिक्षुहरूलाई बौद्ध धर्मसम्बन्धी शिक्षा दिइन्थ्यो भन्ने कुरा थाहा हुन्छ । त्यसताका भारतका नालन्दा महाविहार, विक्रमशील महाविहार आदि विहारहरू विद्याका प्रसिद्ध केन्द्र रहेका थिए ।

विक्रमको नवौँ शताब्दीतिर बौद्ध धर्मका प्रसिद्ध आचार्य पद्मसम्भव फर्पिङको प्रसिद्ध शिखरनारायण मन्दिरसँगै रहेको गुफामा बसेर तपस्या गरेका थिए भन्ने भनाइ अद्यापि स्थानीय व्यक्तिहरूबाट सुन्न पाइन्छ (ज्ञवाली, वि.सं.२०१९:२५१) । याङ्लेश्वर भनिने यो स्थानबाट अहिलेको प्रसिद्ध गोरखनाथ स्थाननिरको गुफा अर्थात् "असुरही टगाह" (असुर गुफा) भनिने स्थलहरू बौद्ध धर्मको दृष्टिले महत्त्वपूर्ण मानिन्छ । 'पद्मकथन' नामक ग्रन्थको पाँचौँ अध्यायमा फर्पिङको विहारबारेमा चर्चा गरिएको छ भन्ने एकथरी लामाको भनाइ रहेको छ तापनि यो ग्रन्थ प्राप्त हुन नसकेकोले यसलाई प्रमाणित गर्न भने बाँकी नै रहेको छ । यसै गरी फर्पिङका प्रसिद्ध विद्वान् वागीश्वरकीर्ति विक्रमशील महाविहारमा पनि ठुला विद्वान् कहलाएका थिए । यिनले ने.सं. १२५ (वि.सं. १०७२) मा सारेको 'सङ्क्षिप्ताभिषेक' नामक ग्रन्थ उल्लेखनीय रहेको छ (आचार्य, वि.सं. २०४३-२०४४:२१) ।

वागीश्वरकीर्तिले ने.सं. १३५ (वि.सं. १०७२) मा सारेको सङ्क्षिप्ताभिषेकविधि नामको ग्रन्थ राष्ट्रिय अभिलेखालयमा रहेको छ (ज्ञवाली,

वि.सं. २०१९:२७१) । यिनी तन्त्र विद्याका प्रसिद्ध विद्वान् थिए । यिनीसँग तिब्बतका धेरै विद्वान्हरूले अध्ययन गरेका थिए । यिनको प्रसिद्धि तिब्बतमा निकै फैलिएको थियो । केही वर्ष अघिसम्म पनि तिब्बतबाट आएका तीर्थयात्री तथा बौद्ध धर्मावलम्बीहरू फर्पिङमा आउँदा वागीश्वरकीर्तिको वंशज खोज्दै आउने गरेको कुरा सुनिएको छ, तर यसबारेमा सोधखोज गर्दा धेरैले अनभिज्ञता जनाए । समयको अन्तरालले यो अवस्था आएको हुन सक्छ । तिब्बतबाट आएका बौद्धधर्मावलम्बीहरू आजसम्म पनि पद्मसम्भवले तपस्या गरेको गुफामा प्रज्ञापारमिता तथा अन्य बौद्धधर्मग्रन्थ पाठ गर्ने गरेको देख्न सकिन्छ ।

फर्पिङ प्रदेशमा सङ्क्षिप्ताभिषेक, कुब्जिकामत, अगस्त्यसंहिता, धनुःशास्त्र, हिरण्यसप्तक जस्ता विभिन्न ग्रन्थहरू विभिन्न समयमा सारिएका थिए भने अर्कोतर्फ रामायणनाटक हरिशङ्करजात्राको उपलक्ष्यमा प्रदर्शन गरिने जस्ता बौद्धिक क्रियाकलापलाई दृष्टिगत गर्दा फर्पिङ विद्याको केन्द्र रहेको थियो भन्ने देखिन्छ । यसका साथै यहाँ ने.सं. ३१२ (वि.सं. १२४९) मा निर्मित सरस्वतीमूर्ति र यसको परिसरलाई सरस्वतीडोल भनिने कुरालाई उल्लेख्य मान्न सकिन्छ (परिशिष्ट १:४)।

मध्यकालको उत्तरार्द्धका केही अभिलेख तथा ताडपत्रहरूमा विद्यापीठको स्पष्ट उल्लेख पाइएकोले उपर्युक्त भनाइको निकै पुष्टि भएको छ । वि.सं १६१६ को ताडपत्रमा सर्वप्रथम विद्यापीठको उल्लेख परेको छ (पन्त, वि.सं २०६०:२०) । ने.सं. ७४३ (वि.सं. १६८०) को एउटा ताडपत्रमा थंथो र क्वथो गरी दुई स्थानहरूमा विद्यापीठहरूको उल्लेख परेको छ (परिशिष्ट ३:५) । ने.सं.७५५ (वि.सं. १६९१) को अभिलेखमा 'कोथ्या विद्यापीठ'को उल्लेख परेको छ (परिशिष्ट १:१३) । यसै गरी ने.सं. ७८३ (वि.सं. १७२०) मा 'विद्यापीठछें' (ऐजन : १६) र ने.सं. ७९३ (वि.सं. १७२९) मा 'विद्यापीठगृह' (ऐजन :१७) भनी अभिलेखहरूमा पनि विद्यापीठहरूको उल्लेख परेको पाइन्छ । यी कुराहरूबाट फर्पिङमा तल्लो टोल र माथिल्लो टोलमा विद्यापीठहरू रहेका थिए भन्ने कुरा निश्चित छ, तर यिनमा अध्ययन-अध्यापन कसरी गरिन्थ्यो भन्ने कुरा कतैबाट स्पष्ट भएको छैन । तर यस क्षेत्रमा धमाधम निर्माण गरिएका गुम्बाहरूमा बौद्ध धर्मसम्बन्धी शिक्षा प्रदान गरिने जुन परम्परा बसाल्न थालिएको छ त्यसले अवश्य पनि प्राचीन परम्परालाई सम्झाइरहेको मान्नु उपयुक्त देखिन्छ । फर्पिङमा जस्तै भक्तपुरमा पनि विद्यापीठ रहेको उदाहरण तात्कालिक स्रोतबाट थाहा भएको छ ।

फर्पिङ प्रदेशका सांस्कृतिक सम्पदालाई नियाल्दा त्यहाँ सांस्कृतिक विकास भएको देखिन्छ। वि.सं. ६१४ देखि १८२० सम्म अर्थात् यो प्रदेश गोरखा राज्यमा विलय नहुन्जेलसम्मको अवधिमा राजा, सामन्त आदि विभिन्न पदाधिकारी तथा जनताबाट शैव, वैष्णव, शाक्त तथा बौद्ध सम्प्रदायका विभिन्न देवमन्दिर, बिहार, मूर्ति आदि सांस्कृतिक सम्पदाको स्थापना हुनु, यिनीहरूको जगेर्नाको लागि गुठीको व्यवस्था गरिनु जस्ता विविध कारणले धेरैजसा प्राचीन स्मारकहरू अद्यापि बचेका छन् भने हरिशङ्करजात्रा, कात्तिकनाच, शिखरनारायण, गोपालेश्वर आदिको रथ-यात्रा अद्यापि चल्दै आएकोबाट त्यस प्रदेशमा जनता तथा सरकार पक्षमा सांस्कृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन गर्ने भावना अझै दृढ रहेको देखिन्छ। यसो हो तापनि कतिपय सांस्कृतिक पर्व मनाउने क्रममा ह्रास तथा सम्पदाहरू जीर्ण भई भग्नावशेषको रूप लिन थालिसकेको हुनाले तिनको संरक्षण र सम्वर्द्धन समयमा गर्नका लागि स्थानीयवासी तथा सम्बद्ध सरकारी निकायको यथाशीघ्र दृष्टि जानु अत्यावश्यक देखिन्छ।

प्रशासन व्यवस्था

राजा

नेपालको प्राचीन तथा मध्यकालको प्रशासनिक इतिहासलाई नियालेर हेर्दा यहाँ राजतन्त्रात्मक शासन प्रणाली रहेको पाइन्छ। यो प्रणाली प्राचीनकालदेखि एक्काइसौं शताब्दीको पूर्वार्द्धसम्म चल्दै आएको तथ्य छ। यस किसिमको शासनप्रणालीमा राजा सर्वोपरि र सर्वशक्तिशाली रहेको थियो। राजाको पद वंशानुगत हुन्थ्यो भने राज्याधिकार जेठा छोरामा निहित थियो। यो क्रम राजाहरूको वंशवृक्षहरूको अध्ययनबाट स्पष्ट हुन्छ। यसो हो तापनि ललितपुर राज्यको इतिहासमा फरक प्रक्रिया चलेको पनि देखिएको छ। राजाहरूको छोरा नहुनु, बालक राजा हुनु, कमजोर हुनु तथा ६ प्रधान शक्तिशाली हुनुजस्ता विभिन्न कारणहरूले राजाका जेठा छोराबाहेक नातेदार, छिमेकी राज्यहरू कान्तिपुर, भक्तपुरका राजाहरूका साथै गोरखाका राजकुमारलाई समेत राजा बनाउनुपर्ने बाध्यता तथा आवश्यकता परेको उदाहरण पाइन्छ।

राजाको धर्म प्रजाको पालन गर्नु हो। राजकाजसम्बन्धी व्यवस्था गर्नु, ढुकुटीको रक्षा गर्नु, राज्यको साँध किल्ला पूर्वकालमा झैं कायम गर्नु, ऐन कानुनको उल्लंङ्घन गर्ने अपराधीलाई दण्ड गर्ने आदि कार्यमा कर्तव्यनिष्ठ हुनु आवश्यक हुन्थ्यो। राजा नै प्रशासनको सर्वोच्च पदाधिकारी हुने, सैनिक क्षेत्रमा सर्वनायक हुने तथा न्याय क्षेत्रमा प्रधानन्यायाधीशको कार्य गर्ने भएकाले राजा सर्वोच्च अधिकारीको रूपमा मान्य रहेका थिए। राजाको आदेशानुसार पदाधिकारीहरूको नियुक्ति, सरुवा, बढुवा र खोसुवा आदि प्रशासनिक कार्य सम्पन्न हुन्थ्यो। राजाको मूलभूत कार्य भनेको छिमेकी राज्यहरूसँगको वैदेशिक सम्बन्ध, सैनिक, न्याय तथा आर्थिक प्रशासन आदि विषयमा ध्यान दिनु हो (वैद्य र मानन्धर, वि.सं. २०५३:१०-११)।

राजाहरूले राज्यका विभिन्न प्रदेशमा मुकाम बनाई ती प्रदेशमा सुधारको काम, सांस्कृतिक सम्पदा स्थापना गर्ने, समाजमा परेका समस्याको समाधान गर्ने जस्ता रचनात्मक कार्य गर्दथे भन्ने देखिएको छ। यस सन्दर्भमा फर्पिङमा प्राप्त लिच्छविकालिक तीन शिलालेखहरूमध्ये संवत् ४७९ (वि.सं. ६१४) को अभिलेख (परिशिष्ट- १, सङ्ख्या १) पहिलो हो र यो शिलापत्रको धेरै भाग फुटेको हुँदा यसमा राजाको नाम देखिँदैन तर महाप्रतिहार सर्वदण्डनायक भौमगुप्तको नाम देख्न सकिन्छ। यसमा राजाको नाम नदेखिए पनि यसमा "हामीभन्दा पछि आउने राजाहरूले यो व्यवस्थालाई निरन्तरता दिनेछन् तथा यो व्यवस्थाको पालना नगर्नेलाई बिलकुल सहनेछैनौं" जस्ता अभिव्यक्ति (परिशिष्ट- १, सङ्ख्या १) दिइएकोले यो शिलापत्र जनताको भलाइनिमित्त अर्थात् सुधारको व्यवस्था बाँधी राखिएको हुन सक्ने देखिन्छ। अर्को शिलापत्रमा अंशुवर्माले फर्पिङस्थित विहारमा धारा निर्माण गरी पिउने पानीको व्यवस्था गरेका थिए (ऐजन, सङ्ख्या २)। यसरी नै अंशुवर्माको राज्यकालमा जयवार्तिकाका सन्तानले फर्पिङ भेकमा 'मारविजयी शासिता' को मन्दिर निर्माण गरी पूजाका लागि गुठी जग्गा राखिदिएको हुँदा त्यहाँ बौद्धधर्मको प्रचार निकै भएको थियो भन्ने बुझिन्छ (ऐजन, सङ्ख्या ३, वज्राचार्य, वि.सं. २०३०: ३७२-३७३)। यसबाट लिच्छविराजाहरू केन्द्रमा मात्र सीमित नरही केन्द्रबाहिरका प्रदेशहरूमा पनि आवश्यक तथा रचनात्मक कार्य गर्थे-गराउँथे भन्ने देखिन्छ।

मध्यकालमा केही राजाहरूले फर्पिङमा भ्रमण गरी रचनात्मक कार्य गरेका उदाहरण छन्। फर्पिङमा प्राप्त भएका विभिन्न अभिलेखहरूमा लिच्छविकालमा राजा गणदेव, अंशुवर्मा, पूर्वमध्यकालमा राजा भीमदेव, स्थिति राज मल्ल, ज्योतिर्मल्ल, यक्ष मल्ल छन् भने उत्तरमध्यकालमा शिवसिंह, श्रीनिवास मल्ल, योगनरेन्द्र मल्ल, वीरनरसिंह मल्ल, विष्णु मल्ल, राज्यप्रकाश मल्ल छन्। शाहकाल अर्थात् आधुनिककालमा पृथ्वीनारायण शाह, रणबहादुर शाह, गीर्वाणयुद्धविक्रम शाह, राजेन्द्रविक्रम शाह, सुरेन्द्रविक्रम शाह, महेन्द्रवीरविक्रम शाहका नामोल्लेख भएका ऐतिहासिक सामग्री रहेका छन्। यी राजाहरू प्रत्यक्ष रूपमा फर्पिङको विकास कार्यमा संलग्न रहेका देखिन्छन्।

युवराज

युवराज राजाका उत्तराधिकारी हुन्। ने.सं. ५२७ (वि.सं. १४६३) को अभिलेख (परिशिष्ट- १, सङ्ख्या ९) मा धर्म मल्ललाई "युवराजाधिराजश्रीश्रीजयधर्ममल्ल"

भनी उल्लेख गरिएको छ।

युवराज राजाका उत्तराधिकारी भएकाले उनलाई राज्य सञ्चालनबारे ज्ञान दिलाउन आवश्यक मानिन्थ्यो। युवराजलाई प्रशासनिक कार्यभारसमेत सुम्पिइने गरिन्थ्यो। कान्तिपुरका राजा शिवसिंह मल्लले छोरा युवराज हरिहरसिंहलाई, ललितपुरका राजा सिद्धिनरसिंह मल्लले छोरा युवराज श्रीनिवास मल्ललाई, श्रीनिवास मल्लले छोरा युवराज योगनरेन्द्र मल्ललाई, पृथ्वीनारायण शाहले छोरा युवारज प्रतापसिंह शाहलाई कार्यभार सुम्पी युवराजलाई आफूपछि राज्य सञ्चालन सुचारु रूपले गर्न समर्थ होस् भन्ने उद्देश्य राखेको देखिन्छ।

रानी

मल्लकालिक इतिहासमा महारानीको महत्त्वपूर्ण भूमिकाका निकै उदाहरण पाइन्छन्। फर्पिङसँग सम्बद्ध रानीको उल्लेख भने नगण्य रहेको छ। ने.सं. ८१२ (वि.सं. १७४८) मा राजा योगनरेन्द्र मल्लले सामाजिक न्याय गरी जारी गरेको स्याहामोहरमा "राज्ञी श्रीराजपत्नी नरेन्द्रलक्ष्मीदेवीस" भनी उल्लेख (परिशिष्ट- २, सङ्ख्या १) भएकोबाट रानीको भूमिकाबारे थाहा हुन्छ। यो स्याहामोहरबारेमा यथास्थानमा चर्चा गरिएको छ।

राजाद्वारा जारी गरिएका स्याहामोहर, लालमोहर, रुक्कापत्रजस्ता सरकारी कागजातहरूमा युवराज, राजकुमार, भारदारहरू दृष्ट साक्षीका रूपमा उल्लेख भएका उदाहरणहरू निकै पाइन्छन्।

दरबार

प्रत्येक राज्यको छुट्टै राजधानी हुन्थ्यो। राजधानीमा छुट्टै दरबार हुने व्यवस्था थियो र यहींबाट राजाले राज्यको शासन सञ्चालन गर्ने व्यवस्था रहेको थियो। लिच्छविकालमा मानगृह, कैलाशकूटभवन, भद्राधिवासहरूबाट, पूर्व मध्यकालमा भक्तपुरका त्रिपुर, युथिनिममबाट र उत्तर मध्यकालमा अर्थात् नेपाल उपत्यकाका मल्ल राज्य कान्तिपुर, भक्तपुर र ललितपुर राज्यहरूमा विभाजन भएपछि फर्पिङ ललितपुर राज्यअन्तर्गत पर्न गएको हुँदा यस प्रदेशको प्रशासन ललितपुर अर्थात् मानिगलबाट चल्दथ्यो भन्ने देखिन्छ।

फर्पिङमा राजाहरूको भ्रमण हुँदा दरबारको व्यवस्था थियो कि थिएन भन्ने प्रश्न उठ्नु स्वाभाविक देखिन्छ। राजाबाहेक यहाँका विषयपति, महाराउत्त आदि कहाँ बस्दथे भन्ने कुराको निर्णय हुनु पनि आवश्यक हुन्छ।

फर्पिङमा लिच्छवि, मल्ल तथा शाहकालिक अभिलेख, स्याहामोहर, लालमोहर, रुक्कापत्र, ताडपत्र जस्ता विभिन्न स्रोत पाइएका छन्, तर तिनमा दरबारको उल्लेख परेको छैन । भाषावंशावलीमा राजा वीरदेव ललितपत्तनको निर्माण भएपछि मात्र शिखरापुर दरबार छाडी ललितपत्तन दरबारमा बस्न गएको उल्लेख परेको छ (लम्साल, सम्पा., वि.सं. २०२३ : ३) । यो दरबार फर्पिङको कुन स्थानमा थियो भन्ने कुराको कुनै सङ्केत प्राप्त भएको छैन । अभिलेखहरूमा दरबारको नाम उल्लेख भएको पाइएको छैन । तलेजु मन्दिरसँगै नौतले दरबार थियो भन्ने केही बुढापाकाहरू सुनाउँछन्, तर यसबारे सत्यतथ्य प्रकाशमा आएको छैन । ने.सं. ६७८(वि.सं. १६१४) को अभिलेखमा 'दथुक्वाठ' भनी उल्लेख परेको (परिशिष्ट-१, सङ्ख्या १२) हुँदा यहीँ दरबार रहेको थियो भनी अनुमान गर्न सकिन्छ। चारैतिर वन गढले घेरिएको हुँदा यो स्थान सुरक्षित र साङ्ग्रामिक दृष्टिले महत्त्वपूर्ण रहेको बुझिन्छ। सहरको बिचमा अवस्थित यहीँ नै ललितपुरका मल्ल राजा विष्णु मल्ल केही समयसम्म बसेका थिए भनी अनुमान गर्न सकिन्छ ।

यही दरबारबाट राजाले राज्य सञ्चालन गर्ने व्यवस्था रहेको थियो । यो फर्पिङको प्रशासनिक केन्द्र रूपको थियो। दरबारको निर्माणमा सुरक्षा पक्षलाई बढी प्राथमिकता दिइन्थ्यो । फर्पिङमा मध्यकालमा दरबार कहाँ थियो भन्ने कुरा प्रामाणिक रूपमा खुल्न सकेको छैन । ललितपुरका राजाहरू भ्रमणको सिलसिलामा फर्पिङमा बसेको देखिएकोले यहाँ राजदरबार थियो भन्ने बुझिन्छ, तर यो दरबार कहाँ थियो भनी किटान गर्न सकिएको छैन । कोछुटोल सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण रहनु तथा यही तुलजा भवानीको मन्दिर, आगमघर, धारा, डबली आदि विभिन्न सम्पदाहरू हुनुले यहीँ दरबार रहेको थियो भनी अनुमान गरिएको हो । प्रायः गरेर तुलजा भवानी, आगम घर जस्ता सम्पदा भएकै ठाउँमा दरबार पनि भएको पाइएको छ । कीर्तिपुर, साँखु, टोखा, दोलखामा दरबारसँगै यस्ता सम्पदाहरू रहेका छन् । यसर्थ फर्पिङको दरबार कोछुटोलमा नै थियो भन्ने बुझिएको छ। राजकुमार बहादुर शाहलाई फर्पिङमा कैद गरिएको थियो (वैद्य र मिश्र, वि.सं. २०५४:११२) भनिएकाले सो स्थान यहीँ हुन सक्ने देखिन्छ । तर वि.सं. २०७६ फाल्गुन २६ गतेको गोरखापत्रमा 'स्वर्गको बगैंचा' भनिएको फर्पिङको त्रिभुवन आदर्श आवासीय विद्यालयको प्रिन्सिपलको कोठा भएको ठाउँमा बहादुर शाहलाई कैद गरिएको थियो भनी अनुमान गरिएको पाइएको छ । यो स्थान भौगोलिक तथा साङ्ग्रामिक दृष्टिले महत्त्वपूर्ण

देखिन्छ तापनि यो भवन भने राणाकालमा मात्र निर्माण भएको बुझिएकोले यो सत्य ठहरिन सक्दैन । यसबारेमा अरू अध्ययन-अनुसन्धान गर्न आवश्यक छ ।

चौतारा (प्रधानमन्त्री)

राजपरिवारपछि भारादारहरूमा चौताराको मर्यादाक्रम रहन्छ । यो पद आजकलको प्रधानमन्त्री जस्तै राज्य सञ्चालनमा महत्त्वपूर्ण भूमिका राख्दथ्यो । लिच्छविकालका अभिलेखमा उल्लिखित 'महाप्रतिहार सर्वदण्डनायक' (ऐजन, सङ्ख्या १) पद कुन मर्यादाक्रममा पर्दछ भनी निर्क्योल गर्न गाह्रो छ, तर यस शब्दको प्रयोगबाट मध्यकालमा चौतारा जत्तिकै शक्तिशाली र प्रभावकारी थिए भनी अनुमानसम्म गर्न सकिन्छ ।

मध्यकालका पूर्वार्द्धमा आएर यस किसिमको पदाधिकारीको प्रयोग भएको देखिँदैन । ने.सं. ७९७ (वि.सं. १७३३) मा भगीरथ भैया ललितपुर राज्यका चौतारा थिए । यिनी शक्तिशाली तथा प्रभावशाली थिए । यिनले राजा श्रीनिवास मल्ललाई प्रभाव पारी "राजा श्रीनिवास मल्ल र भगीरथ भैयामा कुनै फरक छैन" भनी लेखाउन समर्थ भएका थिए । यसबाट यिनी त्यसताका उपत्यकाका अन्य केही चौतारा लक्ष्मीनारायण जोशी, चन्द्रशेखरसिंह आदिसरह शक्तिशाली थिए भन्ने देखिएको छ । यी भगीरथ भैयाबाहेक ने.सं. ८२९ (वि.सं. १७६६) मा चौतारा सञ्ज भारोको नाम उल्लेख परेको छ (परिशिष्ट- १, सङ्ख्या २१) ।

विषयपति

नेपालको राजनैतिक इतिहासमा लिच्छवि शासनको अन्त्यपछि राज्य विभाजनको लहर चल्न थाल्यो । लिच्छवि राजाहरूले नेपाल उपत्यकालाई केन्द्र मानी पूर्व र पश्चिमका प्रदेशहरू सामन्तमार्फत शासन चलाइरहेका थिए । तर मध्यकालको पूर्वार्द्धमा भने केन्द्रबाट पूर्व र पश्चिमका टाढा-टाढाका प्रदेशलाई 'विषय' (जिल्ला) जस्ता विभिन्न प्रशासकीय एकाइमा विभाजन गरी त्यहाँको प्रशासन चलाउन सामन्त तथा महासामन्त रूपका 'विषयपति' नियुक्त गरिने व्यवस्था चलेको थियो । फर्पिङमा पनि विषयपतिद्वारा प्रशासन चलेको थियो भन्ने कुरा ने.सं. ३८१ (वि.सं. १३१७) को अभिलेख (परिशिष्ट- १, सङ्ख्या ६) मा राजा भीमदेवको राज्यकालमा विषयपति महासामन्त जेतराम जीव थिए भन्ने देखिएको छ । ने.सं. ४९६ (वि.सं. १४३३) को अभिलेखमा

(परिशिष्ट- १, सङ्ख्या ८) उल्लेख भएको 'महाराउत्त' यिनै 'महासामन्त तथा विषयपति' को सट्टामा प्रयोग भएको बुझिन्छ ।

देशप्रमान

मध्यकालिक स्थानीय प्रशासन सञ्चालन गर्न परमान (प्रमान) नामक प्रशासनिक पदाधिकारीको नियुक्ति हुन्थ्यो । फर्पिङको प्रशासनिक इतिहासमा प्रमानको महत्त्वपूर्ण भूमिका रहेको थियो । फर्पिङ सुरुमा 'महापत्तन' 'पत्तन' र पछि 'देश'को रूपमा चिनिएको देखिन्छ । ने.सं. ७९३ (वि.सं. १७२९) को अभिलेख (परिशिष्ट- १, सङ्ख्या १७) मा "... मानसिंह भारो देश प्रमानया प्रज्यावस ..." भनी स्पष्ट उल्लेख भएकोबाट फर्पिङ देशका प्रमान मानसिंह भारो थिए भन्ने कुरा स्पष्ट भएको छ । राजाको विजयराज्यमा भनिए जस्तै "प्रमानको समयमा" भनिएको हुँदा यिनी 'देशप्रमान' कहलिएका थिए । ने.सं. ८२९ (वि.सं. १७६६) को अर्को अभिलेखमा "... देशप्रमान महापालगृह अमाते कृष्णशंकर भारो" को उल्लेख परेकोबाट ३६ वर्षपछि अर्को देशप्रमान देखिएको छ । त्यसताका देशप्रमान, प्रमान आदि पदाधिकारीहरूको पजनी हुने व्यवस्था थियो । यिनीहरूको विशेष पगरी पनि हुन्थ्यो (वज्राचार्य र श्रेष्ठ, वि.सं. २०३० : ८४-८५) । यिनीहरू काजीसरह हुन्थे । राजापछि देशप्रमानलाई फर्पिङ देशको अधिकारसम्पन्न पदाधिकारी मानिन्थ्यो । यी पदाधिकारीलाई जागिरस्वरूप जग्गा दिइन्थ्यो ।

देशप्रमान एउटा निश्चित देश वा प्रदेशको पदाधिकारी हो भने देशभित्रका विभिन्न प्रशासनिक एकाइमा प्रमान नियुक्ति हुने गर्दथ्यो भन्ने बुझ्न सकिन्छ । ललितपुरमा चौबिस टोल रहेका थिए र प्रत्येक टोलमा प्रमान नियुक्त हुन्थे । एउटा ऐतिहासिक टिपोटअनुसार वि.सं. १७७४ मा ललितपुरको गद्दी खाली हुँदा कान्तिपुरका राजा महीन्द्रसिंहलाई ललितपुरको पनि गद्दीमा बस्नुहोस् भनी अनुरोध गर्न जानेमा ललितपुरका परमानहरूको सङ्ख्या २४ दिइएकोबाट प्रत्येक टोलमा एक-एक जना प्रमान नियुक्त हुने व्यवस्था रहेको थियो भन्ने बुझिन्छ। फर्पिङका सात टोलमा एक-एकजना प्रधान रहने व्यवस्था यस अर्थमा उल्लेखनीय मान्न सकिन्छ (परिशिष्ट-२, सङ्ख्या ९) । यसबाट यिनै टोलका प्रमान (त्वाल नायक) को पदोन्नति भई देशप्रमानको जिम्मेवारी प्रदान गरिएको कुरा पनि बुझ्न सकिन्छ ।

द्वारे

फर्पिङको प्रशासनिक इतिहासमा द्वारे महत्त्वपूर्ण तथा प्रभावशाली पदाधिकारी मानिन्छ। प्राचीनकालमा झैँ मध्य तथा शाहकालमा पनि द्वारेको महत्त्व निकै रहेको थियो। राज्यलाई प्रादेशिक एकाइमा विभाजन गरी ती प्रदेशहरूमा प्रशासकको रूपमा द्वारेको नियुक्ति हुन्थ्यो। यो पद मर्यादाक्रमअनुसार देशप्रमानभन्दा दोस्रो स्तरको रहेको बुझ्न सकिन्छ।

फर्पिङसम्बन्धी शिलापत्र, चिठ्ठीपत्र, ताडपत्र जस्ता ऐतिहासिक सामग्रीहरू केलाउँदा वि.सं. १८७८ को एउटा पुर्जीमा (ऐजन : १६) विंनरसिंहलाई वि.सं. १८७८ देखि वर्ष १ सम्म अमानत गरी द्वारे पदमा नियुक्ति दिई पारिश्रमिकको व्यवस्था गरिएको देखिएकोले द्वारेको नियुक्ति कुनै निश्चित समयको लागि मात्र पनि गरिने प्रथा देखिन्छ। 'वि.सं. १८८४ मा (ऐजन : सङ्ख्या २०) सात रथजात्रा सञ्चालन गर्न जिम्मेवारी पाएका जिताराम वि.सं. १८९३ मा (ऐजन : सङ्ख्या २२) द्वाऱ्या (द्वारे) पदमा आसीन देखिन्छन् भने भवानी श्रेष्ठ वि.सं. १९४१ सम्म (ऐजन : ४१) कार्यरत रहेको देखिन्छ। यसबाट एकथरी नियुक्ति निश्चित समयका लागि निर्धारित भएको देखिन्छ भने अर्को थरीमा समयावधि तोकिएको हुँदैन। कर्तव्यनिष्ठ भई कार्य सम्पादन गरे पदावधि लामो पनि हुन सक्ने कुरा यसबाट प्रस्ट हुन्छ।

द्वारेको काम तोकिएको प्रदेशको प्रशासन चलाउनाका साथै त्यहाँका सांस्कृतिक सम्पदाको जीर्णोद्धार र संरक्षण गर्ने जस्ता रचनात्मक कार्य पनि हुन्थ्यो भन्ने बुझ्न सकिन्छ।

वि.सं. १९३६ मा (ऐजन २ : सङ्ख्या ४४) द्वारे भवानी श्रेष्ठको नाममा जारी गरिएको पूर्जीमा उनले एकजना जनरलको असवाफ भीमफेदीसम्म बोक्न फर्पिङ पर्खालभित्रका ५० जना बलिया भरिया चैत्र १५ गतेका दिन थापाथलीमा पुऱ्याइदिनुपर्ने र सो निर्धारित दिनमा ती व्यक्तिहरू उपस्थित गराउन असमर्थ भएमा कडा सजायको भागिदार हुने विषय परेको छ। यसै गरी वि.सं. १९७१ मा (ऐजन २ : सङ्ख्या ४७) जारी गरिएको पूर्जीअनुसार फर्पिङ गाउँका द्वारे, नाइके, तालुकदारहरूले दाउरा बोक्ने ६० वर्षमुनि १६ वर्षमाथिका रैती र तालुकदारसमेत तोपखानामा उपस्थित हुनुपर्ने र उपस्थित नभएमा जातअनुसारको सजाय हुन सक्ने बेहोरा परेको छ।

यो एक किसिमको झारा थियो। यो झारा प्रथा राज्यको आर्थिक स्रोत थियो। राजकाजसम्बन्धी विशेष काम, बाटो, पुल, बाँध, कुलो आदि सार्वजनिक

काम पर्दा जनताले विना ज्याला अनिवार्य रूपमा श्रमदान गर्नु झारा कहलाउँथ्यो । राणा शासनकालमा पनि यो प्रथाले निरन्तरता पाएको थियो भन्ने देखिन्छ । यस किसिमको प्रथा राष्ट्र निर्माणको काममा ठुलो सहायक हुने कुरा निर्विवाद मान्न सकिन्छ ।

पञ्चप्रमान

फर्पिङको ने.सं. ७५२ (वि.सं. १६८८) मा (परिशिष्ट-३: ७) पञ्चप्रमानको उल्लेख परेकोबाट तात्कालिक प्रशासनिक व्यवस्थामा 'पञ्चप्रमान' को महत्त्व रहेको थियो भन्ने स्पष्ट हुन्छ । पञ्चप्रमानको अधिकार र कर्तव्यबारे खुलस्त पार्ने अन्य ऐतिहासिक स्रोत फर्पिङमा फेला परेको छैन । तर फर्पिङको प्रशासन व्यवस्थामा यो एउटा प्रशासनिक अङ्ग हो भन्न सकिन्छ । लिच्छविकालदेखि नेपालको प्रशासन व्यवस्थामा पञ्चायतले महत्त्वपूर्ण भूमिका खेलेको तथ्य छ । मध्यकालको पूर्वार्द्धमा पनि पाञ्चालिकको उल्लेख आएकोले लिच्छविकालपछि पनि यो अङ्ग क्रियाशील रहेको देखिन्छ । यही क्रम मध्यकालको उत्तरार्द्ध अर्थात् वि.सं. १६८८ सम्म पनि कायम रहेको प्रमाणित भएको छ । यसको प्रमुख कार्य प्रादेशिक मुद्दामामिलामा आफ्नो निर्णय दिने तथा निश्चित प्रदेशका सांस्कृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन गर्ने रहेको थियो भनी अनुमान गर्न सकिन्छ ।

अमालीदार

फर्पिङको प्रशासनिक अधिकारीहरूमध्ये अमालीदार पनि महत्त्वपूर्ण पद रहेको थियो । वि.सं. १८५६ को रुक्का पत्रमा (ऐजन : ७) राजावाट फर्पिङका अमालीदारलाई चोटपटक नलागेको चोखो र ठुलो दुइटा राँगो खरिद गरी दरबारमा पठाउन ४ रुपियाँ पठाइएको बेहोरा परेको छ । राजा वा राजकीय कार्यका लागि आवश्यक परेका सामग्री उपलब्ध गराउने व्यवस्था त्यसताका थियो र आदेशअनुसार कार्य सम्पादन नगरेमा अमालीदार सजायको भागी हुने गर्दथ्यो । अमालीदारले आफ्नो क्षेत्रभित्र आवश्यक व्यवस्था मिलाउनुपर्ने जिम्मेवारी पाएको बुझिन्छ ।

अमालीदारले जनतासँग तोकिएको रकमबाहेक अरू रकम उठाउन नपाउने, युद्धको काममा आवश्यक सेवा दिनुपर्ने, आफ्नो क्षेत्रका कुलो, बाटोघाटो, देवमन्दिर बिग्रेमा जीर्णोद्धार गरी सेवा पुऱ्याउनुपर्ने जस्ता विभिन्न कार्य गर्नुपर्दथ्यो ।

वि.सं. १९०३ को पत्रबाट (ऐजन २ : सङ्ख्या ३१) अमालीदारको कार्य वनको साथै त्यहाँका चराचुरुङ्गी, प्राकृतिक सम्पदा आदिको संरक्षण गर्नु पनि रहेको थियो । यस पत्रमा रैकर बिर्ताका वनमा च्याखुरा (चकोर) चरा छोड्न पठाएको हुँदा त्यस वनमा सिकार खेल्न नदिनु, पैसा अर्थात् शुल्क लिई पासो थाप्न नदिनु, त्यस वनमा सिकार खेल्न पर्‍यो भने सम्बद्ध पदाधिकारीसँग अनुमति लिने, तर यो सुविधा भाइभारदारमा मात्र सीमित रहने गरी कार्य गर्नुपर्ने जिम्मेवारी अमालीदारलाई सुम्पिएको देखिन्छ । यसबाहेक अन्य शिकारी तथा अरू व्यक्तिले च्याखुरा र यसका बच्चा मार्ने, फुल फोड्नेलाई पाँच रुपियाँ दण्ड हुने व्यवस्था बाँधिएको थियो । शेषनारायण, गोपालेश्वर तथा दक्षिणकालीका वनमा रूख काट्न प्रतिबन्ध लगाइएको थियो भने अमालीले वनको रुख काट्न र चराचुरुङ्गी मार्न दियो भने अमालीदार आफैँ पनि सजायको भागी हुने व्यवस्था थियो । दोषी अमालीदारलाई दण्ड दिने अधिकार सरदार रणभद्रसिंह बस्नेतलाई प्रत्यायोजन गरिएको थियो । यसबाट शेषनारायण, गोपालेश्वर तथा दक्षिणकालीका आ-आफ्ना छुट्टै वन रहेको कुरा पनि अवगत गर्न सकिन्छ । वन र वनका सम्पदा संरक्षण गर्ने कार्यभार अमालीदारलाई दिइएको थियो भन्ने कुरा यसबाट स्पष्ट हुन्छ ।

कहिलेकहीँ अमालीदारले आफ्नो कर्तव्य निर्धारित समयमा नगर्दा खप्की खानुपर्ने अवस्था पनि आउँदथ्यो । वि.सं. १८४१ को पत्रमा (ऐजन : ४) फर्पिङका प्रसिद्ध देवता गोपालेश्वरको गुठीपूजाको लागि जनार्दन जैसीलाई बाली तुरुन्त सुम्पनु नत्र घटिया पर्ला अर्थात् सजाय भोग्नुपर्ला भनी चेतावनी दिएको विषय उदाहरणीय छ ।

क्वाठनायक

क्वाठनायक शब्दको उल्लेख ने.सं. ७५२ (वि.सं. १६८८) को एउटा ताडपत्र (परिशिष्ट ३: ७) मा परेको छ । क्वाठनायक सैनिक अधिकारी पद हो । यो शब्दको प्रयोग फर्पिङका शिलालेख, ऐतिहासिक पत्र आदिमा भएको छ । यसमा क्वाठनायक काशी भारोको नाम उल्लेख परेको छ । फर्पिङ सहरलाई चारैतिरबाट पर्खालले घेरिएको हुँदा यो साङ्ग्रामिक दृष्टिले निकै सुरक्षित रहेको देखिन्छ । त्यसताका प्रत्येक क्वाठ अर्थात् किल्लामा एक एक जना क्वाठनायक रहने व्यवस्था थियो । प्रत्येक क्वाठनायकको मातहतमा ४० जना जति सैनिक रहने व्यवस्था थियो । प्रत्येक राज्यले आत्मसुरक्षाका लागि सैनिक

शक्ति मजबुत पार्न आवश्यक हुन्थ्यो । यसका लागि राज्यका सीमावर्ती क्षेत्रका नाकानाकामा साङ्ग्रामिक स्थलको रूपमा गढी-किल्लाहरूको निर्माण गराई आवश्यक सैनिक तैनाथ गर्ने व्यवस्था मिलाइएको हुन्थ्यो । मध्यकालको उत्तरार्द्धमा नेपालमा ५२ भन्दा बढी स्वतन्त्र राज्यहरू थिए । त्यसताकाको राजनीतिमा एकले अर्कोको विरुद्ध आक्रमण- प्रत्याक्रमण गर्ने जस्ता गतिविधिको कारणले राज्यहरूले आत्मसुरक्षाका लागि यस्ता किल्लाहरूको निर्माण गरी ती किल्लाहरूमा क्वाठनायकको व्यवस्था मिलाउनुपर्ने बाध्यता थियो । अर्कोतर्फ राज्यको सैनिक शक्ति मजबुत पार्न राज्यको अधिकांश आयस्रोत खर्च गर्नुपर्ने त्यसताकाको बाध्यता पनि थियो । यसरी क्वाठनायक जस्ता सैनिक पदाधिकारीको सङ्ख्यामा वृद्धि गरी देश तथा प्रदेशलाई बाह्य आक्रमणबाट सुरक्षित राखिन्थ्यो । यसरी फर्पिङका वरपरका क्वाठ, सहरभित्रका क्वाठहरूमा क्वाठनायकको व्यवस्था रहेको बुझ्न सकिन्छ ।

सात प्रधान

फर्पिङ सहरको प्रशासनिक व्यवस्थामा प्रधानहरूको महत्त्वपूर्ण स्थान रहेको छ । वि.सं. १८५८ मा सात प्रधानलाई सम्बोधन गरी लेखिएको पत्र पाइएको छ (परिशिष्ट २: ९)। यी सात प्रधान ललितपुर राज्यको राजनैतिक क्षेत्रमा हालीमुहाली गर्ने प्रसिद्ध ६ प्रधान नभएर फर्पिङ सहरका सात टोलका पदाधिकारी हुन् । यिनीहरू 'त्वालनायक' अर्थात् प्रत्येक टोलको नायक जस्तै पदाधिकारी थिए । यिनीहरूको प्रमुख कार्य आफ्ना टोलका सांस्कृतिक सम्पदा जस्तै भौतिक सम्पदामा देवमन्दिर, पाटीपौवा, धारा, डबली आदि र अभौतिक सम्पदामा जात्रा, नाच आदि संरक्षण र सञ्चालन गर्नु हुन्थ्यो । यसबाहेक आ-आफ्ना टोलमा परेका सामान्य झैझगडा मिलाउने जस्ता कार्य पनि सम्मिलित भएको बुझिन्छ । आफ्ना टोलमा परेका समस्याको निराकरण गर्नु प्रधानको प्रमुख कार्य हुन्थ्यो । यी प्रधानहरूले संयुक्त रूपमा पनि कुनै समस्याको समाधान गर्दथे ।

यी कार्यबापत अन्य पारिश्रमिकबाहेक प्रत्येक प्रधानले आफ्नो टोलका घरही एकजना असार महिनामा खेताला लिन पाउने व्यवस्था वि.सं. १८५८ मा बाँधिएको थियो (परिशिष्ट-२ :९)। पर्खालभित्रको यस फर्पिङ सहरलाई सात टोलमा विभाजन गरी सात प्रधानहरूलाई त्यहाँको सुव्यवस्था मिलाउने जिम्मेवारी दिइएको यो प्रथा प्रशासनिक दृष्टिले उल्लेखनीय मान्न सकिन्छ ।

नजिकी

नजिकी नेपालको प्रशासनिक इतिहासमा महत्त्वपूर्ण पदाधिकारीको नाम रहेको देखिन्छ। वि.सं. १८६४ को एउटा पत्रमा गोपालेश्वर, दक्षिणकाली तथा शिखरनारायण मन्दिरहरूको गुठी जग्गा कमाउने व्यक्तिहरूको नाम उल्लेख गरिँदा ... नजिकी अैमान गैह्रके खेत ०।२८ ... भन्ने वाक्यांश परेको हुँदा यहाँ उल्लिखित 'नजिकी' पदाधिकारीको नाम हो भन्ने बुझिएको छ (ऐजन : १२)। सिन्धुली अम्बल भएपछि पौवागढी पनि आफ्नो नियन्त्रणमा लिनुपर्ने उद्देश्यअनुरूप त्यसतर्फ प्रस्थान गर्ने केही भारादारहरू, काजी वंशराज पाँडे, जेठाबुढा, उमराउका साथै 'नजिकी' पदको उल्लेख पनि परेको छ (पन्त र अरू, वि.सं. २०२५ : ८६३) तापनि यसको कार्य तथा अधिकारबारे स्पष्ट उल्लेख भएको पाइँदैन।

'नजिकी' महत्त्वपूर्ण प्रशासनिक पद हो भन्ने कुरा शाहकालिक ऐतिहासिक पत्रहरूबाट पुष्टि भएको छ। वि.सं. १८६२ को पत्रमा 'नजिकी धीरविन्या खवास' को नाममा सम्बोधन गरिएको पत्रमा राजा गीर्वाणयुद्धविक्रम शाहले देवनारायण खवासलाई ४ खेत जग्गा दिनु भन्ने आदेश दिएकोमा पदाधिकारीले अझै अरू ढिलो गरे कडा कारबाही हुने कुरा परेको छ। (एच.आर.डि.आर.सी. लाईब्रेरी, सि.नं. १, डक् नं. ३६३)। यसका साथै वि.सं. १८६२ को अर्को पत्रमा धीरविन्या खवासको नाममा भादगाउँमा गर्नुपर्ने काजको सवाल गरिदिई यसैअनुसार कार्यगर्नु भनी अधिकार सुम्पिएकोबाट (ऐजन:१७७) नजिकी पद 'महत्त्वपूर्ण अधिकारप्राप्त पदाधिकारी थियो भन्ने कुरा प्रमाणित भएको छ। यसरी फर्पिङको प्रशासनिक क्षेत्रमा 'नजिकी' पदको महत्त्वपूर्ण भूमिका रहेको कुरा यहाँ स्पष्ट भएको देखिन्छ। यसबाट नजिकी पदमा आसीन यी धीरविन्या खवास प्रभावकारी अर्थात् शक्तिशाली कर्मचारी थिए भन्ने कुरा प्रमाणित भएको छ।

महान्या

महान्या एउटा पदाधिकारी हो (ऐजन: १२)। यसको मुख्य कार्य जात्रामा देवदेवीले प्रयोग गरेका गरगहनाको सुरक्षा गर्ने, जात्रामा खटको पूजाआजाको व्यवस्था गर्ने, जात्रा मार्गमा जात्राबारेमा अग्रिम जानकारी दिने जस्ता कार्य गर्नु हुन्थ्यो भन्ने बुझिएको छ।

दानी

दानी एउटा प्रशासनिक पद रहेको थियो भन्ने कुरा वि.सं. १९०३ को पत्रबाट (परिशिष्ट- २:३०) अवगत हुन्छ । यो पदका अधिकारीको कामकर्तव्यबारेमा कतैबाट स्पष्ट हुन सकेको देखिएको छैन । यो पत्रअनुसार गोडधुवा जस्तो कर उठाउने जिम्मेवारी दानीलाई सुम्पिएको देखिन्छ । यो पद नेपालको प्रशासनिक इतिहासमा नौलो देखिएको छ । सुरुमा यो पद दानसँग सम्वद्ध छ भनी अनुमान लगाइएको थियो । एकथरी शब्दकोशमा (सरकार, इ. १९६५ : ४००) दानी किसानवाट करको रूपमा उठाइएको अन्न जम्मा गर्ने अधिकारीको पद हो भन्ने छ । भारतमा 'दानी' थर पनि पाइएको छ (रेग्मी, इ. १९६५ : ७२५-७२६) तर यो थर नेपालमा भने देखिएको छैन । वास्तवमा दानी पद कालान्तरमा थरमा परिणत भएको बुझिन्छ । नेपालमा यस्ता प्रशासनिक पद थरमा परिणत भएका उदाहरण धेरै पाइन्छन् ।

मध्यकालिक चौबिसी राज्यमध्ये पर्वत राज्यको प्रशासनिक इतिहास कोट्यायौँ भने त्यहाँ दानीनामक अधिकारी रहेको पाइन्छ । रणयोद्ध नामक व्यक्ति कहिले 'दानी' त कहिले भने 'कपरदार' पदमा देखिएकोले दानी एउटा पद थियो भन्ने कुरामा विवाद भएन, तर यो पदको अधिकार र कर्तव्यबारे अझ स्पष्ट भएको भने पाइएको छैन (श्रेष्ठ, वि.सं. २०५९ : ९८-९९) ।

जागिर प्रथा

मध्यकालमा सरकारी कर्मचारीको जागिर नगदको सट्टामा जग्गा दिइन्थ्यो र दिइएको सो जग्गाको विकास गरी, रस्ती रसाई बस्ती वसाई त्यसवाट आयस्रोत जुटाउनुपर्दथ्यो । कतिपय पदाधिकारीलाई प्रदान गरिएको भूमिको सुरक्षा गर्ने अभिभारा समेत सुम्पिएको पनि हुन्थ्यो ।

जागिर प्रथाको पजनीसँग निकटतम सम्बन्ध रहेको हुन्थ्यो । कुन कर्मचारीलाई कहाँको कुन जागिर दिने भन्ने कुराको व्यवस्था प्रत्येक वर्ष मिलाउनु आवश्यक पर्दथ्यो । पजनी गर्नु भनेको एक किसिमले वजेट प्रस्तुत गर्नु जस्तै हुने हुँदा यो महत्त्वपूर्ण घडीमा अधिकारीहरू आफूलाई पायक पर्ने राम्रो जग्गा पार्न उच्च पदस्थ अधिकारी कहाँ धाउने प्रवृत्ति पनि रहेको थियो (वज्राचार्य र श्रेष्ठ, वि.सं. २०३१ : ५२) ।

आजको फर्पिङ कुनै बेला महापत्तन, पत्तन, देशको रूपमा रहँदा विभिन्न पदाधिकारीहरू रहेका थिए भन्ने कुरा फर्पिङ सहरभित्र प्राप्त भएका शिलापत्र,

ताम्रपत्र, चिठीपत्र, ताडपत्र, ठ्यासफू आदिबाट स्पष्ट भएको छ। यिनै प्रशासनिक कर्मचारीहरूबाट यो प्रदेशको दैनिक प्रशासन, सामाजिक र सांस्कृतिक क्षेत्रको विकास, मूर्त र अमूर्त सम्पदाहरूको संरक्षण र सम्वर्द्धन हुन गई आजसम्म पनि सांस्कृतिक सम्पदाहरू हाम्रा अगाडि देख्न सम्भव भएको छ। यी सम्पदा यो अवस्थामा रहिरहनुमा फर्पिङवासीको उल्लेखनीय देन रहेको छ।

पाँचौं अध्याय

उपसंहार

काठमाडौँको हनुमान्ढोकाबाट १९ किलोमिटर जति दक्षिणमा तथा चन्द्रागिरि पर्वतशृङ्खलाको ऋषितट पहाड (नेवार भाषामा 'लुशिपाकु' पर्वत) को काखमा अवस्थित फर्पिङ (शिखरापुर) पौराणिक, पुरातात्त्विक, ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक दृष्टिले महत्त्वपूर्ण रहेको छ। नेपाल उपत्यकाबाट तराई झर्ने एउटा प्रमुख बाटोमा पर्ने यो फर्पिङ प्रदेश लिच्छविकालदेखि नै महत्त्वपूर्ण रहँदै आएको छ। यही समयदेखि नै यहाँ बस्ती विकास आरम्भ भएको थियो भन्न सकिन्छ। मध्यकालको पूर्वार्द्धदेखि यसको सांस्कृतिक विकास सुरु भई उत्तरार्द्धमा यो लहर उत्कर्षमा पुगेको थियो भन्न यो क्षेत्रमा प्राप्त शिलालेख, ताम्रपत्र, हस्तलिखित ग्रन्थ, स्याहामोहर, लालमोहर आदि ऐतिहासिक सामग्री साक्षीको रूपमा अगाडि सार्न सकिन्छ।

लिच्छविकालमा केन्द्रबाट सोझै शासित यो फर्पिङ प्रदेश मध्यकालको पूर्वार्द्धमा सामन्त शासकका रूपमा विषयपतिद्वारा सञ्चालन भएको थियो। यहाँ सोलङ्की वंशका शासकहरूले शासन चलाएका थिए। नेपालको पूर्वमध्यकालिक राजनैतिक इतिहासमा सोलङ्कीवंशी शासकहरूको महत्त्वपूर्ण स्थान रहेको छ। भारतको गुजरातको सोलङ्की शासकको वि. सं. १३५४ मा पतन भएको र यिनीहरू वि.सं १३९१ मा फर्पिङमा देखिएकाले शरणार्थीका रूपमा सुरक्षित स्थानको खोजी गर्दै फर्पिङ प्रदेशमा आएपछि समयानुकूलमा सत्ता हात पारेको हुन सक्ने देखिन्छ। यस्ता उदाहरण नेपालमा अरू पनि पाइएका छन्। यिनीहरूको राजनैतिक पक्षका साथै गुजराती सांस्कृतिक सम्पदाहरूको रूपमा गुजराती बाजा, गुजराती सिन्दूर, गुजराती गाई आदिको पनि प्रभाव परेको तथ्य छ। गुजरातसँगको सम्बन्धलाई अरू प्रकाश पार्न गुजराती पण्डितहरूको उपस्थिति, वि.सं १८५२ मा गाई, गोरु, बहर अदि जनावर लिन पठाइएको उदाहरण पाइएको छ। मध्यकालको उत्तरार्द्धमा

प्रसिद्ध राजा यक्ष मल्लपश्चात् विभाजित स्वतन्त्र ललितपुर राज्यमा मल्ल राजाहरूको राज्यअन्तर्गत फर्पिङ रहेको देखिन्छ।

किल्लारूपको फर्पिङ सहर सानो क्षेत्रमा विस्तार भएकोले यसको प्रमुख केन्द्र रूपको हुँदा यहाँका सात टोलहरूमा बहाल, ननी, पाटी, डबली, मन्दिरहरू आदि ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक सम्पदाहरू अवस्थित छन्। प्रायः गरेर नेवार समुदायको बाहुल्य भएको यस सहरलाई विभिन्न टोलहरूमा विभाजन गरिएको पाइन्छ। नेपाल उपत्यका वरिपरिका पहाडका फेदीहरूमा अवस्थित साँखु, गोकर्ण, टोखा, थानकोट, बलम्बु, किसिपिँढी, कीर्तिपुर, लुभु आदि र उपत्यका बाहिरका बनेपा, नाला, धुलिखेल, पनौती आदि ठाउँहरूमा नेवार जातिको प्राधान्य रहेका यी बस्तीहरू पनि ऐतिहासिक, पुरातात्त्विक, धार्मिक तथा सांस्कृतिक दृष्टिले यसरी नै उल्लेखनीय रहेका छन्। अर्को महत्त्वपूर्ण पक्ष भनेको यहाँ वैष्णव, शैव, शाक्त तथा बौद्ध धर्मसम्बद्ध सम्पदाहरू रहेका छन् भने धार्मिक स्वतन्त्रता तथा समन्वय रहेको पाइन्छ।

आजकल फर्पिङका प्राचीनकालदेखिका मूर्त रूपका पाटीपौवा, ढुङ्गेधारा, टुटेपानी, कुवा, पोखरी पानीघट्ट आदि सडक सञ्जाल विस्तार र परिवर्तित सुविधायुक्त प्रविधि जस्ता विभिन्न कारणले सार्वजनिक महत्त्वका सम्पदाहरू प्रयोगविहीन बन्दै गएको प्रत्यक्ष देख्न सकिन्छ। वास्तवमा तीर्थयात्री, बटुवा आदिलाई वास बस्न, खान पकाउन हुने पाटीपौवा, पानी उपलब्ध हुने स्रोतका ढुङ्गेधारा, टुटेपानी, पोखरी, कुवा, आदि मूर्त सांस्कृतिक सम्पदाको महत्त्व दिनानुदिन घट्दै गई प्रयोगविहीन पनि भएका छन्। यसका साथै यहाँका प्रसिद्ध हरिशङ्करजात्रा, कार्तिकनाच, भैरवजात्रा आदि सांस्कृतिक सम्पदाहरू पनि आर्थिक तथा जनशक्तिको अभावको कारणले सङ्कटमा पर्ने अवस्थामा छन्। यहाँका नेवार समुदायले ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको दृष्टिले महत्त्वपूर्ण देवदेवीका मन्दिर तथा जात्रा आदि भौतिक तथा अभौतिक सम्पदालाई आफ्ना पूर्वजको देन सम्झी संरक्षण र सम्वर्द्धन गरी निरन्तरता दिन युवा तथा वृद्धहरूका महत्त्वपूर्ण भूमिका र सक्रियता रहँदै आएको छ तापनि यो पर्याप्त भने देखिँदैन। यसर्थ फर्पिङका यी महत्त्वपूर्ण मूर्त तथा अमूर्त सम्पदाहरूको उचित संरक्षण गर्न सरोकारवालाको सामयिक तथा सामूहिक प्रयास हुन अत्यावश्यक देखिन्छ। यसबाट यो फर्पिङ धार्मिक तथा सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण पर्यटकीय गन्तव्यको रूपमा स्थापित भई ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षणका साथै आर्थिक विकास पनि हुने निश्चित छ।

फर्पिङ बजारका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक दृष्टिले महत्त्वपूर्ण सम्पदाहरूलाई सूचीकृत गरी तिनीहरूको बारेमा अध्ययन-अनुसन्धान गरी प्रकाशमा ल्याउन आवश्यक देखिन्छ । यसबाट पर्यटकीय दृष्टिले महत्त्वपूर्ण सम्पदाहरूको पहिचान हुनुका साथै तिनीहरूको संरक्षण र सम्वर्द्धन गर्ने जस्ता कुरामा सघाउ मिल्ने छ । यसका लागि नगरपालिका र स्थानीयवासीको सामयिक र सामूहिक योगदान पुग्नुपर्ने केही प्रमुख बुँदाहरू यस प्रकार रहेका छन् -

१. शिखरनारायण मन्दिर परिसरका सूर्य तथा गोसाइँकुण्डहरूसँगैका पाटीहरूको जीर्णोद्धार गरी बाटोमुनि रहेका ढुङ्गेधारामा पहिले झैं पानी उपलब्ध गर्नाका साथै वरिपरि पार्कको निर्माण गर्ने ।
२. शिखरनारायण मन्दिरबाट बजारतर्फ आउँदा बाटोमा पर्ने पिपल रूखको फेदमा उभिएको शिलाको भैरवमूर्ति यथास्थानमा सुरक्षित राख्ने ।
३. प्रसिद्ध नारायण डबली अतिक्रमण हुन नदिई सँगै रहेको ढुङ्गेधारा (नारायणहिटी)लाई सफा राखी संरक्षण तथा सञ्चालन गर्ने ।
४. कोछुटोलस्थित ढुङ्गेधाराको उचित सरसफाइ गरी संरक्षण गर्ने तथा सञ्चालन गर्ने ।
५. भगवती मन्दिरबाहिर दुवै छेउमा ठड्याइएका शिलापत्रहरूको संरक्षण गर्ने ।
६. सरस्वती मन्दिरपरिसरका कमलपोखरीको सरसफाइ गर्नुका साथै यससँगै पश्चिमपट्टि रहेका शिवलिङ्ग आदि सम्पदा परिसरको आवश्यक निरीक्षण गरी उत्खनन गर्ने ।
७. गोपालेश्वर मन्दिर परिसरका धार्मिक सम्पदाको संरक्षण गरी यससँगै रहेको पोखरीको जीर्णोद्धार गर्ने ।
८. फर्पिङ सहरलाई मध्यकालमा जस्तो वरिपरि पर्खालले घेरी आवश्यक ठाउँहरूमा ढोकाहरू निर्माण गरी किल्लाको झझल्को दिने गरी ऐतिहासिक सहर बनाउनमा ध्यान दिने ।
९. गोरखनाथ गुफाको हावादारी ढोका खुला गर्ने ।
१०. वटाटोलस्थित प्राचीन विद्यापीठछैं भग्नावशेषको रूपमा रहेकोले पुनर्निर्माण गर्ने ।
११. फर्पिङको ऐतिहासिक 'चन्द्रबत्ती' परिसरका मिसिनगृह, प्रशासनिक भवन, आवासगृह आदि पुरातात्त्विक सम्पदाहरूको यथोचित संरक्षण र सम्वर्द्धन गरी पर्यटकीय गन्तव्यस्थलको रूपमा सङ्ग्रहालय निर्माण गर्ने ।
१२. 'स्वर्गको बगैंचा' नामले प्रसिद्धि पाएको वर्तमान त्रिभुवन आदर्श आवासीय विद्यालय परिसरलाई यथोचित विकास गर्ने ।

सन्दर्भग्रन्थ सूची

अप्रकाशित ग्रन्थ

आचार्य, उद्धव, (वि.सं. २०३९), "फर्पिङको शिखरनारायण - एक अध्ययन" कीर्तिपुर : अप्रकाशित शोधपत्र, मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान, ,त्रि.वि. ।

श्रेष्ठ, टेकबहादुर, (वि.सं. २०४९), कीर्तिपुरको ऐतिहासिक प्रतिवेदन, अप्रकाशित सूची, कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

श्रेष्ठ, टेकबहादुर, (वि.सं. २०५०-२०५१), "टोखाको ऐतिहासिक सर्वेक्षण", अप्रकाशित प्रतिवेदन, कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

श्रेष्ठ, टेकबहादुर, (वि.सं. २०५०), "थानकोट भेकको ऐतिहासिक सर्वेक्षण", अप्रकाशित प्रतिवेदन, कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

प्रकाशित ग्रन्थ

अर्ज्याल, शक्तिवल्लभ, वि.सं. २०१४, **जयरत्नाकर नाटक,** धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल (सम्पा.) काठमाडौँ: नेपाल सांस्कृतिक परिषद् ।

आचार्य, बाबुराम, वि.सं. २०२४–२०२६, **श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको सङ्क्षिप्त जीवनी,** भाग १–४, काठमाडौँ : श्री ५ महाराजाधिराजका प्रमुख संवाद सचिवालय राजदरबार ।

आचार्य, बाबुराम, वि.सं. २०२०, **नेपालको सङ्क्षिप्त वृत्तान्त,** काठमाडौँ : प्रमोदशमशेर र नीरविक्रम 'प्यासी' ।

कर्कपेट्रिक, विलियम, इ. १९८६, **यान्द् एकाउन्द् अफ् दि किङ्डम् अफ् नेपौल्,** पुनर्मुद्रण, नयाँ दिल्ली : एशियन एजुकेसनल सर्भिसेज

खनाल, मुक्तिनाथ (अनु.), वि.सं. २०२८, **नेपाल माहात्म्य,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

खनाल, मोहनप्रसाद, (सम्पा.) वि.सं. २०२८, अभिलेख सङ्कलन, ललितपुर : साझा प्रकाशन ।

खनाल, मोहनप्रसाद, वि.सं. २०२६, **इतिहास प्रभात,** काठमाडौँ : लेखक स्वयम् ।

खत्री, प्रेमकुमार, वि.सं. २०३६ **नेपाली समाज र संस्कृति** (प्राचीन–मध्यकाल), कीर्तिपुर : पाठ्यक्रम विकास केन्द्र, त्रि.वि. ।

गुरुङ, जगमान, वि.सं. २०६७, **गण्डकीप्रस्रवणक्षेत्रको सांस्कृतिक सम्पदा,** काठमाडौँ: पश्चिमाञ्चल विकास मञ्च ।

जोशी, सत्यमोहन, वि.सं.२०१९, **नेपाली राष्ट्रिय मुद्रा,** ललितपुरः जगदम्बा प्रकाशन ।

जोशी, हरिराम, वि.सं. २०३०, ***नेपालको प्राचीन अभिलेख,*** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

ज्ञवाली, सूर्यविक्रम, वि.सं. २०१९, **नेपाल उपत्यकाको मध्यकालीन इतिहास,** काठमाडौँ : रोयल नेपाल एकेडेमी ।

टण्डन, गोविन्द, वि.सं. २०४२. ***काठमाडौँ अधित्यकाका गणेश मूर्तिहरू,*** कीर्तिपुरः नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

ठाकुर, सा.वि. र अरू (सम्पा.), वि.सं. २०३२ **गोरखापत्रः विवरणात्मक सूचीपत्र,** खण्ड –१, कीर्तिपुरः नेपाल र एशियाली अध्ययन संस्थान, त्रि.वि. ।

ढुङ्गेल, रमेश र ऐश्वर्यलाल प्रधान, वि.सं.२०५६, **काठमाडौँ उपत्यकाको मध्यकालिक आर्थिक इतिहास**, कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

तमोट, काशीनाथ. ने.स. ११२६, **नेपालमण्डल,** यलः नेपालमण्डल अनुसन्धान गुथि ।

तिवारी, भीमनिधि, वि.सं. २०२५, **चौतारा लक्ष्मीनारायण**, काठमाडौँ : साझा प्रकाशन ।

तेवारी, रामजी र अरू, वि.सं. २०२०, **राता मच्छिन्द्रको देवलभित्रको श्रीनिवास मल्लको अभिलेख,** अभिलेख सङ्ग्रह, दशौँ भाग, काठमाडौँ : संशोधन मण्डल, पृष्ठ ७-११ ।

तेवारी, रामजी र अरू, वि.सं.२०२१ **ऐतिहासिक-पत्रसङ्ग्रह,** दोस्रो भाग, काठमाडौँ : नेपाल सांस्कृतिक परिषद् ।

दाहाल, पेशल, वि.सं. २०४१, **नेपालको मल्लकालीन इतिहास,** विराटनगर : कमला दाहाल ।

नरहरिनाथ (सम्पा.), वि.सं.२०१३, **इतिहास-प्रकाश,** अङ्क २, भाग १, काठमाडौँ : इतिहास प्रकाश सङ्घ ।

नरहरिनाथ (सम्पा.), वि.सं. २०२२, **इतिहास प्रकाशमा सन्धिपत्र सङ्ग्रह,** भाग १, दाङ : दाङ सम्मेलन ।

नरहरीनाथ ((सम्पा.), वि.सं. २०१३, *देवमाला वंशावली,* मृगस्थली : छिप्रनाथ योगी ।

नेपाल, ज्ञानमणि, वि.सं. २०६२, **नेपालको माध्यमिक कालको इतिहास,** काठमाडौँ: मकालु प्रकाशन गृह ।

नेपाल, ज्ञानमणि, वि.सं. २०४०, **नेपाल निरुक्त,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

नेपाली, चित्तरञ्जन, वि.सं. २०२०, **श्री ५ रणबहादुर शाह**, काठमाडौं : मेरी राजभण्डारी ।

नेपाली, चित्तरञ्जन, वि.सं. २०२२, **जनरल भीमसेन थापा र तत्कालीन नेपाल**, दोस्रो संस्करण, काठमाडौं: रत्न पुस्तक भण्डार ।

पन्त, दिनेशराज, वि.सं. २०४२, **गोरखाको इतिहास,** (दोस्रो भाग) काठमाडौं : दिनेशराज पन्त ।

पन्त, दिनेशराज, वि.सं. २०४५, **गोरखाको इतिहास,** (तेस्रो भाग) काठमाडौं : दिनेशराज पन्त ।

पन्त, दिनेशराज, वि.सं. २०६७, ***महामण्डलदेखि काँगडासम्म,*** काठमाडौं : खिलशर्म-राजीवलोचन जोशी स्मारक प्रतिष्ठान ।

पन्त, नयराज र अरू, वि.सं. २०२५, २०२८, **श्री ५ पृथ्वीनारायण शाहको उपदेश**, खण्ड १-५, ललितपुर : जगदम्बा प्रकाशन ।

पन्त, महेशराज र ऐश्वर्यधर शर्मा, इ. १९७७, **द टू अर्लिएन्ड कपरप्लेट इन्स्क्रिप्सन्स फ्रम नेपाल,** काठमाडौं : नेपाल रिसर्च सेन्टर ।

पेटेक, लुचियानो, इ. १९८५, **मेडिएभल हिस्ट्री अफ नेपाल**, दोस्रो संस्करण, रोम : सेरिज ओरिएन्टल ।

पौडेल, नयनाथ (सम्पा.), वि.सं. २०२०, **भाषा वंशावली**, पहिलो भाग, ललितपुर : नेपाल राष्ट्रिय पुस्तकालय ।

प्रधान (वन्त), रुक्मिणी, वि.सं. २०६१, **काठमाडौं उपत्यकाका सरस्वती मूर्तिहरू र पूजा-परम्परा,** कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

मजुम्दार, आर.सी. र अरू, इ. १९७०, **यान एड्भान्स्ड् हिस्ट्री अफ् इन्डिया,** दिल्ली : म्याकमिलन यान्ड कम्पनी अफ इन्डिया ।

मिश्र, तीर्थप्रसाद, वि.सं. २०५७, **आधुनिक नेपालको इतिहास**, काठमाडौं : एम. के.पब्लिसर्स एण्ड डिस्ट्रिब्यूटर्स ।

राइट, डेनाइल, इ. १९९३, **हिस्ट्री अफ नेपाल**, दोस्रो पुनर्मुद्रण, न्यू दिल्ली : एसिएन एजुकेसनल सर्भिसेज ।

राजवंशी, शङ्करमान, वि.सं. २०२०, **ऐतिहासिक घटनावली**, काठमाडौं : श्री ५ को सरकार पुरातत्त्व विभाग वीर पुस्तकालय ।

रिसाल, मधुसूदन (अनु.), वि.सं. २०२९, **पशुपति-पुराण**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

रेग्मी, जगदीशचन्द्र, वि.सं. २०२६, **लिच्छवि संस्कृति**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

रेग्मी, डी.आर., ई.१९६५, **मेडिएभल नेपाल**, भाग १, कलकत्ता : फर्मा के. एल. मुखोपाध्याय ।

रेग्मी, डी.आर., इ. १९६६, **मेडिएभल नेपाल**, भाग २, कलकत्ता : फर्मा के. एल. मुखोपाध्याय ।

रेग्मी, डी.आर., इ. १९६६, **मेडिएभल नेपाल**, भाग ३, कलकत्ता : फर्मा के. एल. मुखोपाध्याय ।

रेग्मी, डी.आर., इ. १९६६, **मेडिएभल नेपाल**, भाग ४, पटना : लेखक स्वयम् ।

लम्साल, देवीप्रसाद (सम्पा.), वि.सं. २०२३ **भाषा वंशावली**, दोस्रो भाग, काठमाडौं : नेपाल राष्ट्रिय पुस्तकालय ।

लेवी, सिल्भाँ, सन् २००५, **नेपाल : हिन्दु अधिराज्यको इतिहास**, पहिलो खण्ड, अनुवाद : डिल्लीराज उप्रेती, ललितपुर : हिमाल किताव ।

वज्राचार्य, गौतमवज्र, वि.सं. २०३३, **हनुमान्ढोका राजदरबार**, काठमाडौं : नेपाल र एसियाली अध्ययन संस्थान, त्रि.वि. ।

वज्राचार्य, चुन्दा, वि.सं. २०५३, **जितामित्र मल्लकालीन धरःपौ**, कीर्तिपुरः नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

वज्राचार्य, धनवज्र, वि.सं. २०३०, **लिच्छविकालका अभिलेख**, कीर्तिपुर : नेपाल र एसियाली अध्ययन संस्थान, त्रि.वि. ।

वज्राचार्य, धनवज्र र टेकवहादुर श्रेष्ठ, वि.सं. २०३७, **शाहकालका अभिलेख**, कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

वज्राचार्य, धनवज्र (सम्पा.), वि.सं. २०१९, **पण्डित सुन्दरानन्दविरचित त्रिरत्न-सौन्दर्य-गाथा**, काठमाडौं : नेपाल-सांस्कृतिक-परिषद् ।

वज्राचार्य, धनवज्र, वि.सं. २०६८, **पूर्वमध्यकालका अभिलेख**, कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

वज्राचार्य, धनवज्र, वि.सं. २०५६, **मध्यकालका अभिलेख**, कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

वज्राचार्य, धनवज्र, इ.१९८७, द डेभ्लप्मेन्ट् अफ् अर्ली यान्ड् मेडिइभन् सेटल्मेन्ट्स् इन् त् काठमाडौं भ्याली : अ रिभ्यु अफ् द इन्सक्रिप्सनल् इभिडेन्स्, गुत्सो यान्ड् एक्प्रेल् माइकल्स्, हेरिटेज् अफ् द काठमाडौं भ्याली, प्रोसिडिङ्स् अफ् यान् इन्टर्नेस्नल् कन्फरेन्स् इन् लुबेक्, जुन १९८५ ।

वज्राचार्य, धनवज्र र अरू (सम्पा.) वि.सं. २०१९, ***इतिहास संशोधनको प्रमाण प्रमेय,*** ललितपुर : जगदम्बा प्रकाशन ।

वज्राचार्य, धनवज्र र कमलप्रकाश मल्ल, इ. १९८५, **गोपालराजवंशावली,** काठमाडौं : नेपाल रिसर्च सेन्टर ।

वज्राचार्य, धनवज्र र टेकबहादुर श्रेष्ठ, वि.सं. २०३१, **दोलखाको ऐतिहासिक रूपरेखा,** कीर्तिपुर : नेपाल र एसियाली अध्ययन संस्थान, त्रि.वि. ।

वज्राचार्य, धनवज्र र टेकबहादुर श्रेष्ठ, वि.सं. २०३२, **नुवाकोटको ऐतिहासिक रूपरेखा**, कीर्तिपुर : नेपाल र एसियाली अध्ययन संस्थान, त्रि.वि. ।

वज्राचार्य, धनवज्र र टेकबहादुर श्रेष्ठ, वि.सं. २०३५, **पाञ्चाली शासन पद्धतिको ऐतिहासिक विवेचना,** कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

वज्राचार्य, धनवज्र र हेमन्त राणा ((सम्पा.), वि.सं. २०२९, **टिस्टुङ चितलाङ भेकका ऐतिहासिक सामग्री**, कीर्तिपुर : नेपाल अध्ययन संस्थान, त्रि.वि. ।

वैद्य तुलसीराम र तीर्थप्रसाद मिश्र, वि.सं. २०५४, **आधुनिक नेपालको राजनैतिक इतिहास**, कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

वैद्य, तुलसीराम र भद्ररत्न वज्राचार्य, वि.सं. २०५५, **मध्यकालिक नेपालको प्रशासनिक इतिहास**, कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

वैद्य, तुलसीराम र त्रिरत्न मानन्धर, वि.सं. २०५३, **आधुनिक नेपालको प्रशासनिक इतिहास** *(सन् १७६८ - १९५१)*, कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

शर्मा, डिल्लीराज र टेकवहादुर श्रेष्ठ, इ. २०१६, **साँखु : हिस्टोरिकल् यान्ड् कल्चरल् हेरिटेज्,** कीर्तिपुर : सेन्टर् फर् नेपाल् यान्ड् एसियन् स्टडिज्, टी.यु. ।

श्रेष्ठ, टेकबहादुर (सम्पा.) वि.सं. २०५८, **नेपालका राजाहरू तथा तराईका थारु**, कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

श्रेष्ठ, टेकवहादुर वि.सं. २०५९, **पर्वत राज्यको ऐतिहासिक रूपरेखा,** कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

श्रेष्ठ, टेकबहादुर व डिल्लीराज शर्मा, ने.सं. ११३९, **किपू नगरपालिकाया ऐतिहासिक व सांस्कृतिक सम्पदा**, कीर्तिपुर : नेपाल भाषा एकेडेमी ।

श्रेष्ठ, शुक्रसागर, वि.सं. २०५७, **कीर्तिपुरको सांस्कृतिक पुरातात्त्विक इतिहास**, कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

सिन्हा, सी.पी. एन्, इ.१९७९, मिथिला अन्डर द कर्नाटज्, न्यु दिल्ली : जानकी प्रकाशन ।

स्मिथ, भिन्सेन्ट, ए. इ. १९५७, **द अर्ली हिस्ट्री अफ् इन्डिया**, पुनर्मुद्रण, लण्डन : अक्सफोर्ड यूनिभर्सिटी प्रेस ।

लेख

आचार्य, उद्धव, वि.सं. २०४३-०४४, "फर्पिङको ऐतिहासिक परिचय", **प्राचीन नेपाल,** सङ्ख्या ९८-९९, पृ. १४-२५ ।

आचार्य, उद्धव, वि.सं. २०४४, "फर्पिङको हरिशङ्करजात्रा", **प्राचीन नेपाल**, सङ्ख्या १००, पृ. २७-३६ ।

आचार्य, उद्धव, वि.सं. २०४७, "वैष्णव धर्मको इतिहास र फर्पिङका शिखरनारायण", **प्राचीन नेपाल**, सङ्ख्या १२०, पृ. १-१३ ।

कोइराला, कुलचन्द्र, वि.सं. २०४७, "दक्षिणकालिका (फर्पिङ)", **प्राचीन नेपाल,** सङ्ख्या ११९, पृ. २१-३५ ।

कोइराला, कुलचन्द्र, वि.सं. २०४५, "दक्षिणकाली क्षेत्र फर्पिङको हरिशङ्करजात्रा : एक अध्ययन", **प्रज्ञा,** वर्ष १७, अङ्क १, पृ. १-१२ ।

जोशी, हरिराम, वि.सं. २०३७, "मध्यकालिक अभिलेख", **प्राचीन नेपाल,** सङ्ख्या ५७ पृ. ४-४६ ।

ज्ञवाली, कृष्ण, वि.सं. २०६७, "फर्पिङ विद्युत्गृहलाई सङ्ग्रहालय वनाउने", कान्तिपुर, असार २९, पृष्ठ ४ ।

